# अध्याय : एक

# शोध परिचय

## १.१ परिचय

काठमाडौं उपत्यकाको पाटनमा १४० वहालहरु र १५ वहिलहरु, काठमाडौंमा ८१ वहालहरु र १२ वहिलहरु र भक्तपुरमा २० वहालहरु र २ वहिलहरु गरि जम्मा २४१ वहालहरु र २९ वहिलहरु छन् । काठमाडौंमा अठार प्रमुख विहारहरु छन् । हेनाकर महाविहार (ध्वका वहाल) अन्तर्गत पर्ने काठमाडौं महानगरपालिकाको वडा नं. ३० स्थित ज्याठा टोलको सडकतर्फ प्रवेशद्वार भएको मध्यकालीन विहार रहेको छ । स्थानीय बोलिमा "छुस्यावहाल" भनिन्छ । यस विहारलाई संस्कृतमा "गुणाकर महाविहार" भनिन्छ । मध्यकालीन विहारहरुमध्ये यस छुस्यावहाल उत्कृष्ट मानिन्छ । छुस्यावहाल, उपत्यकामा रहेका विहारहरु मध्ये मौलिक स्वरुपमा रहेको र उत्कृष्ट काष्ठकलाले गर्दा महत्वपूर्ण छ ।

यस छुस्यावहालको निर्माण सम्वन्धि विभिन्न कथन पाइन्छ ।

१. हेनाकर महाविहारका एक सदस्य हेनाकरले निर्माण गरेका थिए ।

२. साँखुका हेनाकर वज्रले सपरिवार कान्तिपुर आइ हेनाकर महाविहार (ध्वाका वहाल)को निर्माण गराए । केहि समय पछि उनका भाइ गुणाकरले दाजुसँग छुट्टिएर गुणाकर महाविहार बनाए ।

३. ध्वाका वहालका गुणज्योति नामका व्यापारीले तिव्वतबाट व्यापार गर्दा कमाएको धनबाट निर्माण गरेका थिए ।

विहारबारे अध्ययन गर्ने विदेशी लेखक John K. Locke का अनुसार छुस्यावहाल ध्वाकावहाल अन्तर्गतको वहाल होइन । छुस्यावहाल जिर्ण भएर लामो समयसम्म निर्माण कार्य

नभएकोले ध्वाकावहालका एक सदस्यले निर्माण गरेको हुनाले पछि गएर मात्र हेनाकर महाविहार अन्तर्गत गाभिन गयो ।[1]

यसै गरि भारतीय विद्वान S.B. Deo ले विहारभित्रको काष्ठकलाको स्वरुप हेरेर यस विहारको समय चौधौं शताब्दीको मानेका छन् ।[2] छुस्यावहालको एक शिलापत्रमा ने.सं. ७६९ (ई. १६४९) फागुन शुक्ल नवमी तिथिमा ध्वका वहालका ज्ञानज्योति वज्राचार्यका स-परिवारले यहाँ क्वाःपाःद्यः (विहारको मूख्य देवता) स्थापना गराएको वर्णन छ । यस विहारको निर्माण गर्दा प्रचलित बौद्ध परम्परा अनुसार गरिएको कुरा यसै अभिलेखमा उल्लेख छ । यसै शिलापत्रको अर्को पंक्तिमा ने.सं. ७८७ (ई. १६६७) माघकृष्ण त्रयोदशी, आदित्यबारको दिनमा यस विहारको प्रतिष्ठा गरिएको विवरण परेको छ । यस अवसरमा राजा प्रताप मल्ल पनि उपस्थित थिए ।

नेपाली कला अध्ययन गर्ने Karel Rijik Van Kooij का अनुसार यस विहारमा रहेका काष्ठकला पनि बौद्ध ग्रन्थमा उल्लेख भएकै आधारमा टुंडाल तथा तोरणमा क्रमशः देवदेवीहरु कुंदिएका छन् ।[3] यस विहारभित्र विभिन्न स्थानमा फरक-फरक मितिका अभिलेखहरु पाइएका छन् । थुप्रै बौद्ध मूर्तिहरुका साथै चैत्य पनि छन् ।

## १.२ समस्या कथन

उपत्यकामा रहेको विहारहरु मध्ये काठमाडौंको छुस्यावहाल हाल सम्म आफ्नो मौलिक स्वरुपमा रहेको छ । यो विहार मध्यकालीन काष्ठकलाको नमुनाको रुपमा छ । छुस्यावहालमा रहेको तोरणहरु, टुंडालहरु, झ्याल तथा ढोकाहरु उत्कृष्ट कलाकारिताले भरिएका छन् । यस प्रकार महत्वपूर्ण रुपमा रहेको यस वहालको बारेमा समय-समयमा स्वदेशी तथा विदेशी

---

[1] John K Locke, **Buddhist Monastries of Nepal : A Survey of the Bahas and Bahis of the Kathmandu Valley**, (Kathmandu : Sahayogi Press, 1983), p. 274 .

[2] Shantaram Balchandra Deo, **Glimpse of Nepal Woodwork,** (Calcutta : The journal of the Indian Society of Oriental Art, 1968-69), p. 10 .

[3] Karel Rijik Van Kooij, "The Iconography of the Buddhist Wood-Carving in a Newar Monastry in Kathmandu (Chusya-Bahal)", **Journal of the Nepal Research Centre**, Vol.1, No. 1, (1977) p. 42 .

विद्वानहरुले आफ्नो अध्ययन अनुसन्धानबाट लेख तथा पुस्तक तयार पारेका छन् । तर पनि वहालमा रहेको कलात्मक झ्यालकाबारेमा विस्तृत अध्ययन भएको छैन ।

१. यस वहालको कलात्मक झ्यालको बारेमा विस्तृत वर्णन गरिएको नपाइनु,
२. यस वहालको काष्ठकलाको झ्यालका धार्मिक जीवनसँग सम्वद्ध बनाइएका मूर्तिहरुको वर्णन गरिएको नपाइनु,
३. शाक्यमुनि बुद्धको जीवनीको बारेमा उपत्यकाका काष्ठकलामा उल्लेख भए पनि वर्णन गरेको नपाइनु ।

## १.३.अध्ययनका उद्देश्यहरु

यस “छुस्यावहालका कलात्मक झ्यालहरु” शीर्षकमा शोध गर्नुको उद्देश्यहरु यस प्रकार छन् -

क) काठमाडौं उपत्यकामा काष्ठकलाको प्रयोगबारे स्पष्ट जानकारी दिने,
ख) काठमाडौं उपत्यकाको कलात्मक झ्यालमा प्रयोग हुने मूर्तिकलाबारे जानकारी दिने,
ग) उपत्यकाका काष्ठकलामा शाक्यमुनि बुद्धको ऐतिहासिकता र जीवनीबारे जानकारी दिने ।

## १.४ अध्ययनका औचित्य

विद्वानहरुका अनुसार का.म.न.पा.को वडा नं. ३० ज्याठा टोलस्थित छुस्यावहाल ( गुणाकर महाविहार) मा भएको काष्ठकला मध्यकालीन समयको उत्कृष्ट कला हो । तसर्थ “छुस्यावहालका कलात्मक झ्यालहरु” शीर्षकमा अध्ययन गर्नुको औचित्य यस प्रकार छन् ।

१. यस वहालको कलात्मक झ्यालको बारेमा विस्तृत वर्णन गरिएको,
२. यस वहालको काष्ठकलाको झ्यालका धार्मिक जीवनसँग सम्वद्ध बनाइएका मूर्तिहरुको वर्णन गरिएको,
३. शाक्यमुनि बुद्धको जीवनीको बारेमा उपत्यकाका काष्ठकलामा उल्लेख भएकोले यसको वर्णन गरिएको छ ।

जनसाधारण, अनुसन्धाताहरुलाई र यस विषयमा रुची राख्नेहरुलाई जानकारी दिने उद्देश्यले गरिएको छ । आधुनिकतातर्फ अग्रसर पिढीलाई कलाको व्यवस्थित र विश्लेषणात्मक ढंगले महत्व बुझाउन अध्ययन गरिएको छ ।

## १.५ अध्ययनको सीमा

यस अध्ययन काठमाडौं महानगरपालिकाको वडा नं. ३० स्थित ज्याठा टोलमा अवस्थित छुस्यावहाल (गुणाकार महाविहार)सँग सम्बन्धित रहेको हुनाले यहि क्षेत्रमा अध्ययन केन्द्रित भइ गरिएको छ । प्रस्तुत शोधपत्र "छुस्यावहालको कलात्मक झ्यालहरु" शीर्षकसँग सम्बन्धित क्षेत्र र महत्वका विषयमा सिमित भइ अध्ययन कार्य गरिएको छ । यस वहालमा रहेका झ्यालका बुट्टाहरु र मूर्तिबारे विस्तृत वर्णन गरिएको छ । झ्यालको प्रयोजन, उपयोग र वास्तुकलामा यसको महत्वबारे पनि प्रकाश गरिएको छ ।

## १.६ पूर्वसाहित्य समीक्षा

विदेशी विद्वानहरुका पुस्तकमा विहारको काष्ठकला र विहारको वास्तुकलाको अध्ययनको क्रममा छुस्यावहालको थोरै मात्र उल्लेख आएको छ । विहारको काष्ठकला र वास्तुकलालाई प्राथमिकता दिएको पाइन्छ ।

- *Daniel Wright*, **History of Nepal**, Sushil Gupta Private Ltd. - India, 1958 (2nd ed.) .

उनले यस पुस्तकमा विभिन्न वंशावलीको आधारमा नेपालको प्राचीन इतिहासको स्वरुप तयार गरेका छन् । विभिन्न वंशका राजाहरुले नेपालमा राज्य गरेको र उनीहरुको समयमा निर्माण गरिएका वास्तुकलाको उल्लेख गरेका छन् । विभिन्न राजाहरुको समयमा निर्माण गरिएका मूर्ति तथा नेपाली कलासँग सम्बन्धित काष्ठकलाको पनि चर्चा पाइन्छ । काष्ठकलाको चर्चा केवल सौन्दर्य र कलाकारिताको प्रसंशा मात्र सिमित छ । नेपाली इतिहास अध्ययनको लागि तयार गरिएको यो पुस्तकमा काष्ठकलाबारे विस्तृत जानकारी गरिएको छैन ।

- *Shantaram Balchandra Deo*, **Glimpse of Nepal Woodwork,** The journal of the Indian Society of Oriental Art - Calcutta, 1968-69 .

यस पुस्तकमा नेपालमा छरिएर रहेको परम्परागत काष्ठकलाको अध्ययन गहन रुपमा पाइन्छ । जसमा काष्ठकलाका नमुनाहरुलाई उदाहरणको रुपमा प्रष्टचाउन छुस्यावहालको टुंडाल, टुंडालको तल्लो भाग, तोरण साथै ढोका र झ्यालमा रहेका बुट्टाहरुको चित्र सहित तिनको चर्चा संक्षिप्त रुपमा गरेका छन् । झ्यालको काष्ठकलामा बनाइने विभिन्न ग्रन्थमा आधारित चित्रकथाको चर्चा गर्ने क्रममा उनले छुस्यावहालको झ्यालमा कुंदिएका बौद्ध ग्रन्थमा आधारित बुद्ध मूर्तिको उल्लेख गरेका छन् । यस पुस्तकमा छुस्यावहालका झ्यालको सम्पूर्ण जानकारी दिइएको छैन ।

- *Wolf Gang Korn*, **The Traditional Architecture of Kathmandu Valley**, Ratna Pustak Bhandar - Kathmandu, 1976 .

यस पुस्तकमा काठमाडौं उपत्यकाका वहाः, वहीको वास्तु शैलीको अध्ययनको क्रममा छुस्यावहालको स्वरुप पनि चर्चा गरेका छन् । विहारहरुको वस्तुगत अध्ययन गर्ने क्रममा छुस्यावहालको स्वरुप, त्यसको स्थापना मिति र वास्तुकलाबारे मात्र उल्लेख गरेको छ । उनले त्यहाँ भएको कलात्मक झ्यालको उल्लेख गरिएको छैन ।

- *Karel Rijik Van Kooij,* "The Iconography of the Buddhist Wood-Carving in a Newar Monastry in Kathmandu (Chusya-Bahal)", **Journal of the Nepal Research Centre**, 1977 ( Vol.1, No. 1).

यो लेख पुरै छुस्यावहालको काष्ठकलामा केन्द्रित भएर लेखिएको छ । यहाँमा विभिन्न हस्तलिखित ग्रन्थहरुमा उल्लेख भए अनुसार बौद्ध मूर्तिहरु टुंडाल तथा तोरणमा कुंदिएका छन् । ती मूर्तिहरुका प्रतिमालक्षणबारे उनले विस्तृत रुपमा व्याख्या गर्नुका साथै छुस्यावहालको काष्ठकलालाई मन्त्रमुग्ध भइ प्रशंसा गरेका छन् । अरु विदेशी विद्वानहरुका पुस्तकमा भन्दा उनले छुस्यावहालको काष्ठकलालाई बौद्ध दर्शनसँग तुलनात्मक विस्तृत अध्ययन गरेका छन् । तर काष्ठकलामा जोड दिंदा दिंदै पनि उनले त्यहाँ भएको कलात्मक झ्यालको उल्लेख गरेका छैनन् ।

- *Ronald Milton Bernier,* "Survival of Wooden Art in Nepal: An Overview" **Ancient Nepal,** Department of Archaeology - Kathmandu, 1978.

यस लेखमा नेपालमा काष्ठकलाको प्रयोग, यसको कलाकारितालाई समग्रमा अध्ययन गरि काष्ठकलाका नमूना र वहालको निर्माण उदाहरणका लागि छुस्यावहाललाई लिएका छन् । उनले छुस्यावहालमा रहेको विमान झ्यालको काष्ठकलालाई उत्कृष्ट मौलिक कलाकारिताले कुँदिएको र मूर्तिहरु रहेको भनेका छन् । तर पनि झ्यालकोबारेमा विस्तृत वर्णन गरिएको छैन ।

- *Ronald Milton Bernier*, "Notes on Chusya-Bahal in Kathmandu", **Kailash***,* Kathmandu 1978, (Vol. 6) .

यस लेखमा छुस्यावहालको विस्तृत वर्णन गरेका छन् । यस लेखमा छुस्यावहालमा रहेको विहार वास्तुकला र काष्ठकलाको वर्णनात्मक शैलीमा लेखेका छन् । उनले पूर्णतया काष्ठकलामा मात्र केन्द्रित नभैकन बौद्ध दर्शन अनुसारको कलाकारिता भएको र तुलनात्मक रुपमा पनि हेरेका छन् । आफ्नो लेखमा S. B. Deo को पुस्तकबाट नै पाद टिप्पणीमा सो झ्यालमा कुंदिएको बुद्धजीवनीको उल्लेख गरेका छन् ।

- *Nil Ratan Banerjee,* **Nepalese Architecture**, Agam Kala Prakashan - Delhi, 1980 .

यस पुस्तकमा छुस्यावहालको विहार वास्तुशैलीकोबारे छोटकरीमा लेखिएको छ । विहारको अवस्थिती, भवन स्वरुपमा छानो, गारो प्रवेशद्वार, चोक, गजुरको उल्लेख गरेका छन् । विहारका प्रवेशद्वार, टुंडाल, तोरणको कलाकारिता, काष्ठ कलाकारिताकोबारेमा लेखिएको छ । यस विहारको प्रयोग र महत्वको उजागर गरेका छन् । विहारको चोकमा उत्किर्ण गरिएका नक्षत्र, ग्रहमातृका, वाद्यवादन लिएका वाद्यवादक तथा तान्त्रिक देवताहरु र बाहिर रहेका तान्त्रिक रुपी भैरवको उल्लेख गरेका छन् । यहाँको झ्यालकोबारेमा केहि पनि लेखेका छैनन् ।

- *John K. Locke,* **Buddhist Monastries of Nepal: A Survey of the Bahas and Bahis of the Kathmandu Valley**, Sahayogi Press- Kathmandu, 1983.

यस पुस्तकमा नेपालका विहारहरुको वस्तुगत अध्ययन छ । यस पुस्तकमा काठमाडौं उपत्यकाका काठमाडौं, ललितपुर, भक्तपुर तीनै शहरहरुमा रहेका वहाः र वहिका स्वरुप, त्यसको स्थापना मिति र त्यहाँ हुने पूजा, त्यहाँ संचालन हुने गुठीको सामान्य परिचय दिनु भएको छ । यसै अर्न्तगत छुस्यावहालको पनि चर्चा गरिएको छ । यसमा काष्ठकलाको महत्वबारेमा लेखिएको छैन ।

- *चन्द्र बहादुर जोशी,* **काठमाडौं उपत्यकाका कलात्मक झ्यालहरु,** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान - कमलादी, २०४६ (इ.सं. १९८९)

यस पुस्तकमा काठमाडौं उपत्यकाका भित्र रहेका कलात्मक झ्यालहरुमध्ये प्रमुख र उत्कृष्ट नमूनाका संकलन गरेका छन् । कलात्मक झ्यालहरुमा रहने विभिन्न बुट्टाहरु, निर्माण गर्ने प्रविधि, निर्माण गर्ने कलाकारहरु तथा ज्यावलहरुको पनि सम्पूर्ण विवरण दिएका छन् । तर यस पुस्तकमा छुस्यावहालमा रहेको कलात्मक झ्यालको उल्लेख गरेका छैनन् ।

- गंगा खरेल, छुस्यावहाल (विहार)को कला वास्तुकला एकः अध्ययन, **सिनास जर्नल,** त्रि.वि., कीर्तिपुर, २०५० (इ.सं.१९९३ )

यस लेखमा गंगा खरेलले विहारको परिचय, यहाँको काष्ठकलामा रहेका मूर्ति (तोरण, टुंडाल), गन्धकुटी भित्र, बाहिर चोकमा रहेका मूर्ति, चैत्यहरुको सविस्तार वर्णन छ । उहाँको शोधपत्रबाट परिष्कृत भइ लेखको रुपमा प्रकाशित भएको हो । यस वहालमा रहेका झ्यालहरुको सन्दर्भवश उल्लेख भए बाहेक विशेष अध्ययन गरिएको छैन ।

- *Mary Shepered Slusser,* **Nepal Mandala Cultural Study of the Kathmandu Valley** Vol.1 Text & Vol. 2, Princeton University - New Jersy, 1998 (2nd ed.)

उनको यस पुस्तकलाई काठमाडौं उपत्यकामा भएका विभिन्न नेपाली इतिहास, कला र वास्तुकलाको लागी अहिलेसम्म प्रकाशित पुस्तकहरुमा महत्वपूर्ण मानिन्छ । भाग १ मा नेपाली इतिहास, कला र वास्तुकलाको वैज्ञानिक तरिकाबाट वर्णन भएको पुस्तक हो । भाग २ मा काठमाडौं उपत्यकामा भएका कला, वास्तुकला र विभिन्न स्मारकहरुका टुंडाल तथा झ्याल

ढोकाको फोटाहरु संकलित छन् । जसमा छुस्यावहालको टुंडाल, तोरण तथा वास्तुकलाको उल्लेख गरिएको छ । तर पनि यस पुस्तकमा छुस्यावहालको झ्यालको बारेमा उल्लेख परेको छैन ।

- *Yadi Ratna Vajracharya,* **The Gunakar Mahabihar (Chhusyabaha)**, Gunakar Mahabihar Conservation Committee - Jyatha, 2004.

यस पुस्तकमा छुस्यावहाल (गुणाकर महाविहार)बारे सविस्तार उल्लेख गरेको छ । सो पुस्तकमा छुस्यावहालको काष्ठकला (तोरण, टुंडाल) प्रत्येकको मूर्ति, गन्धकुटी भित्र, बाहिर चोकमा रहेका मूर्ति, चैत्य आदिका वर्णन गरेको छ । काष्ठकलामा अति ध्यान दिएका छन् । यस पुस्तकमा विमान झ्यालमा रहेको बौद्ध ग्रन्थमा आधारित मूर्तिको चित्र दिएका छन् । तर यसबारे कतै पनि उल्लेख गरेका छैनन् । उनले यस पुस्तकमा झ्यालको चर्चा कतै पनि गरेका छैनन् ।

- *Neils Gutschow,* **Architecture of the Newars A History of Building Typologies and details in Nepal, vol. 2**, Serindia Publications - Chicago, 2011 .

यस पुस्तकमा छुस्यावहालबारे वर्णन गरेका छन् । जसमा छुस्यावहालको इतिहास, वास्तुकला, टुंडालमा रहेका प्रतिमालक्षण, चार तोरणहरुको विवरण दिएका छन् । उनले सो पुस्तकमा छुस्यावहालस्थित विमान झ्यालको झल्लरमा रहेको मूर्तिकलाको उल्लेख गरेका छन्- “झ्यालमा क्रमवद्ध कुंदिएका तिन मिटर लामो कलात्मक नमूनाले विशिष्टता प्रदान गरेको छ । यसै प्रकारको कला राजा सिद्धिनरसिंह मल्लले कृष्ण मन्दिरको भित्तामा बाऱ्ह वर्ष अघि नै (रामायण र महाभारत) कुंदाएका थिए, जुन कलाकारिताको चरमोत्कर्षको नमूना हो ।” उपत्यकाको वास्तुकलाबारे यो पुस्तक तीन भागमा प्रकाशित भए पनि छुस्यावहालका झ्यालहरुकोबारेमा विस्तृत विवरण भने छैन ।

## १.७ शोधविधि

छुस्यावहालमा रहेको काष्ठकलाकोबारेमा स्वदेशी र विदेशी विद्वानहरुले चर्चा गरेका छन् । यहाँ रहेका तोरण र टुंडालहरुको बारम्बार विभिन्न पुस्तकहरुमा उल्लेख गरिएको छ । वास्तुकलामा महत्वपूर्ण भूमिका रहेको झ्याललाई चासो दिइएको छैन । तसर्थ झ्यालबारे शोध कार्यमा सहायक श्रोतहरुको कमी रहेको छ , जसको लागि विभिन्न स्थानहरुमा गई स्थलगत अध्ययन गर्नुको साथै विषयसँग सम्बन्धित व्यक्तिहरुसँगको वार्तालापमा आधारित छ । यसको अध्ययन वर्णनात्मक तथा व्याख्यात्मक शैलीमा (descriptive and analytical method) गरिएको छ । यस शोध प्रवन्ध सम्पन्न गर्नको लागि प्रयोग गरिएका शोध विधिहरु निम्नानुसार छन् ।

### १.७.१ प्राथमिक श्रोत

#### १.७.१.१ स्थलगत अवलोकन

विभिन्न समय (पर्व, अवसरमा) छुस्यावहालमा गइ त्यहाँ हुने विभिन्न गतिविधिको प्रत्यक्ष अवलोकन गरि अध्ययन गरिएको छ । यस अध्ययनको लागि छुस्यावहाल (ज्याठा), बुंगमतीका साथै विभिन्न शोधको विषयसँग सम्बन्धित ज्ञाताहरुसँग प्रत्यक्ष स्थलगत भेटवार्ता गरिएको छ । छुस्यावहालमा रहेका विविध सामग्रीहरु हेरेर फोटो संकलन गरिएको छ , जुन परिशिष्टमा दिइएको छ ।

#### १.७.१.२ अन्तरवार्ता वा वार्तालाप

छुस्यावहालसँग सम्बन्धित व्यक्तिहरु, स्थानीय बासिन्दा तथा शोधको विषयसँग सम्बन्धित ज्ञाता वा विज्ञहरुसँग भेटेर छलफलको आधारमा शोध तयार गरिएको छ । यसको अध्ययनको क्रममा प्रत्यक्ष रुपमा भेटेका ज्ञाता वा विज्ञहरुको नामावली यस प्रकार छन् -

१. छुस्यावहालका संघका सदस्य र स्थानिय बासिन्दाहरु रेमरत्न वज्राचार्य र अच्यूत वज्राचार्य,

२. बखुँवहाल, पाटन संस्कृतिविद् सत्यमोहन जोशी,

३. त्रि.वि, बौद्ध अध्ययन विभागका पूर्व विभागीय प्रमुख तथा प्राध्यापक नरेशमान वज्राचार्य,

४. छुस्यावहालका शोधकर्ता र सिनासमा कार्यरत गंगा खरेल,

५. पाटन संग्रहालयका संग्रहालय अधिकृत सुरेशमान लाखे,

६. बुंगमतिका सिकर्मी नाइके, कपिल वज्राचार्य (पुरातत्व विभागका कर्मचारी), पद्मराज व्रम्हचार्य र शंकरराज व्रम्हचार्य (सिकर्मी) ।

## १.७.२ द्वितीयक श्रोत

### १.७.२.१ पुस्तकालय अध्ययन

छुस्यावहालबारे प्रकाशित वा अप्रकाशित पुस्तक, पत्र-पत्रिकामा प्रकाशित लेखहरु, वेबसाइटमा उपलब्ध, अभिलेख तथा सान्दर्भिक विषयबस्तुहरु आदि अध्ययन गरिएको छ । यसको अध्ययनको क्रममा पुस्तक उपलब्ध गराउने केन्द्रीय पुस्तकालय तथा व्यक्तिगत पुस्तकालयबाट पुस्तक उपलब्ध गराउनुहुने सहयोगी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस अध्ययनको क्रममा पुस्तक उपलब्ध गराइ सहयोग गरेका विभिन्न पुस्तकालयहरुलको नामावली यस प्रकार छन् -

१. केन्द्रीय पुस्तकालय, त्रि.वि.

२. नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागको पुस्तकालय, त्रि.वि.

३. भारतीय पुस्तकालय, सुन्धारा

४.संशोधनमण्डलको पुस्तकालय, डल्लु

५. आशा सफूकुथि, रक्तकाली

६. पाटन संग्रहालयको पुस्तकालय, पाटन ।

# अध्याय : दुई

# छुस्यावहालको ऐतिहासिकता

## २.१ परिचय

भगवान बुद्धलाई एसियाको ज्योति भन्ने गरिन्छ । हामी नेपालको राष्ट्रिय विभूतिका रुपमा पनि बुद्ध चिन्दछौं । गौतम बुद्ध नेपालको रुपन्देही जिल्लाको लुम्बिनीमा जन्मेका हुन् । नेपाल र भारत बाहेक चीन, श्रीलंका, थाइल्याण्ड, म्यानमार, कोरिया, जापान, भेटनाम, जर्मन सम्म पनि बौद्ध धर्म फैलिएको छ । बौद्ध धर्ममा शाक्यमुनि बुद्धलाई प्रमुख भगवानका रुपमा मान्ने गरिन्छ । वास्तवमा शाक्यमुनि बुद्धको वचनलाई मान्नेहरु बौद्ध अनुयायी वा बौद्धमार्गीहरु हुन् । शाक्यमुनि बुद्ध मूर्ति पूजाका विरोधी थिए । तर उनका अनुयायीहरुले उनको मृत्यु पश्चात् उनको मूर्ति बनाइ पूजा गरे । विस्तारै यस धर्ममा थुप्रै मतमतान्तर देखा पर्न थाले । यसरी बुद्ध धर्म विभिन्न सम्प्रदायमा विभाजित हुन पुग्यो । काठमाडौं उपत्यकामा बौद्ध धर्म वज्रयान (गृहस्थ भिक्षु) र थेरवाद (वम्हचर्य भिक्षु)मा विभाजित भएको छ । त्यसै गरी हिमाली क्षेत्रमा (Northen Buddhism) मान्ने बौद्ध धर्म चार सम्प्रदायमा विभाजित भएको छ । बौद्ध धर्म सम्प्रदायमा विभाजन भए पनि सवैको उद्देश्य बुद्ध धर्मको प्रचार गर्नु नै हो । मानिसहरुमा बुद्ध वचनको ज्ञान फैलाइ निर्वाणमा पुऱ्याउने लक्ष्य हो । विहार वा गुम्वामा बौद्ध धर्मको प्रशिक्षणको तालिम दिने गर्दछ । मानिसको आधारभूत आवश्यकता गाँस, बास र कपास भए जस्तै धर्म प्रचारको लागि पनि विहार प्रमुख आवश्यकता हो ।

विहार वास्तुकलाको आधारभूत योजना दुई हजार वर्ष भन्दा पुरानो हो । पश्चिम भारतको अजन्ता र एलोरामा चट्टानका गुफामा संरक्षित छ । इ.पू. शताब्दीको समयमा नै चट्टानका गुफा Cave Monasteries बन्न शुरु भैसकेको थियो ।[४] नेपालमा विहार वास्तुकला

---

[४] Wolf Gang Korn, **The Traditional Architecture of Kathmandu Valley**, (Kathmandu : Ratna Pustak Bhandar, 1976) p. 26.

कुन समयमा सुरुवात भयो भन्ने कुरा स्पष्ट छैन । अन्वेषण र उत्खननबाट लुम्बिनी कपिलवस्तु क्षेत्रमा इसापूर्व कालका मान्न सकिने विहारका अवशेषहरु पाइएका छन् ।

भारतका सम्राट अशोकले (इ.पू. तेस्रो शताब्दी) बौद्ध धर्म ग्रहण गरे पछि बौद्ध धर्मको इतिहासमा ठूलो महत्व राख्दछ । भारतको विभिन्न स्थानको यात्रा बाहेक नेपालको तराईमा पर्ने लुम्बिनी क्षेत्र र काठमाडौं उपत्यका आएको विश्वास गरिन्छ । काठमाडौं उपत्यकामा उनको भ्रमणलाई स्वीकार गर्ने पुरातात्विक प्रमाण नभेटिए पनि लुम्बिनी क्षेत्रमा उनले स्थापना गरेको स्तम्भहरु प्राप्त छन् ।[५] नेपालको प्राचीन अभिलेख लुम्बिनीको अशोक स्तम्भ हो । यस अभिलेखमा ब्राह्मी लिपि रहेको छ । मौर्य सम्राट अशोकले लुम्बिनी, निग्लिसागर र तौलिहवामा अशोक स्तम्भ राख्न लगाएका छन् । निग्लिसागरमा ककुछन्द बुद्ध र तौलिहवामा कनकमुनि बुद्धको जन्मस्थलमा आफ्नो राज्यकालको चौधौं वर्ष पुगेको उपलक्ष्यमा स्तम्भ राख्न लगाएका थिए । शाक्यमुनि बुद्धको जन्मस्थल लुम्विनिमा आफ्नो राज्यकालको बीसौं वर्ष पुगेको उपलक्ष्यमा बौद्ध तीर्थस्थलमा श्रद्धा प्रकट गर्न सम्राट अशोकले इ.पू. २४५ (तेस्रो शताब्दी)मा त्यहाँ भ्रमण गरी सो स्तम्भ राख्न लगाएको हो[६], जुन स्तम्भले शाक्यमुनि बुद्धको जन्मस्थलको रुपमा लुम्विनीलाई विश्व सामु प्रमाणित गरेको छ । त्यसै गरी नेपालको पहिलो अभिलेखको रुपमा पनि रहेको छ ।

चौधौं शताब्दीमा भारतका विभिन्न धार्मिक स्थल विहार र मन्दिरहरुमा मुसलमानहरुले वारम्वार अतिक्रमण गरेको घटनाको उल्लेख इतिहासमा छ । यस्तो धार्मिक आक्रमणबाट आफ्ना धार्मिक पुस्तक र आफ्नो धर्मको रक्षा गर्न राजा-महाराज, साधु र भिक्षुहरु बेलाबेलामा नेपाल पसे । भारतको नालन्दा र विक्रमशील जस्ता बौद्ध धर्मको अध्ययन अनुसन्धान गर्ने विश्वप्रसिद्ध केन्द्रबाट जमातका जमात धार्मिक शरणार्थीहरु नेपाल पसे ।[७] यसरी काठमाडौं उपत्यकामा बौद्ध धर्मले फैलने अवसर प्राप्त गऱ्यो ।

[५] वीणा पौड्याल, **नेपाली मूर्तिकला र चित्रकला**, (कीर्तिपुर : ने.इ.सं.पु.वि., त्रि.वि., वि.सं.२०५७), पृ. ७ ।

[६] Babu Krishna Rijal, **Archaeological remains of Kapilavastu, Lumbini and Devadaha**, (Kathmandu : Educational Enterprises, 1979), p. 15 .

[७] पौड्याल, **पूर्ववत्** , (पादटिप्पणी संख्या २), पृ. ८ ।

विहारलाई मू वहाः र कचा वहाः गरि वर्गिकरण गरिएको छ । नेवारी भाषामा “मू” भनेको मूल वा मुख्य र “कचा” भनेको शाखा भन्ने बुझिन्छ । मू वहाः भनेको महाविहार वा मूल वा प्रमुख विहार भन्ने बुझाउँछ । कचा वहाः भनेको विहार जुन महाविहार अन्तर्गतको शाखा भन्ने बुझाउँछ । महाविहार अन्तर्गतको विहारहरुमा महाविहारमा जस्तो सबै प्रकारका कृयाकलापहरु गरिंदैनन् । काठमाडौंमा अठार प्रमुख महाविहारहरु छन् । पाटनमा पन्ध्र र भक्तपुरमा तेऱ्ह वटा प्रमुख विहारहरु छन् । अरु शाखा विहारहरु यिनै प्रमुख विहार अन्तर्गत रहेका हुन्छन् । मन्दिर तथा विहारहरुमा सामाजिक र धार्मिक रुपले प्रेरित भएर दाताले निर्माण गराउँदछन् । यस प्रकारको निर्माण गरेपछि दाताले वर्ष भरि त्यहाँ गरिने विभिन्न पूजाआजा संचालनमा ल्याउन तथा व्यवस्थित राख्नको लागि गुठी राख्ने गर्दछन् । सो संरचनासँग सम्बन्धित कार्यहरु निरन्तर रुपमा लामो समयसम्म चलिराखोस् भन्ने उदेश्यले गरिन्छ ।

## २.२ नेपालमा विहारको प्राचीनता

उपत्यकामा नेपालको प्रामाणिक इतिहासको क्रमबद्ध रुपमा चाँगुनारायणको मानदेव प्रथमको शक सं. ३८६ (इ.सं. ४९४) को अभिलेख प्राप्त भएको छ ।[८] यस अभिलेखमा देशको सामाजिक, राजनैतिक इतिहास पनि क्रमबद्ध रुपमा पाइन्छ । पाँचौं शताब्दीमा पाइएको यस अभिलेख भन्दा लिपिको आधारमा पुरानो मानिएको (तिथि नभएको) चावहिलको अभिलेखमा बुद्धस्तुति र भिक्षुसंघलाई गुठी राखिदिएको कुरा उल्लेख परेको छ । यसरी बौद्ध धर्म र त्यससँग सम्वन्धित गतिविध बारे प्राचीनताको प्रमाण पाइएको छ ।

### २.२.१ विहारको अर्थ तथा प्राचीनता

“विहार” संस्कृत भाषाको शव्द हो । यसको शाब्दिक अर्थ बस्ने, टहल्ने, आराम गर्ने घर आदि हुन्छ । बौद्ध धर्ममा बुद्ध, धर्म र संघ गरी त्रिरत्नको अवधारण छ । संघ भिक्षुहरुको संगठन हो । विहार भिक्षुहरुको निवास तथा बौद्ध धर्मको केन्द्र थियो । प्रारम्भमा भिक्षुहरु बस्ने ठाँउलाई “आराम” भनिन्थ्यो । भगवान बुद्धको पालामा यस्ता अनेकौं आरामहरु बनेका उदाहरणहरु

---

[८] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, (कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, वि.सं.२०५३), पृ. १० ।

पाइन्छन् । मगधका राजा विम्विसारले दान गरेको "वेणुवन-आराम", श्रावस्तीका अनाथपिण्डकले दान गरेको जेतवन आराम, विशाखाले दान गरेको पूर्वाराम, घोषित महाजनले प्रदान गरेको घोषिताराम, कपिलवस्तुमा रहेको न्यग्रोधाराम, संघाराम आदि ।[९] बुद्धका पालमामा बनाइएका यस्ता थुप्रै आरामहरुका उल्लेख विभिन्न ग्रन्थहरुमा पाइन्छन् ।

"आराम" कै उद्देश्य अनुरुप "विहार"ले स्थान लिन थाल्यो । भिक्षुहरुको निवासगृह "विहार" बनाउने चलन रहेको थाहा हुन्छ । आराम भित्रै मूल गन्धकुटी (पूजाकोठा) हुन्थ्यो । भारतको पश्चिममा रहेको अजन्ता र एलोराका गुफाले प्राचीन विहारको स्वरुप झल्काउँछ । त्यस गुफामा भिक्षुहरु निवास गर्दथे । विहार शव्दको चलन बुद्धको जीवनकालदेखि नै चलेको थाहा हुन्छ । ठूलाठूला विहारलाई महाविहार भनिन्थ्यो । महाविहारहरुको अन्तर्गत शाखाका रुपमा विहारहरु रहन्थे ।[१०] शाखा कार्यलयहरु केन्द्रीय कार्यलय अन्तर्गत मातहतमा रहेर काम गरे झैं विहारमा पनि यस्तै प्रचलन रहेको छ ।

बौद्ध धर्ममा संघ स्थापना भएपछि अनुदानबाट बौद्ध भिक्षुहरुको भावना(ध्यान), धर्म, श्रवण तथा बसोबासका लागि आराम (एकान्तवन) तथा विहार (गृह) निर्माण हुन थाले । पछि बौद्ध भिक्षु भिक्षुणीहरुले भ्रमण गरी धर्म प्रचार प्रसार गरिरहनुपर्ने आवश्यकता कम हुन गयो र विहारहरुबाटै सो कार्य संचालन हुन लागेपछि विहार भिक्षुहरुका लागि नैतिक शिक्षा एवं आस्थाको केन्द्रविन्दु बन्न पुग्यो । यसरी अनेकौं विहारहरु शिक्षण संस्थाको रुपमा स्थापित हुन गयो ।

## २.२.२ नेपालका प्राचीन विहारहरु

नेपालमा विहारको निर्माण कहिलेदेखि शुरु भयो भन्ने ठोस प्रमाण पाइन्दैन । साहित्य एवं वंशावलीहरुमा दहको रुपमा रहेको उपत्यकाबाट पानी बाहिर निकाली सकेपछि मंजुश्रीले

---

[९] गंगा खरेल, **छुस्यावहाल (गुणाकर महाविहार) : एक साँस्कृतिक अध्ययन,** (कीर्तिपुर : नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, स्नातकोत्तर तहका लागि प्रस्तुत शोधपत्र, अप्रकाशित, वि.सं. २०५०), पृ.८ ।

[१०] कर्न, **पूर्ववत् ,** (पादटिप्पणी संख्या १), पृ.२६ ।

मञ्जुपट्टन नगर बसाएर भिक्षुहरुको लागि एउटा विहार बनाइदिएको उल्लेख पाइन्छ ।[११] यस किम्बदन्ती अनुसार किराती राजा स्थूंकोको राज्यकालमा बौद्ध सम्राट अशोकले पाटनस्थित पिम्वहाल चैत्यलाई केन्द्र बनाई चार दिशामा चारवटा स्तूप बनाए । उनकी छोरी चारुमतीले आफ्नो नाममा "श्री सुवर्णपुर कृतिपुण्य अशोक नृप संस्कारित चारुमती विहार" बनाई आफ्ना पतिका साथ प्रवज्या लिएका थिए ।[१२] यस चारुमती विहारलाई स्थानीय बोलिमा "चावहिल" भनिन्छ ।[१३] यदि उपरोक्त कथनलाई सत्य मान्ने हो भने चारुमती विहार नेपालको सर्वप्राचीन विहार हुन आउँदछ । पाँचौं शताब्दीदेखि काठमाडौं उपत्यकामा विहारहरु निर्माण भएको प्रमाण अभिलेखहरुले पुष्टि गरेका छन् । वंशावलीहरुमा स्वयम्भू चैत्यको निर्माण राजा मानदेवको जिज्यूबाजे वृषदेवको समयमा भएको मानिन्छ ।[१४] स्वयम्भूको महत्व काठमाडौं उपत्यका जलमग्न भएको समय देखि नै महत्वपूर्ण रहेको छ । स्वयम्भू पुराणको आधारमा शान्तिकराचार्यको मद्दतले स्वयम्भूको धर्मधातु ज्योतिरुपलाई छोपेर चैत्य बनाएको मानिन्छ ।

लिपिको आधारमा (मिती नभएको) मानदेवको समयको मानिने स्वयम्भूबाट प्राप्त एक अभिलेखमा "श्री मानविहार"को लागि जग्गा गुठी राखिदिएको उल्लेख परेको छ । नामको आधारमा यो विहार राजा मानदेवले बनाउन लगाएको देखिन्छ । गोपालराज वंशावलीमा मानदेवले आफ्नो नाममा एक विहार बनाएको उल्लेख पाइन्छ ।[१५] राजोचित "श्री" जोडिएको हुनाले श्रीमानविहारलाई राजा मानदेवले नै बनाउन लाएका हुन् भन्ने पुष्टि हुन्छ । हाँडीगाँउको थटोलको डवलीमा रहेको अंशुवर्माको मा.सं. ३२ (इ.सं. ६०८) अभिलेखमा श्रीमानविहारलाई

---

११ खरेल, **पूर्ववत्** , (पादटिप्पणी संख्या ६), पृ. ११ ।

१२ Daniel Wright, **History of Nepal**, (India : Sushil Gupta Private Ltd. 1958, 2nd ed.),pp. 111-113.

१३ वज्राचार्य, **पूर्ववत्** ,(पादटिप्पणी संख्या ५), पृ. ३ ।

१४ जगदीशचन्द्र रेग्मी, **लिच्छवि-इतिहास**, (कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं. २०५३), पृ. २१ ।

१५ Dhanavajra Vajracharya and Kamal P. Malla **The Gopalrajvamsavali**, (Kathmandu : Tribhuvan University, 1985), p. 28.

विशिष्ट श्रेणीमा राखिएको र ६ पुराण २ पण भाग छुट्टयाइएको छ ।[१६] लिच्छविकालका अभिलेखमा सर्वप्रथम हाँडीगाँउको यसै अभिलेखमा गुंविहार, श्रीमानविहार, श्रीराजविहार, खर्जुरिका विहार, मध्यम विहार गरि पाँच विशिष्ट विहारहरुको साथै अन्य सामान्य विहारहरु भनि उल्लेख गरिएको छ ।[१७] यसरी विहारहरु "श्री" जडित विशिष्ट विहार, मध्यम विहार र सामान्य विहार गरी विभाजन गरिएको पाइन्छ ।

"श्री मानविहार" पाटन भेकमा पर्दथ्यो भन्ने प्रमाणको रुपमा नरेन्द्रदेवको पाटन यागबहालको मा.सं १०३ (इ.सं. ६७९) अभिलेखमा उल्लेख छ । सो अभिलेखमा "श्री शिवदेव विहार"लाई दिइएको ग्रामको चार किल्ला खोल्दा श्रीमानदेवविहार, खर्जुरिका विहार, मध्यम विहार, अभयरुचिविहार, वार्तकल्याणगुप्त विहार, चतुर्भालटसन विहार र राजविहार को उल्लेख परेको छ ।[१८]च्यासल टोलको जयदेव द्वितीयको नायृहिटी भन्ने ढुंगेधारामा पुष्पवाटिकाविहार उल्लेख रहेको अभिलेखमा मा.सं १३७ (इ.सं. ७१३) छ ।[१९] त्यसै गरि नक्साल नारायणचौरको अभिलेख[२०] मा अजिकाविहार र जीववर्म्मविहार[२१] को उल्लेख पाइन्छ ।[२२] लिच्छविकालका अभिलेखहरुमा माथिका विशिष्ट विहारहरु बाहेक अन्य प्राणिधिविहार, जतत्वत्मविहार को उल्लेख गरिएको छ ।[२३] तर हाल लिच्छविकालीन अभिलेखहरुमा वर्णित कुनै पनि विहारको

---

[१६] वज्राचार्य, **पूर्ववत्** , (पादटिप्पणी संख्या ५) पृ. ३२० -२३ ।

[१७] **उही,** पृ. ३२० ।

[१८] **उही**, पृ. ४९६-९८ ।

[१९] **उही,** पृ. ५४० ।

[२०] हाल राष्ट्रिय संग्रहालयमा रहेको सो अभिलेख धनवज्र वज्राचार्यको अनुसार लिपिको आधारमा जयदेव द्वितीय ताकाको मानिएको छ ।

[२१] वज्राचार्य, **पूर्ववत्** , (पादटिप्पणी संख्या ४), पृ. ५६७ को पादटिप्पणीमा नोलीद्वारा अनुवाद गरिएको पाठमा जीववर्म्मविहारलाई जातववत्मविहार लेखिएको भनिएको छ ।

[२२] **उही,** पृ. ५६३-७२ ।

[२३] रेग्मी, **पूर्ववत्** ,(पादटिप्पणी संख्या १२), पृ. १४५-४६ ।

अस्तित्व पाइन्दैन । यस कारण लिच्छविकालीन विहार वास्तुकलाको विशेषताबारे स्पष्ट रुपमा केही भन्न सकिंदैन ।

धनवज्र वज्राचार्यको पूर्वमध्यकालका अभिलेखमा उल्लेख भएका काठमाडौं उपत्यका भित्रका केही विहारहरु र वहालका नाम निम्नानुसार छन् । उत्तर विहार, श्रीहिरण्यवर्ण महाविहार, श्रीनक विहार, श्रीह्राहवंको विहार (कुम्भेश्वर), राजश्री महाविहार, चाखा विहार, श्रीअंशुवर्मा महाविहार (चावहिलको थथुबहिलमा), श्रीगवर्भपिंथ विहार, श्रीतवलच्छे विहार, गुसटल (गुइतः टोल) विहार, कनकचैत्य महाविहार, श्रीविहार, ज्येष्ठविहार, श्रीरुद्रवर्ण महाविहार, श्रीमहाविहारी, कीर्तिपुण्य महाविहार, श्रीपारावत बौद्ध विहार (इटुंवहाल) र सिकोमगुह्रि विहार (सिखःमू वहाः) आदि विहारहरु छन् । त्यसैगरि येथवहाल, श्रीवुवहाल, श्रीतववहाल, पिंथवहाल (पिंवहाल), श्रीन्होलवहार (न्हु वहाः) आदि वहालहरु छन् ।[२४] लिच्छविकालदेखि अस्तित्वमा रहेका विहारहरु पूर्व मध्यकालको समयमा विहार र वहालको रुपमा देखा परेको छ ।

मध्यकालमा लेखिएको गोपालराज वंशावलीमा सीनगुंविहार, फुटोविहार, देपाल विहार (वहिल), नन्दिशालाको विहार, इटुंवहाल, बहारक्वाथ, बखुरिबहि, योचंबहिली, पुलबहिल, मंझिबहार, यथोबहार, पिथोबहार, एकाटविहार, यंथोबहिरी र यम्वटुनं विहारको उल्लेख छ । लिच्छविकालका विहारहरुको निर्माण गर्ने प्रचलन मध्यकाल भरि नै रहेको देखिन्छ । जगदिशचन्द्र रेग्मीले मध्यकालमा नेपाल उपत्यकामा निर्माण गरिएका १७२ वटा विहारहरुको चर्चा गर्नुभएको छ ।[२५] मध्यकालीन अभिलेख तथा ग्रन्थहरुमा अनेकौं विहारहरु उल्लेख भएका छन् ।

Wolf Gang Kornका अनुसार हाल काठमाडौं उपत्यकाका तीन शहरमध्ये पाटनमा १४० वहाल र १५ वहिलहरु, काठमाडौंमा ८१ वहाल र १२ वहिलहरु, भादगाउँ (भक्तपुर)मा २०

---

[२४] धनवज्र वज्राचार्य, **पूर्वमध्यकालका अभिलेख**, (कीर्तिपुर; नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं.२०६८), पृ. ११८-२०५ ।

[२५] जगदीशचन्द्र रेग्मी, **नेपालको धार्मिक इतिहास**, (काठमाडौं : रत्न पुस्तक भण्डार, वि.सं. २०३९), पृ. १५५ - ५६ ।

वहाल र २ वहिलहरु मध्यकालीन विहार वास्तुकलाका नमुनाको रुपमा रहेका छन् ।[२६] हेमराज शाक्यका अनुसार पाटनमा १६७, काठमाडौंमा १२० र भादगाउँमा २४ विहारहरु रहेका छन् । अठारौं शताब्दी ताकादेखि भने मध्यकालीन विहार निर्माणको परम्परामा कमी आएको देखिन्छ । हाल सम्म पनि विहार बनाउने परम्पराले निरन्तरता पाइ रहेको छ । तर परम्परात नेपाली विहारको स्वरुपमा बन्न छाडिसके । हाल रहेका विहारहरुमा प्राचीन उत्कृष्ट नमुनाका रुपमा रहेका केहि विहारहरुको नाम यस प्रकार छन् । पाटनको हिरण्यवर्ण महाविहार, रुद्रवर्ण महाविहार, काठमाडौंको इटुम्वहाल, छुस्यावहाल र भादगाँउको चतुर्व्रम्ह महाविहार आदी ।

मध्यकालमा पनि नेपालमा बौद्ध धर्मको प्रचार प्रसार थियो । भारतमा मुसलमानी आक्रमणबाट मन्दिर तथा बौद्ध विहारहरु नष्ट हुन थाल्यो । धार्मिक आक्रमणबाट आफ्ना धर्मको रक्षा गर्न भिक्षुहरु नेपाल पसे । भारतको नालन्दा र विक्रमशील जस्ता बौद्ध धर्मको अध्ययन अनुसन्धान गर्ने विश्वप्रसिद्ध केन्द्रबाट धार्मिक शरणार्थीहरु नेपाल आए । तर काठमाडौं उपत्यका भने बौद्ध धर्मको केन्द्र बनिनै रह्यो । यो कुरा त्यस कालमा निर्माण भएका र संस्कार ( जीर्णोद्वार) गरिएका विहारहरु तथा त्यसबेला लेखिएका धार्मिक ग्रन्थहरुबाट थाहा हुन्छ । नेपालमा हाल व्यवहारमा आएका धेरैजसो विहारहरु पूर्वमध्यकालमा निर्माण भएका र जीर्णोद्वार गरिएका देखिन्छन् । ती विहारहरुसँग जोडिएका नाम र विहारका निर्माण एवं संस्कारकर्ताहरुको नामको आधारमा समय थाहा पाउन सकिन्छ । संस्कृतको “विहार” शव्दलाई काठमाडौंका मानिसहरुले जनबोलिमा वहाल तथा वहिल भन्न थाले । पछि गएर यहि वहाल तथा बहिल शब्द वहाः, वहिःमा रुपान्तरण हुन गयो । नेवारी (नेपालभाषा)को वहाः वहिःलाई नेपाली भाषामा वहाल र वहिल भनिन्छ ।[२७] वास्तवमा नेपालभाषामा वहाः, वहिः नेपालीमा त्यसको अर्थ वहाल, वहिल भनिएको होइन । नेपालभाषाको वहाल वहिललाई नेपालीमा पनि त्यही उच्चारण गरियो । बोल्दा विस्तारै नेपालभाषामा “ल” लोप भइ विसर्गमा परिवर्तन भयो तर नेपालीमा यथावत रहिरहचो ।

---

[२६] कर्न, **पूर्ववत्** , (पादटिप्पणी संख्या १), पृ. ३६ ।

[२७] **उही,** पृ. २६ ।

## २.३ विहार वास्तुशैली

बौद्धधर्मको विषयमा चर्चा हुने विशेष निर्दिष्ट स्थानलाई विहार भन्ने चलन छ । संस्कृत भाषाको 'विहार' शब्दले एक प्रकारको भवनलाई बुझाउँछ । हिन्दुहरुको साधु, पिर, फकिर ( महात्मा) बस्ने मठ जस्तै बौद्धहरुको विहारको चर्चा विभिन्न प्राचीन साहित्यहरुमा पाइन्छ । काठमाडौं उपत्यकामा विहार वज्राचार्य तथा शाक्य भिक्षुहरुको निवासगृहको रुपमा रहेको छ । काठमाडौं उपत्यकामा मात्र चार सय भन्दा बढी विहारहरु थिए, जसको निरन्तरता हालसम्म पनि हामी देख्न सक्छौं ।[२८] नेपाल वज्रयान बुद्धधर्मको केन्द्रको रुपमा रहेको हुनाले यहाँ वज्रयानी विहारहरु धेरै छन् ,जसमध्ये काठमाडौं उपत्यकामा मात्र लगभग चार सय विहारहरु छन् ।[२९] वज्रयानी बौद्ध सम्प्रदायका मानिसहरुले आफ्नो संघ परम्परा अनुसार धार्मिक कृयाकलापहरु गरिने स्थान विहार हो । काठमाडौं उपत्यकामा निर्माण गरिएका विहारहरु प्राचीन विहार वास्तुशैलीलाई नै निरन्तरता दिइ बनाउने परम्परा रहेको छ ।

मल्लकालीन दरवारका चोक र उपत्यकामा बनेका विभिन्न प्राचीन विहारहरुको निर्माणशैली एकै किसिमको छ । त्यही चार पाटे चोक, त्यही अग्ला पेटी, त्यही सांगुरा ढोका तिनै साना-साना पाचुखा झ्याल, तीनै कलापूर्ण सँझ्याल, विहार र दरवारी चोकमा समान रुपमा देखा पर्छन् ।[३०] वास्तुकलाको निर्माणशैली त्यसको प्रयोजनको हिसाबमा बनाउने गरिन्छ ।

सामरिक महत्वलाई ध्यानमा राखी बनाइएको दरवार र धार्मिक स्थलको रुपमा बनाइएका विहारसँगको यो सामञ्जस्य झट्ट आश्चर्य लाग्दो कुरो के छ भने धार्मिक आवश्यकता पूर्ति गर्न बनाइएका ती विहार पनि किल्लाको रुपमा बनाइएका थिए । उदाहरणार्थ काठमाडौंको इटुंवहाललाई प्रस्तुत गर्न सकिन्छ । गोपाल राजवंशावलीमा यस वहाललाई याटुंवहाल क्वाठ

---

[२८] **उही,** पृ. २६ ।

[२९] **उही,** पृ. २६ ।

[३०] गौतमवज्र वज्राचार्य, **हनूमान्ढोका राजदरबार**, (कीर्तिपुर : नेपाल र एसियाली अध्ययन संस्थान, त्रि.वि., वि.सं. २०३३), पृ. ३७-३८ ।

भनिएको छ ।[३१] यहाँ आक्रमण गरी यस विहारको किल्ला फोडेको कुरा पनि उल्लेख गरिएको छ ।

इटुंवहाल र त्यसको सँगै टाँसिएर बनेका अरु विहारहरुको निर्माणशैली समग्र रुपमा नियालेर हेर्ने हो भने दरवारको निर्माणशैलीसंग अझै मिल्दोजुल्दो देखिन्छ । दरवारमा जस्तै एक विहारबाट अर्को विहारमा जान विहारकै एक कुनामा बनाइएका साँगुरो बाटो त्यहाँ पनि देखिन्छन् । इटुंवहालमा रहेको एउटा पटचित्रमा राजा मुकुन्द सेनले काठमाडौंमा हमला गर्दा यस विहारमा किल्ला जमाएको कुरा चित्र तथा लेखद्वारा व्यक्त गरिएको छ । यसबाट पनि विहारको सामरिक महत्वबारे प्रकाश पर्छ । इटुंवहाल समृद्ध विहार थियो भन्ने जनश्रुति छ । उक्त पटचित्रमा पनि यस कुराको चर्चा परेको छ । आकस्मिक बाहय आक्रमण बारम्बार भइरहने हुनाले त्यस समयमा विहारको सञ्चित धनराशि जोगाउन आवश्यकता अनुरुप यस किसिमको वास्तुकलाको निर्माण पद्धति अपनाइएको हुनुपर्छ । यसैकारण किल्लाको रुपमा निर्माण गरिएको  दरवारी चोक र विहारको निर्माणशैलीमा एकरुपता देखिएको हुन सक्छ ।[३२]

राजधानी वरपरका वस्तीहरु पनि किल्लाका रुपमा बनेका थिए । उपत्यका वरिपरिका भागहरु जस्तै चाँगु, साँखु, गोकर्ण, स्वयम्भूलाई वनदुर्गाको रुपमा विकास गरिएको थियो । जयप्रकाश मल्लको ने.सं. ८७२ को ताम्रपत्रमा“ स्वयम्भूगढ, बालाजुगढ, गोकर्णगढ, चाँगुगढ, वज्रयोगिनीगढ” यी देवस्थानको गढको रुपमा उल्लेख गरिएको छ ।[३३] मनुस्मृतिमा उल्लेख भए अनुसार किल्लाको जम्मा छ प्रकार दिइएको छ -

१. धनुदुर्ग (चारैतिर मरुभूमि रहेको)

२. महीदुर्ग (समतल माटो रहेको)

३. जलदुर्ग (चारैतिर पानीले घेरिएको)

---

[३१] वज्राचार्य, **पूर्ववत् ,** (पादटिप्पणी संख्या १२), पत्र संख्या ३३ ख, “गोपालराजवंशावली ३३ ख पत्र, “सम्वत् ३६१ जेष्ठ शुक्ल अष्टमी यम्बु याटुम्बहारक्वाठ चाल्यका यहूं कीर्तिपाल भारेस” ।

[३२] वज्राचार्य, **पूर्ववत्,** (पादटिप्पणी संख्या २७), पृ. ३८ ।

[३३] डिल्लीराज शर्मा, **नेपालको किल्ला वास्तुकला**, (कीर्तिपुर : नेपाल र एसियाली अध्ययन संस्थान, त्रि.वि., वि.सं. २०५५), पृ. २२ ।

४. वृक्षदुर्ग (चारैतिर वृक्षहरुले घेरिएको)

५. नृदुर्ग (मनुष्यको हातबाट निर्मित)

६. गिरिदुर्ग (पहाडी उच्च भागमा स्थापना भएको) ।[३४] यही छ प्रकारका किल्लाहरुलाई नै याज्ञवल्क्य स्मृति, अग्निपुराण र मत्स्यपुराणले पनि उल्लेख गरेका छन् ।[३५] यसमध्ये विहार किल्ला नृदुर्ग अन्तर्गत पर्दछ । शुरुको समयमा विहार भिक्षुहरुको निवासगृहको रुपमा थियो । धर्म प्रचार तथा शिक्षण संस्थाको रुपमा रहेको विहार मध्यकालमा आएर किल्लाको रुपमा विकास भएको देखिन्छ । गोपालराज वंशावलीमा इटुंवहाल किल्ला, वहारक्वाथ, मंझिवहार क्वाठ, यथोवहार किल्ला शव्दहरुको उल्लेख भएको छ ,जसबाट तत्कालिन समयमा विहार किल्लाको रुपमा पनि रहेको थियो भन्न सकिन्छ ।

विहारहरुमा बन्ने घरहरु एकै समान रहेका छन्, जुन अरु नेपाली वास्तुकला अन्तर्गतका घर मन्दिरहरु भन्दा भिन्नै किसिमका हुन्छन् । त्यसले यस्ता घरहरुलाई विहार शैली भनिन्छ । “यद्यपि बौद्ध विहारहरुमा बन्ने घरहरु हर्म्य शैलीकै सिद्धान्त प्रतिपादित भएका छन् , तथापि यसको चतुर्भुज मण्डलाकारको दुई तल्ले झिङ्गटी घरको विशेषताले एक नयाँ शैलीको सृजना भएको छ । विहारशैलीमा घर बनाँउदा सर्वप्रथम अभीष्ट धार्मिक अनुष्ठानमा वास्तुक्रिया हुन्छ । त्यसपछि चारैतिर प्रायः दुई तल्ले घर बनाइन्छ । घरको बीच भागमा चोक हुन्छ जहाँ विशेष बौद्धधर्मको विषयमा चर्चा हुँदा मानिसहरु आई भेला हुन्छन् ।”[३६] हरेक विहारको प्रवेशद्वारको ठीक सामुन्ने *क्वापाद्यः*को प्रतिमा राखिएको हुन्छ । *क्वापाद्यः* सबैले हेर्न मिल्ने गरी भुइँ तलामा नै राखिन्छ ,जुन मूल प्रवेशद्वारको ठीक सामुन्ने रहेको हुन्छ । *आगँद्यः क्वापाद्यः*को माथिल्लो तलामा गोप्य रुपमा राखिन्छ , जुन संघका सदस्यहरुले मात्र हेर्न सकिन्छ । दुई तलाको भवनमा तल्लो तला प्राय खुल्ला नै हुन्छ । त्यहाँ धर्मोपदेश, छलफल र स्तोत्र पाठ आदि गर्ने गरिन्छ । माथिल्लो तलामा गृहस्थ भिक्षुहरुको निवास गर्ने प्रयोजनले बनाइएको हुन्छ । आगंछेँको संख्या विहार पिच्छे फरक हुन्छ । कतै एक, कतै दुई वा कतै चार सम्मको संख्या पनि हुन सक्छ ।

---

[३४] **उही,** पृ. ११ ।

[३५] **उही**, पृ. १२ ।

[३६] मनवज्र बज्राचार्य, **नेपालको मध्यकालीन कला**, (काठमाडौं : श्री ५ को सरकार, सूचना तथा प्रसार मन्त्रालय, सूचना विभाग, वि.सं.२०६६), पृ. २३५ ।

विहारमा धर्मधातु मण्डल, वज्रधातु मण्डल पनि हुन्छ । *क्वापाद्यः*को ढोकामाथि र मूल प्रवेशद्वारमाथि कलात्मक तोरण र दाँया बाँया सिंह आकृति राखिएको हुन्छ । तोरणमा नाग, छेपु, हितिमंगः, क्वापाद्यःको प्रतिरुप आदि कुँदिएको हुन्छ । विहारमा *क्वापाद्यः, आगंद्यः,* महाँकाल, गणेश, मञ्जुश्री, सरस्वती, हनुमान, क्षेत्रपाल आदि पनि हुन्छन् । सम्पूर्ण विहारभरि नै बौद्ध काष्ठकला, प्रस्तरकला, धातुकला, वास्तुकला आदिको भव्यताले सजिएको हुन्छ ।

"सबै झ्यालहरु आफ्नो आफ्नो विशुद्धि अनुसार अनेक भव्य बुट्टाहरुले सजिएको हुन्छन् । टुंडालहरुमा अनेक बोधिसत्वहरु, षोदशलास्याहरु र नक्षत्रादिका मूर्तिहरु कुंदिएका हुन्छन् । तोरणसहितको द्वारको निर्माण पनि पूर्ववतै सजिएको हुन्छ । विहार भित्र घरका भुईतल्लाहरुको दलानमा विशेष आँखीझ्यालको स्थितीमा प्रदर्शन कक्षा हुन्छन्, जहाँ अनेक देवदेवीहरुको कलात्मक मूर्तिहरु समय-समयमा प्रदर्शनार्थ राखिन्छन् । यस विहार शैलीमा बन्ने घरहरु न केवल स्थापत्यकलाले मात्र सिंगारिएका हुन्छन् । तर यसमा विशेष चित्रकारिताको पनि स्थान हुन्छ । घरको भित्र बाहिर भित्ताहरुमा यथाप्रसङ्ग अनेक बोधिसत्व, विद्याधरी, क्रोधगण, देवगणहरु लेख्ने चलन रहेको छ । त्यसमध्ये विशेष गरेर देवागारको बाहिर कुम्भकर्ण र रावणको यात्स्तै अरु क्रोध रुप मूर्तिहरु लेखिएका हुन्छन् । मुख्य बुद्धदेवको पछाडिपट्टि भित्तामा बोधिवृक्ष र त्यसको दाँयाबाँया वरुण र यक्षादि लेखिन्छन् ।"[३७] यस छुस्यावहालमा पनि यसै विहार वास्तुशैली अनुसार नै निर्माण गरिएको पाइन्छ ।

"त्यस्तै अन्य स्थानहरुमा पनि अनेक बौद्ध देवहरु लेख्ने चलन छ । कुनै विहारहरुमा यसप्रकार चित्रण हुने ठाँउमा ढुङ्गाका या काठका मूर्तिहरु स्थापना गर्ने चलन छ, जुन विहारशैलीका घरहरुमा विशेष आकर्षक तत्व बनेका हुन्छन् । काठमाडौंका अनेक मल्लकालिक शुद्ध रुपको विहारहरु मध्ये छुस्यावहा, मुस्यावहा, इटुंवहा आदि विशेष दर्शनीय कृतिको रुपमा रहेका छन् ।"[३८] ती हाम्रो समक्ष आफ्नो उत्कृष्ट मल्लकालिक विहार शैलीका वास्तुकलाको मौलिक नमूना अझै पनि रहेका छन् ।

---

[३७] **उही**, पृ. २५८ ।

[३८] **उही**, पृ. २५८ ।

## २.५ वहाल र वहिलको भिन्नता

काठमाडौं उपत्यकामा बोलिचालिमा प्रयोग गरिने वहाल र वहिल शब्द सुन्दा उस्तै लाग्दछ । तर वास्तुकला र सामाजिक क्रियाकलापको आधारमा भिन्नता छन् । Wolf Gang Korn ले वहाल र वहिलमा दश वटा भिन्नता बताएका छन्[३९] ,जुन यस प्रकार उल्लेख गरेका छन् ।

| क्र.सं. | वहाल | वहिल |
|---|---|---|
| १ | प्रवेशद्वारमा सिंह आकृति हुन्छ । | प्रवेशद्वारमा सिंह आकृति हुन्दैन । |
| २ | बाहिरी भागमा वरिपरि एउटा होचो आधारपेटी रहेको हुन्छ । | बाहिरी भागमा वरिपरि एउटा अग्लो आधारपेटी रहेको हुन्छ । |
| ३ | प्रवेशद्वार माथि तोरण रहेको हुन्छ । | प्रवेशद्वार माथि तोरण रहेको हुन्दैन । |
| ४ | प्रवेश गर्ने वित्तिकै दाँयाबाँया काठमा फल्याहरु बनाइएका हुन्छन् । | प्रवेश गर्ने वित्तिकै पर्खाल लगाइएको हुन्छ, सम्भवतः पछि बनाएको हुन सक्दछ । |
| ५ | विहारको मध्य कोठाको अघिल्लो लङ्गमा चोक तर्फ साना (पासुका) झ्यालहरु रहेका हुन्छन् । | विहारको मध्य कोठाको अघिल्लो लङ्गमा चौडा प्रवेशद्वार र सडक तर्फ फर्केको भागमा बरन्डा रहेको हुन्छन् । |
| ६ | चारवटा साँघुरो भऱ्याङ्गहरु हुन्छन् ,जुन अलग समूहका कोठाहरुमा जानको लागि बनाएका हुन् । | एउटा फराकिलो ढुंगाको भऱ्याङ्गबाट नै माथिल्लो तल्लाको सबै कोठामा जान मिल्ने किसिमको हुन्छ । |
| ७ | स-साना कोठाहरु मिलाएर समूहमा बनाइएका हुन्छन् । | दुबै तल्लामा बनेका कोठाहरु खुल्ला गरी बनाइएका हुन्छन् । |
| ८ | मूल गन्धकुटी भवनको अंगको रुपमा बनाइएको हुन्छ । | मूल गन्धकुटी भवनबाट छुट्टिने गरी बनाइएको हुन्छ । |
| ९ | धार्मिक कार्यहरु सानो कोठामा मात्र | धार्मिक कार्यहरु बहिलको पुरै भाग ओगटेर |

[३९] कर्न, **पूर्ववत्** , (पादटिप्पणी संख्या १), पृ. ३६ ।

| | | |
|---|---|---|
| | गरिन्छ । | गर्ने गरिन्छ, जहाँ सबै पूजाको कार्यमा समूहले नै सरिक हुन मिल्दछ । |
| १० | घण्टाकारको गजूर छानाको माथि सोभ्कै राखिन्छ । | छानो माथि सानो मन्दिर जस्तो भाग बनाइ त्यसमाथि गजूर राखिन्छ । |

नेपालभाषामा अन्तिमको अक्षर लोप हुँदा पहिल्लो अक्षर दीर्घ बन्ने नियम छ । वहाल र वहिल शव्दको पछिल्लो अक्षर 'ल' लोप भइ वहाः र वही बनेका हुन् । केहि विद्वानहरुका अनुसार वहाल भन्दा वहिलको वास्तुकला बढी प्राचीन मानेका छन् ।[४०] वहिललाई व्रम्हचारी भिक्षु बस्ने भवन र वहाललाई विवाहित भिक्षुहरु बस्ने भवन मानिन्छ ।[४१] हिनयानी भिक्षुहरु कट्टर हुन्थे, उनीहरु नगरबाहिर एकान्त स्थानमा बनेको विहारमा व्रम्हचर्य पालन गरी जीवन बिताउनुलाई निकै महत्व दिन्थे । भिक्षुहरुको विवाह वज्रयानको प्रवेश पछि सम्भव भएको कुरा इतिहासबाट ज्ञात हुन्छ ।[४२] यस प्रकार बौद्ध धर्ममा वज्रयानको प्रवेश भएपछि प्राचीन विहार वहाल र वहिलमा विभाजन हुन पुगे ।[४३] काठमाडौं उपत्यकामा हालसम्म कायम स्थानिय वहालमा महायानी र वज्रयानी बौद्धहरु बस्ने गर्छन् भने वहिलमा शाक्यहरु बस्ने गर्छन् । वहालमा शाक्य तथा वज्राचार्यहरु बस्ने गरेको प्रायः देखिंदैन ।

काठमाडौं उपत्यकामा तत्कालिन समयमा वहालहरु प्रायः शहरी क्षेत्रभित्र बनेका हुन्छन् भने वहिलहरु मानविय बसोबासको क्षेत्रभन्दा बाहिर बनेका पाइन्छन् ।[४४] वहाल र वहिलको वास्तु संरचनाको आधारमा पनि भिन्नता पाइन्छ । वहिलको गर्भगृहलाई साँघुरो प्रदक्षिणापथले

---

४० A.H. Macdonald and Vergaty Stahl, **Newar Art Nepalese Art During The Malla Period,** (New Delhi : Vikas Publishing House Pvt Ltd, 1979), p. 36 .

४१ सूर्यविक्रम ज्ञवाली, **नेपाल उपत्यकाको मध्यकालीन इतिहास,** (काठमाडौं : नेपाल एकेडेमी, वि.सं. २०३९), पृ. १८३ ।

४२ **उही** ।

४३ **उही** ।

४४ कर्न, **पूर्ववत्** , (पादटिप्पणी संख्या १), पृ. ३७ ।

घेरिएको हुन्छ । वहिलको भुईं तल्लाको दलानहरुमा काठको (lattic) जालीदार फ्रेमले बारेर कोठाको रुप दिएको हुन्छ । दोस्रो तल्लामा काठका स्तम्भहरु (pillars) मात्र रहेको खुल्ला सभाकक्ष बनाइएको हुन्छ ।[४५] वहिलको भित्री भागमा माथिल्लो तल्लामा बार्दली राखिएको हुन्छ, जुन चारैतिर घुम्न मिल्ने किसिमको हुन्छ । बौद्ध धर्ममा वज्रयानको प्रभाव परेपछि भिक्षुहरुले विवाह गरी गृहस्थ जीवन विताउन थालेपछि वहालले आवासिय प्रयोगको वास्तुकला प्रतिनिधित्व गर्दछ ।[४६] Wolf Gang Kornले बताए अनुसारको लक्षण सबै वहाल तथा विहारहरुमा पाइन्दैनन् ।

## २.५ छुस्यावहालको प्राचीनता

का.म.न.पा. ३० वडा, घर नं २१५ ज्याठामार्गमा गुणाकार महाविहार रहेको छ । काठमाडौंको स्थानिय बोलिचालिको भाषामा छुस्यावहाः भन्ने गरिन्छ । यहाँ रहेको एक शिलालेखमा गुणाकर महाविहार लेखिएको छ । तर यहाँ महाविहारमा गरिने कार्यहरु गरिंदैन । हेनाकर महाविहार (ध्वका वहा:) को कचावहाःको रुपमा छुस्यावहाः (श्री गुणाकर विहार) र हाकु वहाः (श्री हर्ष चैत्य विहार) रहेको छ । श्री गुणाकर महाविहार मध्यकालको सुवर्ण प्रनादि/प्रणाली महानगर अन्तर्गत रहेको छ ।[४७] N.R. Banerjee ले Nepalese Architecture पुस्तकमा छुस्यावहाललाई छुस्या विहार भनेका छन् ।[४८]

यस वहालको निर्माण ने.सं. ७६९ (इ.सं. १६४९)मा भएको र ने.सं. ७८८ (इ.सं. १६६८)मा यस विहारमा ध्वका वहाःका गुण ज्योति एवं श्रीमतीद्वय यदुमती र हेलमणी लक्ष्मीको

---

[४५] गंगा खरेल, "छुस्यावहाल (विहार)को कला वास्तुकला एकः अध्ययन", **सिनास जर्नल,** (कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०५०), पृ. ८८ ।

[४६] म्याकडोनाल्ड, **पूर्ववत्** , (पादटिप्पणी संख्या ३७), पृ. ७३ ।

[४७] रत्नकाजी वज्राचार्य र विजयरत्न वज्राचार्य, **नेपाः देःया विहारया ताःचा**, (काठमाडौं : रत्नकाजी वज्राचार्य र विजयरत्न वज्राचार्य, ने. सं. ११०३) ।

[४८] Nil Ratan Banerjee, **Nepalese Architecture**, (Delhi : Agam Kala Prakashan 1980), p. 68.

सहयोगमा विशेष पूजा गरि राजा प्रताप मल्ललाई विहारमा बोलाएको देखिन्छ ।[४९] कर्नका अनुसार यो वहाल ने.सं. ७६९ (इ.सं. १४ मार्च १६४९) का दिन पूर्ण रुपमा बनाइसकेको थियो । यसै दिन यस विहारमा शक्ति सहितको हरिहर लोकेश्वरको प्रस्तर मूर्ति समेत स्थापना गरिएको थियो । सडकतर्फ ढोकामाथि रहेको तोरणमा ने.सं. ७९३ (इ.सं. १६७३)को मिति उत्कीर्ण गरिएको छ । क्वापाद्यःको ढोकामाथिको तोरणमा पनि ने.सं. ७९३ (इ.सं. १६७३) उल्लेख गरिएको छ । [५०] हाल यस विहारमा उत्तराभिमुखी अक्षोभ्य बुद्ध क्वापाद्यः रहेको छ ,जुन पछि मात्र स्थापना गरिएको हो । सिंहनादलोकेश्वर वज्राचार्यले ने.सं. ८३५ (इ.सं. १७१५)मा अक्षोभ्यको मूर्ति भक्तपुरका राजा भुपतिन्द्र मल्लको उपस्थितिमा चढाएका थिए ।[५१]

ने.सं. ११२४ (इ.सं.२००४/वि.सं.२०६१-६२)मा छुस्यावहाल जर्मन सहयोगमा गरिएको थियो । वज्रयान बौद्धधर्मको प्रशिक्षण दिने प्रशिक्षालयको रुपमा रहेको यस विहारमा प्रवजीत ( चुडाकर्म) गरिदैन ।[५२] पाटन नकवहिलस्थित “नेपाल परम्परागत बौद्ध धर्म संघ”को शाखा कार्यालय रहेको छ । यस संस्थाको सक्रियतामा प्रत्येक शनिबार यस वहाल लगायत अन्य बौद्ध धर्मको केन्द्रस्थलमा विहान ७:०० बजे ध्यान तथा प्रवचन कार्य हुने गर्दछ । यो “औपचारिक रुपण कार्यक्रम” वि.सं. २०६५ माघ विहारमा १८ गते (ने.सं. ११२८/इ.सं. २००८)बाट सुरु गरिएको हो । विहारको पशिचमी भागको तल्लो तलामा हाल कर्मकाण्ड पूजाको संघका सदस्यहरुलाई कक्षा संचालन भइरहेको  छ ।

---

[४९] कर्न, **पूर्ववत्** , (पादटिप्पणी संख्या १), पृ. ३० ।

[५०] यहाँका बासिन्दाका अनुसार विहार बन्द हुँदा एक विदेशी विद्वानले बाहिरको तोरणमा रहेको अभिलेख मात्र पढेर गए । त्यसैको आधारमा यहाँभित्र हरिहर लोकेश्वर क्वापाःद्यःको रुपमा रहेको कुरा लेखमा लेखे । यसैको प्रभावले धेरै वर्षपछि सम्म यहाँ आउने विदेशीहरुले हरिहर लोकेश्वर भन्दा रहेछन् ।

[५१] Neils Gutschow, **Architecture of the Newars A History of Building Typologies and details in Nepal ,Vol. 2**, (Chicago : Serindia Publications, 2011), p. 774 .

[५२] राजेन्द्रमान वज्राचार्य, “शान्तिको लागि बहाः (बुद्ध) पुजा” **लुमन्ति पौ शान्तिको लागि बहाः (बुद्ध) पुजा**, ( काठमाडौं : ल्यायम्ह धिमे पुचः, वि.सं. २०६२), पृ.४३ ।

पहिले यस विहारमा **वौद्धिक विकास प्राथमिक विद्यालय** रहेको थियो । विहार जिर्ण भइ पुनः निर्माण गर्न थँहितीमा रहेको **बाल उज्ज्वल प्राथमिक विद्यालयमा** गाभियो । बाल उज्ज्वल प्राथमिक विद्यालय पहिले तःननी, थकु चुकमा थियो । बौद्धिक विकास प्राथमिक विद्यालयका संस्थापक श्री सानुमानन्द वज्राचार्य छुस्यावहालको संघ सदस्य हुनुहुन्थ्यो । त्यसैले यस वहालमा विद्यालय राखिएको थियो । हाल भुईं तलाको पश्चिम भागको कक्षमा संघका सदस्यहरुलाई कर्मकाण्ड सम्बन्धी कक्षा संचालन भइ रहेको छ । पहिले विहार तीन कवलमा बाँडिएको थियो । विहारको माथिल्लो तलामा संघका परिवारहरु बस्दथ्ये । हाल विहारको माथिल्लो तला पुरै खाली छ । संघका सदस्यहरुले विहारको संरक्षणको लागि त्यहाँ स्थायी बसोबास गरेका छैनन् । छुस्यावहालको पछाडि रहेको विहारकै खाली जग्गामा घर बनाइ बसेका छन् । जसले गर्दा विहारले आफ्नो मौलिक स्वरुप जोगाइ राख्न सकेको छ ।

## २.६ छुस्यावहालमा गरिने पूजा

हरेक दिन विहान नित्यपूजा र साँझ आरती गर्ने चलन छ । प्रत्येक महिनाको पूर्णिमामा साँझ नामसंगिती पाठ गर्ने गरिन्छ । यस विहारमा बार्षिक पूजाको रुपमा *बुसाधँ* गरिंदैन । बरु श्रीपञ्चमीको दिन शिखर शैलीको मन्दिरमा पूजा गरिन्छ । यस मन्दिरमा रहेको देवतालाई मञ्जुश्रीको रुपमा पूजा गरिन्छ । यस विहारमा कहिलेकाँहि श्रद्धालु व्यक्तिहरु तथा स्थानिय बासिन्दाहरुले सत्पूजा गर्ने गर्दछन् । मंसिर महिनाको पूर्णिमा (योमरि पुन्हि)को दिन शाक्य तथा वज्राचार्य परिवारहरुले मनाइने दिशि पूजा मनाइन्छ । पहिले यहाँ दशमीमा *चा पूजा* (रात्री पूजा) पनि गरिन्थ्यो ।

यस विहारका संस्थापक गुणज्योति वज्राचार्यले राजा प्रताप मल्लको उपस्थितीमा ने.सं. ७७७ (इ.सं. १६५७) मा सम्यक पूजा गरेका थिए । उनले यस अवसरमा स्वर्ण लेपन गरिएको दिपंकरको बुद्धको मूर्ति, विभिन्न अन्न र सिक्काहरु बौद्ध भिक्षुहरुलाई दान दिएका थिए ।[५३] सम्यक पूजामा विशेष गरी बौद्ध भिक्षुहरु (शाक्य तथा वज्राचार्य) लाई दान दिने गरिन्छ । यो परम्परा काठमाडौं र पाटनमा हाल पनि कायम रहेको छ ।

---

[५३] Yadi Ratna Bajracharya, **The Gunakar Mahabihar (Chhusyabaha),** (Kathmandu : Gunakar Mahabihar Conservation Committee, 2004), p. 2 .

गुंलामा (नेवारी महिना) *वहिद्यः ब्वइगु* दिन प्रज्ञापारमिताको हस्तलिखित ग्रन्थ पाठ गर्ने गरिन्छ । ग्रन्थ पाठ गर्नको लागि क्वाः वहाः, भ्वाः वहाः, सिकंमु वहाः, ध्वकावहाः, गंवहाः, तःछैं वहाः र टेवहाः गरी जम्मा सात वटा वहालका चक्रेश्वर (*थायूपाः*)हरुलाई विशेष निमन्त्रण गरिन्छ । गुंलामा सात दिन सम्म सात विहारका थायपाहरु आइ प्रत्येक अध्याय विभाजन गरि पाठ गर्ने गरिन्छ । तर चक्रेश्वरहरु वृद्ध भइ ग्रन्थ पाठ गर्ने आस्था नरहने हुँदा अरु सदस्यहरुले सो कार्य पूरा गर्ने गर्दछन् ।[५४] छुस्यावहालका संस्थापक पहिले साँखुबाट आएका थिए । यसरी नै काठमाडौंमा रहेका अरु सात विहारका पूर्वजहरु पनि साँखु कै थिए । यसरी यिनै सात वहालका चक्रेश्वरहरुलाई पाठ गर्न बोलाइनुको कारण सम्भवतः आफ्ना पूर्वजका नातेदारहरु भएको अनुमान लगाउन सकिन्छ । तर ती मध्ये साँखुबाट पूर्वजहरु आएका केही विहारहरुको नाममा फरक पर्न गएको छ ।

काठमाडौं उपत्यकामा गरिने वहाः (बुद्ध) पूजामा उपत्यकामा रहेका सबै वहाल तथा वहिलहरुमा गइ पूजा गर्ने चलन रहेको छ ,जसमा क्रमशः नियममा रहेर विहारहरुमा जाने गरिन्छ । यस क्रममा छुस्यावहालको स्थान १२८ मा पर्दछ । वहाः पूजा विशेष साइतमा गर्नुपर्ने नियम रहेको छ ,जुन अन्तिम पल्ट ने.सं. ११२५ (वि.सं. २०६२/इ.सं. २००५)मा सम्पन्न गरिएको थियो । विहारमा पूजापाठका साथै संघका सदस्यहरुको छोराहरुको चूडाकर्म, छोरीहरुको ईही, वृद्ध वृद्धाहरुको जंको (भीमरथारोहण) र विवाह आदि कार्यहरु गरिन्छ ।[५५] यस संघका सदस्यहरुको *वरे छुइगु* (प्रवज्या संस्कार) ध्वकावहालमा नै गर्ने गरिन्छ । हाल विहारको संघ सदस्यको संख्या ३५ जना रहेको छ । यस विहारमा गुणज्योति वज्राचार्यका परिवारका सन्तानहरु मात्र संघको सदस्य हुन सकिन्छ । संघको परिवारमा रहेको बालकहरुको *"वरे छुइ"* (प्रवज्या संस्कार) गरी सकेपछि संघ सदस्यमा गिन्ती गरिन्छ ।

---

[५४] संघका सदस्य अच्युत वज्राचार्यसँगको छलफलको आधारमा, (वर्ष ४०), २०६९।०९।०७ छुस्यावहाल, ज्याठा ।

[५५] तीर्थरत्न वज्राचार्य, "नेपालय् वज्रयान", **नेपाल परम्परागत बौद्धधर्म वज्रयान,** वर्ष १, अंक १, वि.सं. २०६६, पृ.३५ ।

## २.७ विभिन्न समयमा निर्माण भएका वास्तुकला

यस छुस्यावहालमा विहारको निर्माण पछि पनि वास्तुकला निर्माणको कार्य चलि नै रहेको छ । ने.सं ८०६ (इ.सं. १६८६)को लगनवहा:मा रहेको रम्याकुट शैलीको चैत्य पछि गएर छुस्यावहालमा पाइको छ ।[५६] पाटन, बुवहालमा रहेको एक प्रकारको बौद्ध मन्दिर कै नमूनाको मन्दिर छुस्यावहालमा पनि रहेको छ । विहार सामुन्ने आँगनमा रहेको सो मन्दिर ने.सं १०९० ( इ.सं. १९७०)मा विहारको चोकभित्र सारियो ।[५७] सोहि मन्दिरलाई मञ्जुश्रीदेगः भनि फोटो Neils Gutschow को पुस्तकमा चि.सं. ५८८ र ५८९ मा दिइएको छ ।[५८]

छुस्यावहालमा *क्वापा:द्य:*को सिंढीमा रहेको शिलापत्र अनुसार प्रताप मल्लको समयमा ने.सं. ७८३ (इ.सं. १६६३) वैशाख कृष्णद्वितीयाको दिन विहार बनाएको कुरा उल्लेख छ । वहालभित्र उत्तरपट्टि पाटीमा रहेको प्रताप मल्ल ने.सं. ७८८ (इ.सं. १६६८) शिलापत्रमा ध्वाकावहालका श्रीगुणज्योति वज्राचार्यले गुणाकर महाविहार ज्येष्ठ मास कृष्णपक्ष नवमी, आइतवारका दिन प्रतिष्ठा सम्पन्न गरे ।[५९] यसै दिन हराहर लोकेश्वरको मूर्ति र प्रज्ञापारमिता सहितको तोरण प्रमुखद्वारमा स्थापना गरिएको थियो । शक्ति सहितको हरिहर लोकेश्वर ने.सं. ७८३ (इ.सं. १६६७)मा राखिएको थियो । अक्षोभ्यको मूर्ति सिंहनादलोकेश्वर वज्राचार्यले ने.सं. ८३५ (इ.सं. १७१५)मा भक्तपुरका राजा भुपतिन्द्र मल्लको उपस्थितिमा चढाएका थिए ।[६०] हालको क्वा:पा:द्य:( अक्षोभ्य) यस विहार निर्माणको ४२ वर्षपछि मात्र बनाएको हो ।

गुणज्योति वज्राचार्य र उनका श्रीमतीहरु यदुलक्ष्मी र हेलमणी लक्ष्मीको शालिक रहेका छन् । गुणज्योतिको शालिक मानिएको मूर्तिमा दाँया हातले वज्र र हातमा घण्ट लिएका छन् ।

---

[५६] Neils Gutschow, **The Nepalese Caitya 1500 years of Buddhist Votive Architecture in the Kathmandu Valley,** (London : Axel Menges, Stuttgart, 1997), p . 111 .

[५७] **उही,** पृ. ३१६ ।

[५८] **उही,** पृ. ३१७ ।

[५९] परिशिष्ट “ढ ” हेर्नुहोस् ।

[६०] गुत्स्चो, **पूर्ववत्** , (पादटिप्पणी संख्या ४८), पृ. ७७४ ।

यसलाई वज्रसत्वको मुद्रा मानिन्छ । यसै मूर्तिलाई यादिरत्न वज्राचार्यले वज्रसत्वको मूर्तिको रुपमा व्याख्या गरेका छन्[६१], साथै गुणज्योतिको शालिकको रुपमा पनि देखाएका छन् ।[६२] Neils Gutschow ले छुस्यावहालमा रहेको टुंडालहरु चौधौं वा पन्ध्रौं शताब्दी बिचको भनेका छन् ।

यस विहारको तल्लो तलामा ने.सं. ११११९ (इ.सं. १९९९) सम्म बौद्धिक विकास प्राथमिक विद्यालय रहेको थियो । IUCN र जर्मन सरकारको संलग्नतामा ने.सं. १११३ देखि ११२१ (इ.सं. १९९३-२००१) सम्म आठ वर्ष लामो प्रयासमा यहाँको विद्यालय सारियो । ने.सं. ११२१ (इ.सं. २००१) मा गुणज्योतिको शालिक नयाँ पादपीठमा राखियो । Neils Gutschow का अनुसार यहाँ ने.सं. ११२९ (इ.सं. २००९) मा क्वाःपाःद्यःको मूर्तिमा रंग लगाइयो र सिसाको बाकसमा राखियो ।[६३] तर यहाँको क्वाःपाःद्यः सिसाको बाकसमा राखिएको छैन ।

पहिले शिखरशैलीको मन्दिर (चि.सं. ११) सडकमा थियो । तर सडक निर्माण भएपछि सुरक्षाको दृष्टिकोणले विहार भित्र सारियो । श्री धनजीव रत्न वज्राचार्यले ने.सं. १०९० (इ.सं. १९७०)मा शिखरशैलीको मन्दिर विहार भित्र राखेका थिए । यस मन्दिरलाई सुमति वज्राचार्यले शिवालय आकारको चैत्य भन्नु भएको छ ।[६४] यसै मन्दिरलाई विदेशी Neils Gutschow ले *मञ्जुश्रीदेगः* भनेका छन् ।[६५] यस मन्दिरमा धर्मधातु वागिश्वरको मूर्ति स्थापना गरिएको छ ।[६६] मञ्जुश्रीको मूर्तिलाई यादिरत्न वज्राचार्यले हलाहल लोकेश्वर भनेर लेखेका छन् ।[६७] उनका अनुसार सो मूर्तिको हात भाँचिएको थियो । तर पहिले सिमेन्ट लागेर अस्पष्ट रहेकोले भ्रम

---

[६१] वज्राचार्य, **पूर्ववत्** , (पादटिप्पणी संख्या ५०), पृ. ५९ ।

[६२] **उही,** पृ. २ ।

[६३] गुत्स्चो, **पूर्ववत्** , (पादटिप्पणी संख्या ४८), पृ. ७४४ ।

[६४] सुमति वज्राचार्य, **स्तूप र चैत्य,** (काठमाडौं : अखिल नेपाल महायान बौद्ध समाज, वि.सं.२०६४), पृ.४७-४८ ।

[६५] गुत्स्चो, **पूर्ववत्** , (पादटिप्पणी संख्या ४८), पृ. ३१६ - १७ ।

[६६] वज्राचार्य, **पूर्ववत्** , (पादटिप्पणी संख्या ५०), पृ. ५३ ।

[६७] **उही,** पृ. ५२ ।

सृजना भएको हो । पछि सिमेन्ट सफा गर्दा सग्लो मुर्ति पाइयो । क्वाःपाःद्यःको दाँया महामन्जुश्री, हरिहर लोकेश्वर र मञ्जुश्रीको मूर्तिहरु छन् । बाँया क्रमशः अमोघपाश लोकेश्वर, सिंहनाद लोकेश्वर, अक्षोभ्य बुद्ध अभिलेख र छानोमा झुण्ड्याउने बस्तु दुईवटा राखिएका छन् । मूल अक्षोभ्य (क्वापाःद्यः)को दाँयातिर रहेको पूर्वी भित्तामा एउटा अभिलेख छ ।

यस विहारको जिर्णोद्वारको लागि जर्मन सरकारले बाइस लाख रुपैंया, का.म.न.पा.ले डेढ लाख र पाँच लाख चन्दा संकलन गरि जम्मा बत्तिस लाख रुपैंयामा लागतमा बनाइएको हो । यस वहालको जिर्णोद्वारको समयमा जनवहालका तीर्थधर तुलाधरले प्रस्तरको काम गरिदिएका थिए । स्वयम्भूको मञ्जुश्री, जनवहाल, पुरानो गुह्यश्वरीमा तीर्थधर तुलाधरले नै निर्माण कार्य गर्नु भएको थियो । स्वयम्भूमा रहेको काममा प्रयोग नगरिएका दुई शिला स्तम्भ (चि.सं. ९) र एउटा पातहरु कुंदिएको फलक (चि.सं. १२) छुस्यावहाल ल्याएका थिए । सिंह स्तम्भमा पहिले सिंह थिएन । तर संघका सदस्यहरुले स्तम्भमा पहिले केहि रहेको थियो भनि पुनः निर्माणको समयमा सिंह बनाइयो । यहि सिंह स्तम्भमा कमलको आसनमा तल्लो पत्रदल पुरानो नै रहेको छ । माथिल्लो पत्रदल नयाँ निर्माण गरि राखिएको छ । विहारमा पुनः निर्माण कार्य गर्दा पहिले नै त्यहाँ रहेका भग्नावशेषहरुको प्रयोग गरि नयाँ निर्माण गरिएको छ ।

विहार बाहिर गणेश र नारायणको मूर्तिको साथै शिवलिङ्ग रहेको छ । नारायणको मूर्तिको पहिले विहार बाहिर रहेको थियो । पछि विहार भित्र सारियो । वय्लाछि बनाउने क्रममा बाहिर नै राख्ने निर्णय भयो । विहारको बाहिर वय्लाछि बनाउने क्रममा विहारभित्रको पुरानो गणेशमूर्ति बाहिर पर्न गयो । संघका सदस्यहरुमा गणेश बाहिर रहेको भ्रमका कारण सारियो । प्रवेशद्वारबाट भित्र प्रवेश गर्दा फल्चाको दाँया बाँया गणेश र महाकालको खोपा छ , जसमध्ये गणेशको खोपा खाली रहन गयो । यसरी खोपा खाली राख्नु हुन्न भनि नयाँ गणेशको मूर्ति बनाइयो ।

विहारको माथिल्लो तलामा पहिले प्रत्येक लङलाई अलग-अलग कोठामा विभाजन गरिएको थियो । जिर्णोद्धार पछि माथिल्लो तलामा आगमकोठामा बाहेक सबै भित्ताहरु भत्काइएको छ । अठार इन्चको गारो भत्काइएको चित्रफलक सं ५५ मा सजिलै देखिन्छ ।

पहिलेका स-साना कोठाहरुलाई हलको रुपमा सभा तथा कार्यक्रम गर्न उपयुक्त बनाइएको हो । पहिले माथिल्लो तलामा विहारका संघका परिवारहरु बस्नको लागि प्रयोग गरिन्थ्यो ।

कुनाका चारवटा टुंडालहरु सादा छन् । स्थानिय बासिन्दाका अनुसार जिर्णोद्धार नै सादा थियो । N.R. Banerjee का अनुसार विहारको बाहिरी टुंडाल र भित्री चोकको कुनाका टुंडालहरु पछि सादा फेरिएको हुन् ।[६८] तर स्थानिय बासिन्दाहरुको अनुसार पहिलेदेखि नै सादा रहेको थियो । विहार बाहिर उष्णिषचक्रवर्तिको टुंडालको तल्लो भागमा **परिखदेओ** लेखिएको छ । मुकुट पहिरेको आकृतिले दाँया हातले सुराहि जस्तो आकारको र बाँया हातले दुईवटा कचौंरा र केहि बस्तु भएको थाली माथि उठाइ रहेको देखाइएको छ । विहारमा रहेको अभिलेखमा गुणज्योतिका नाति परिखदेवको उल्लेख परेको छ । यो गुणज्योतिको नाति परिखदेव भएमा पछिल्लो समयको निर्माण हो ।

शाक्यमुनि बुद्धको समयमा आरामको रुपमा रहेको निवास विहारको रुपमा परिणत भएको हो ।[६९] विहार भिक्षुहरुको निवास गृह तथा बौद्ध धर्मको विषयमा चर्चा हुने विशेष स्थानको रुपमा रहेको छ । विहारको वास्तुशैली भिक्षुहरुको ध्यान गर्ने तथा धार्मिक प्रवचनको उद्देश्यले बनाइएका छन् । दुई हजार वर्ष अघि नै भारतको अजन्ता, एलोराका चट्टानका गुफामा विहार (Rockcut Cave Monasteries) बनाइएका थिए ।[७०] हाल काठमाडौंमा पाइएका विहारहरुलाई यसैको निरन्तर स्वरुपका रुपमा लिन सकिन्छ । नेपालको तराई क्षेत्रमा इ.पू. शताब्दीका विहारका अवशेष प्राप्त भएका छन् । वंशावलीका अनुसार चावहिललाई सर्व प्राचीन विहार मानिन्छ । यदि यसो भएमा तेस्रो शताब्दीदेखि विहारको अस्तित्व रहेको देखिन्छ । लोककथन अनुसार साँखुको गुंविहार पुरानो मानिन्छ । पाँचौ शताब्दीका राजा मानदेवले वनाउन लगाएको श्रीमानदेव विहार अभिलेखमा उल्लेख गरिएको छ । लिच्छविकालमा विहारहरु बनेका

[६८] Nil Ratan Banerjee, **Nepalese Architecture**, (Delhi : Agam Kala Prakashan, 1980), p. 69 .

[६९] खरेल, **पूर्ववत्,** (पादटिप्पणी संख्या ६), पृ. ८ ।

[७०] पुष्परत्न शाक्य, "अजन्ता गुफाका विहार र नेपालमण्डलका विहार", **नेपाल परम्परागत बौद्धधर्म वज्रयान** वर्ष २, अंक, वि.सं. २०६९ , पृ. ६१-६५ ।

थिए । तर यी विहारहरुबारे थप जनकारी दिने स्रोतहरु छैन । मध्यकालमा बनेका विहारहरु बढी कलात्मक र जीवन्त भएको अनुमान सहजै गर्न सकिन्छ । लिच्छविकालको वास्तुशैलीको निरन्तरता मान्न सकिन्छ । छुस्यावहाल पनि मध्यकालको अन्ततिर बनाइएको महत्वपूर्ण विहार हो ।

छुस्यावहाल ने.सं ७६९ (इ.सं. १६४९)मा राजा प्रताप मल्लको समयमा बनाइएको हो । छुस्यावहाल हेनाकर महाविहार (ध्वकावहाल) अन्तर्गतको कचा वहाः हो । साँखुका गुणाकर वज्राचार्यले बनाउन लगाएको हुनाले गुणाकर महाविहार भनिन्छ । पछिल्लो समयमा बनाइएको हुनाले यस विहारलाई छुस्यावहाल भनिएको हो । नेपालभाषामा साना बालबच्चाहरुलाई *छुस्या मुस्या* (गहुँ र भटमास) भन्ने चलन रहेको छ । यस वहालको केहि पर पश्चिम दिशातर्फ रहेको श्री करुणापुर महाविहारलाई मुस्यावहाल भनिन्छ । यो वहाल पनि मल्लकालको अन्तिम समयमा निर्माण गरिएको हो । R.M. Bernier को पुस्तकमा छुस्यावहालको बाहिरी दृश्य भनि देखाएको चित्रफलक गलत परेको छ । यो चित्रफलकमा छुस्यावहालको नभै मुस्यावहालको हो ।[७१] पहिले यी दुवै विहारहरुको बाहिरी भाग उस्तै रहेको थियो । यस चित्रफलकमा ठूला दुई सिंहहरु रहेका छन् । छुस्यावहालको प्रवेशद्वार बाहिर साना सिंहहरु रहेका छन् । यस विहारमा आयस्ताको कमीले गर्दा विहारमा गरिने सवै प्रकारका कृयाकलापहरु गरिँदैन ।[७२] संस्कृतको “विहार” शब्दबाट नै वहाल र वहिल बनेको हो । तर वास्तुशैलीमा केहि भिन्नता रहेका छन् । वहालमा वर्ष भरि पर्व पूजाको साथै संघका सदस्यहरुको सवै कर्मकाण्डहरु पनि गर्ने गरिन्छ ।

---

[७१] Bernier, Ronald Milton, **The Nepalese Pagoda, Origin and Style**, (New Delhi : S.Chand and Co. Ltd., 1979), pl. 5 .

[७२] पहिले यस विहारको जग्गा कान्तिपथको बहादुर भवनसम्म फैलिएको थियो । रुद्र शमशेरले त्यसमा धेरै जग्गा अतिक्रमण गरे । पछि फेरि भूमि सुधार ऐनले मोहियानी हक छुट्याउने व्यवस्था गरेपछि टुक्रियो ।

अ) संघका सदस्य रेमरत्न वज्राचार्यसँग (छुस्यावहालका स्थानीय बासिन्दा) (२०६९।०७९) छलफलमा आधारित ।

अ) खरेल, **पुर्ववत्,** (पादटिप्पणी संख्या ६), पृ. ३४ ।

# अध्याय : तीन

# विहारमा काष्ठकलाको प्रयोग

## ३.१ पृष्ठभूमि

भौगोलिक रुपमा सानो देश नेपाल साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक दृष्टिकोणबाट सम्पन्न राष्ट्र हो । विश्वमा हाम्रो देश नेपालले सर्वोच्च शिखर सगरमाथा, शान्तिको दूत गौतम बुद्ध, सीता र भृकुटी जस्ता व्यक्तित्वको जन्मस्थलको रुपमा प्रसिद्धि पाएको छ । संयुक्त राष्ट्र संघ (UNESCO) को अन्तर्गत विश्व सम्पदा सूचीमा नेपालको दश वटा स्मारकहरु रहेका छन् । नेपाल जस्तो सानो मुलुकको लागि गौरबको विषय हो । त्यस मध्ये दुईवटा मात्र प्राकृतिक सौन्दर्यहरु र आठवटा साँस्कृतिक धरोहरहरु हुन् । ती हुन् - १. काठमाडौं दरबार क्षेत्र २. पाटन दरबार क्षेत्र ३. भक्तपुर दरबार क्षेत्र ४. चाँगुनारायण मन्दिर ५. बौद्ध स्तूप ६. स्वयम्भू स्तूप ७. पशुपतिनाथ क्षेत्र ८. लुम्बिनि ९. चितवन राष्ट्रिय निकुञ्ज र १०.सगरमाथा राष्ट्रिय निकुञ्ज ।

यी मध्ये काठमाडौं उपत्यकाभित्रका सातवटा स्मारकहरु धार्मिक तथा साँस्कृतिक रुपले नेपाली जनजीवनसँग निकट सम्बन्ध रहेको छ । यहाँका मानिसहरुको दैनिक जीवनसँग सम्बन्धित वास्तुहरुमा ढालिएको उच्चकोटिको नमूना हुन् । कलाकारको अभ्यस्त शिल्पी हातहरुद्वारा निर्माण गरिएका विभिन्न प्रकारको मूर्तिकला, चित्रकला, वास्तुकला र काष्ठकलाका बेजोड प्रतिष्पर्धाका स्वरुप हुन् ।

मल्लकालमा तीनै राज्यका राजाहरुमा आफ्नो राज्यमा राम्रो कलाकारिताले सजाउने होडमा निर्माण गरिएका राजकुल/लाय्कूले गर्दा खुल्ला संग्रहालयको उपमा पाएका छौं ,जसमा मुर्तिकला र वास्तुकलाको बढी प्रशंसा पाइन्छ । काठमाडौं उपत्यकामा रहेको वास्तुकलामा रहेको सर्वाधिक रुपमा काष्ठकलाको प्रयोग पाइन्छ । विभिन्न धर्म तथा दर्शनको प्रभावले फरक फरक स्वरुपका काष्ठकलाहरु छरिएर रहेका छन् ।

हाम्रो देशको राजधानी काठमाडौंको नाम काष्ठमण्डप (एउटै रुखको काठले बनेको मण्डप मानिन्छ) शव्दबाट बनेको छ । यो नेपालीहरुको काष्ठकला प्रतिको झुकाव हो । नेपाल

अधिराज्यभरिमा काठमाडौं उपत्यका मात्र यस्तो शहर हो, जहाँ धेरै काष्ठकलाको नमूनाहरु देख्न सकिन्छ । कुनै पनि प्रकारको घर तथा मन्दिरहरुको निर्माणमा काष्ठ सामग्रीको रुपमा प्रयोग हुने दलिन, खम्वा, झ्याल, ढोका, टुंडाल र तोरण हो । नेपाली काष्ठकलामा पनि विशेष गरेर कलात्मक झ्यालहरुको महत्व विशेष छ । दरवार र मन्दिर जस्ता उच्चकोटिको निर्माणका झ्यालहरुमा उच्चकोटिको कलाकृति हुन्छन् । त्यसपछि धनाढ्य वर्गका निवासहरु कलाकारिताले भरिपूर्ण हुन्छ । सर्वसाधारण मानिसहरुले पनि आफ्ना घरहरुमा झ्यालको प्रयोग गर्दछन् । भित्री खण्डमा भन्दा सडक खण्डका गारोहरुमा आकर्षक झ्यालहरु राखेका हुन्छन् ।

शुरुमा विदेशीहरुले नेपाल भ्रमण गरी यहाँको उत्कृष्ट कलाकारिताबारे लेख्न थाले । Daniel Wright ले History of Nepal (1877) मा "bold and well-executed" , 1912 मा Percy Brown ले "riot of carved wood", Ronald Bernier ले "viel ornament" भनेका छन् । विदेशी अवलोकनकर्ताहरुलाई नेपाली कलात्मक काष्ठकलाले प्रभाव पार्‍यो । तर नेपालीहरुले उपेक्षा गरेको पाइन्छ ।[७३] यसरी नेपाली काष्ठकलाको प्रशंसा गर्ने क्रममा शुरुका लेखकहरुकै भनाइलाई पछिल्ला लेखकहरुले दोहर्‍याउने परम्परा देखिएको छ ।

नेपाली काष्ठकलाबारे स्टेला क्र्यामरिसको भनाइ यस प्रकार छ - नेपालको कला भारतबाट विकास भएको होइन । यहाँको कलाशैली पनि भारतमा प्रसार भएको पनि होइन । यहाँ नै प्रादुभाव भएको नेवार कलाकारहरुको प्रतिभा हो । सायद भारतका कलाकारहरु नेपालमा आएको भए पनि भारतीय परम्परामा यहाँको सृजना पनि मिश्रित भइ अझ बढि आकर्षक बनेको छ ।[७४] यहाँका शिल्पी हातहरुको कलाकारितामा यहिंको स्वभाविक मौलिकपन झल्किएको छ ।

---

[७३] Mary Shepered Slusser et.al, "The Wooden Sculptures of Nepal-Temple Images", **Art and Culture of Nepali : Selected Papers**, (Kathmandu : Mandala Publications, 2005), pp. 123.

[७४] Stella Kramrisch, **The Art of Nepal,** NewYork : Little Brolon and Co., 1964, p. 26 .

## ३.२ काष्ठकलाको प्रयोग र विहार वास्तुकला

कला-वास्तुकलाको निर्माणमा काठको प्रयोग अत्यन्तै प्राचीन समयदेखि नै भएको हो । प्रागैतिहासिक कालमा नै काठलाई विभिन्न उपकरण निर्माण गर्न प्रयोग गरिएको थियो । मानव सभ्यताको विकास भएबाट नै कलात्मक सामग्री निर्माण गर्न काठको प्रयोग गरिएको अनुमान सहजै गर्न सकिन्छ । विश्वको कुनै पनि देश वा सभ्यताको आरम्भमा नै काठको प्रयोग गरेको थियो । माटो पछि सजिलै पाइने वस्तु काठ हो । काठ सजिलै प्राप्त हुन्छ तर लामो समय टिक्दैन । चाँडै भाँचिने, कीरा लाग्ने, सड्ने तथा प्राकृतिक प्रकोपले नाश हुन्छ । त्यसकारण ज्यादै पुरानो काष्ठकलाको नमुना प्राप्त नभएको हो ।

अफाप वातावरण र परिस्थिति, जैविक (झ्याउ र काई) एवं रासायनिक र धमिराका कारणले गर्दा काष्ठकलाका नमूनाहरु नासिएर गए । साथै समय अन्तरालमा भूईंचालोले गर्दा विम, धलिन, झ्याल, ढोका आदि काष्ठकलाका नमूनाहरु नाश भए । मध्यकालमा बनेका काष्ठकला लिच्छविकाल कै निरन्तरता हो । लिच्छविकालको काष्ठशिल्पीको विकासको परिणाम स्वरुप मलकालमा बनेका हजारौं काष्ठकलाको रुपमा जिवित छन् । यि सबै काष्ठकलाको निर्माण गर्न लामो समय लागेको छ । शिल्पी हातहरुले निरन्तर छिनो र बसिलाको सहायताले तयार भएको हो । काष्ठकलाको परम्परा लिच्छवीकालमा नै विकसित भै सकेको कुरा नकार्न सकिंदैन । नेपालमा पूर्व मध्यकाल देखिका काष्ठकलाका नमूनाहरु प्राप्त भएका छन् । जुन कलामा पोख्त अज्ञान कलाकारहरुको देन हो । मध्यकालमा काठबाट मेठ, कार्नेस, स्तम्भ, नस, मुठल, कप्पु, टुंडाल, तोरण, झ्याल, ढोका, धलिन, चौकोस, नाल आदि बनाइन्थ्यो ।

नेपाली काष्ठकलाका नमुनाहरु पूर्वमध्यकाल भन्दा अगाडिको पाइएका छैनन् । त्यसभन्दा अघि लिच्छविकाल ताकाका काष्ठकलाको विकास भएको प्रमाण दिने साहित्यिक तथा पुरातात्विक स्रोतहरु उपलव्ध छन् । काष्ठकलाको प्राचीनतालाई लिच्छवीकाल भन्दा धेरै अगाडि इ.पू.का समयसम्म पुऱ्याउँदछ । तराई क्षेत्रमा भएको उत्खननको क्रममा इसापूर्वका दिनहरु देखि नै काष्ठकलाको विकास भएको कुरा पुष्टि हुन्छ । तिलौराकोटको उत्खननको समयमा प्राप्त भएको मानव बासोबासका एघारौं शताब्दी इस्वी पूर्वदेखि इस्वीको प्रारम्भिक युग सम्मका

तहहरु फेला परेका छन् ।[७५] बाबुकृष्ण रिजालका अनुसार तिलौराकोटको उत्खननमा पुरातत्वविद्हरुले काठका खम्बाहरु गाडिएका डोवहरु (post holes) फेला परेका छन् ।[७६] पुरातत्वविद्हरुले यस डोवलाई शुद्धोदनको दरवारको अवशेषको रुपमा मानेका छन् ।

मोहनप्रसाद खनालका अनुसार इ.पू.का केही शताब्दी अघि नै चाँगुनारायणको स्थापना भैसकेको संकेत पाइन्छ ।[७७] यहाँका कला र वास्तुकलामा प्राचीनकालदेखि नै नेपालीपनको परम्परागत शैलीका नमूनाहरु देख्न पाइन्छ ।[७८] काष्ठकलाको प्रयोग काठमाडौं उपत्यकामा इ.पू.को शुरुवातको समयदेखि नै भएको हो ।[७९] काठमाडौं उपत्यकामा पनि इ.पू. अघि देखि नै काठको प्रयोग भै सकेको अनुमान लगाउन सकिन्छ ।

N.R. Banerjee का अनुसार नेपालमा लिच्छविकालको महत्वपूर्ण निर्माण सामग्री काठ थियो भन्ने तर्क दिएका छन् ।[८०] यस सन्दर्भले किराँतकालदेखि काष्ठकलाको विकास भइ लिच्छवीकाल सम्म व्यापक विकास भएको बुझिन्छ । सम्भवत लिच्छवीकालका दक्षिण राजकुल, मानगृह, कैलाशकुटभवन र भद्राधिवास जस्ता महत्वपूर्ण दरवारहरुको निर्माणमा पनि काठको प्रयोग हुनुका साथै कलात्मक काष्ठकलाले सजिएको हुनुपर्छ ।

---

[७५] भुवनलाल प्रधान, **लुम्बिनी कपिलबस्तु र देवदह**, (काठमाडौं : पुरातत्व विभाग, १९७९), पृ. ३३-३५ ।

[७६] Babu Krishna Rijal, **Archaeological remains of Kapilavastu, Lumbini and Devadaha**, (Kathmandu: Educational Enterprises, 1979), p.33. "The houses exposed in the mound VII Tilaurakot divided into four buildings phase and laid out in parallel block supported by lans and alleys. these structure are distinguished by extensive brick paved floor and profuse use of post holes".

[७७] मोहनप्रसाद खनाल, **चाँगुनारायण ऐतिहासिक सामग्री**, कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०४०, पृ. १ ।

[७८] उही, पृ. २२ ।

[७९] Saphalya Amatya, **Art and Culture of Nepal**, Delhi : Nirala Publication, 1st ed., 1991, p. 42 .

[८०] Nil Ratan Banerjee, **Nepalese Architecture**, (Delhi : Agam Kala Prakashan, 1980), p. 11.

चिनियाँ राजदुत वाङहुएनसेको डायरीका अनुसार "नेपालमा बनेका घरहरु काठबाट बनेका थिए, यस्ता घरहरुका भित्ताहरु कलाकारितायुक्त र चित्रित थिए" भन्ने विवरण परेको छ ।[८१] यसरी लिच्छविकालमा भव्य दरवारहरु बनेको पुष्टि चिनियाँ स्रोतहरुले गरेको छ । लिच्छवि अभिलेखहरुमा मानदेवको मानगृह, अंशुवर्माको कैलाशकुट भवन र नरेन्द्रदेवको भद्राधिवास भवनको उल्लेख पाइन्छ ।[८२] यी दरवारहरु पनि पक्कै काष्ठ कालिगढीले सजिएको हुनुपर्दछ । यसरी नै लिच्छविकालमा अभिलेखहरुमा भिक्षु भिक्षुणीहरुको बस्ने विहारहरुको पनि उल्लेख परेको देखिन्छ । गुंविहार, मानविहार, राजविहार, खर्जुरिकाविहार, मध्यमविहार र सामान्यविहार आदि उल्लेख भएका छन् । यसरी लिच्छविकालमा बनेका विहारहरुको झ्याल, ढोका, दलिन, विम, टुंडालहरुमा कलाकारिता उत्कृष्ट रहेको रहेको अनुमान लगाउन सकिन्छ ।

पाटन सुन्धाराको मा.सं ३४ (इ.सं. ६१०) अंशुवर्माको अभिलेखमा माटिङ्गग्रामको मन्दिरका ईंटा, काठका ढोका र खापा नष्ट भएर तिनीहरुको जीर्णोद्धार गरिएको उल्लेख आउँछ ।[८३] यस अभिलेखबाट त्यस समयमा निर्माण गरिने मन्दिरमा काठका ढोका र खापाहरु प्रयोगमा ल्याइन्थ्यो भन्ने तथ्य थाहा पाउन सकिन्छ ।

तिब्ब्ती स्रोत अनुसार स्रोङ-चङ गम्पोसँग भृकुटीको विवाह हुँदा उनले दाइजोको रुपमा चण्डन (Sandal wood)बाट बनेको ताराको मूर्ति, लापिस्लजुलिको भिक्षापात्रका साथै नेपालबाट थुप्रै कलाकारहरु पनि लगेका थिए ।[८४] यसरी नेपालको कलाकारहरु तिब्बत लगिएको कुराबाट यहाँको कला छिमेकी मुलुकमा पनि फैलिएको सजिलै अनुमान गर्न सकिन्छ ।

---

[८१] सिल्भाँ लेभी, **नेपाल**, डिल्लीराज उप्रेती (अनु.), (काठमाडौं : हिमाल किताब) २०६२, भाग-१, पृ. १०१ ।

[८२] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, (कीर्तिपुर; नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं. २०५३), पृ. ९१, २९०, ४९० ।

[८३] **उही**, पृ. ३४० । (टुटेफुटेका ईंटका अन्तरबाट पसेका न्याउरी मुसा र मुसाका बथानले भताभुङ्ग पारिदिएको ढोकाका खापाझ्यालहरु केही बाँकी नरहेको , काठपातहरु जीर्ण भइसकेको माटिङ्ग ग्रामको देवमन्दिरलाई जतनसँग जीर्णोद्धार गरेर सो देव मन्दिर पछि पछि धेरै कालसम्म राम्रो हालतमा रहिरहोस् भन्नाका लागी....।)

[८४] क्र्यामरिस, **पूर्ववत्** , (पादटिप्पणी संख्या २), पृ.१८ ।

मा.सं. ५७ (इ.सं. ६३३)मा थानकोटको भीमार्जुनदेव र जिष्णु गुप्तको संयुक्त शिलालेखमा *सिंकर* को उल्लेख आएको छ ।[८५] काठमाडौं उपत्यका वरपरको जंगलबाट काठ दाउरा उपभोग गर्दथ्ये । तसर्थ जनताले काठमा कर तिर्नुपर्ने व्यवस्था थियो । यस शिलालेखबाट तत्कालिन समयमा वन जंगलबाट राज्यले प्रशस्त आम्दानी गर्दथ्यो भन्ने बुझिन्छ । काठको कारोवार हुनाले काठ दाउरामा कर लगाएको अनुमान गर्न सकिन्छ । तसर्थ राज्यले वन जंगललाई आम्दानीको स्रोत बनायो । दैनिक उपभोगको साथै भवन निर्माणका लागि पनि माग बढेको हुन सक्दछ ।

काठमाडौंको जैसीदेवल नजिक रहेको कुमार मन्दिरको दोस्रो तलामा सानो काठको कुमारको मुर्ति रहेको छ । “यो मूर्ति कादम्वरी पुस्तकमा वर्णित कुमार जस्तै छ । सो मूर्ति पखेटा फिंजाइरहेको मुजुरमाथि विराजमान छन् । कुमारको शिरमा धातुको मुकुट छ । घाँटीदेखि तलको भाग सवै वस्त्रले छोपिएको छ । वर्षको एकपल्ट गरिने महास्नानको समयमा सवै आभुषणहरु झिकिन्छ । त्यस समय लिच्छविकालको मूर्तिमा पाइने सरलता र स्वाभाविकता यस मूर्तिमा स्पष्ट रुपमा देखा पर्छ । वाल्यावस्थामा घाँटी सम्म आउने गरी पालिने कपाल, केश विन्यास, सुरिलो नाक, लाम्चो मुहार र हिस्सी परेको सानो खाने मुख मूर्तिका विशेषता हुन् । मुकुट तथा आभुषण लगाएको बेला यो मूर्ति मल्लकालमा बनेको मूर्तिहरु जस्तो देखिन्छ ।” [८६] यस प्रकार सो मूर्तिको लक्षण हेर्दा लिच्छविकालको मूर्तिहरुको श्रेणीमा राखिनु पर्ने देखिन्छ ।

मध्यकालमा लेखिएको गोपालराज वंशावलीमा काठमाडौं उपत्यका वरिपरि ठूलो जंगल भएको उल्लेख पाइन्छ ।[८७] नजिकै जंगल भएको हुनाले सजिलैसँग काठ दाउराको आपुर्ति हुन्थ्यो ।

---

[८५] वज्राचार्य, **पूर्ववत्,** (पादटिप्पणी संख्या १०) पृ. ४३४ । (सिंकर भनेको काठ दाउरामा लाग्ने कर हो । “सिं” शब्द संस्कृत भाषाको होइन । “सिं” तात्कालिक जनभाषाबाट रुढ भई प्रचलित भएको शब्द हो । किराँती, नेवारी, तामाङ्ग भाषामा यो शब्द अझै प्रचलित छ । लिच्छविकाल अघि देखि अर्थात् किराँतकाल देखि प्रचलित सिंकर लिच्छविकालमा पनि यथावत रहेको देखिन्छ ) ।

[८६] गौतमवज्र वज्राचार्य, **हनूमान्ढोका राजदरबार**, (कीर्तिपुर : नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि., वि.सं. २०३३), पृ. १५९-१६० ।

[८७] Dhanavajra Vajracharya and Kamal P. Malla **The Gopalrajvamsavali**, Kathmandu : Tribhuvan University, 1985, p.1 .

त्यसैले यहाँ निर्माण गरिने वास्तुकलामा काठको प्रयोग हुनु स्वाभाविक नै हो । पशुपतिनाथ मन्दिरको उत्तरतर्फको पर्खालमुनि ठड्याएर राखेको एउटा अभिलेखमा छ । त्यस अभिलेखमा "श्री सोमेश्वरदेवले योद्यंमा ठूलो देवालय बनाए । अति सुन्दर काष्ठशिल्प भर्न लाए ।"[८८] त्यस अभिलेखमा त्यस अभिलेखमा "ने.सं ५२३ (वि.सं १४५९/इ.सं. १४०३) मा सोमेश्वर देवताको अघि रहेको मन्दिर भत्काइ नयाँ ग्रन्थकुट मन्दिर बनाई प्रतिष्ठा गरियो" उल्लेख छ ।[८९]

नेपालको इतिहासको विभिन्न कालक्रममा काठको प्रयोग गरी वास्तुकलाको निर्माण गरेको उल्लेख अभिलेखहरुमा पाइन्छ । जगदीशचन्द्र रेग्मीका अनुसार "हामीसँग निश्चित सामाग्रीको अभाव भइ पनि नेपाल उपत्यकामा अशोक भन्दा पहिले नै बौद्धधर्मले प्रवेश गरेको अनुमान गर्न सकिन्छ । नेपाल उपत्यकामा बौद्ध धर्मले बुद्धको समयमै प्रवेश गरेको हुन सक्दछ ।[९०] बुद्धका समयमा नै कपिलवस्तुबाट शाक्यहरु काठमाडौं उपत्यका आउने गरेका विवरणहरु पाइएबाट त्यस समयदेखि यहाँ विहारहरु बनेको अनुमान लगाउन सकिन्छ । इ.पू. तेस्रो शताब्दीमा सम्राट अशोककी छोरी चारुमतीले काठमाडौं उपत्यकामा विहार बनाएको कुरा वंशावलीमा उल्लेख छ ।[९१] धनवज्र वज्राचार्यको अनुसार चारुमतीले बनाउन लगाएको विहार नै चावहिलको विहार हो । तर त्यस समयमा उपत्यकामा विहार बने नबनेको कुरा प्रमाणित हुन सकेको छैन ।

लिच्छविकालदेखि उपत्यकामा विहारहरु बन्न लागेका ऐतिहासिक प्रमाणहरु प्राप्त भएका छन् । तर यसबारे जानकारी दिने थप स्रोतको कमी छ । विहार वास्तुकला अनुसार विचको चोक (खुला स्थान)को वरिपरि साना कोठाहरु हुन्थ्यो । मूल प्रवेशद्वारको सामुन्ने मूल गन्धकुटी र चारैतिर कोठाहरु रहन्थ्यो । यसैलाई मध्यकालको विहार वास्तुकलाले निरन्तरता दिएको छ । हाल

---

[८८] वज्राचार्य, **पूर्ववत्** , (पादटिप्पणी संख्या ४), पृ. ८१ ।

[८९] धनवज्र वज्राचार्य, **पूर्वमध्यकालका अभिलेख**, (कीर्तिपुर; नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं.२०६८), पृ. २०२ ।

[९०] जगदीशचन्द्र रेग्मी, **नेपालको धार्मिक इतिहास**, (काठमाडौं, रत्न पुस्तक भण्डार, वि.सं. २०३९), पृ. १२५।

[९१] Daniel Wright, **History of Nepal** , (India : Sushil Gupta Private Ltd. , 1958, 2nd ed.), pp. 111-113.

अस्तित्वमा रहेका विहारहरुले परम्परागत विहार वास्तुकला शैलीको प्रतिनिधित्व गरिरहको छ । बौद्ध विहारलाई संस्कृत भाषामा आर्यावास पनि भनिन्छ ।[९२] नेपालको परम्परागत वास्तुकलामा रहेका झ्याल तथा ढोकामा रहेका काष्ठकलाले कलात्मक भव्यता झल्काउँदछ । मल्लकालीन समयमा ने.सं. ६०२-८८८ (इ.सं. १४८२-१७६८) सम्म काठमाडौं उपत्यकामा वास्तुकलाको निर्माण चरमविन्दुमा पुगेको थियो ।[९३] अठारौं शताब्दीको नेपालको वास्तुकलामो काष्ठकला विश्वसामु प्रख्यात छ । काठमाडौं उपत्यकाका तीन शहरहरुमा बनेका मठमन्दिर, विहार तथा दरवारहरुमा रहेको कलाकारिताको दाँजो त्यस समय गुजरात र कायरोमा वनेका काष्ठकलासँग गर्न सकिन्छ ।[९४]

मध्यकालको अन्त्यतिर निर्माण गरिएको छुस्यावहाल एउटा महत्वपूर्ण स्मारक हो । काठमाडौं उपत्यकाको विहार वास्तुकला अनुसार विहारको बाहिरी भागमा चारैतिर स-साना झ्यालहरु जसको दाँयाबाँया दुई-दुई वटा आँखीझ्यालहरु छन् । तैलिय ईंटा, ढुंगा, काठ र सुर्खीको प्रयोगबाट निर्माण गरि झिंगटीले छाएको छ । यो विहारमा चतुष्कोणाकार चोकको वरिपरि चारैतिर दुई तल्ले घरको निर्माण गरिएको छ ।

यस विहारको भित्रपट्टिको आँगन वहिलहरुको जस्तै केहि गहिरो छ । वरिपरि प्रदक्षिणा पथ बनाइएको छ । जमिनको सतहभन्दा केहि माथि आधार पेटिमा गाह्रो बनाइएको छ । यस विहारको मुख्य प्रवेशद्वारको दाँया बाँया फलैंचा छ । यस विहारको मूल प्रवेशद्वार दक्षिण मोहडामा छ । यस विहारको पूर्व र उत्तरमा मूल सडकसँग जोडिएको छ । मूल प्रवेशद्वारको सामुन्ने दाँयाबाँया ढुंगाको दुईवटा सिंहहरु राखिएका छन् । प्रवेशद्वारको ठिक सामुन्ने गन्धकुटी ( मूल देवता रहने कोठा) रहेको छ । प्रवेशद्वारको दाँयाबाँया महाँकाल र गणेशको मूर्तिहरु विहारको संरक्षकको रुपमा रखिएको छ । प्रवेशद्वारको अगाडि ढुंगाको पेटि बिछ्याइएको छ । जसलाई नेवारी भाषामा *लुखाखलु* भनिन्छ । *लुखाखलु*बाट प्रवेश गर्दा शुद्धि हुन्छ भन्ने जनविश्वास छ ।

---

[९२] वज्राचार्य, **पूर्ववत्** , (पादटिप्पणी संख्या १०), पृ. २६८ ।

[९३] अमात्य, **पूर्ववत्** , (पादटिप्पणी संख्या ७), पृ. ४३ ।

[९४] **उही,** पृ. २ ।

विहारको भित्री भागमा प्रवेशद्वारको सामुन्नेबाट लहरै मन्दिर, स्तुप, चैत्य, सिंह स्तम्भ र गुणज्योतिका शालिकहरु रहेका छन् । तल्लो तलामा चारैतिर अलग-अलग ढोका भएका कोठाहरु छन् । यसरी तल्लो तलामा बनेका प्रत्येक कोठाहरुमा माथिल्लो तलामा जाने सिंढीहरु छन् । यस्ता कोठाहरु आँगनका चार कुनामा बनेका छन् । पहिले प्रत्येक सिंढीहरुले अलग-अलग खण्डमा पुगिन्छ । यी कोठाहरु परस्परमा जोडिएको छैनन् । तर अहिले माथिल्लो तलामा आगम कोठा बाहेक सवै कोठाहरु एउटै ढोकाबाट जान मिल्ने बनाइएका छन् । यस वहालको तल्लो तलाको बाहिरी पर्खालमा कुनै पनि झ्यालहरु छैनन् । तर मुख्यद्वारको दाँया बाँया दुई फर्जी झ्यालहरु रहेका छन् । जुन काष्ठकलायुक्त छन् । माथिल्लो तलाको भित्री र बाहिरी पर्खालहरुमा विहारको वास्तुकला अनुसारका झ्यालहरु रहेको छ । विहार बाहिरबाट हेर्दा साधारण देखिएता पनि भित्री स्वरुप आकर्षकयुक्त देखिन्छ । यस विहारको मूल गन्धकुटी रहेको छानोमाथि गजुर रहेको छ । बाँकी तीन तर्फको छानोमाथि प्रत्येकमा देवीको मूर्ति रहेको छ । हाल यो विहार पहिले जस्तो वज्रयानी कृयाकलापको लागि सक्रिय रुपमा देखिंदैन । एन.आर. वनर्जीका अनुसार यो विहार काठमाडौं उपत्यकाका विहार वास्तुशैलीको दृष्टिकोणले अत्यन्त विशिष्ट रहेको छ ।[९५]

यस विहारको चोक पूर्व देखि पश्चिम १८ मीटर ५४ इन्च र दक्षिण देखि उत्तर १८ मीटर ९५ इन्च क्षेत्रफलमा फैलिएको छ ।[९६] विहार भित्रको पेटी तीन फीट चौडाई र डेढ उचाईको रहेको छ । भुईं तलामा तीन वटा खुल्ला सभाकक्षहरु छन् । माथिल्लो तलामा जानको लागि चारवटा भऱ्याङ्गहरु छन् ।

## ३.३ छुस्यावहालका काष्ठकलाहरु

का.म.न.पा. वडा नं ३० मा रहेको छुस्यावहालको घर नं २१५, ज्याथा मार्ग हो । कुनै पनि वास्तुकलाको निर्माणको क्रममा प्रयोग हुने वस्तु काठ हो । यसै गरि छुस्यावहालमा प्रयोग गरि बनाइएका सामाग्रीहरु यस प्रकार छन् । झ्याल, ढोका, तोरण, टुंडाल, दलिन, खम्वा, जस्ता

---

[९५] वनर्जी, **पूर्ववत्** , (पादटिप्पणी संख्या ८), पृ. ६९ ।

[९६] Neils Gutschow, **Architecture of the Newars A History of Building Typologies and details in Nepal, Vol. 2**, (Chicago : Serindia Publications, 2011), p. 738.

सामाग्रीका अलावा बुद्धमण्डल, मूर्ति पछाडि रहेको वोधिवृक्ष, मूर्तिहरु, धर्मगण्डी, काष्ठ चैत्य, पुस्तकको गाता आदि ।

### ३.३.१ बुद्धमण्डल

गन्धकुटी भित्र क्वापाःद्यःको ठीक माथिल्तिर सिलङ्गमा बुद्धमण्डल (चि.सं. १३) ताँगिएको छ । काठमा कुंदिएको बुद्धमण्डल कलात्मक छ । मण्डलको प्रत्येक कुनाहरु विभिन्न देवदेवीहरुको प्रतिकात्मक स्वरुप हुन् । वज्रयानीहरुको पूजाविधि अर्न्तगत मण्डलको पूजा एवं ध्यान पनि गर्ने गरिन्छ।[९७] विहारमा बुद्धमण्डललाई *क्वापाद्यः*को माथि चँदुवाको रुपमा प्रयोग गरिएको छ ।

### ३.३.२ अक्षोभ्यको मूर्ति पछाडि रहेका वोधिवृक्ष

गन्धकुटीमा अक्षोभ्यको मूर्ति पछाडि काठको फ्रेम रहेको छ । जसलाई वोधिवृक्ष (चि.सं. ७) भनिन्छ । यो पाल शैलीको मूर्ति जस्तै हावादारी बुट्टेदार छ । Neils Gutschow का अनुसार बुद्धको पछाडि गरुड र पाँच तान्त्रिक देवताहरुको आकृति रहेको गोलाकार फ्रेमको आड दिइएको छ ।[९८] मनवज्र बज्राचार्यका अनुसार मुख्य बुद्धदेवको पछाडिपट्टि भित्तामा वोधिवृक्ष र त्यसको दाँयाबाँया वरुण र यक्षादि लेखिन्छन् ।[९९] यस प्रकारको वोधिवृक्षले उक्त मूर्तिलाई देवगुण युक्त भनि संकेत गरिन्छ ।

त्यस फ्रेमको दाँया भागमा सबैभन्दा तल्लो भागको आधारमाथि हात्ती रहेको छ । हात्तीमाथि सिंह छ , जसको शरिरमा मानिस चढेको छ । पगडी लगाएको मानिसले बाँया हातले माथिल्लो जनावरको खुट्टा उचाले झैं देखिन्छ । त्यसमाथि पखेटा भएको जनावर छ , जसको सिंग घुम्रिएको छ । त्यस जनावरमाथि मानिस चढेको देखाइएको छ । त्यस मानिसले पनि बाँया

---

[९७] Yadi Ratna Bajracharya, **The Gunakar Mahabihar (Chhusyabaha),** (Kathmandu : Gunakar Mahabihar Conservation Committee, 2004), p. 43 . (चित्रफलक संख्या १३)

[९८] गुत्स्चो, **पूर्ववत्** , (पादटिप्पणी संख्या २४), पृ. ७४४ ।

[९९] मनवज्र वज्राचार्य, **नेपालको मध्यकालीन कला**, (काठमाडौं : श्री ५ को सरकार, सूचना तथा प्रसार मन्त्रालय, सूचना विभाग, वि.सं.२०६६), पृ. २५९ ।

हातले माथिल्लो जनावरको खुट्टा उचाले झैं देखिन्छ । त्यसभन्दा माथि सिंग घुम्रिएको, पखेटावाल जनावर छ । त्यस जनावर चढ्ने मानिसले बाँया हातले धनुष समातेको छ । माथिल्लो तहमा ढुंङ्गेधारामा जस्तै सिधा मकराकृति रहेको छ । त्यस आकृतिको माथि पुनः जिब्रो बाहिर निकालेको मकर छ , जसको सुँड माथिल्तिर उचालेको छ । बाँया भागमा पनि यिनै बुट्टाहरु छ पंक्ति सम्म जोडा छन् । त्यसपछि दाँया भागमा पखेटावाल घोडामाथि तीनवटा अनुहार र चार जोडा हात भएका देवता छन् । त्यसमाथि *मलः*/ड्र्यागन शिर अक्षोभ्यतिर र पुच्छर माथितिर उठाइरहेको देखिन्छ । नवौं चरणमा तीनवटा अनुहार र चार जोडा हात भएका देवता हात्तीमाथि देखाइएको छ । बाँयातिर पनि उस्तै दृश्य देखिन्छ । तर सातौं तहमा गरुड चढेका देवता छन् । नवौं तहमा मयूर चढेका देवता छन् । क्वापाःद्यःको शिरको ठिकमाथि पनि सर्प जस्तो आकृति देखिन्छ । तीनवटा अनुहार र चार जोडा हात भएका देवता देख्न सकिन्छ । तर वहान भने अक्षोभ्यको मुकुटले छेकिएको छ ।[१००] वोधिवृक्ष पनि काष्ठकलाको उत्कृष्ट नमूना मान्न सकिन्छ ।

## ३.३.३ काठका सिंह मूर्ति

मूल गन्धकुटी भित्र काठका सिंह मूर्तिहरु रहेका छन् । काठका पुराना एक जोडा सिंह मूर्तिहरु अक्षोभ्य र महामञ्जुश्रीसँग राखिएको छ । नयाँ बनाइएका काठका एक जोडा सिंहहरु ( चि.सं. १४) अक्षोभ्यको अगाडि राखिएको अपरिमिताको मूर्तिको दाँया बाँया राखिएका छन् । यसरी सिंहहरु मन्दिर तथा विहारहरुमा रक्षकको रुपमा राख्ने चलन छ ।

## ३.३.४ धर्मगण्डी

धर्मगण्डी भनेको आग्लो जस्तो लामा काठ हो । जुन घण्टी जस्तै पूजाको समयमा बजाइँछ । यसलाई गँःनो/गम्भसिं/सिंगँः आदि भनिन्छ ।[१०१] विहारमा भिक्षुहरुले श्रावकचर्या र भिक्षुचर्या पालन गर्दछन् । प्रत्येक दिनको चार प्रहरमा गरिन्छ ,जस मध्ये गँःनो (चि.सं. ७३)

---

[१००] क्वापाःद्यःको भित्र संघका दिक्षित पुरुष संघका सदस्यहरुले मात्र प्रवेश पाउँदछ । त्यसैले कसको आकृति भनि राम्ररी नियाल्न सकिएन ।

[१०१] वज्राचार्य, **पूर्ववत्** , (पादटिप्पणी संख्या २५), पृ. ४९ ।

बजाउने पनि एक हो । हाल यो प्रकृया सबै विहारहरुमा गरिंदैन । यो प्रकृया छुस्याबहालमा नियमित रुपमा गरिन्छ ।

प्रत्येक दिन संघको एक सदस्यले क्वापाद्यःलाई श्रद्धाभाव प्रकट गर्न जान्छ । नित्यपूजा गर्दा घण्टा बजाएर ज्वाला न्हाय्कं देखाउने गर्दछ । दाहिने हातले च्वामो (सेतो रंगको चमर)ले हम्कँदै "दानबलेन..." जप्दै बाँया हातले धर्मगण्डी बजाउने गरिन्छ ।[१०२] धर्मगण्डी बजाउँदा "अपरिमिता धारणी" स्तोत्र गाउनु पर्दछ । यदि नजानेमा १०८ पल्ट बजाउने गरिन्छ । साँझको आरतीमा पनि धर्मगण्डी बजाउने गरिन्छ । यसबेला यहाँ उपस्थित कोहि पनि चल्नुहुन्न । धर्मदेशना, ध्यान र नियमित धार्मिक कार्य शुरु गनु अघि धर्मगण्डी बजाउने गर्छ । धर्मगण्डी बजाउनु भनेको संघका सदस्यहरु जम्मा हुन सूचना दिनु हो । तर हाल यो प्रकृया कर्मकाण्डको रुपमा मात्र सिमित छ । हाल विहारहरुमा दिनको चार पटक पूजा गरिंदैन । हरेक पूजामा घण्ट, धर्मगण्डी बजाउने र चमरले हम्कने गरिन्छ ।[१०३] यो परम्परा पनि विस्तारै हराउँदै जाने क्रममा छ ।

क्रियासंग्रहपंजिकामा धर्मगण्डी (*गंन्व*) स्थापना गर्ने संदर्भमा लेखिएको छ । निकायअनुसार रातो, पहेंलो, हरियो, नीलो रंग लगाई धर्मगण्डी स्थापना गर्नुपर्ने उल्लेख रहेको छ । विहारमा राखिएका धर्मगण्डीका रंग हेरेर कुन विहार कुन निकायसँग सम्बन्धित छ भन्ने थाहा पाउन सकिन्छ । वज्राचार्यहरुले आफ्नो विहारमा रहेको धर्मगण्डीको रंग उडेर गएपछि फेरि रंगाउने जमर्को गरेको देखिन्दैन । त्यसैले धर्मगण्डीका आधारमा विहार र निकाय छुट्याउन नसकिएको हो ।[१०४] स्तूप र चैत्य पुस्तकमा लेखकले भूमिकामा धर्मगण्डीको बारेमा लेखेका छन् - "....बौद्ध दर्शनमा हरेक देव मन्दिर एवं विहारमा जो पायो त्यो न पसुन् भनी सुरक्षाको कामना गरी ढोकामा परिघ, आग्लो, धर्मगण्डी(गंन्व) भनिने बस्तु द्वारा ढोका बन्द गरी

---

[१०२] **उही** पृ. ४९ । (परिशिष्ट ट हेर्नुहोस् ।)

[१०३] तीर्थरत्न वज्राचार्य, "नेपालय् वज्रयान", **वज्रयान**, १ : १ , वि.सं. २०६६, पृ. ३६ ।
(परिशिष्ट झ र ट हेर्नुहोस् ।)

[१०४] सुमति वज्राचार्य, **स्तूप र चैत्य,** (काठमाडौं : अखिल नेपाल महायान बौद्ध समाज, वि.सं.२०६४), पृ. १३८-१३९ ।

राख्ने प्रचलन हुनाले....." । जसबाट धर्मगण्डी बजाउन मात्र नभइकन यसको अन्य प्रयोग बारे थाहा पाउन  सकिन्छ ।

## ३.३.५ काष्ठ चैत्य

छुस्यावहालको गन्धकुटीमा काष्ठ चैत्य पनि राखिएको छ । काष्ठ चैत्यलाई (चि.सं. १७) चोकमा रहेको कुटागार चैत्यको प्रतिकृति मान्दछन् ।[१०५] काष्ठ चैत्यलाई स्थावर (हिंडडुल गर्ने जीवित प्राणीलाई जंघम र हिंडडुल गर्न नसक्ने रुख झारपातलाई स्थावर भनिन्छ) चैत्य पनि भनिन्छ । काष्ठ चैत्य बनाउने प्रचलन नेपालमा पनि चलेको पाइन्छ । स्थावर चैत्यको चर्चा अरु विद्वानहरुले गरेको पाइएको छैन । "हेमराज शाक्यले "चैत्यया आत्मकथा"मा स्थावर चैत्यको अर्थ "तःग्वःगु चीबहाः" अर्थात् ठूलो आकारको चैत्य भनि उल्लेख गरेका छन्  । सहस्र अश्वमेघ यज्ञ गर्नु भन्दा एउटा लक्ष चैत्य (माटोको चैत्य) बनाउँदा धेरै पूण्य हुन्छ । हजारवटा लक्ष चैत्य भन्दा एउटा स्थावर चैत्य बनाउँदा पूण्य धेरै हुन्छ । सद्धर्मपुण्डरिक सूत्रमा आधारित स्थावर चैत्यको निर्माण कुन-कुन महाविहारहरुमा छन् खोजको विषय नै हो ।"[१०६] यस प्रकारका धार्मिक तथा कला अध्ययन अनुसन्धानको विषय बनेको छ ।

साँखुको गुंविहारमा रहेको प्रसिद्ध धवल चैत्य पनि काठबाट नै बनेको भनिन्छ । गुंविहारको विशेषता पनि चैत्य जात्रा हो । जात्रामा प्रयोग गरिने चैत्य काष्ठ चैत्य हो । इतुंबहाल, भ्वावहाल, हेनाकर महाविहार, हेमवर्ण महाविहार, सिकंमुवहाल आदिका वज्राचार्यहरु साँखुबाट नै आएका हुन् ।[१०७] हेनाकर महाविहार र गुणाकर महाविहारका वज्राचार्यहरुले धवल चैत्यलाई आफ्नो दिगुद्यः (कुलदेवता)को रुपमा मान्दै आएका छन् । स्थावर चैत्यलाई घामपानीबाट जोगाउन विहारमा गन्धकुटीभित्र स्थापना गरिएको छ । विहारको स्थावर चैत्यको गजुर र गर्भगृह आदि विग्रिसकेको छ । कूटागार शैलीको यस चैत्यमा गजूर र गर्भगृह बाहेक चतुर्द्वार र बोधिसत्वहरुको मूर्ति सुन्दर रहेको छ ।

---

[१०५] संघका सदस्य अच्युत वज्राचार्यसँगको छलफलको आधारमा, (वर्ष ४०) छुस्यावहाल, ज्याठा ।

[१०६] वज्राचार्य, **पूर्ववत्** ,(पादटिप्पणी संख्या ३२), पृ. २६-२८ ।

[१०७] **उही,** पृ. २८ ।

## ३.३.६ प्रज्ञापारमिता

यस विहारको गन्धकुटीमा प्रज्ञापारमिताको हस्तलिखित ग्रन्थ रहेको छ ,जुन भगवती पंचविंशति सहस्रिका प्रज्ञापारमिता पुस्तक हरेक वर्ष गुंला महिनामा बहालको कोठामा पाठ गर्ने गरिन्छ । यो पुस्तक पहेंलो कागजमा कालो मसिले रञ्जना लिपिमा लेखिएको छ । यस पुस्तकको गाता काठबाट बनेको छ । बाहिर सादा यस ग्रन्थको गाता भित्री भागमा प्रज्ञापारमिता देवीको चित्र बनाइएको छ । गुणज्योतिका नाति परिषदेवले भगवती पंचविंशति सहस्रिका प्रज्ञापारमिता लेख्न (सार्न) लगाएका थिए । विहारका संस्थापक गुणज्योतिका नाति परिषदेवले विहार निर्माणको २९ वर्ष पछि यस ग्रन्थ सार्न लगाएका थिए । यस हस्तलिखित ग्रन्थ ने.सं. ७९८ (इ.सं. १६७८)मा तरुमूल विहारका श्री विदुपतिदेव, श्री बेखासिंह वजाचार्य, श्री जयधर्मदेव वजाचार्य र श्री धनमुनिदेव वजाचार्य चार जनाले लेख्न सिद्धचाएका थिए । यस पवित्र ग्रन्थ विहारमा चढाइ विशेष पूजा गर्दा भक्तपुरका राजा भुपतिन्द्र मल्ल उपस्थित थिए ।[१०८]

## ३.३.७ छुस्यावहालको टुंडालहरु

नेपाली वास्तुकलामा घर, तल्लेशैलीका मठ-मन्दिर, विहार, दरवार तथा स्मारकको छाना अडचाउन प्रयोग गरिने लामो आकारको काठलाई टुंडाल भनिन्छ । अंग्रजीमा struts भनिन्छ तर N.R. Banerjee ले brackets भनेका छन् । टुंडाललाई नेवारी भाषामा *त्वानासिं/तुनासिं* भन्ने गरिन्छ । नलि खुट्टा (घुँडाको तल देखि पैतालाको माथिल्लो भाग)लाई *त्वाना* भन्ने गरिन्छ । मन्दिर, विहार वा घरको छानो अडचाउन प्रयोग गरिने काठलाई *त्वानासिं* भन्ने गरिन्छ । भक्तपुरको भाषामा टुंडाललाई *विलँपौ* भन्ने गरिन्छ । टुंडाल ४५ डिग्रीमा ढल्किएको हुन्छ । वास्तुकलामा रहेको धातु वा झिंगटीका छाना अड्याउन टुंडालको प्रयोग गरिन्छ । यसले गारोमा टाँसिएर छानो वा झिंगटीलाई आड दिन्छ । टुंडाल छाना भएका वास्तुकलामा नभै नहुने एक प्रकारको अंग हो । सानो नै भएपनि यसको सहायताले छानोका साथै ठूलाठूला सँझ्यालहरु

---

[१०८] वज्राचार्य, **पूर्ववत्** , (पादटिप्पणी संख्या २५), पृ. २ ।

पनि अड्याउने गर्दछ ।[१०९] तल्लेशैलीका मन्दिरहरुमा तलदेखि माथिसम्म चुलिंदै जाँदा विभिन्न आकारका साना तथा ठूला टुंडालहरुको प्रयोग गरिन्छ । आवश्यकता अनुसार यसको आकार निर्धारण गर्ने गरिन्छ ।

टुंडालमा कलाकृतिले सजाउने गरिन्छ । भवन, मन्दिर तथा विहारहरुमा कुनामा उपयोग हुने टुंडाल मोटो बनाइन्छ । यस टुंडालले अन्य टुंडालको अनुपातमा ज्यादा भारवहन गर्नुपर्दछ । तसर्थ यस टुंडालमा विशेष किसिमको घोडाको (अलौकिक तथा शक्तिशाली) आकृति बनाइन्छ । त्यसैले यस टुंडाललाई स्थानिय भाषामा *कुंसल* (griffin) भन्ने गरिन्छ । *कुं* को अर्थ कुना र *सल* भनेको घोडा भन्ने बुझिन्छ । *कुंसल* भनेको शार्दूल, व्याल र दियाल हो । *कुंसल*लाई Lion, Ram-horn-lion, Goat-horn-lion, Garuda-faced-lion गरी चार भागमा विभाजन गरीएको छ ।[११०] त्यसैगरि राज्यश्री श्रेष्ठका अनुसार *कुंसल*मा बनाइने आकृति सिंह, मेग्रा सिंह (भेंडाको सिङ्ग भएको सिंह), मह सिंह (बोकाको टाउको भएको सिंह) र गरुड सिंह (गरुडको मुखाकृति भएको सिंह) गरि चार प्रकारका छन् ।[१११] वास्तवमा यस प्रकारको आकृतिले धेरै शक्तिशाली देखाउन यस्तो आकृति बनाइएको हो । *कुंसल* एक प्रकारको अलौकिक प्राणी हो । जसले छानोको भार थाम्न बनाइको मोटो टुंडालमा बनाइन्छ । यसको अनुहारले धेरै बोझ उचालेको प्रतीत हुन्छ ।

टुंडाल धेरै किसिमका हुन्छन् । साधारण घरहरुमा सादा टुंडाल हुन्छ । धनाढ्य वर्गको घरमा बुट्टेदार टुंडालको प्रयोग गरिएको हुन्छ । दरवारमा झनै कलात्मक टुंडालहरु पाइन्छन् । त्यसैगरि मठ, मन्दिर र विहार जस्तो पवित्रस्थलहरुमा धार्मिक ग्रन्थमा आधारित भइ विभिन्न धर्मका विविध देवीदेवताहरुको आकृति कुंदिएको पाइन्छ । टुंडालमा मानवाकृति, देवमूर्ति, फूल

---

[१०९] राज्यश्री श्रेष्ठ, “टुँडाल : नेपाली वास्तुकलाको आकर्षक अंग”, **गोरखापत्र**, वि.सं. २०५०, साउन ९ गते, शनिवार परिशिष्टाङ्क, पृ. क ।

[११०] विष्णुराज कार्की र सरस्वती सिंह, **संरक्षण पद्धति,** (काशी प्रिन्टिङ्ग प्रेस : मीरा कार्की, वि.सं. २०६८), पृ. ३८ ।

[१११] श्रेष्ठ, **पूर्ववत्** , (पादटिप्पणी संख्या ३७), पृ. क ।

बुट्टा, युगल मुर्ति, मैथुन मूर्ति, पाप-धर्मका आदि दृश्यका साथै कलाकारले आफ्नो वरपरका दृश्य पनि कुंद्ने गर्दछन् ।

टुंडालमा कलाकृतिको आधारले तीन खण्डमा बाँड्न सकिन्छ ।

१. माथिल्लो खण्ड - रुख वा लहरा हुन्छ ,

२. मुख्य खण्ड (बिचको भाग) - देवी देवता वा सालभञ्जिका मुद्रामा महिला र

३. तल्लो खण्ड - होचा कदका मानिस, स्त्रीहरु तथा काममा लिप्त भएको (erotic art) । हालसम्म काठमाडौं उपत्यकामा प्राप्त प्राचीन टुंडालहरुमध्ये ललितपुरको रुद्रवर्णमहाविहार, काठमाडौंको इटुम्वहाल, यट्खा वहाल र पनौती इन्द्रेश्वर महादेवको मन्दिरका हुन् ।

छुस्यावहालमा कलात्मक टुंडालहरुको प्रयोग भएको पाइन्छ । विहारको बाहिरी भागमा बान्हवटा र भित्री भागमा बाइसवटा गरि जम्मा चौंतिसवटा टुंडालहरु छन् । प्रत्येक टुंडालमा माथिल्लो खण्ड र तल्लो खण्ड गरि दुईवटा मूर्ति कुंदिएको छ । टुंडालहरुमा बौद्धधर्मसँग सम्बन्धित मूर्तिहरु बौद्ध धर्मग्रन्थमा आधारित भइ बनाइएको छ । यी टुंडालहरुमा गणेश, महांकाल, दश क्रोधभैरव, पंचरक्षा (रोगबाट बचाउने देवीहरु), षोडश पूजादेवीहरु, ग्रहमातृका तथा चार बुद्ध मूर्तिहरु रहेका छन् । यिनै टुंडालहरुको तल्लो भागमा चर्तुमहाराज, २७ वटा नक्षत्रहरुको मानवस्वरुप र तीनवटा विद्याधरका मूर्तिहरु छन् । प्रत्येक टुंडालहरुमा देवताहरुको मुनि अभिलेख कुंदिएको छ । विहार बाहिरका दशवटा टुंडालहरुमा क्रोध भैरवका विभिन्न स्वरुप छन् । विहारमा रहेका जम्मा चौंतिसवटा टुंडालहरुलाई अंकको क्रममा मिलाई प्रत्येकमा रहेको देवता र तल्लो खण्डमा रहेका मूर्तिका नाम यस प्रकार छन् -

१.रत्नसम्भव, खड्गराज(विरुधक) २.अक्षोभ्य, विणाराज(धृतराष्ट्र) ३.अमोघसिद्धि, ध्वजराज (वैश्रवण) ४.अमिताभ, चैत्यराज(विरुपाक्ष) ५.प्रतिसरा, अश्विनी ६.सहस्रप्रमर्दिनी, भरनी ७.महामन्त्रानुसारिनी, कृतिका ८.महामयूरी, रोहिणी ९.सीतावती, मृगशिरा १०. बसुन्धरा, आर्द्रा ११.वज्रविदारणी, पुनर्वशु १२.गणपति, पुष्य १३.उष्णिशविजय, अश्लेशा १४.पर्ण्णसवरी, मघ १५.मारिची, पूर्व्वफाल्गु १६.ग्रहमातृका, उत्तर फाल्गु १७.गीता, हस्त १८.मूरुजा, चित्रा १९.नृत्य, स्वाती २०.वंशा, विसाषा २१.मृदंगा, अनुराधा २२.वीणा, ज्येष्ठा ।

विहार बाहिर टुंडालहरुमा रहेका देवताहरुको नामहरु यसप्रकार छन् -

२३.गणेश, मसि-कलम लिएको आकृति २४.उष्निषचक्रवर्ति, परिखदेओ २५.यमान्तक, रेवती २६.प्रज्ञान्तक, उत्तरा भाद्र २७.पद्मान्तक, पूर्व्वभाद्र २८.विघ्नान्तक, शतभिषा २९.तक्किराजा, धनिष्ठा ३०.नीलदण्ड, श्रवण ३१.महावल, उत्तरखाधा ३२.केकरा, पूर्व्वखाधा ३३.शुम्भराजा, मूल ३४.महाकाल, विद्याधर ।

पहिले विहारभित्र चोकमा जम्मा बाइसवटा टुंडालहरु थिए । दक्षिणमा छवटा टुंडालहरु वीणा, चार बुद्धहरु र प्रतिसरा थिए । तीन शीर आठ बाहु भएका बाहन सहितका चार बुद्धको दाँयाबाँया मात्र शार्दूल भएका टुंडालहरु पनि रहेका छन् । पश्चिममा छ वटा टुंडालहरु छन् । उत्तरमा बिचमा विमान झ्याल भएकोले जम्मा चारवटा टुंडालहरु छन् । पूर्वमा छवटा टुंडालहरु थिए । विहार बाहिर उत्तर तिर जम्मा बाऱ्हवटा टुंडालहरु रहेका थिए ।

हाल विहारको दक्षिणमा (चि.सं. २) चारवटा, पश्चिममा (चि.सं. ५) छवटा, उत्तरमा ( चि.सं. ४) चारवटा र पूर्वमा चारवटा (चि.सं. ३) टुंडालहरु छन् । दक्षिणतिर भित्तामा शार्दुल ( चि.सं. ६५) भएका दुईवटा टुंडालहरु पनि छन् । कुनाका चारवटा टुंडालहरु (चि.सं. ६६) सादा छन् । N.R. Banerjee का अनुसार कलात्मक टुंडालका स्थानमा सादा फेरिएका हुन् । विहार बाहिर उत्तरतिरको बाहेक सबै फेरिएका हुन् ।[११२] स्थानीय बासिन्दाका अनुसार जिर्णोद्धार अघि नै यी टुंडालहरु सादा थिए ।

विहार जिर्णोद्धारको समयमा राति संघका सदस्य र ज्यामीहरु कुरुवा बसेका थिए । तर पनि चार वटा टुंडालहरु चोरी भएको थियो । चोरी भएका टुंडालहरु ५, १९, २१, २२ संख्याका हुन् ।[११३] हाल सो स्थानमा खाली नै छाडिएको छ । चार बुद्ध बाहेक सबै मूर्तिहरुमा एक शिर, दुई भुजा र वहानमाथि उभिएको मुद्रामा रहेका छन् । विहारको बाहिर मूल प्रवेशद्वार भएको तर्फका टुंडालहरु मात्र कलाकारिता युक्त छन् । अरु तीन तर्फका टुंडालहरु सादा नै छन् । बाँकी टुंडालहरु सादा हुनुको कारण तत्कालिन समयमा विहारका पछिल्तिरका भागहरु (remote area) चलन चल्तीमा थिएन । हाल जमल, कान्तिपथ जाने बाटो पहिले "उपाकु" (

---

११२ वनर्जी, **पूर्ववत्** , (पादटिप्पणी संख्या १६) पृ. ६९ ।

११३ चोरी भएका टुंडालहरु रेखा चित्रमा चिन्ह लगाइएका छन् ।

काठमाडौंमा इन्द्रजात्राको समयमा मानिस मरेको प्रत्येक घरबाट बत्ती बालेर घुम्ने गरिन्छ)को बेला मात्र प्रयोग गरिन्थ्यो ।

चौंतिसवटा टुंडालहरुमध्ये सत्ताइसवटामा नक्षत्र, चारवटामा चतुर्महाराज र तीनवटामा नारी आकृति छन् ।[११४] गणेश रहेको टुंडाल नयाँ बनाइएको हो । यसमा तल्लो भागमा रहेको स्त्रीले दाँया हातमा लामो प्वाँख र बाँया हातमा मसीको भाँडो समातेको छ । यस टुंडालमा अभिलेख छैन । उष्निषचक्रवर्तिको टुंडालमा मुकुट पहिरेको आकृतिले दाँया हातले सुराहि जस्तो आकारको बाँया हातले दुईवटा कचौंरा र केहि बस्तु भएको थाली माथि उठाइ रहेको देखाइएको छ । यस आकृतिको तल परिखदेओ कुंदिएको छ । सायद यो गुणज्योतिको नाति परिखदेव हुनुपर्दछ । बाँया हातमा पूजाको थाली हुनसक्दछ । महाकालको टुंडालमा दुई हातले माला लिइरहेको, मुकट लगाएको आकृति रहेको छ । जसमा अभिलेख कुंदिएको छ । तर शब्द पढ्न कठिन छ । यी तीन आकृति मध्ये यहि एउटा मात्र विद्याधरसँग मिल्दछ । Karel Rijik Van Kooij ले उनको लेखमा छुस्यावहालको लोकेश्वरको टुंडाल र तोरणबारे लेख्नुका साथै फोटोहरु पनि प्रकाश गरेका छन् ।[११५] S.B. Deo को पुस्तकमा पनि केहि टुंडालहरुको फोटो प्रकाशित भै सकेका छन् ।

## ३.३.८ तोरण

नेपाली काष्ठकलाका नमुनाहरु तोरणका रुपमा पनि देख्न पाइन्छ । नेपाली मन्दिर, विहार र दरवारहरुको मूल ढोकामाथि अर्धगोलाकार वा अर्धचन्द्राकार तोरणहरु राख्ने परम्परा छ । R.M. Bernier का अनुसार तोरण भनेको अर्धगोलाकार रुपमा बनाइएको हुन्छ । तोरण काठ वा धातुको पाताले मोडिएको पनि हुन्छ । जसलाई प्राय जसो मन्दिरको मूल ढोका वा झ्यालमाथि अगाडिपट्टि ढल्काएर राखिन्छ । तोरणलाई पवित्रता र पुजनियताको प्रतीक मानिन्छ । मठमन्दिर

---

[११४] वज्राचार्य, **पूर्ववत्** , (पादटिप्पणी संख्या २५) पृ. ३२, ३४ ।

[११५] Karel Rijik Van Kooij, "The Iconography of the Buddhist Wood-Carving in a Newar Monastry in Kathmandu (Chusya-Bahal)", **Journal of the Nepal Research Centre,** 1:1 (1977) , pp. 39-82 .

तथा विहारहरुमा बाहेक अन्य कलात्मक ढोकामा तोरण राखिन्दैन ।[११६] *द्यःछें* (देवता वा त्यससँग सम्वन्धित सामानहरु राख्ने घर)मा पनि तोरण राख्ने चलन छ ।

मूल प्रवेशद्वारको माथिल्लो भागमा अर्धगोलाकारको काठको फल्याकलाई तोरण भनिन्छ । तोरणलाई नेवारी भाषामा *तोलं* भनिन्छ । तोरण मन्दिर तथा विहारको प्रमुख अंग हो । कुनै पनि मन्दिर वा विहारभित्र प्रमुख देवता को हो भन्ने तोरणबाट नै थाहा पाउन सकिन्छ । तोरणको मध्य भागमा गर्भगृहभित्र रहेको देवताको प्रतिकृति वा बहान कुँद्ने चलन छ । यस प्रकारको तोरणहरुमा गजुर वा छत्रावली बनाइन्छ । तोरणको माथिल्लो भागमा गरुड वा छेपुको आकृति कुंद्ने प्रचलन रहेको छ । तोरणको तल्लो किनारमा मकर (गोहि जस्तो देखिने सुँड भएको जनावर)हरु वा बादल जस्तो आकृतिहरु कुंदिएको हुन्छ । तोरणको अन्य भागहरुमा स-साना देवी एवं देवताहरुको साथै फूल बुट्टा, लहरा, पात, नागकन्याहरु, आकाश, भक्तजन, परिचारिका आदि बनाइन्छ ।

तोरणको बीच भागमा ध्यान मुद्रामा, अभय मुद्रामा, वरद मुद्रामा मुख्य देवतालाई स्थानक वा बसेको रुपमा उत्कीर्ण गरेको पाइन्छ । अष्टमंगलमध्येको पूर्णकलशलाई पृथ्वीको घोतक मानिएको छ । त्यसैले तोरणको सवैभन्दा तलको भाग आधारभूमि पृथ्वीको प्रतीक मानेर यसलाई उत्कीर्ण गरिन्छ ।[११७] यसैगरी पानीको स्रोतको रुपमा बादल, धर्ती र आकाशको साँघुको रुपमा मकर तथा विभिन्न देवदेवीको प्रतीकको रुपमा कोण वा त्रिकोणहरु उत्कीर्ण गर्ने परम्परा छ ।[११८]

विहारको प्रवेशद्वार वा गन्धकुटीको तोरणमा अन्य काष्ठकलामा भन्दा विशेष प्रकारले विस्तृत काष्ठकला कुंदिएको हुन्छ । कुनै तोरणहरुमा धातुको पाताले काठलाई मोडिएको पनि

---

[११६] Ronald Milton Bernier, "Survival of Wooden Art in Nepal: An Overview", **Ancient Nepal**, No. 46-48, June-November, (1978) , p. 41.

[११७] वज्राचार्य, **पूर्ववत्** , (पादटिप्पणी संख्या २७), पृ. २३४ ।

[११८] **उही**, पृ. २७३ ।

पाइन्छ । धातुको पातामा पनि भित्री तोरणमा जस्तै बुट्टाहरु उत्कीर्ण गरिन्छ ।[११९] तोरणलाई प्रमुख तीन भागमा बाँडिएको छ।[१२०]

१. झ्याल तोरण - झ्यालको माथि बनाइको तोरण,
२. द्यः तोरण - मन्दिरको मूल प्रवेशद्वारमाथि बनाएको तोरण,
३. दलान तोरण - दलानको दुई खम्बा बिच बनाइएको तोरण ।

छुस्यावहालको हातामा दलान तोरण बाहेक दुबै तोरणहरु छन् । यस वहालमा मूल प्रवेशद्वार, मूल गन्धकुटी, गन्धकुटीको दाँया रहेको द्वारमा र आगम कोठामा गरि जम्मा चारवटा द्यः तोरणहरु छन् । मूल प्रवेशद्वारको माथिल्लो स-साना पंचमुखी झ्याल र गन्धकुटीको माथिल्लो पंचमुखी झ्यालमा र चोकतर्फ फर्केका पंचमुखी झ्यालहरुको दाँया बाँया रहेका साना झ्यालहरुमा पनि झ्याल तोरणहरु छन् । तोरणको सन्दर्भमा छुस्यावहालको तोरण काष्ठकलाको उत्कृष्ट नमुनाको रुपमा पर्दछ ।

## ३.३.८.१ मूल प्रवेशद्वारको तोरण

छुस्यावहालको उत्तराभिमुख मूलप्रवेशद्वार माथिको तोरण (चि.सं.२०) काष्ठकलाको लागि अति महत्वपूर्ण मानिन्छ । यस तोरणमा उत्कृष्ट सूक्ष्म कलाकारिता देख्न सकिन्छ । मूल प्रवेशद्वारको माथिल्लो भागमा रहेको अर्धगोलाकार काठको तोरण रहेको छ । यो तोरण छवटा काठको टुक्राहरु गाँसेर पाल शैलीमा (हावादारी) बनाइएको छ । जसको पछाडी अर्को काठको फल्याकमा टाँसिएको छ । यस तोरणको माथिल्लो भागमा गजुर र गजुरमाथि छत्रावली बनाइएको छ । तोरणको माथिल्लो भागमा मुखमा सर्प च्यापिरहेको *छ्वेपु* (कालमकर), *छ्वेपु*को तल्लो भागमा सानो छत्रमुनि उडिरहेको गरुड र मध्य भागमा प्रज्ञापारमिताको मूर्ति छ । प्रज्ञापारमिता देवी पद्माशनमाथि वज्रपर्याङ्कासन मुद्रामा छन् । दुई हातहरु धर्मचक्र मुद्रा (व्याख्यान मुद्रा) र दुई हातमा क्रमशः अक्षय माला र फूल लिएको जम्मा चार हात छन् । प्रज्ञापारमिताको

---

[११९] Shantaram Balchandra Deo, **Glimpse of Nepal Woodwork,** (Calcutta : The journal of the Indian Society of Oriental Art, 1968-69), p. 31.

[१२०] **उही,** पृ. ३६ ।

शिरको मुकुटको भाग झरिसकेको छ । शिर पछाडि प्रभामण्डल छ । गहनाको कम प्रयोग गरिएको छ । प्रज्ञापारमिता देवीको दाँयाबाँया दुई मानवाकृतिहरु नाचिरहेको जस्तो मुद्रामा छन् । त्यसैको ठीकमाथि नागकन्याहरु छन् ,जसलाई मानवाकृतिहरुले बोकेको जस्तो देखिन्छ । प्रज्ञापारमिताको वरिपरि चक्राकार मण्डलमा दानपारमिता, शीलपारमिता, क्षान्तिपारमिता, वीर्यपारमिता र ध्यानपारमिताका दुई हात भएका मूर्तिहरु रहेको छ । यी पंचशीलको पाँच तत्वहरुको साकार रुप हुन् । प्रज्ञापारमिताको आशनको तल्लो भागमा चक्राकार मण्डलमा रहेको देवाकृति ध्यानपारमिताको हो, जसको दुबै छेउ फक्रिएको नालसहितको कमलका फूलहरु छन् । यस मूर्तिका दाँयाबाँया रहेका क्षान्तिपारमिता र वीर्यपारमिता मूर्तिहरु ललिताशनमा बसेका छन् । दाँयातिरको मूर्तिको छाती भन्दा माथिको भाग झरिसकेको छ । तोरणको तल्लो भागमा दाँया बाँया *हितीमंगः* (मकर)ले मुखबाट हिरामोती निकालिरहेको छ । हितीमंगःहरुको पिठ्चूमा ड्र्यागनहरु छन् ,जसको छेउमा फूल, कोपिला र पातहरु  माथिल्लो भागमा अलौकिक प्राणीहरु ( भेंडाको सिंग, मुख गरुडको, शरिर सिंहको र पखेटा पनि भएको) कुँदिएको छ । नागकन्याको माथिल्लो भागमा दानपारमिता र शीलपारमिताका मूर्तिहरु रहेका छन् । यी मूर्तिहरुको माथिल्लो भागमा पखेटा भएका ड्र्यागनहरु छेपुको मुखबाट निक्लिरहेका सर्पसंग बेरिएका छन् । तोरणको चारैतिर किनारामा बुट्टाले अलंकरण गरिएको छ ।

काठमाडौं उपत्यकाका मन्दिर तथा विहारहरुमा गर्भगृहमा रहेको देवताको मूर्तिको स्वरुप वा संकेत तोरणमा राख्ने परम्परा छ । तर सबै मन्दिरहरुमा मन्दिरभित्र रहेको देवता तोरणमा देखिंदैन । छुस्यावहालको तोरणमा अक्षोभ्यको मूर्ति नराखेर प्रज्ञापारमिता देवीको मूर्ति कुंदिएको छ ।

## ३.३.८.२ मूल गन्धकुटीको तोरण

मूल गन्धकुटीको तोरण विहारको मूलप्रवेशद्वारको तोरण (चि.सं. २१) जस्तै अर्धगोलाकार छ । यो तोरण छवटा काठको टुक्राहरु गाँसेर पाल शैलीमा (हावादारी) बनाइएको छ । यस तोरणको माथिल्लो भागमा छत्रावली सहितको गजुर बनाइएको छ । छत्रावलीको तल वज्रसत्वको मूर्ति कुंदिएको छ । माथिल्लो भागमा गरुडको सजिव चित्रण छ । त्यसको तल दुई हातले पूर्णकलश लिएको पखेटावाल गरुड रहेको छ । उडिरहेको गरुडको पखेटामा टाँसिएका दुई

हातहरु छन् । अरु दुई हातले कलश समातेको छ । गरुडको खुट्टा चराको देखाइएको छ । गरुडको दाँया बाँया दुई हात जोडेका नागकन्याहरु छन् । गरुडको खुट्टाले यी नागहरुको खुट्टा समाति राखेको छ । नागकन्याका चार हातहरु छन् । शिर पछाडि पाँचवटा सर्पका टाउकाहरु छन् । नागकन्याको शरिर मानिस जस्तै गोडा साथै सर्पको पूच्छर पनि देखाइएको छ । नागकन्याका तल्लो भागमा ड्र्यागनहरु छन् । यसको माथिल्लो भागमा पखेटा भएका भेंडा जस्ता जनावरको मुखबाट हिरामोती निक्लिरहेको छ । मध्य भागमा अक्षोभ्यको मूर्ति छ । तीन शिर र छ हात भएका अक्षोभ्य दुई गजासनमाथि(हात्ती) वज्रपर्याङ्कासन मुद्रामा बसेको छ । दाँया पट्टिको क्रमशः माथिल्लो हातले पद्म, चक्र र छाती सम्म उठाई वज्र लिएको छ । त्यसै गरी बाँया हातहरुमा खड्ग, रत्न र घण्टा लिएको छ । यस मूर्तिमा सानो छेपु रहेको सानो तोरण बनाइएको छ । यस तोरणमा मुख्य देवतासँगै रहेका देवताहरुको तीन शिर र छ हातहरु छन् । यस मूर्तिको दाँया वैरोचन र बाँया अमिताभको मूर्तिहरु छन् । वैरोचनको मूर्ति सिंहमाथि देखाइएको छ । दाँया पट्टिको क्रमशः माथिल्लो हातले मुण्ड, वज्र र चक्र लिएको छ । त्यसैगरि बाँया हातहरुले क्रमशः तलवार, घण्टा र रत्न लिएको छ । अमिताभको मूर्ति मयूरमाथि बसेका छन् । दाँया पट्टिको क्रमशः माथिल्लो हातले चक्र, वज्र र पद्म लिएको छ । बाँया हातहरुले क्रमशः तलवार, घण्टा र रत्न लिएको छ ।

बाहिरी घेरामा वैरोचनको दाँयापट्टि घोडामाथि रत्नसम्भवको हातमा क्रमशः दाँया चक्र, वज्र, वरद मुद्रा र बाँया खड्ग, घण्ट र रत्न छन् । अमिताभको बाँया गरुडमा अमोघसिद्धिको हातहरुमा क्रमशः दाँयामा वज्र, वज्र, खड्ग र बाँयामा रत, वज्र र घण्ट लिएका छन् । पंचध्यानी बुद्धको मूर्तिहरुमा तीन शीर र छ हातहरु छन् । अरु देवताहरुको तीन शिरसहित वज्रपर्याङ्कासन मुद्रामा बसेका छन् । रत्नसम्भवको तल्लो छेउमा बाऱ्ह हात भएकी वज्रधातेश्वरी, दाँयामा आठ हात भएको शाश्वतवज्र र माथि छ हात भएको रत्नवज्री छन् । अमोघसिद्धिको तल्लो छेउमा दश हात भएको धर्मवज्री, बाँयामा आठ हात भएको विश्ववज्री र माथि छ हात भएको वज्रसत्वमिका छन् । तलतिर दाँया बाँया *हितीमंगः*को मुखबाट हिरामोती निकालिरहेको छ । यिनै मकरको छेउमा सानो दुई महाकालका मूर्तिहरु छन् । जसले दाँया हातले खड्ग र बाँया हातमा पाश लिएका छन् ।

यस तोरणको दाँयाबाँया काठका दुई साना मूर्तिहरु छन् । प्रभावलीको साथै फलकमा ज्वालावली पनि छ । दाँयातिरको मूर्तिमा दाँया हातमा चमर र बाँया हात तलतिर सोझो राखेको छ । बाँयाको मूर्तिमा दाँयाहात त्यत्तिकै र बाँया हात उठाएको छ । यस तोरणको तलतिर मसिनो काठमा प्रचलित लिपिमा दुई पंक्ति अभिलेख लेखिएको छ ।

## ३.३.७.३ गन्धकुटीको दाँया द्वारको तोरण

गन्धकुटीको दाँयाबाट माथिल्लो तलामा जाने प्रवेशद्वारमा पनि तोरण (चि.सं. २२) छ । यो तोरण पनि अर्धगोलाकारको रहेको छ । यो तोरण पाँच टुक्रा काठ जोडेर बनाएको छ । यस तोरणको माथिल्लो भागमा छत्रावली बनाइएको छ । तोरणको माथिल्लो भागमा मुखमा सर्प च्यापिरहेको र दुबै हातले सर्प समाति रहेको भयंकर छेपु रहेको छ । मध्य भागमा सिंहासनमाथि वज्रपर्याङ्कासन मुद्रामा वज्रसत्वको मूर्ति रहेको छ । एक शिर दुईहात भएको मूर्तिले साधारण मुकुट पहिरेको छ । दाँया हातले वज्र लिएको र बाँया हातले घण्ट लिएर काखमाथि राखेको छ । वज्रसत्वको ठिक माथिल्लो भागमा फेरि अर्को सानो *छेपु*को तोरण रहेको छ । *छेपु*को तल दाँया बाँया सूगाहरु र फूल बुट्टा छन् । वज्रसत्वको दाँयाबाँया रहेका परिचरहरुले चिवर पहिरेका छन् । साथै दाँया हातले चमर र बाँया हातले पात्र लिइरहेका छन् । यी परिचरहरुको पनि प्रभावली देखाइएको छ । तलतिर दाँयाबाँया *हितीमंगः*ले मुखबाट हिरामोती निकालिरहेको छ । यसको माथितिर बादलको आकृति छ । यसबाहेक पनि पृष्ठभूमिमा मसिना बुट्टाहरु कुँदिएका छन् । वज्रसत्वको हातको वरपरको भागमा मात्र हावादारी प्वाल बनाइएको छ ।

## ३.३.८.४ मूल पूजाकोठाको तोरण

मूल पूजाकोठाको प्रवेशद्वारमाथि पनि तोरण रहेको छ । माथिल्लो तलामा जाने प्रवेशद्वारको तोरण भन्दा आकारमा सानो छ । विहारको परम्परागत शैली अनुसार गुह्यदेवता रहने *आगँ* (पूजाकोठा)को तोरण हो । यस तोरणको आकार अर्धगोलाकारको भएता पनि केहि मात्रामा चेप्टिएको छ । तोरणको माथिल्लो भागमा छत्रावली रहेको छ । *छेपु* अंकित यस तोरणको मध्य भागमा वज्रधरको मूर्ति छ । दुई हातले घण्ट र वज्र लिएर वज्रहुंकार मुद्रामा पद्मासनमा देखाइएको छ । वज्रधरको दाँया बाँया दुई भक्तालुहरु घुँडा टेकेर बसेका छन् । यस

तोरणको तल्लो भागमा दुई मकरहरु रहेका छन् । यस आगमकोठामा संघका दिक्षा लिएका सदस्यहरुले मात्र प्रवेश गर्न सकिन्छ ।[१२१]

### ३.३.८.५ पासुका झ्यालको तोरण

विहारको गन्धकुटीको प्रवेशद्वार माथि पासुका झ्याल रहेको छ । सोहि झ्यालमाथि पनि सानो तोरण (चि.सं. २३) रहको छ । यस तोरणमा छत्रावलीको गजुर रहेको छ । माथिल्लो भागमा पखेटामाथि हात फिजाएको चार हाते गरुड छ ,जसको दाँयाबाँया नागकन्याहरु छन् । उनीहरुको हात खुट्टाहरु स्पष्ट देखाइएको छ । टाउकामाथि पाँचवटा नागको टाउकाहरु छन् । उनीहरुको खुट्टाको तल्लो भागबाट सर्पको पूच्छर देखाइएको छ । गरुडको तल्लो भागमा तोरणको मुख्य देवता रहने स्थानमा बुट्टेदार घेरा (फलक देखाउन) बनाइएको छ । मूल खण्डमा रहेको देवताको तीन शिर माथि एउटा अर्को शिर थपिएको छ । छ हात भएका कमलासनमाथि सिंहासनमा वज्रपर्याङ्कासनमा मुद्रामा बसेका छन् । मूल देवताको दाँयाबाँया वृत्ताकार घेराभित्र कमलासनमा दुई हात भएका मूर्तिहरु रहेका छन् । मूल देवतासँगै एउटै कमलासनमा दाँयाबाँया वज्रपर्याङ्कासन मुद्रामा दुई हात भएका साना दुई मूर्तिहरु छन् । तोरणको दाँयाबाँया तल्लो भागमा दुई मकरहरुका आकृति रहेको छ ,जसको मुखबाट हिरामोती निकालिरहेको छ । पृष्ठभूमिमा दुई परेवा जस्ता आकारका चराहरु पनि कुंदिएका छन् ।

### ३.३.८.६ गःझ्यालको तोरण

गन्धकुटीको माथिल्लो तलामा रहेको पासुका झ्यालको दाँयाबाँया गःझ्यालहरु छन् । यी साना झ्यालहरुमा पनि स-साना तोरणहरु (चि.सं. ३४) छन् । यी झ्यालहरुलाई गःझ्याल भन्ने गरिन्छ । त्यसैले सानो तोरण भए पनि छत्रावली भएको गजुर छ । यस तोरणको माथिल्लो

[१२१] यस विहारको मूलपूजा कोठामा यसै संघका सदस्यहरुले मात्रै प्रवेश पाउने नियम छ । सोहि कारण माथिल्लो तलामा बाहिरी व्यक्तिले जान मिल्दैन । त्यसैले यस ढोकामा रहेको तोरणको फोटो उपलब्ध हुन सकेन । तर सो तस्वीर यादिरत्न वज्राचार्यको पुस्तकको पृ.४३ मा छ ।

भागमा सर्प समातिरहेको *छेपु*को घेरा छ । छेउका कुनामा मकरहरु पनि छन् । मध्य भागमा कमलासनमा वज्रपर्याङ्कासन मुद्रामा तीन शिर छ हात भएको मूर्ति छ ।

## ३.३.९ ढोकाहरु

Wolf Gang Korn ले ढोकालाई चार प्रकारमा विभाजन गरेका छन् ।[१२२]

१. सर्वसाधारणका घरमा ढोका,

२. विहारमा ढोका,

३. मन्दिर तथा पुजारीहरुको घरमा र

४. २ र ३ नं को शैलीको एकतृत स्वरुप हो, जुन धेरै संख्यामा बनाइएका यस प्रकारका ढोकाहरु विशेषतः ठूला मन्दिरहरुमा बनाइन्छन् । यस प्रकारको ढोकालाई Ulrich Wiesner ले मन्दिरहरुमा विहेषतः प्रयोग गरिने ढोकाका रुपमा दर्शाएका छन् ।[१२३] यसरी वर्गिकरण गरिएका चार प्रकारका ढोकाहरुमध्ये छुस्यावहालमा दुई नं.को ढोकाको प्रयोग गरिएको छ । प्रमुखद्वारहरुमा तोरण पनि राखिएका छन् ।

विहारको उत्तरतिर सडकपट्टि मूल प्रवेशद्वार रहेको छ ,जुन ढोकाको चौकोस कलात्मक रहेको छ । यो ढोका विहारमा विशेष अवसर र कार्यक्रमको लागि मात्र खोलिन्छ । ढोकामा चौकोसको दुई तह देखिन्छ । भित्रि तह मुख्य चौकोस हो, जसमा सादा खापा गाँसिएको छ । चौकोसको माथिल्लो भागमा पंचबुद्धको प्रतीक बनाइएको छ । चौकोसको माथिल्लो भागमा काठको पखेटा जस्तो फिंजिएको भाग नयाँ र सादा छ । दाँयाबाँया रहेको काठमा माथिल्लो आधा भागमा तीन तह सम्म फूलको बुट्टाहरु बनाइएका छन् । चौकोससँगै टाँसिएको काठमा ज्वालावलीको बाहिरी घेरा चौकोसको माथिल्लो तहमा र दाँयाबाँया तलसम्म रहेको छ । चौकोसको तल्लो भागमा कलशाकृति छन् । बाहिरी तहमा ढोकाको दाँयाबाँया समूहका खम्बाहरु राखिएका छन् । तीनवटा खम्बाहरु मध्ये बिचको खम्बामाथि अर्को खम्बा राखिएको छ । यस खम्बामा माथिल्लो भागबाट क्रमशः *चो* (माथिल्लो भाग), दोहोरो *पलेहः* (कमलको पत्रदल) र

---

[१२२] Wolf Gang Korn, **The Traditional Architecture of Kathmandu Valley**, (Kathmandu : Ratna Pustak Bhandar, 1976), p. 107 . (रेखाचित्र १ हेर्नुहोस् ।)

[१२३] Ulrich Wiesner, **Nepalese Temple Architecture**, Leiden : E. J. Brill, 1978, p. 54 .

*डबडबी* (डमरु आकार), *दथुत्वा* (बिचको भाग), *जँ* (कम्मर), *मेमिखा* (राँगाको आँखा), *कलश, चो* र *को* बनाइएको छ। *दथुत्वा* पुरै फुलबुट्टा रहेको छ। बाहिर रहेका सबै खम्बाहरु एउटै प्रकारका बुट्टाहरु रहेका छन्। दथुत्वामा मात्र फरक-फरक फूल बुट्टा बनाइएको छ। यी खम्बाको पृष्ठमा रहेको भित्री खम्बाको दथुत्वामा *हाछें* (माहुरीको चाका जस्तै बुट्टा) बुट्टा रहेको छ।

यी खम्बाहरुको समूह बुट्टेदार सिंहाकृति भएको ढुंगाको आधारमा राखिएको छ। यिनै खम्बाको माथिल्लो भागमा काठको बाहिरी चौकोस जस्तो देखिने भाग छ ,जुन तोरण बिसाउनको लागि राखिएको हो। यसमा एउटै काठमा धेरै तह देखिने गरि तीन तहमा *तकिं* (तह तह) बुट्टा बनाइएको छ। बिचको समूहमा बुट्टेदार घेरा भित्र एउटा मूर्ति छ ,जुन कमलासनमा बेतालमाथि प्रत्यालिढ मुद्रामा देखाइएको छ ,जसको छ वटा हातहरु छन्। क्रमशः दाँया हातमा खड्ग, पाश र बाँयामा डमरु ,खत्वाङ्ग समातेको छ। बाँकी दुई हातहरु छातीको समतलमा छड्के(क्रस) गरि राखिएको छ। यस मूर्तिको माथिल्तिर वर्गाकारको खाली कोष्ठ छ। यस मूर्तिको दाँया बाँया दुई अलि साना मूर्तिहरु छन्। प्रत्यालिढ मुद्रामा दुई हातले केहि बस्तु समातेको देखाइएको छ। तर समातेको वस्तु अस्पष्ट छ। यस फल्याकको तल्लो भागमा *गसि* ( लहरा) र फूलको बुट्टाहरु कुंदिएको छ।

विहारको गन्धकुटीमा रहेको प्रवेशद्वार (चि.सं. ७ र ७८) पनि बुट्टेदार छ। यस ढोकामा पित्तलको पाताले मोडिएको छ। ढोकामा चौकोसको दुई तह देखिन्छ। भित्रि तह मुख्य चौकोस हो, जसमा खापा गाँसिएको छ। चौकोसको माथिल्लो भागमा पंचबुद्धको प्रतीक बनाइएको छ। चौकोसको माथिल्लो भागमा काठको पखेटा जस्तो फिंजिएको भाग छ, जसमा दाँया चार र बाँया चार गरि अष्टमंगल कुंदिएको छ। *सूभः*मा हल्का गहिरो खोपा जस्तो बनाइ बसेको मूर्ति बनाइएको छ। दाँयाको मूर्तिमा सातवटा टाउको भएको नागले आरक्षण दिएको छ। दुई हात मध्ये दाँया वरद र बाँया हातले पलेटीमाथि राखि लामो नाल सहितको कमल लिएको छ। साथै दाँया तर्फ कुमसम्म नागले शिर उठाएको देखाइएको छ। सो मूर्तिको तल्लो भागमा *छेपु*को आकृति रहेको छ। बाँया तर्फको मूर्तिले दाँया हात छातीको समतलमा केही वस्तु समातेको र बाँयाले पलेटी माथि मुठ्याएको अस्पष्ट देखिन्छ। सोहि काठको तल्लो भागमा प्रत्यालिढ मुद्रामा उभिएको, छ हातयुक्त मूर्तिहरु छन्। दाँयाको मूर्तिले क्रमशः दाँया हातले खड्ग, चक्र र बाँयामा सानो टुक्रा डाँठ जस्तो, घण्ट लिएको छ। बाँकी दुई हातले अंकुश र पाश समाइ हात

छातीको समतलमा क्रश गरेको छ । बाँयाको मूर्तिले क्रमशः दाँया हातले दण्ड, खड्ग र बाँयामा अंकुश, पाश लिएको छ । बाँकी दुई हातले घण्ट र चक्र समाइ हात छातीको समतलमा क्रश गरेको छ । यहि चौकोससँगै टाँसिएको काठको लिष्टीमा यसै मूर्तिको समानान्तर दाँयाबाँया दुई मुर्तिहरु रहेका छन् । दाँया रहेका मूर्तिका हातहरुले दाँयामा पाश र बाँयामा खड्ग लिएको छ । बाँया रहेका मूर्तिका हातहरुले दाँयामा खड्ग र बाँयामा फूल लिएको छ ।

बाहिरी तहमा ढोकाको दाँयाबाँया तीन-तीन वटा समूहमा मसिना खम्बाहरु राखिएको छन् । खम्बामा भित्र तर्फको काठमा समानान्तर दाँयाबाँया दुई मूर्तिहरु छन् । तर छेकिएकाले राम्ररी हेर्न मिल्दैन । यस खम्बामा माथिल्लो भागमा तह-तह परेका बुट्टा *चो* बनाइएको छ । त्यसपछि दोहोरो कमलको पत्रदल *पले* र *डबडबी* पछि बिचको भाग *दथुत्वा* पुरै फुलबुट्टा रहेको छ । *पले, कलश* र तल्लो भागमा *चो* र *स्वाँफ्वः* (फूलको थुँगा) बनाइएको छ । बिचमा राखिएका स्तम्भको तल्लो भागमा पनि प्रत्यालिढ मुद्राको तीन शिर, छ हात भएका मूर्तिहरु छन् । दाँयाको मूर्तिका दाँया हातहरु भाँचिएका छन् । बाँया माथिल्लो हातले पाश र तेस्रो हातले घण्ट लिएको छ । बाँयाको मूर्तिका दाँया माथिल्लो हातमा वज्र, दोस्रो हात भाँचिएको, तेस्रोमा फूल र बाँयाले माथिल्लो हातमा त्रिदण्डी, दोस्रो हातमा भाँचिएको, तेस्रो हातमा चक्र लिएका छन् । यी सबै मूर्तिहरुले वृत्त कुण्डल र लामा माला लगाएका छन् । यिनै खम्बाको माथिल्लो भागमा काठको बाहिरी चौकोस जस्तो देखिने भाग छ । जुन तोरण बिसाउनको लागि राखिएको हो । यसमा एउटै काठमा पनि धेरै तह देखिने गरी तीन समूहमा चो जस्तो बुट्टा बनाइएको छ । बिचको समूहमा एउटा बसेको मूर्ति बनाइएको छ । यो मूर्तिले मुकुट पहिरेको, कमलासनमा वज्रपर्याङ्कासन मुद्राका बसेको छ । निधारमा उर्ना (टिका जस्तो), दुई हात छातीको समतलमा वरद मुद्रामा र कुममा ओढेको कपडा दाँयाबाँया पृष्ठमा फिंजिएको देखाइएको छ । यहाँको ढोकाको खापा आँखीझ्याल जस्तो जालीदार बुट्टा मात्र छ । यो ढोका नै भएता पनि भित्र सोझै प्रवेश गर्न मिल्दैन । चौकोसको तल्लो भागमा केहि अग्लो काठको फल्याक राखिएको छ । यस फल्याकमा पनि धातुले मोडिएको छ, जसमा कमलको आकृति बनाइएको छ । पृष्ठमा फूल र जालीदार बुट्टा जस्तै देखाइएको छ, जुन मुस्यावहालको ढोकासँग मिल्दोजुल्दो देखिन्छ । यहाँ

संघका दिक्षीत पुरुष सदस्यहरुले मात्र प्रवेश पाँउदछ । त्यसैले बाहिरी व्यक्तिले सजिलै प्रवेश गर्नमा रोक लगाउन यस किसिमको ढोका बनाइएको हो ।

विहारको माथिल्लो तलामा प्रत्येक लङमा सादा प्रवेशद्वारहरु छन् । आगमकोठामा पनि सादा ढोका रहेको छ । विहारभित्र तल्लो तलामा प्रत्येक भित्तामा दुई कुनामा दुई/दुईवटा सादा प्रवेशद्वारहरु (चि.सं. २,३,४,५) छन् । काठमाडौं डेन्टल हस्पिटलतर्फ विहार बाहिरको दक्षिण लङमा बाहिरबाट प्रवेश गर्न ढोका राखिएको छ । यो ढोका पनि सादा नै छ । सँधै विहान पूजा गर्नको लागि यहि ढोकाको प्रयोग गरिन्छ ।

## ३.३.१० स्तम्भहरु

विहारको उत्तर दिशामा चारवटा थोरै बुट्टा भएको खम्बाहरु (चि.सं. ६९) छन् । स्तम्भलाई स्थानिय भाषामा *थाँ* भनिन्छ । यहाँ रहेका स्तम्भहरु दुई-दुईवटा सँगै खप्टचाइ क्रमशः राखिएको छ । यी स्तम्भहरुको माथिल्लो भागमा केहि बुट्टाहरु छन् । स्तम्भको बुट्टाहरु माथिदेखि तलतिर क्रमशः विवरण यसप्रकार छ ।

ब्राकेटमा हल्का रेखाचित्र र गोलाकृति छन् । सादा *मेथ*को तल्लो भागमा सादा *चकुल* भएको थाँ रहेको छ । *थाँ* (स्तम्भ) को तल्लो भागमा *पुकेशर* (फूलको भित्री भागमा रहने केशर), *खोसिंग्वः* (ओखर आकार), *तुसिपु* (काँक्राको बिउ) छन् । सादा चकुलको तल्लो भागमा मेमिखा पछि बाँकि *सिंत्वा* (काठको भाग) मात्र रहेको छ । विहारको तीन तर्फ यस प्रकारका खम्बाहरु रहेका छन् ।

वहालको पूर्व र पश्चिम दिशामा भुइ तलामा चार/चारवटा सादा खम्बाहरु छन् । यसमा आँखीझ्याल जस्तो काठको जालिदार फ्रेम अड्याइएको छ । त्यस जालिदार फ्रेमले कोठालाई भित्ताको सट्टा विभाजन गरिएको छ । विहारको तल्लो कोठामा घाम, प्रकाश, र हावाको सहज आगमनको लागि यस किसिमको निर्माण गरिएको हुन सक्दछ । साथै भित्रको गतिविधिमा बाहिरबाट हेर्न बन्देज लगाइएको हो । भित्रबाट बाहिरको सबै क्रियाकलाप हेर्न सजिलो पनि पर्दछ । विहारहरुमा हुने क्रियाकलापमा बाहिरी प्रवेशले खलल नपुऱ्याउने हेतुले बनाइएको हो ।

## ३.३.११ फलैंचा

छुस्यावहाल विहारमा प्रवेश गर्ने बित्तिकै दाँयाबाँया काठका दुई फलैंचाहरु (चि.सं. ४) रहेका छन् । स्थानीय भाषामा *फल्चा* भन्ने गरिन्छ ,जुन बस्नको लागि प्रयोग गरिन्छ । यहाँको *फल्चा* पुरानो देखिंदैन । फलैंचा काठको बाकस जस्तो देखिने गरि बनाइएको छ । बाहिरी भागमा देखिने गरि पाँचवटा थाँमा फल्याक बिछ्याइएको छ । यस *थाँ* मा मेथमा फूलको आकृति पछि गुति, अमोसा, कलशको बुट्टाहरु छन् । ब्राकेटमा *स्वाँफ्वः* र पातको बुट्टाहरु छन् । *थाँ* बिसाउन प्रयोग गरेको तल्लो आशनमा पातयुक्त फूलहरु छन् । प्रत्येक *थाँ*को बिचमा रहेको खाली भाग छोप्नको लागि सादा फल्याकले टाँसिएका छन् ,जसलाई सामान राखिन ढोकामा साँचो लगाउन मिल्ने गरि बनाइएको छ । विहारको वास्तुशैलीमा फलैंचाको पनि महत्वपूर्ण भूमिका रहेको छ। आजभोली यस्ता फलैंचाहरु विहारहरुमा लोप हुने क्रममा छ।

## ३.३.१२ खोपाहरु

संस्कृतमा खोपालाई गवाक्ष भनिन्छ । अंग्रेजीमा गवाक्षलाई Niches भनिन्छ । गाईको जस्तो आँखा भएको हुनाले गवाक्ष भनिएको हो । गवाक्षलाई नेपालभाषामा *ग्वाखँ* भन्ने गरिन्छ । प्रायः जसो भित्तामा खोपिल्टा बनाएर सामान राख्न मिल्ने किसिमले बनाइएको हुन्छ । लाम्चो आकार तल्लो भागमा सम्याइएको र माथिल्तिर चुच्चो पारेर आकारमा बनाइएको हुन्छ । यसको आकारले गर्दा गवाक्ष भनिएको हो । खोपा विभिन्न आकार र शैलीमा बनाइन्छ । छुस्यावहालमा दुई किसिमका खोपाहरु पनि छन् । चित्रफलक सं. ७३ मा देखाइएको खोपा साधारण गारोमा बनाइएको हो । सो खोपामा हुनमानको मूर्ति राखिएको छ ,जुन गन्धकुटीको बाँयातिर रहेको छ । यस विहारमा रहेको अर्को किसिमको खोपामा काठको पनि प्रयोग गरिएको छ । विहारमा प्रवेश गर्ने बित्तिकै दाँयाबाँया भित्ताहरुमा गणेश (चि.सं. ६७) र महाकालका (चि.सं. ६८) प्रस्तर मूर्तिहरु राखिएका छन् । काठका दुई झ्याल जस्ता फ्रेमहरु भित्तामा टाँसिएका छन् ,जसको बिचमा खाली रहेको भागमा खोपाहरु बनाइएका छन् ।

भित्री चौकोसमा फूलको लहरा छन् । यस चौकोसको भित्र माथिल्लो भागमा खोपा र तल्लो जालीदार भाग रहेको छ । चौकोसको दाँयाबाँया स्तम्भहरु छ । स्तम्भमा माथिल्तिर *चो, आस, डवडवी, दथुत्वा, डवडवी, कलश, कलशआसन, चो र को* मा फूल बुट्टा बनाइएको छ ।

माथिल्लो चौकोसमा गुति र चौकोसको दाँयाबाँया पखेटा जस्तो फिंजिएको भागमा मयूर र फूलको आकृति रहेको छ । चौकोसको आधार/आशनमा साधारणतया मन्दिरको ढोका वा सिंहासनको तल्लो खण्डमा कुंद्ने प्रकारको बुट्टा रहेको छ । स्तम्भको आधार भागमा कंकालको आकृति रहेको छ ,जसले एक हात र दुई खुट्टाले टेकेर अर्को हात उठाइरहेको देखाइएको छ । बाहिरी घेरामा फूलका लहराहरु छन् । यस खोपामा गणेशको मूर्ति रहेको छ ।

दुवै खोपाका फ्रेमहरु हेर्दा उस्तै देखिए पनि केहि भिन्नता रहेका छन् । महाकाल रहेको फ्रेममा जालीदार भागमा आँखीझ्यालको जस्तो मसिनो चारपाटे छैन । गोलाकारको घेराहरु एक अर्कामा चारैतिरबाट खप्टिएर फूल जस्तै देखिन्छ । वृत्तको मध्य भागमा पनि फूलको थुंगा छ । यस फ्रेमको स्तम्भको आधारमा कंकाल जस्तै मुद्रामा वेताल रहेको छ । अरु बुट्टाहरुमा भने समानता रहेको छ ।

वास्तुकलाको निर्माणमा काठको प्रयोग प्राचीन समयदेखि नै भएको हो । मानव सभ्यताको विकास समयमा नै काठको प्रयोग गरिएको अनुमान गर्न सकिन्छ । विश्वको कुनै पनि देश वा सभ्यताको आरम्भमा नै काठको प्रयोग गरेको थियो । माटो पछि सजिलै पाइने वस्तु काठ हो । काठ सजिलै प्राप्त हुन्छ तर लामो समय टिक्दैन । चाँडै भाँचिने, कीरा लाग्ने, सड्ने तथा प्राकृतिक प्रकोपले नाश हुन्छ । त्यस कारण ज्यादै पुरानो काष्ठकलाको नमुना प्राप्त नभएको हो । मध्यकालमा बनेका काष्ठकला लिच्छविकाल कै निरन्तरता हो । मल्लकालमा बनेका हजारौं काष्ठकलाको रुपमा जिवित छन् । मध्यकालका वास्तुकलामा काठबाट मेठ, कार्नेस, स्तम्भ, नस, मुठल, कप्पु, टुंडाल, तोरण, झ्याल, ढोका, धलिन, चौकोस, नाल आदि बनाउन प्रयोग गरिन्थ्यो । लिच्छविकाल ताकाका काष्ठकलाको विकास भएको प्रमाण दिने साहित्यिक तथा पुरातात्विक स्रोतहरु मात्र उपलब्ध छन् । लिच्छविकालका दक्षिण राजकुल, मानगृह, कैलाशकुटभवन र भद्राधिवास जस्ता महत्वपूर्ण दरवारहरुको निर्माणमा पनि काठको प्रयोग हुनुका साथै कलात्मक काष्ठकलाले सजिएको हुनुपर्छ । गुंविहार, मानविहार, राजविहार, खर्जुरिकाविहार, मध्यमविहार आदि लिच्छवि विहारहरुको झ्याल, ढोका, दलिन, विम, टुंडालहरुमा कलाकारिता उत्कृष्ट रहेको रहेको अनुमान लगाउन सकिन्छ ।

उत्खनन र अन्वेषणबाट लुम्बिनी कपिलवस्तु क्षेत्रमा इ.पू. कालका मान्न सकिने विहारका अवशेषहरु पाइएका छन् । बुद्धका समयमा नै कपिलवस्तुबाट शाक्यहरु काठमाडौं उपत्यका आउने गरेका विवरणहरु पाइएबाट त्यस समयदेखि यहाँ विहारहरु बनेको अनुमान लगाउन सकिन्छ । इ.पू. तेस्रो शताब्दीका सम्राट अशोककी छोरी चारुमतीले काठमाडौं उपत्यकामा विहार वनाएको कुरा वंशावलीमा उल्लेख छ[१२४], जुन हाल चावहिलको नामले प्रचलनमा रहेको छ । मध्यकालको अन्तिम समयमा बनाइएको छुस्यावहाल परम्परागत विहार वास्तुशैलीमा नै बनेको मान्न सक्छौं । यस विहारका संस्थापक गुणज्योतिका नाति परिषदेवले विहार निर्माणको २९ वर्ष पछि ने.सं. ७९८ (इ.सं. १६७८)मा भगवती पंचविंशति सहस्रिका प्रज्ञापारमिता लेख्न(सार्न) लगाएका थिए । छुस्यावहालमा काठका कलाकारिताले भरिएका विभिन्न सामाग्रीहरु छन् । झ्याल, ढोका, तोरण, टुंडाल, दलिन, खम्बा, जस्ता सामाग्रीका अलावा बुद्धमण्डल, मूर्ति पछाडि रहेको प्रभावलि, मूर्तिहरु, धर्मगण्डी, काष्ठ चैत्य, पुस्तकको गाता आदि । स्वदेशी तथा विदेशी विद्वानहरुले छुस्यावहालमा रहेको तोरण र टुंडालहरुको मुक्तकण्ठले प्रशंसा गरेका छन् ।

[१२४] वज्राचार्य, **पूर्ववत्** , (पादटिप्पणी संख्या १०), पृ. ३ ।

# अध्याय : चार

# छुस्यावहालका झ्यालहरु

## ४.१ झ्यालको परिचय

काठमाडौं उपत्यकाका वास्तुकलाको प्रमुख अंगको रुपमा झ्यालहरुको उल्लेख गर्न सकिन्छ । झ्याल शव्दलाई स्थानिय नेपालभाषामा 'झ्या:' भन्ने गरिन्छ । खस भाषाको 'झ्याल' शब्दको 'ल' लोप भएर नेपालभाषामा 'झ्याल' भएको भन्ने तर्क गलत हो ।[१२५] झ्याल शब्द पहिले तराई र पहाडमा प्रयोगमा थिएन । झ्यालवाचक शब्दको रुपमा दैलोको प्रयोग गरिन्थ्यो ।[१२६] नेपालभाषा (नेवारी)मा polysyllable बाट monosyllable परिवर्तन हुने गर्दछ । जस्तै 'हल' (पात) को 'ह:' हुन्छ । 'झ्याल' शव्दको 'ल' मा यसरी 'ल' लोप भएर त्यसको सट्टामा विसर्ग रहेको हो । पछाडिको 'ल' शव्द लोप भएर विसर्ग लागेका थुप्रै उदाहरणहरु छन् । यसरी लोप भएको अक्षर सप्तम विभक्तिको प्रयोग हँदा पुनः देखा पर्दछ । जस्तै :- झ्यालमा भन्नु पर्दा 'झ्यालय्' भनिन्छ ।

चन्द्र बहादुर जोशीका अनुसार काठमाडौं उपत्यकाका कलात्मक झ्यालहरुमा निम्नानुसार झ्यालहरुको उल्लेख गरेका छन् - १. कमलझ्या: २. का:झ्या: ३. कुंझ्या: ४. ग:झ्या: ५. गा:झ्या: ६. गोझ्या: ७. छपा:झ्या: ८. तिकिझ्या: ९. देशय्मदुझ्या: १०. धनुपोताहर्द विमानझ्या: ११. पंचझ्या: १२. पासुखाझ्या: १३. बाकुझ्या: १४. विधिझ्या: १५. विमानझ्या: १६. म्हय्खाझ्या: १७. याकुझ्या: १८. सूर्यमुखीझ्या: १९. सँझ्या: २०. स्वखाझ्या: ।[१२७]

---

१२५ इन्द्र माली, "झ्याल शब्द छगू अध्ययन", **सितु**, वर्ष ७, अंक ३८, (ने.सं.१०९०, शरद), पृ. १५ ।

१२६ **उही,** पृ. १३ ।

१२७ चन्द्र बहादुर जोशी, **काठमाडौं उपत्यकाका कलात्मक झ्यालहरु**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०४६), पृ. ९ । (परिशिष्ट "क"- अ । )

Gutschow का अनुसार झ्याललाई आकार र प्रकारमा विभाजन गरि अध्ययन गरेका छन् ।[१२८] S.B. Deo ले काठमाडौं उपत्यकाका झ्यालहरुलाई तीन किसिमले विभाजन गरेका छन् ।

क) घर, मठ, मन्दिर, विहार तथा दरवारको अग्रभागमा राखिने झ्यालहरु,

ख) दुई खम्बा र स्तम्भहरुलाई जोड्ने गरि राखिएका झ्यालहरु र

ग) विममा जोडिएका बालकोनीका झ्यालहरु पर्दछन् ।[१२९]

यसरी नै झ्यालको आकार वर्गाकार, चोसाकार, घोडाको टाप आकार, गोलाकार, अण्डाकार, धनुषाकार, चतुष्कोणीय, अर्धचन्द्राकार, बहुभुजाकार जस्ता विविध स्वरुपहरु देख्न सकिन्छ । बुट्टाको आधारमा काठमाडौंमा रहेका झ्यालहरुको नाम यस प्रकार छन् : *देशय्मदुझ्या:, नवग्रहझ्या:, मयुरझ्या:, नकिंझ्या:, देगःझ्या:, रथझ्या:, सूर्यझ्या:, चन्द्रझ्या:, विमानझ्या:, सँझ्या:, गाःझ्या:, गःझ्या:, तिकिझ्याः* आदि । सत्यमोहन जोशीका अनुसार *तिकिझ्या:, पुष्पझ्या:, त्रिखाझ्या:, पञ्चझ्या:, गःझ्या:, विधिझ्या:, गाःझ्या:, स्वखाझ्या:, कोसि झ्या:, बपिझ्या:, बाकूझ्या:, पाचुखाझ्या:, तस्वीरझ्या:, सँझ्याःहरु* छन् । वहाल र वहिलमा त्रिखाझ्याः त्रिरत्न (बुद्ध, धर्म र संघ) र पञ्चझ्याः पञ्चबुद्धको प्रतीकमा राखिन्छ ।[१३०] गौतमवज्र वज्राचार्यको हनूमानढोका राजदरबार पुस्तकमा पनि केहि झ्यालहरुको उल्लेख गरेका छन् । आँखीझ्याल, *गःझ्याल, गाःझ्याल, पाचुकाझ्याल, बाकुझ्याल, याकुझ्याल, विधिझ्याल, सँझ्याल, स्वखाझ्याल* आदि ।

Wolf Gang Korn ले झ्याललाई चार प्रकारमा विभाजन गरेका छन् ।[१३१]

---

[१२८] Neils Gutschow, (et.al.), **Newar Towns and Buildings An illustrated Dictionary Newari-English,** (Germany : VGH Wissenschaftsverlag , sankat Augustin, 1987), p. 191 . (परिशिष्ट “क”- आ । )

[१२९] Shantaram Balchandra Deo, **Glimpse of Nepal Woodwork,** (Calcutta : The journal of the Indian Society of Oriental Art, 1968-69), pp.29-30.

[१३०] सत्यमोहन जोशी, “सँझ्याः छगू अध्ययन”, **सँझ्या :** , वर्ष १, अंक १, (ने.सं. ११००), पृ. २ ।

[१३१] Wolf Gang Korn, **The Traditional Architecture of Kathmandu Valley**, (Kathmandu : Ratna Pustak Bhandar, 1976), p. 108. (जसको रेखाचित्र नं २ मा हेर्नुहोस् ।)

१. *छपाः झ्याः*

२. *गः झ्याः*

३. *तिकि झ्याः* क) *सँझ्याः* ख) *गाः झ्याः* र

४. साधारण झ्याः (बुट्टा नभएका) । कर्नले गरेको विभाजनका आधारमा झ्याललाई अध्ययन गर्न सजिलो पर्दछ । यिनै चार प्रकारले नै अरु झ्यालको स्वरुप तयार हुन्छ ।

प्राचीन समयमा निश्चित स्थानमा निश्चित प्रकार र आकारका झ्यालहरु राख्दथ्ये । छपाःझ्याःमा चौकोसको भाग धेरै रहेको हुन्छ ,जसमा एकदेखि पाँचवटासम्म स-साना खुल्ला प्वालहरु रहेको हुन्छ । यस प्रकारका झ्यालहरु प्रायः विहारहरुमा पाइन्छन् । मन्दिरमा सजावटको लागि प्रयोग गरिने गःझ्याः खोल्न मिल्दैन । यस्ता झ्यालहरुमा सानो प्वाल मात्र बनाइएका हुन्छन् । यसै गरि खोल्न नमिल्ने किसिमका झ्यालहरु पनि हुन्छन् । यस प्रकारका झ्यालहरु बाहिरबाट हेर्दा झ्याल र भित्रबाट गारो लगाइएका हुन्छन् जसलाई फर्जी/नक्कली झ्यालहरु (blind window) पनि भन्ने गरिन्छ । यस्ता गःझ्याल र फर्जी/नक्कली झ्यालहरु मन्दिर तथा विहारहरुको ढोका दाँयाबाँया राखिन्छन् । मन्दिर तथा भवनहरुमा सुन्दर झ्यालहरुको दाँयाबाँया राखिने झ्यालहरुलाई याक्वझ्याः (काखीमुनि रहेको) पनि भन्ने गरिन्छ । तिकिझ्याः भनेको जालीदार (lattic) बुट्टा भएको झ्याल हो, जसलाई क) सँझ्याः ख) गाः झ्याः गरी दुई भागमा बाँडेका छन् । यस प्रकारको झ्यालहरु सर्वसाधारणको घर, दरवारहरु, मन्दिरहरु र बौद्ध तथा हिन्दुहरुको स्मारकहरुमा पाइन्छन् । साधारण तिकिझ्याः सँझ्याः र गाःझ्याः दाँयाबाँया बनाइन्छ । सँझ्याः भवनको माथिल्लो तल्लामा बनाइन्छ । गाःझ्याः छानाको तल्लो भागमा राखिन्छ । पछिल्लो समयमा सामान्यतया १.५० मी. अग्लो र ८०-९० से.मी. चौडाइ भएका झ्यालहरुलाई साधारण झ्याल भनिन्छ । यस प्रकारका झ्यालहरु हावा र प्रकाशको लागि बनाइन्छ । यो झ्याल सर्वसाधारणहरुको निवासमा बनाइन्छन् । ३ र ४ नं को मिश्रणको झ्यालमा भने जालीदार भागले पुरै झ्याल छोपिएको हुन्छ ।

मध्यकालिन झ्यालहरु १ X १ फीट आकारका साना झ्यालहरु देखि १० फीट सम्मका लामा झ्यालहरु पाइन्छन् । काठमाडौं उपत्यकाका झ्यालहरु मध्यकालिन समयमा विजोर संख्यामा राख्ने परम्परा रहेको छ । उदाहरणको लागि एक, तीन, पाँच, सात, नौ र एघारवटा झ्यालहरुको पंक्ति देख्न पाइन्छ । तर वृहत संख्याको नमुना भक्तपुरको पच्पन्न झ्याले दरवार

रहेको छ। हाल सात, नौ र एघारवटा झ्यालहरुको पंक्ति भक्तपुरमा मात्र हेर्न पाइन्छ। सातवटा झ्यालका पंक्ति पुराना घरहरुमा र नवनिर्मित भवनहरुमा पनि देख्न सक्छौं । झ्यालहरुलाई संख्याको आधारमा स्थानीय बोलिमा नामाकरण गरिएको छ । जस्तै- *छपाझ्याः, स्वपाझ्याः, न्यापाझ्याः, न्हय्पाझ्याः, गुपाझ्याः, झिंछ्पा झ्याः, न्युन्यापा(पच्पन्न)झ्याः, त्रिखाझ्याः, पासुखाझ्याः* आदि । यसरी संख्याको आधारमा झ्याललाई *छपा, छखा, छका* भनेर एउटा झ्याललाई नै बुझाउँदछ। यसरी *का/खा/पा* भन्ने स्थान विशेष अनुसार बोलिमा फरक पर्ने गर्दछ। *का/खा/पा* भनेर संख्यात्मक गणनामा प्रयोग गरिने "वटा" जस्तै शब्दहरु हुन् । यसरी नामाकरण गरिएका झ्यालका अर्थहरु यस प्रकार छन् ।

१. *छपा/काझ्याः* - एउटा झ्याल
२. *स्वपा/त्रिखा/*त्रिमुखी - तीनवटा झ्यालको समूह
३. *न्यापा/पासुका/पञ्चझ्याः* - पाँचवटा झ्यालको समूह
४. *न्हय्पाझ्याः* - सातवटा झ्यालहरुको समूह
५. *गुपाझ्याः* - नौवटा झ्यालहरुको समूह
६. *झिंछ्पाझ्याः* - एघारवटा झ्यालहरुको समूह
७. *न्युन्यापाझ्याः* - पच्पन्नवटा झ्यालहरुको पंक्ति ।

छपा, स्वपा/त्रिखा/त्रिमुखी, न्यापा/पासुका/पञ्चझ्याः र न्हय्पाझ्याः प्राय जसो हामीले काठमाडौं उपत्यका वरिपरि दखिने झ्यालको नमूनाहरु हुन् । सातवटा झ्यालहरुको समूह सर्वसाधारणको आवासमा कमै मात्र देख्न पाइन्छ । परम्परागत सातवटा झ्यालको समूह भक्तपुरको गोलमढी टोलमा रहेको छ । त्यसैगरी हालसालै मात्र बनेको नयाँ भवनमा पनि परम्परागत शैलीमा सातवटा झ्यालको समूह बनाइएको छ ,जुन दत्तात्रय मन्दिरबाट *न्यातपौ* मन्दिर आउने बाटोमा रहेको छ। भक्तपुरको खौमा टोलमा जगतसुन्दर मल्लको शालिक रहेको छ। सो शालिकको अगाडिको घरमा पनि धेरै संख्यामा झ्याल रहेको छ ,जसमा एउटा घरमा नौवटा झ्यालको समूह रहेको छ। त्यसै घरसँगै टाँसिएको अर्कोमा एघारवटा झ्यालको समूह रहेको छ। यसै गरि काठमाडौंको यट्खाबाट नरदेवी जाने बाटोका बाँयातर्फ एक पुरानो घरमा सातवटा झ्यालहरुका पंक्ति रहेका छन् । यसैगरी काठमाडौंको बाङ्गेमुढामा (स्थानमण्डपबाट तीन घर पर) नवनिर्मित घरमा सातवटा झ्यालहरुको समूह देख्न सकिन्छ । पच्पन्नवटा

झ्यालको पंक्ति भक्तपुर दरवार क्षेत्रमा मात्र देख्न सक्छौं । मध्यकालीन समयमा निर्माण गरिने भवनहरुमा माथिल्लो तलाहरुमा यथाअनुकुल झ्यालहरु राखिन्छन् । यी झ्यालहरु कतै तीन, कतै पाँच र कतै सातको हिसाबले राखिएका हुन्छन् । भक्तपुरको दरवारमा पचपन्नवटा झ्यालहरु छन् ।

गौतमवज्र वज्राचार्यका अनुसार "तीन झ्याल भए शून्यता, अनि मित्रता, अप्रणिहितता, नामक तीन समाधिको प्रतिरुप, पाँच झ्याल भए दीव्यचक्षु, प्रज्ञाचक्षु, धर्मचक्षु, ज्ञानचक्षु र समाधिचक्षुको प्रतिरुप तथा सात झ्याल भए स्मृति, धर्मविचय, वीर्य, प्रीति, प्रश्रब्धि र उपेक्षा यी सात बोध्याङ्गको प्रतिरुप" मानिन्छन् ।[१३२] वास्तुकलामा बनाइने झ्यालहरुको संख्याका आधारमा विभिन्न धर्म अनुसार तिनले फरक प्रतीक जनाउने गर्दछ । "यस प्रकार घरहरुमा सजिने झ्यालहरुमा पनि बौद्ध धर्मको प्रतीकात्मक तत्वहरु समावेश भएका हुन्छन् । वास्तवमा शैव मतावलम्वीहरुको घरहरुमा पनि यस प्रकारका प्रतीकात्मक तत्वहरुले स्थान पाएको हुन्छ वा हुन्दैन यो कुरा यथार्थ रुपमा जानिएको छैन । तर हेर्ने झ्यालहरुलाई पनि यस प्रकार दीव्यचक्षु, प्रज्ञाचक्षु, आदिको भावनाले हेर्नु अवश्यमेव रोचक हुनेछ ।"[१३३] गौतमवज्र वज्राचार्यका अनुसार तीन, पाँच, सात संख्याको प्रतीकात्मक तत्वहरु रहेका छन् । लोककथन अनुसार भक्तपुरको पच्पन्नझ्याले दरवारका झ्यालहरुले राजा भूपतिन्द्र मल्लको ५५औं जन्मदिनको प्रतीक मान्ने गरिन्छ ।

झ्यालमा बनाइने बुट्टाहरुको आधारमा पनि झ्यालको नाम रहने गरेको छ । बुट्टाको आधारमा विभिन्न प्रकारका नाम भएको झ्यालहरुको अर्थ निम्नानुसार रहको छ ।

१. *देशय्मदुझ्याः* - अन्त कतै त्यसको जोडा नभएको विशिष्ट झ्याल भन्ने बुझिन्छ ।

२. *नवग्रहझ्याः* - नवग्रह अंकित झ्याल

३. *म्हयुखाझ्याः* - मयूर भएको झ्याल, दोल्खामा नेपालभाषामा मयुर झ्याललाई बाँपिझ्यालः भन्ने गरिन्छ ।

---

[१३२] गौतमवज्र वज्राचार्य, **हनूमान्ढोका राजदरबार**, (कीर्तिपुर : नेपाल र एशियालि अध्ययन संस्थान, त्रि.वि., वि.सं. २०३३), पृ. २५७ ।

[१३३] **उही**, पृ. २५७ ।

४. *नकिंझ्याः* - पाटनको महापालमा रहेको कुमारीको मुखाकृति कोरिएको आँखीझ्याल

५. *देगःझ्याः* - मन्दिर भएको झ्याल वा मन्दिरमा रहेको झ्याल भन्ने बुझिन्छ ।

७. *रथझ्याः* - रथ भएको झ्याल वा रथमा भएको झ्याल भन्ने बुझिन्छ ।

८. *सूर्यझ्याः* - सूर्य वा घोडा अंकित झ्याल

९. *चन्द्रझ्याः* - चन्द्रमा वा राजहंस अंकित भएको झ्याल

१०. *विमानझ्याः* - विमान जस्तो उड्न लागेको झ्याल

११. *सँझ्याः* -गारोमा टाँसिएको बाहिर हेर्न मिल्ने किसिमको झ्याल, जुन विशेष गरि तान बुन्नको लागि प्रयोग गरिन्छ ।

१२. *गाःझ्याः* - गाः भनेको खाल्डो, माथिल्तिर चौडा र तल्लो भागमा साँघुरिएको झ्याल हो ।

१३. *गःझ्याः*- परेवाको खोरलाई *गः* भन्ने गरिन्छ । परेवाको खोरमा जस्तो सानो प्वाल भएको झ्याल हुनाले नै *गः* झ्याल भनिएको हो ।

१४. *तिकिझ्याः* - *तिकि* भनेको थोप्ला हो । यसरी थोप्लै थोप्ला मिलेर बनेको भएर *तिकि*झ्याल भनिएको हो ।

१५. *पुष्पझ्याः* - फूल बुट्टा भएको झ्याल

१६. *विधिझ्याः* - छानोबाट भिरालो भइ जोडिएको, आँखीझ्याल जस्तो सादा जालीदार भागले झ्याल पुरै भाग घेरिएको, बरण्डा जस्तो गाह्रोबाट बाहिर तर्फ निस्किएको झ्याल हो । जुन प्रायः जसो मन्दिरको माथिल्लो तल्ला र तल्ले शैलीको मन्दिरमा बनाइने गरिन्छ ।

१७. *बपिझ्याः* - बपि भनेको करंग भन्ने बुझिन्छ । करंग जस्तो बुट्टा भएको झ्याल भनेको हुन सक्दछ ।

१८. *बाकुझ्याः* - सिंगो झ्यालको विचबाट थाम राखेर टुक्राइएको बाकुझ्याल भनिन्छ । *बाकु* भनेको आधा भन्ने बुझिन्छ ।

१९. *तस्वीरझ्याः* - कुनै पनि प्रकारको झ्यालको तल्लो भागमा रहने *कोता*(फल्याक) वा जालीदार भाग रहने स्थानमा तस्वीर बनाइएकोले तस्वीर झ्याल भनिएको हो ।

२०. *याकु/याक्वझ्याः* - कुनै विशेष किसिमको झ्याल वा ढोकाको दाँया बाँया रहने झ्याल हो । याकु/याक्व भनेको काखी मुनिको भाग हो, जसरी मानव शरिरमा हातको मुनि

काखी रहन्छ त्यस्तै झ्याल वा ढोकाको पखेटाको तल्लो भागमा रहने गर्दछ ।
यस प्रकारको झ्याल भएकोले नै याकु झ्याल भनिएको हो ।

अर्थ नखुलेका तर नाम चलेका झ्यालहरुमा *वापिझ्याः, तौझ्याः, बंसाझ्याः, कोसिझ्याः, बपिझ्याहरु* छन् ।

यसै गरि झ्याल निर्माण गरिएको वस्तुको आधारमा पनि नाम राखिएको पाइन्छ । जस्तै - *श्रीखण्ड झ्याः, लुँझ्याः, दन्तझ्याः, अप्पाःझ्याः, नःझ्याः* आदि । भक्तपुरको तलेजुमा रहेको एउटा झ्यालको नाम श्रीखण्ड झ्याल रहेको छ । उक्त झ्याल श्रीखण्डको काठबाट बनाइएको हुनाले नै सोही अनुसारको नाम रहन गएको हो ।

## ४.२ वास्तुकलाको प्रमुख अंग झ्यालहरु

एक तला, दुई तलासम्मका झ्यालहरु प्रायः आँखीझ्याल नै हुन्छन् । काठमाडौं उपत्यकाको वास्तुकलामा आँखीझ्यालको विशेष स्थान रहेको छ । तत्कालिन समयमा भित्रबाट सबै कुरा राम्ररी देखिने तर बाहिरबाट केही नदेखिने आँखीझ्यालले सुरक्षा र गोप्यता प्रदान गरेको छ । स्वच्छ हावाका लागि चौबीसै घण्टा खुला राख्नमा पनि आँखीझ्याल नेपाली वास्तुकलामा विशेष लोकप्रिय बनेको छ । मल्लकालीन घरहरुमा यस आँखीझ्यालको विशेषता रहेको छ । "आँखीझ्यालहरुमा पनि कलाकारको उत्कृष्टता तब निखारिएको हुन्छ ,जब ती झ्यालहरुका अनेक तहदार चौकोस उपचौकोसहरु अनेक मनोरञ्जक भावहरुले परिपूर्ण कालिगढीले सजिएका हुन्छन् । यस्ता झ्यालहरुमा लता प्रतानादि र मङ्गल सूचक अष्टमङ्गलादि बुट्टाहरुको अतिरिक्त अनेक सम्प्रदायका इष्टदेव-देवीहरु र पुतलीहरु तथा गरुड, कमल, सिंह, घोडा, मयूर, परेवा आदि जीवजन्तु र चराचुरुङ्गीहरुको मूर्तिहरु पनि भरमार यथाप्रसंङ्ग राम्ररी जडिएका हुन्छन् । यी साधारण आँखीझ्यालहरुको अतिरिक्त मुख्य कोठाको मोहडामा तीन या पाँच तथा एकै ढिक्का खुल्ला झ्यालहरु पनि राख्ने चलन छ ।"[१३४] यस्ता कलात्मक काष्ठ झ्यालहरु हेर्नको लागि विदेशीहरु काठमाडौं आउने गर्दछन् ।

[१३४] वज्राचार्य, **पूर्ववत्,** (पादटिप्पणी संख्या ८), पृ. २५७ ।

झ्यालहरु घरको मूलरुपमा विशिष्ट ढङ्गले सजिएका हुन्छन्, जसमा तोरणादि समेत लागेका हुन्छन् । यस्ता किसिमका झ्यालहरु घरको गारोबाट बाहिर निस्केका हुन्छन् ,जसको निर्माणको लागि उच्च कालिगढीको ज्ञान हुन अत्यावश्यक छ । प्रायः यस्ता खुल्ला झ्यालहरु तीन तला माथि नै देखिएका छन् । उहिलेका घरहरुमा एक दुई तल्ला सम्मका प्राय सबै झ्यालहरु बन्द आँखीझ्याल हुने कुरा सुरक्षाको दृष्टिमा नै निर्भर रहेको छ । तीन तल्लामाथिको झ्याल प्राय खुल्ला हुनुको मतलब त्यहाँ सजिलैसंग चोर, शत्रु आदि पुग्न गाह्रो पर्दछ । यस प्रकारका खुल्ला झ्यालमाथि झिङ्गटीको या धातुको छाना विछ्याइएको  हुन्छ ।

परम्परागत शैलीका नेपाली झ्यालहरुमा कुनै पनि किसिमको धातु, किल्ला वा गुँदको प्रयोग नगरिकन काठको किल्लाबाट नै जडान गर्ने गरिन्छ । झ्यालका खापाहरु पनि बिना कब्जा (चौकोसमा अड्याउन प्रयोग गरिने वस्तु) नै राखिन्छ । प्रत्येक झ्यालहरुमा चौकोस भित्री र बाहिरी गरि दुई प्रकारका हुन्छन् । भित्री सादा चौकोसलाई *दुचु* र बाहिरी बुट्टेदार चौकोसलाई *भः* भनिन्छ । सुन्दर बुट्टा भएका काठका विभिन्न आकारका धेरै इकाई (टुक्रा) हरुलाई जोडेर झ्यालको निर्माण गरिन्छ ।

झ्यालमा प्रयोग गरिने जालीहरु पनि धेरै प्रकारका छन् । प्रायः जालीबुट्टाहरु बेलबुट्टे (Diaper pattern)का  गोलाकार, वर्गाकार, हिराकार जस्ता आकारमा रहेका छन् । एस.वि. देवले जालीको आकार अनुसार छ भागमा बाँडेका छन् ।

१  Screens  with square meshes (17-18 century) (वर्गाकारको)

२ Screens with diamond-shaped meshes (18-last century) (हिराकारको वा रत्नहरुको कटाइ आकारको)

३  Screens with quatrefoil meshes (17-18 century) (विभिन्न किसिमका फूल वा पातका आकार)

४ Screens with circular meshes (mid 18 century) (गोलाकार)

५ Screens with polygonal meshes  (बहुकोण भएका आकार)

६ Screens with micselianeous meshes (अन्य विभिन्न ज्यामितीय आकारको) । जालीको आकार बाहेक पनि जालीमो धेरै प्रकारका बुट्टाहरु बनाइन्छन् ,जुन काठमाडौं उपत्यकाभित्र मात्र रहेका हुन् । छुस्यावहालमा रहेको जाली बुट्टाकाबारेमा यहाँ चर्चा गरिनेछ ।

वास्तु अनुसार विभिन्न तलामा विभिन्न प्रकार र लक्षणको झ्याल राख्ने गरिन्छ । *बैगल*मा (माथिल्लो तला) कुनै पनि किसिमको झ्याल राखिंदैन । बरु चुल्होको धुँवा जानको लागि भिरालो झिंगटीमा *झौवाः* (मानिस, पानी छिर्न नमिल्ने तर प्रकाश आउने) राखिन्छ ।[१३५] काष्ठकलाको लागि प्राय गरि *धुँसिं* र *चाँसिं* को प्रयोग गरिन्छ । *धुँ*को अर्थ बाघ र धुँसिं भनेको बाघ जस्तै बलियो काठ भन्ने बुझाउँछ । यी काठहरु घामपानीबाट चाँडै नबिग्रिने खालका हुन्छन् । झ्यालढोकाको निर्माणको लागि प्रयोगमा ल्याइने काठका जातहरु र कुन बुट्टा र कुन स्थानमा केको प्रयोग गर्ने भन्ने निर्धारण गरिएको छ ।[१३६] झ्यालमा हावादारी बुट्टाको छत्रावली भएको तोरण पनि पाइन्छ । कुनै झ्यालहरुमा ठूला खापा लगाइन्छ भने कुनैमा दुईवटा खापा हुन्छन् । झ्यालको भित्री स्वरुपमा पनि हल्का रुपमा बुट्टाहरु कुंदिएका हुन्छन् । कुनै झ्यालहरुमा भित्रतिर बस्नको लागि फलैंचा बनाइएका हुन्छन् । कुनै झ्यालहरुमा तल्लो भागमा सामान राख्नको लागि तला बनाइन्छ भने कुनैमा माथिल्तिर दराज जस्तै बनाइन्छ । तर कुनै-कुनै प्रकारका झ्यालहरुमा चाँहि यी केहि नराखिकन दलिनसँग गाभिएको हुन्छ । “हावा, हुरी, पानी र चोर आदिबाट बच्नको लागि पनि झ्यालमा चुकुल लगाउने गरिन्छ । तर यो चुकुल समेत काठबाट नै बनेको हुन्छ । झ्यालका खापाहरु पनि कुनैमा दलिनतिर उघार्ने वा कुनै दाँया बाँया घचेट्ने प्रकारका हुन्छन् । झ्यालमा सुरक्षाको दृष्टिकोणले वा हात बिसाउन सजिलो पार्न (धेरै उज्यालोको चाहनाले) एक वा दुई संख्यामा काठको लौरोलाई प्रयोगमा ल्याइन्छ ।”[१३७] यस प्रकारको काठको लौरोलाई डण्डाली भन्नेगरिन्छ । कुनै पनि धातुको प्रयोग विना बनाइएका यस प्रकारका झ्यालहरुले काठमाडौंको परम्परागता शैलीलाई उजागर गरेको पाइन्छ ।

---

[१३५] सत्यमोहन जोशी, “सँझ्याः छगू अध्ययन”, **सँझ्याः**, वर्ष १, अंक १ (ने.सं. ११००), पृ.२ ।

[१३६] जोशी, **पूर्ववत्,** (पादटिप्पणी संख्या ३), पृ. ८० । (परिशिष्ट “ज” हेर्नुहोस् ।)

[१३७] जोशी, **पूर्ववत्,** (पादटिप्पणी संख्या ६), पृ.३ ।

काशीनाथ तमोटका अनुसार हाम्रा पूर्वज कलाकारहरुले झ्याल तथा ढोकालाई मानिसको अनुहारसँग तुलना गरिएको छ । सोहि अनुसार नै झ्याल तथा ढोकाको भागहरुको नामाकरण पनि गरिएको छ । "झ्यालको कुलांलाई अनुहारको सामुन्नेको भाग *कोपु* (lintel) मानेका छन् ,जसमा बादल (कपालको प्रतीक)को बुट्टा बनाइन्छ । *कोला*लाई *मिखाफुसि* (परेला)को बुट्टा बनाइन्छ । झ्यालमा *कोला*को तल चौकोसको बिचमा *सिन्ह* (निधारमा रहने टिका वा पवित्र चिन्ह)सँग तुलना गरेर *द्यःकुं* बनाइन्छ ,जुन देवता राख्ने उद्वेश्यले निर्माण गरिन्छ । *द्यःकुं*को तल्लो भागमा खापा जोडिने स्थान रहेको हुन्छ ,जसलाई *न्हाय्*(नाक) भनिन्छ । यस भागमा खड्गको आकृति कुंदिएको हुन्छ । तल्लो भागमा रहेको तेर्सो भाग वा आधारलाई खलु भनिन्छ ,जसलाई आशन पनि भनिन्छ । यस भागमा पनि बुट्टा कुंदिएको हुन्छ । यसलाई अनुहारको तल्लो भाग चिउँदो मानिएको छ । यसमा पनि देवता बनाइएको हुन्छ । चौकोसको दाँयाबाँया *मिनाचो*लाई *न्हायपँ* (कान) मानेर यसमा कानको जस्ता बुट्टाहरु *(लःफ्वः)* बनाइएको हुन्छ ।"[१३८] यिनीहरु तल्लो र माथिल्लो स्तम्भसँग जोडिएका हुन्छन् । माथि उल्लेखित बुँदाहरुलाई हेर्दा झ्याल तथा ढोकाका संरचनाहरु अनुहारसँग मिल्दा जुल्दा छन् । हामीले परम्परागत नेपाली वास्तुकलाका ढोकाका खापाहरुमा ठूल्ठूला आँखाहरु रंगले बनाएको देख्न सक्छौं । सामान्यतया मानिसहरुले यस्ता आँखाको अर्थ बाहिरबाट घरमा प्रवेश गर्ने खराव तत्वको निषेधको लागि बनाइएको तर्क दिन्छन् । काशीनाथ तमोटका तर्कअनुसार यसरी ढोकामा मानव आँखा बनाइनुको अर्थ अनुहार सँगको तुलना गरी बनाइनुको कारण हो भनि प्रष्ट हुन्छ ।

## ४.३ छुस्यावहालस्थित झ्यालहरु

काठमाडौं उपत्यकाका स्मारकहरुमा विभिन्न प्रकारका झ्यालहरु रहेका छन् । विदेशी पर्यटकहरुको सामुन्ने यहाँको काष्ठकलाको कलाकारितालाई झल्काएको पाइन्छ । विशेषतः विहारमा धेरै बुट्टेदार झ्यालहरुको प्रयोग गरिन्दैन । बाहिरबाट प्राय विहारहरुको झ्यालहरु सादा

[१३८] Kashinath Tamot , Nepalese Doors and Windows, 2011 , p. 2
Available: http://nepalmandal.org/node/311
[Reprinted from: *Nepal Digest* (Bimonthly, Shakya Research Institute, Kathmandu), 1:1 (March-April 1971), pp. 116-119.]

नै हुन्छ । जसमा स-साना *पासुका* झ्यालहरु हुन्छन् । काठमाडौंको विहारहरुमध्ये प्राचीन स्वरुपमा संरक्षित यस छुस्यावहालमा विमान झ्याल, आँखीझ्याल, पासुखाझ्याल, गःझ्याल र फजी झ्याल (False window) र त्रिमुख झ्याल रहेका छन् । यी झ्यालहरुको विवरण यस प्रकार छन् ।

## ४.३.१ आँखीझ्याल

काठमाडौं उपत्यकामा रहेका स्मारकहरुमा भएका झ्यालहरु संख्यात्मक रुपमा आँखीझ्याल बढी मात्रामा पाइन्छ । आँखीझ्याललाई स्थानिय भाषामा *तिकिझ्याः* भनिन्छ । "आँखा जस्तो भएको झ्याल" को बहुव्रीहि समास गर्दा आँखीझ्याल बनेको हो । आँखीझ्यालको प्रयोजन बाहिरको हावा सजिलै आवत जावत हुन सक्ने किसिमको हुन्छ । त्यसैगरि यस प्रकारको झ्यालबाट बाहिरी कृयाकलाप भित्रबाट सजिलै देख्न सकिने तर बाहिरबाट भित्रको कृयाकलाप भने देखिन्दैन । यस प्रकारको झ्यालको विशेषता गोपनियता हो । विशेष गरी आँखीझ्यालहरु *छेल्ली* (भुईं तल्ला) र *मातन* (पहिल्लो तल्ला)मा राख्ने चलन छ ,जसबाट ढोका खोल्नु अघि नै बाहिर को छ भनि हेर्न सकिन्छ । प्राचीन वास्तु अनुसारका निवासहरुमा सामान्य मानिसको कद अनुसार कोठाको निर्माण हुन्छ । यदि अन्य प्रकारका झ्यालहरु राखेमा अहिलेको जस्तो अग्लो नहुने हुँदा सजिलै चोर पस्ने सम्भावना हुन्थ्यो । तसर्थ आँखीझ्याल सुरक्षाको दृष्टिकोणले पनि महत्वपूर्ण छ ।

आँखीझ्यालमा पनि विभिन्न कलात्मक बुट्टाहरु पाइन्छ । छुस्यावहालमा रहेका आँखीझ्यालहरु सादा नै छन् । आयताकार आकृतिमा बनेको यहाँका आँखीझ्यालहरुका चौकोसहरु अलंकृत छन् । झ्यालको तल्लो र माथिल्लो चौकोसहरुमा साधारण बुट्टाहरु अलंकृत छन् । झ्यालको दाँयाबाँया दोहोरो स्तम्भ जसमा कलशाकृति छन् । झ्यालको माथिल्लो भागमा ढोकामा जस्तै तहतह गरि श्रृङ्गारिएको छ । तर यहाँका आँखीझ्यालहरुको मध्य भागमा वर्गाकार र ईंटाकार बुट्टामा साना साना प्वालहरु पाइन्छन् ।

आँखीझ्यालमा विभिन्न प्रकारका जालीदार बुट्टाहरु प्रयोग गरिन्छन् । त्यसै गरि झ्यालको बाहिरी फ्रेमको आकार पनि भिन्नता पाइन्छ । आँखीझ्यालको जालीमा बनाइने विभिन्न प्रकारका बुट्टाहरु पनि हुन् । मयूरझ्याल, सूर्यझ्याल, चन्द्रझ्याल बढि मात्रामा प्रचलित डिजाइनहरु हुन् । सूर्यझ्याल र चन्द्रझ्याल *छ्पाःझ्यालमा* पनि प्रयोग गरिन्छ । यी बाहेक पनि आँखीझ्यालमाथि विभिन्न देवताहरुको मुखाकृति, मकुण्डो वा मूर्ति राख्ने प्रचलन पनि छ । यसै गरि आँखीझ्यालको जालीदार भागमाथि विभिन्न बुट्टाहरु पनि राखिन्छ । उदाहरणको लागि काठमाडौंको कुमारीघर स्थित स्वस्तिक अंकित आँखीझ्याल, सूर्यझ्यालहरु र नवग्रह सहितको आँखीझ्याल (Glimpse on Nepal Woodwork, xxvi, plate 1) हुन् । त्यसैगरि पाटनको सुन्दरी चोकमा रहेको नौ घोडाले तानिएको सूर्यको रथ भएको, त्यही चोकमा रहेको बाल्कोनी अंकित आँखीझ्याल, गरुड भएको आँखीझ्याल (Glimpse on Nepal Woodwork, xxiv), भक्तपुर पुजारी मठमा रहेको मयूरझ्यालहरु र सूर्य र कमल अंकित आँखीझ्याल आदि हुन् ।

आँखीझ्याल खोल्न हुने र खोल्न नमिल्ने किसिमका छन् । सुरक्षाको दृष्टिकोणले आँखीझ्यालको निर्माण गरिएका हुन् । काठमाडौंको हनुमानढोकास्थित श्वेतभैरव मन्दिरमा दाँयाबाँया खोल्न मिल्ने सूर्यझ्यालहरु रहेका छन् । त्यस झ्यालमा छत्रावलीयुक्त हावादारी तोरण पनि रहेको छ । तोरणले झ्यालहरु निकै आकर्षक देखिन्छ । आँखीझ्यालमा *चोकुल, मु तागः, सुभः,* क्वखलु, आशन र *त्वालथाँ हाछेँ* (झ्यालको दाँयाबाँया रहेका स्तम्भमा माहुरीको चाकाजस्तै पछि थपिएको भाग हो, जसको आकार फिंजिएको हुन्छ) आदि अंगहरु रहेका हुन्छन् । झ्यालमा *त्वालथाँ हाछेँ* को प्रयोग मल्लकालको पछिल्लो समयमा भएको देखिन्छ ।

छुस्यावहालमा विहार भित्र र बाहिर आँखीझ्यालहरु रहेका छन् । यहाँ रहेका आँखी झ्यालहरुमा बुट्टाको आधारमा विभाजन गर्न सकिन्छ । यहाँ रहेको आँखीझ्यालका आकारमा पनि फरक रहेको छ । चौकोसमा रहेको बुट्टाको अधारमा सादा र कलात्मक गरि विभाजन गर्न सकिन्छ । भित्र र बाहिर गरि जम्मा उनान्तीसवटा आँखीझ्यालहरु रहेका छन् । प्राय सादा आँखीझ्यालमा माका (Square mesh) र ईका (diamond mesh) रहने गर्दछ । चन्द्र बहादुर जोशीका अनुसार आँखीझ्यालमा माका, ईका, हलःग्वा र मलेग्वा जालीका बुट्टाहरु हुन् ।[१३९] S.B.

[१३९] जोशी, **पूर्ववत्,** (पादटिप्पणी संख्या ३), पृ. ४१ र ४३ ।

Deoका अनुसार काठमाडौं उपत्यकामा रहेका झ्यालहरुको अध्ययनका आधारमा जम्मा पचास प्रकारका जालीको बुट्टाहरु उल्लेख गरेका छन् ।[१४०] यिनै बुट्टाहरुमा नै विभिन्न किसिमका फूल बट्टाहरु, चराहरु प्रत्येक कुनामा र जालीमा पनि विविध प्रकारको बुट्टाहरु कुंद्ने गरिन्छ ।

यस विहारमा रहेका झ्यालहरुका बुट्टाहरुको विस्तृत चर्चा गर्नु आवश्यक देखिन्छ । यहाँ झ्यालमा रहेका बुट्टालाई माथिल्लो चौकोसदेखी तलसम्म क्रमानुसार उल्लेख गरिएको छ । साथै झ्यालको विभिन्न भागहरुको नाम क्रमानुसार राखिएको छ ।

### क) सादा आँखीझ्याल

विहारभित्रका प्रत्येक भित्तामा दुई/दुईवटा गरि जम्मा आठवटा आँखीझ्यालहरु छन् । विहार बाहिर प्रत्येक भित्तामा चार वटा गरि जम्मा सोऱ्हवटा आँखीझ्यालहरु छन् । ठूला आकारका आँखीझ्यालहरु विहार बाहिर माथिल्लो तलामा दुई किसिमका (चि.सं. २८,२९) जाली रहेको छ । विहारको भित्री भागमा माथिल्लो तलामा भने सबै एकै प्रकार (चि.सं. २८) छन् । सादा आँखीझ्यालको भित्री भाग चित्रफलक सं. ५७ मा रहेको छ । *चोकुल/चकुल* (माथिल्लो चौकोस)मा *तिछुंवा* (छुचुन्द्रोको दाँत), *फोंसिक्व* (रुख कटहरको भित्री भाग), *गंचा३* (स-साना वर्गाकारको बुट्टामा दुईवटा धर्साहरुले रेलको डिव्वा जस्तो जोडिएका बुट्टाहरु) र *वाहा पोतायुतु* ( वारामा कुंदेर बनाएका खुड्किलाहरु/सादा मसिना तीन वटा धर्साहरु) छन् । बाहिरी चौकोसमा *मिखाफुसी* (आँखीभौ) जस्तो बुट्टा छ । भित्री चौकोसमा *गंचा१* (झ्याल वा ढोकामा चौकोसको माथि रहने बौद्ध धर्ममा त्रिरत्न र पञ्चबुद्ध मानिने बुट्टालाई) र *मिखाफुसी* दुई तह बुट्टा छ । यस झ्यालमा *हथंकुं* (माथिल्लो चौकोसमा पखेटा जस्तो दाँयाबाँया फिंजिएको सोझो भाग) सादा रहेको छ । दाँया बाँया चौकोस अड्याइएका *थाँ*हरु छन् । *मुथाँ* (मुख्य थाम)मा क्रमशः *चो, पलेहः* (कमलको पत्रदल), *अमोसा* (सुपारी आकारको बुट्टा), *थाँत्वाः* (खम्बाको भाग), *मेमिखा, पलेस्वाँ, कलश, चो, क्वः* रहेको छ । *मुभः* (भित्री चौकोस)मा *ग्वयूक्वचा,* पलेस्वाँ, *कलश, चो, क्वः* रहेको छ । बाहिरी चौकोसमा पनि थाँ बनाइएको छ ,जसमा माथिल्लो भाग सादा र पहिलो र दोस्रो थाँको तहमा *कलश, चो, क्वः* बनाइएको छ । आँखीझ्याल *माकाः* (चारपाटे बुट्टा) र

---

[१४०] देव, **पूर्ववत्** , (पादटिप्पणी संख्या ५) पृ. pl. xxvii - xxxiv .

*ईका:* (ईंटाकार बुट्टा) दुई प्रकारको जालीको प्रयोग गरिएको छ । झ्यालको आशन सादा रहेको छ । बाहिरी स्तम्भ तल्लो आशनमा रहेको *थाँचामो* (स्तम्भको तल्लो भाग)मा तहतह परेको र अर्धगोलाकार बुट्टामाथि अडेको छ । चौकोसमा *खलु* (तल्लो भाग)मा रहेको *वारा पोतायूतु* जस्तो बुट्टालाई *तांगा पोतायूतु* भनिन्छ । यस प्रकारका आँखीझ्यालका भित्री भाग चित्रफलक सं. ५७ मा हेर्न सकिन्छ ।

**ख) कलात्मक आँखीझ्याल**

विहारभित्र कलात्मक आँखीझ्याल (चि.सं. ३०) मूल गन्धकुटीको प्रवेशद्वारको दाँयाबाँया रहेका छन् । विहार बाहिर मूल प्रवेशद्वारको दाँयाबाँया रहेका छन् । यी कलात्मक आँखीझ्यालहरु ढोकाको दाँयाबाँया दुई/दुईवटा गरि जम्मा चारवटा रहेका छन् । यस प्रकारको झ्याल भवनको तल्लो तलामा मात्र बनाइएका छन् । कलात्मक आँखीझ्यालको भित्री भाग चित्रफलक सं. ७० मा रहेको छ । बाहिरबाट भित्र हेर्न नमिल्ने गरि यस झ्यालमा जालीदार भागलाई भेनिस्ताले छेकिएको छ ।

चौकोसको माथिल्लो तहमा *मिखाफुसी*मा *चिह: पले* (मसिनो कमल), चा:तु पलेह: ( घुम्रिएको कमलको पत्रदल) रहेको छ । त्यसको तल्लो भागमा तिछुंवा, फोंसिक्व *गंचा३* र *वाहा पोतायूतु* रहेका छन् । झ्यालको भित्री भागमा *ईका:* जाली रहेको छ । चौकोसको माथिल्लो भागमा *द्य:कुं* (देवीदेवता रहने कोलांको एक भाग)मा मूर्ति रहेको छ । दुई घेरा फ्रेममा *चिह: पले, दुचु* (भित्री चौकोस)मा पु (मोति) र *गंचा१ वा* पञ्चबुद्ध रहेको छ । मसिने *हथंकु*ंमा पनि *पु* बनाइएको छ ,जसमा *निर्ग:चा* (नाग/गोलाकारको बुट्टाको एक नाम) बुट्टा रहेको छ ।

*याक्व* (काखी)को दाँयाबाँया *मेराप* (अर्ध गोलाकार/आर्क आकार)मा शार्दुल (Griffin) पनि रहेको (चि.सं ७०) छ । भेंडाको जस्तो सिंग, सिंहको जस्तो पखेटावाल शरिर भएको शार्दुल छ । *खलु*मा *तांगा पोतायूतु* बनाइएको छ । यस झ्यालमा *थाँ* र *आशन*हरु छैनन् । यस प्रकारका झ्यालहरु विहारभित्र दुईवटा र बाहिर दुईवटा मूल प्रवेशद्वारहरुमा राखिएका छन् ।

## ४.३.२ पासुका झ्याल

पासुका झ्याल भने बित्तिकै साना आकारका पाँचवटा झ्यालहरुको समूह बुझिन्छ । यसलाई बौद्ध धर्ममा पञ्चध्यानी बुद्धको प्रतीक मानिन्छ । विहारभित्र पासुका (चि.सं. २६,२७) झ्यालहरु तीनवटा रहेका छन् । दक्षिणपट्टि गन्धकुटीमाथि तोरण भएको एउटा पासुकाझ्याल रहेका छन् । पूर्व र पश्चिमतिरको भित्तामा दुईवटा पासुका झ्याल रहेका छन् । विहार बाहिर सडकपट्टि मूलप्रवेशद्वारमाथि पासुका झ्याल रहेको छ । पासुका झ्याल भनेको स-साना झ्यालहरुको समूह हो, जुन विशेष गरी विहारहरुमा राख्ने गरिन्छ । यस प्रकारको झ्याल तिन वा पाँच संख्यामा बनाउने गरिन्छ । यस प्रकारका झ्यालहरुमा दुईवटा खापा पनि बनाउने चलन रहेको छ ।[१४१] विहारभित्र पूर्व र पश्चिमतर्फको लडमा दुईवटा पासुका झ्यालहरु रहेका छन् । विहारको उत्तरी लडमा कलात्मक तोरण भएको एउटा पासुका झ्याल छ ,जुन मूल गन्धकुटी माथि रहेको छ । त्यसै गरि विहार बाहिर दक्षिण लडमा मूल प्रवेशद्वारमाथि एउटा (चि.सं. १) पासुका झ्याल रहेको छ । छुस्यावहालमा विहारभित्र तीनवटा र बाहिर एउटा गरि जम्मा पाँचवटा पासुका झ्यालहरु रहेका छन् ।

## क) तोरण रहित पासुका झ्याल

विहारभित्र र बाहिर गरि रहेको तीनवटा तोरण नभएका पासुका (चि.सं २६,२७) झ्यालको बुट्टा र अंगहरुको नाम यस प्रकार छन् । पासुका झ्यालको *चोकुल*मा *तिछुंवा, फोंसिक्व, गंचा१* ( यो बुट्टाले चौकोसको चारैतिर बाट घेरिएको छ) र *वारा पोतायतु* रहेको छ । माथिल्लो चौकोसमा पखेटा जस्तो दाँयाबाँया फिंजिएको सोझो भागलाई *हथंकुं* भनिन्छ । जसको भित्री भाग सादा रहेको छ । *मु तागः*मा *मिखाफुसी* जस्तो बुट्टा रहेको छ ,जसमा दुई तह *पलेहः* र विचमा एउटा *द्यःकुं* बनाइएको छ । *मिखाफुसी* को तल्लो भागमा *गंचा१* को बुट्टा रहेको छ । त्यसको तल *मिखाफुसी* जस्तो बुट्टाहरु छन् । यस झ्यालको बीचमा चारवटा *थाँ* रहेको छ । यस *थाँ*को *मेथ*मा *मिखाफुसी* जस्तो बुट्टाको तल *चो,* दोहोरो पत्रदल भएको *पलेस्वाँ, अमोसा, थाँत्वाः, मेमिखा,* दोहोरो पत्रदल भएको *पलेस्वाँ, कलश, कलशासन रको* रहेको छ । *मेथ*को दाँयाबाँया रहेको ब्राकेटको तल्लो भागमा तल्ले शैलीको छानो जस्तो दुई तह रहेको छ ।

---

१४१ Purusottam Dongol, **Elements of Nepalese Temple Architechture**, (New Delhi : Adroit Publishers, 2007), p. 76 .

झ्यालको दाँयाबाँया छेउमा दुई तहको मसिनो र मोटो दुईवटा *थाँह*रु छन् । मोटो *थाँ मुथाँचा* (मोटो थाम नै मूख्य थाम हो )मा *ग्वयूक्वःचा* दोहोरो पत्रदल भएको *पलेस्वाँ, कलश, कलशासन र को* रहेको छ । *ग्वयूक्वःचा* को माथिल्लो भागमा सानो थाँ रहेको छ । जसमा *मेथ* र चो, अमोसा मात्र छन् । मसिनो *थाँ*को माथिल्लो भाग सादा छ र तल्लो भागमा *कलश, कलशासन र को* रहेको छ । पासुका झ्यालको भित्री चौकोसमध्ये विचको चारपाटे र अरु चार वटा (Cusped shaped) माथिल्तिर अर्धगोलाकारहरु मिलेर बनेको बुट्टा रहेको छ । Cusped shaped को दाँयाबाँया बादल जस्तो बुट्टा छ । चौकोसको वरिपरि *बाहा पोतायुतु* बनाइएको छ । *याक्व* तल दाँयाबाँया *मेराप*मा शार्दूल बनाइएको छ । *याक्वमा* हाँसको आकृति बनाइएको छ । शार्दूलको सिंग भेंडाको, मुख र हात सिंहको छ । पखेटावाल सिंहको पुच्छर माथितिर फर्केको र हात माथि उठाइ रहेको छ । शार्दूलको शरिरको माथि बादल जस्तो बुट्टा रहेको छ । यस झ्यालको*आशन* सादा छ । *थाँचामो पले*को बुट्टा भएको तह र अर्धगोलाकार बुट्टामाथि अड्याइएको छ । *खलु*मा तांगा *पोतायुतु र गंचाः* यस झ्यालको खापा सादा रहेको छ । विहारको मूल प्रवेशद्वारमाथि रहेको पासुका झ्यालमा *सिलायूकं* (चौकोसको बिचमा राखिने थाम) छ । यिनीहरुमा पनि थाममा जस्तै *चो, दथुत्वाः, कलश र को* बुट्टा छन् ।

## ख) तोरण सहितका पासुका झ्याल

गन्धकुटीमाथि रहेको पासुका झ्यालको बुट्टा र भागको विवरण यस प्रकार रहेको छ । तोरणमा छत्रावली सहितको गजुर, *छेपु* रहेको छ । माथिल्लो भागमा पखेटामाथि हात फिजाएको चार हात भएको गरुड छ ,जसको दाँयाबाँया नागकन्याहरु छन् । टाउकामाथि पाँचवटा नागको आरक्षण रहेको छ । गरुडको तल्लो भागमा तोरणको मुख्य देवता रहने स्थानमा बुट्टेदार घेरा बनाइएको छ । मूल खण्डमा रहेको देवताको तीन शिर माथि एउटा अर्को शिर थपिएको छ । यस मूर्तिको छवटा हातहरु रहेका छन् । कमलासनमाथि सिंहासनमा वज्रपर्याङ्कासनमा मुद्रामा बसेका छन् । मूल देवताको दाँयाबाँया वृत्ताकार घेराभित्र कमलासनमा दुई हात भएका मूर्तिहरु रहेका छन् । मूल देवतासँगै एउटै कमलासनमा दाँयाबाँया वज्रपर्याङ्कासन मुद्रामा दुई हात भएका साना दुई मूर्तिहरु छन् । तोरणको दाँयाबाँया तल्लो भागमा हिरामोती निकालिरहेका मकरहरुका आकृति रहेको छ । पृष्ठमा दुई परेवा जस्ता आकारका चराहरु पनि कुंदिएका छन् ।

विहारभित्र तोरण रहेको पासुका (चि.सं. २६) झ्यालको बुट्टा र अंगहरुको नाम यस प्रकार छन् - पासुका झ्यालको *चोकुल*मा *तिछुंवा, फोंसिक्व, गंचा३* बनाइएको छ । यस *गंचामा पिफ्वः स्वाँ* (चारपत्रे फूल) बनाइएको छ । यो बुट्टाले चौकोसको चारैतिर बाट घेरिएको छ । वारा पोतायतु रहेको छ । *मू तागः*मा *चिहः पले* र *चातुगु पले* को एक तह रहेको छ । त्यसको तल्लो भागमा छेपुको जस्तो अनुहार रहेका जनावरहरुको पंक्ति रहेको छ ,जसको नाक गरुडको जस्तो र कान टाउका माथि र पात आकारको जुङ्गा जस्तो बनाइएको छ । *गंचा२* (पञ्चबुद्ध मानिने बुट्टामा सिक्रीमा घण्टी बनाइएको) छ । *चिहः पले* र *चातुगु पले* को एक तह रहेको छ । तल्लो भागमा *हथंकुं* मा *गसि*को बुट्टा रहेको छ । तोरणको तल्लो भागमा *ध्यःकुं* बनाइएको छ । देवताको तल पुनः सानो तोरण रहेको छ ,जसमा गरुड, मकर र एक मुख दुई हात भएको बसेको देवता रहेको छ । तर स्पष्ट रुपमा देवताको प्रतिमा कसको हो भन्न राम्ररी देखिंदैन । विचको झ्यालमा तोरण अड्याउन बनाइएका सानो र ठूलो *पले*को तीन तह स्तम्भमा अड्याइएको छ । तीनवटा स्तम्भको समूहमा एउटै प्रकारको बुट्टाहरु रहेको छ । यस स्तम्भमा *मेथ, चो, अमोसा, ड्वड्वी, दथुत्वाः, कलश, चो, नागो, को* र *को*मा फूलबुट्टा रहेको छ । यसको तल्लो भाग गन्धकुटीको तोरणले छेकिएको छ । विचको झ्याल वर्गाकार र अरु चारवटा बुट्टेदार चौकोस (Cusped shaped) को रहेको छ । यो गुह्य पूजाकोठा भएकोले यस झ्यालमा जालीको खापा रहेको छ । यस पासुका झ्यालमा पनि *सिलायकुं* राखिएको छ । यिनीहरुमा पनि थाममा जस्तै *चो, दथुत्वाः, कलश* र *को* बुट्टा छन् । यस झ्यालमा *ईचिकं* जाली राखिएको छ ।

झ्यालको दाँयाबाँया छेउमा *मुथाँ*चा र मसिनो गरी दुईवटा *थाँ*हरु छन् । *मुथाँ*मा *ग्वयुक्वःचा* दोहोरो पत्रदल भएको *पलेस्वाँ, कलश, कलशासन* र *को* रहेको छ । *ग्वयुक्वःचा* को माथिल्लो भागमा सानो *थाँ* रहेको छ । उस *थाँ*मा *मेथ,* चो र अमोसा मात्र छन् । मसिनो *थाँ*को माथिल्लो भाग सादा र तल्लो भागमा *कलश, कलशासन* र *को* रहेको छ । दाँयाबाँयाको झ्यालहरुमाथि तल्ले शैलिको छानाको जस्तो बुट्टा रहेको छ । बुट्टेदार चौकोसको दाँयाबाँया सुगाको बुट्टा रहेको छ ,जसको चुच्चामा गोलो बस्तु देखाइएको छ । त्यसै गरि स्पष्ट पञ्जा देखिन्छ । चारपाटे आकारको चौकोसको *थाँ*को *थाँचो*हरुमा *ध्यःकुँ* जस्तो भागमा बाँदरको अर्धकदको मूर्ति रहेको छ । आशनमा कुनै ठाँउ खाली नहुने गरी पुष्पवल्लरी बनाइएको छ । चौकोसको दाँयाबाँया *बाहा पोतायतु* बनाइएको छ । *याक्व* तल दाँयाबाँया *मेराप*मा मानवाकृति

बनाइएको छ । यसको तल पनि बसेको देवाकृति बनाइएको छ । तर *थाँचामो* मा *पले*को बुट्टा भएको तह, अर्धगोलाकार बुट्टामाथि अड्‌याइएको छ । आशनको दाँयाबाँया फूलको लहरा र मकर पनि रहेको छ ।

### ४.३.३ त्रिमुखी झ्याल

यस शोधमा काठमाडौं उपत्यकामा प्रचलित तिनवटा झ्यालको समूहलाई *त्रिमुखी* झ्यालमा वर्गिकरण गरिएको छ । त्रिमुखी झ्याल भनेको तीनवटा मुख भएको झ्याल हो ,जुन बुद्ध, धर्म र संघ गरि त्रिरत्नको प्रतीक मानि विहारमा बनाइन्छ । पासुका झ्याल जस्तै सानो झ्यालहरुको पंक्ति हो । सर्वसाधारण मानिसहरुले बसोबास गर्ने भवनमा यस प्रकारको झ्यालको प्रयोग गरिंदैन । विहार बाहिर पूर्व र पश्चिम गरि जम्मा दुईवटा त्रिमुखी झ्याल (चि.सं. २४,२५) रहेका छन् । विहारभित्र यस प्रकारको झ्यालको निर्माण गरिएको छैन ।

विहारको बाहिरी गारोमा मात्र त्रिमुखी झ्याल राखिएको छ । विहार बाहिर पूर्व र पश्चिम लडमा त्रिमुखी झ्याल रहेको छ । झ्यालको *कोलां* (बाहिरी चौकोस)मा *तिछुंवा, फोंसिक्व,* स-साना वर्गाकारमा दुईवटा धर्साहरुले जोडिएको छ । यो बुट्टा चौकोसको चारैतिर रहेको छ । *बाहा पोतायुत्*मा सादा तीन तह खुडुकिला जस्तो बुट्टाहरु बनाइएको छ । माथिल्लो चौकोसको *हथंकुं* सादा छन् । कोलांको तल्लो भागमा *मिखाफुसी* जस्तो सादा बुट्टा रहेको छ । यसमा *द्यःकुं* बनाइएको छैन । तल्लो भागमा पञ्चबुद्धको बुट्टा रहेको छ । त्यसको तल बिचमा दुईवटा *थाँ* रहेको छ । यस *थाँ*को *मेथ*मा तह तह बुट्टाको तल *चो,* दोहोरो पत्रदल भएको *पलेस्वाँ, अमोसा, थाँत्वाः, मेमिखा,* दोहोरो पत्रदल भएको *पलेस्वाँ, कलश, कलशासन* र सादा *को* रहेको छ । *मेथ*को दाँयाबाँया रहेको ब्राकेटको तल्लो भागमा तल्ले शैलीको छानो जस्तो दुई तह रहेको छ ।

झ्यालको दाँयाबाँया छेउमा मुथाँचा र मसिनो गरि दुईवटा *थाँ*हरु छन् । *मुथाँचा* मा *ग्वयुक्वःचा* दोहोरो पत्रदल भएको *पलेस्वाँ, कलश, कलशासन* र *को* रहेको छ । *ग्वयुक्वःचा* को माथिल्लो भागमा सानो थाँ रहेको छ, जसमा *मेथ,* चो र *अमोसा* मात्र छन् । मसिनो *थाँ*को

माथिल्लो भाग सादा छ र तल्लो भागमा *कलश, कलशासन* र *को* रहेको छ । झ्यालको भित्री चौकोसमध्ये बिचको चारपाटे र अरु दुईवटा (Cusped shaped) माथिल्तिर अर्धगोलाकारहरु मिलेर बनेको बुट्टा रहेको छ । Cusped shaped को दाँयाबाँया बादल जस्तो बुट्टा छ । चौकोसको वरिपरि *बाहा पोतायृतु* बनाइएको छ । *याक्व* तल दाँयाबाँया *मेराप*मा शार्दूल बनाइएको छ । यसको तल पात सहितको फूलको आकृति बनाइएको छ । यस शार्दूलको सिंग भेंडाको, मुख र हात सिंहको छ । पखेटावाल सिंहको पुच्छर माथितिर फर्केको र हात माथि उठाइ रहेको छ । शार्दूलको शरिरमाथि बादल जस्तो बुट्टा रहेको छ । यस झ्यालको *आशन* सादा छ । तर *थाँचामो पले*को बुट्टा भएको तह, अर्धगोलाकार बुट्टामाथि अड्‍याइएको छ । यस झ्यालको खापा सादा रहेको छ ।

विहारको पुर्वी लडमा रहेको (चि.सं. २४) र पश्चिममा रहेको (चि.सं. ५) त्रिमुखी झ्यालमा केहि फरक छन् । पश्चिममा रहेको त्रिमुखी झ्यालमा सिलाय्‌कुं राखिएको छ । यिनीहरुमा पनि थाममा जस्तै *चो, दथुत्वाः, कलश* र *को* बुट्टा छन् ।

## ४.३.४ फर्जी/नक्कली झ्याल

कुनै पनि झ्याल वा ढोकाको दाँयाबाँया सजावतको लागि प्रयोग गरिने झ्यालहरुलाई याकु/याक्व झ्याल भन्ने गरिन्छ । यस प्रकारका झ्यालहरुमा पनि प्रयोगको लागि वा मात्र सजावतको लागि बनाइने गरिन्छ । सजावटको लागि बनाइने झ्याल बाहिरबाट झट्ट हेर्दा झ्याल देखिन्छ । भित्री भागमा गारो लगाइएको हुन्छ । अथवा काठमा झ्यालको बुट्टा कुंदिएको भए पनि पूर्ण रुपमा झ्याल भने होइन । यस प्रकारका झ्याललाई फर्जी वा नक्कली झ्याल भन्न सकिन्छ । यस प्रकारका झ्याललाई Bernier (The Nepalese Temples) र Mary S. Slusser (The Antiquity of Nepalese Woodwork) ले Blind window भनेका छन् । S.B. Deo (Glimpse on Nepal Woodwork) र Gutshow (Newar Towns and Buildings) ले False window भनेका छन् । यस वहालको चोकमा प्रत्येक भित्तामा दुईवटा सादा ढोका छन् । प्रत्येक ढोकाको दाँयाबाँया यस्ता फर्जी झ्यालहरु (चि.सं. ३१) रहेका छन् । विहारभित्र आठ सादा ढोकामा जम्मा सोह्रवटा फर्जी झ्यालहरु रहेका छन् ।

सादा किसिमको एउटै काठको पातामा सानो आकारको फर्जी झ्याल बनाइएको छ । यसको माथिल्तिर *गुति*को बुट्टा एक तह मात्र छ । *बाहा पोतायत्* (सादा धर्साहरु खोपिल्टा देखिने गरि दुई तह) कुंदिएका छन् । पंचबुद्धको प्रतीकात्मक बुट्टा एउटा मात्र बनाइएको छ । बिच भागमा सादा चारपाटे आकार बनाइएको छ । Rectangular Blockमा सतहभन्दा बाहिर उठेको र भित्र गाडिएको अवस्थामा बनाइएको छ । *याक्व*मा *मेराप* (जसमा शार्दूल रहने भाग) लाई आकारमा देखाइएको छ ।

## ४.३.५ गः झ्याल

गः झ्याः भनेर फर्जी झ्याल (blind window) लाई भन्ने गरिन्छ ,जुन मन्दिरका भुईं तल्लामा राख्ने परम्परा रहेको छ ।[१४२] परेवाको खोरलाई *गः* भन्ने गरिन्छ । परेवाको खोरमा जस्तो सानो प्वाल भएको झ्याल हुनाले नै यसलाई गःझ्याल भनिएको हो । गन्धकुटीको माथिल्लो तलामा तोरणयुक्त पासुका झ्याल रहेको छ । यस झ्यालको दाँयाबाँया रहेका साना झ्यालहरु रहेका छन् । यी झ्यालहरुलाई गःझ्याल भन्ने गरिन्छ । विहारको मूल खण्डमा रहेका यी झ्यालहरुमा तोरणको साथै तल्लो भागमा विद्याधर (चि.सं. ३४) पनि छन् । यसै प्रकारको झ्यालमा बिचमा प्वाल नभइकन भैरव वा कुनै अरु देवताको मकुण्डो पनि बनाइन्छ । यस प्रकारका झ्यालहरुलाई अंग्रेजी पुस्तकहरुमा niches भनिएको छ ।[१४३] Niches ले गवाक्ष भन्ने बुझाउँदछ । गवाक्ष भनेको खाली रहेको स्थान भन्ने बुझिन्छ । तसर्थ यस्ता झ्यालहरुलाई गवाक्ष भन्नु उपयुक्त हुन्दैन । यस प्रकारका झ्यालहरु मन्दिरहरुमा रहेको झ्याल वा ढोकाको दाँयाबाँया रहने गर्दछ ।

विहारभित्र माथिल्लो तलामा पासुका झ्याल र विमान झ्यालको दाँयाबाँया दुईवटा गःझ्यालहरु रहेका छन् । विहारभित्र मात्र प्रत्येक भित्तामा दुईवटा गरि जम्मा आठवटा

---

[१४२] डंगोल, **पूर्ववत्** , (पादटिप्पणी संख्या १७), पृ. ७८ ।

अ.Mary Shepered Slusser, **The Antiquity of Nepalese woodcarving A Reassessment**, (Washington D.C. : University of Washington Press, 2010), p. 181 .

[१४३] **उही**, पृ. ८० ।

ग:झ्यालहरु छन् । विहार बाहिर पनि माथिल्लो तलामा पासुका झ्याल र त्रिमुखी झ्यालको दाँयाबाँया गरि जम्मा छवटा ग: झ्यालहरु (चि.सं. ३३) छन् । ग:झ्यालको भित्री स्वरुप चि.सं. ५५ मा छ । झ्यालको प्रकार अनुसार *ग:झ्या:* भए पनि यसलाई *याक्व झ्या:* पनि भन्न सक्छौं । ठूलो झ्यालको *याक्व:*को दाँयाबाँया रहने झ्याललाई नै *याक्व: झ्या:* भन्ने गरिन्छ । यस बहालमा ग:झ्याल पनि तोरण भएको र नभएको गरी दुई प्रकारका छन् ।

### क) तोरण सहितका ग:झ्याल

तोरण भएको ग:झ्याल (चि.सं. ३४)का बुट्टाहरु निम्नानुसार छन् । झ्यालको तोरणमा गजूर सहितको छत्रावली रहेको छ ,जसमा छेपुले मुखबाट सर्प टोकि रहेको छ । तोरणको तल्लो छेउमा मकराकृति र बिचमा देवताको मूर्ति रहेकोछ । वज्रासनमा तीन मुख छ हात भएको देवता कमलाशनमा बसेका छन् । तोरणको तल्लो भागमा *चिह: पले* र *चा:तुगु पले* (घुम्रिएको कमलको पत्रदल) को दुई तह रहेको छ । यस झ्यालको दाँयाबाँया तीन-तीन वटा समूहको स्तम्भ रहेको छ । स्तम्भमा *मेथ, चो, अमोसा, मेमिखा,* पात सिहतको *कलश, कलशासन, चो* र *को* रहेको छ । *चिह: पले* र *चा:तुगु पले*को तहको तल्लो भागमा Cusped shaped को चौकोस रहेको छ । अर्धगोलाकार (arch) सतहमाथि चार तह खुड्किला जस्तो आकारमा *पलेह:*को बुट्टा रहेको छ । स्तम्भको तल्लो भागमा सानो र ठूलो तीन तह *पले* र सादा दुई तहको आशनमाथि रहेको छ । आशनको तल अर्धगोलाकार भागमा विद्याधर कुंदिएको छ । मुकुट पहिरेको, दुवै हातमा चुरा लगाएको र हात माथि उठाइ झ्याल उठाए झैं भान हुन्छ । कुमबाट पछ्यौरी अगाडी झारेको, दाँया खुट्टा माथि उचालेको र बाँया खुट्टा तलतिर पलेटीमा दर्शाइएको छ । अर्धगोलाकारमा बाहिर *पले* र *पु* (मोति)को घेराभित्र बादलको प्रतीक घुमाउरा घेराहरु छन् । पृष्ठमा कुनै पनि स्थान खाली नदेखिने गरि स-साना बादलको आकृतिहरु कुंदिएका छन् । यस प्रकारको झ्याल गन्धकुटीको माथिल्लो झ्यालको दाँयादाँया जम्मा दुईवटा रहेका छन् ।

### ख) तोरण रहित ग:झ्याल

तोरण नभएको गःझ्याल (चि.नं ३३) का बुट्टाहरु उत्कृष्ट र सुन्दर छन् । सादा मिखाफुसीको तल्लो भागमा *तिछुंवा* र *फोंसिक्वः* रहेको छ । झ्यालको *कोलां*मा स-साना वर्गाकारको बुट्टामा दुईवटा धर्साहरुले रेलको डिव्वा जस्ता जोडिएको बुट्टाले चौकोसको चारैतिरबाट घेरिएको छ । सादा दुई तह खुड्किला जस्तो बुट्टाहरु रहेको छ । *बारा पोतायुतु*मा दुई तहको धर्साहरु छन् । *हथंकुं* सादा रहेको छ । बाहिरी चौकोस सादा छ ,जसको माथिल्लो भागमा त्रिरत्नको बुट्टा रहेको छ । यस झ्यालको दाँयाबाँया छेउमा दुईवटा *थाँ*हरु छन् । *थाँ*मा *ग्वयक्वःचा* र दोहोरो पत्रदल भएको *पलेस्वाँ, कलश, कलशासन* र *को* रहेको छ । झ्यालको भित्री चौकोसमध्ये विचको Cusped shaped (अर्धगोलाकार) बुट्टा रहेको छ । Cusped shaped को भागमा सादा धर्साहरु छन् । *थाँ*को बिचमा ब्राकेट रहेको छ ,जसको बिचमा तल्ले शैलीको मन्दिरको छाना जस्तो दुई तह बुट्टा रहेको छ । *याक्व* तल दाँयाबाँया *मेराप*मा शार्दूल बनाइएको छ ,जसको तल फूलको आकृति बनाइएको छ । यस शार्दूलको सिंग भेंडाको, मुख र हात सिंहको छ । पखेटावाल सिंहको पुच्छर माथितिर फर्केको र हात माथि उठाइ रहेको छ । शार्दूलको शरिरकोमाथि बादल जस्तो बुट्टा रहेको छ । यस झ्यालको *आशन* सादा छ । तर *थाँचामो*मा सादा अर्धगोलाकारमाथि तह बुट्टा रहेको छ । यस प्रकारको गःझ्यालको भित्री स्वरुप चित्रफलक सं. ५६ मा देखाइएको छ ।

## ४.३.६ विमान झ्याल

विमानझ्याल भनेको हेर्दा सँझ्याल जस्तो देखिएता पनि भिन्नता रहेको पाइन्छ । गारोबाट केहि बाहिर निस्केको र झट्ट हेदौ उड्न लागेको विमान जस्तो देखिने भएकोले यस प्रकारको झ्याललाई विमान झ्याल भनिएको हो । विहारको चोकमा राम्रो र ठूलो झ्याल बनाइन्छ ,जसले निवास गृहमा चोकबाट सजिलै हावा र प्रकाशको प्रवेश हुन्छ । साथै वायुसंचारको लागि पनि उत्तम हुने गर्दछ । विहारभित्र उत्तरी लङ्गमा विमानझ्याल (चि.सं. ३२) रहेको छ ,जुन कलाको दृष्टिकोणले महत्वपूर्ण छ । यस झ्यालमा चारवटा साना टुंडालहरु रहेका छन् । विहारमा रहेका झ्यालहरु मध्ये विमान झ्याल सुन्दर रहेको छ । यो झ्याल विहारको आकर्षणको रुपमा रहेको छ ।[१४४] यसमा रहेको बुट्टा तथा अंगहरु निम्नानुसार रहेका छन् - पात,

144 गुत्स्चो, **पूर्ववत्** , (पादटिप्पणी संख्या ), पृ. १९४ ।

मसिनो खुड्किला जस्तो तह, ठूलो *पलेह:,* मसिनो खुड्किला जस्तो तह, *कुंसल, धलिंख्वा:* ( दलिनको छेउमाको सतहमा रहने जनावरको अनुहार),*फोंसिक्व:, नागबेलि* (सर्पको शरिर रहेको), *अमोसा,* झल्लर जस्तो बुट्टा (trifoil mesh with pendent meshor scale), *विल्लरी*मा फूल पनि छ (गसि जस्तै पातहरुको लहरा/string flower) रहेको छ । झ्यालको चौकोसको माथिल्लो भागमा सानो र ठूलो *पले*को दुई तह रहेको छ ।

तीनवटा झ्यालको दाँयाबाँया *थाँ* रहेको छ । विचमा रहेको चारवटा *थाँ*को समूह छ , जसमा एउटा *थाँ* छोपिएको छ । यसैगरी छेउमा पाँच वटा *थाँ*को समूह रहेको छ । जसमा चारवटा *थाँ* देखिन्छ र एउटा मात्र छोपिएको छ । यी सबै *थाँ*को *दथुत्वा:*मा रहेको बुट्टा बाहेक अरु भाग उस्तै छन् । *दथुत्वा:*को बुट्टा फरक भए पनि सबै समूहमा बुट्टाको क्रम मिलाएर राखिएको छ । *थाँ*मा रहेको बुट्टाहरु यस प्रकार छन् । *मेथ*मा दुई तह *पले*को बुट्टा, *चो, अमोसा, थाँत्वा:, पलेह:, नागो, केशर, दथुत्वा:, केशर, अमोसा, कलश, चो* र *को* रहेका छन् । *थाँ*को *को*मा फूल बनाइएको छ । बिचमा छेपिएको *थाँ*को *दथुत्वा:* मात्र देखिन्छ ,जसमा पुरै *हाछें*को बुट्टाहरु बनाइएका छन् ।

मिखाफुसी जस्तो दुई तहमा *चिह: पले* र *चा:तुगु पलेह:* छन् । प्रत्येक चौकोसमा *द्य:कुं* रहेको छ ,जसमा आठ हात भएको मूर्ति पद्मासनमा देखाइएको छ । विचको झ्यालको चारपाटे र दाँयाबाँया अर्धगोलाकार बुट्टाका (Cusped shaped) चौकोसहरु छन् । दाँयाबाँयाको र विचमा रहेको चौकोसमा *पु, पलेह:, सँथु* (कपाल बाटेको) बुट्टाहरुको तह छन् । Cusped shaped को दाँयाबाँया मुकुट पहिरेका परिहरु छन् । माला समाइरहेका परिका खुट्टा एउटा पलेटि जस्तो र अर्को आकाशतिर फर्किएको छ । पृष्ठमा बादलका आकृतिहरु छन् ।

*थाँ* बिसाइएको आशनमा *चिह: पले* र *चा:तुगु पलेह:*को तल्लो भागमा स-साना माथितिर उठेको वर्गाकार बुट्टाहरु रहेका छन् । यसको तल *पलेह:,* सादा धर्साहरु र *तुलसीह:*(तुलसीको पात) फ्रेमको तीन तर्फ छन् । तल्लो भागमा *ल:फ्व:* (भुमरी) रहेको भागले तिनवटै झ्यालको जालीमा डुंगाको आकार बनाएको छ । झ्यालको तल्लो भागमा अलग-अलग फ्रेमभित्र भिन्दाभिन्दै जालीको बुट्टा र मूर्तिहरु छन् । विमानझ्यालको छेउमा दुई सिंहहरु छन् । यस विमानझ्यालमा रहेको खापा र तल्लो भागमा रहेको जालीदार बुट्टाहरु, मूर्तिहरु र सिं बारेमा अर्को शीर्षकमा चर्चा

गरिनेछ । *चिहः पले, चाःतुगु पलेहः* र *अमोसा* रहेको तीन तह रहेको छ । *उफ्योधि*मा चार हात भएको मूर्तिहरु र *पुष्पवल्लरी* छन् ,जसमा फूलको घेराभित्र नै स-साना नौवटा बौद्ध धर्मका देवताहरु पद्मासनमा बसेका छन् । *उफ्योधि*को तल्लो भागमा बौद्ध विहारहरुमा प्रयोग गरिने *फिरफिरचा* (सजावतको लागि झल्लरको रुपमा प्रयोग गरिने) राखिएका छन् । यस विमान झ्यालमा चारवटा टुंडालहरु रहेको छ ,जसमा *मलः* (ड्रचागन) को चित्र बनाइएको छ ।

### ४.३.६.१ विमान झ्यालमा रहेका जाली

S.B. Deoले काठमाडौं उपत्यकामा रहेका परम्परागत शैलीका झ्यालहरुमा अध्ययन गरेका छन् ,जसमध्ये आँखीझ्यालमा बनाइएका विभिन्न प्रकारका बुट्टेदार जालीहरु (Meshes) संकलन गरिएका छन् । यी जालीहरुको फोटो, बुट्टाका नाम र पाइएका स्थानहरुको विवरण दिएका छन् । उनले पचास प्रकारका बुट्टेदार जालीहरुका जनाकारी दिएका छन् ।[१४५] छुस्यावहालको विमान झ्यालमा रहेका विभिन्न प्रकारका जाली बुट्टाकोबारे यस शीर्षकमा चर्चा गरिएको छ ।

झ्यालमा रहने वा अन्य प्रकारको जाली (lattic work)लाई बनाउने प्रकृयालाई Batten भनिन्छ ।जाली बनाउने प्रकृयालाई तिन प्रकारमा विभाजन गरिएको छ ।

१. Perforated batten (फल्याकमा प्वालै प्वाल पारेर बनाउने),

२. Serrated batten (फल्याकमा करौंति जस्तो धार बनाउने) र

३. Key batten (लिष्टीहरुमा काटेर अड्याइ (lock system) जाली बनाउने) ।[१४६]

---

[145] Shantaram Balchandra Deo, **Glimpse of Nepal Woodwork,** (Calcutta : The journal of the Indian Society of Oriental Art, 1968-69), pp. xvii-xxxiv .

[146] A.H. Macdonald and Vergaty Stahl, **Newar Art Nepalese Art During The Malla Period,** (New Delhi : Vikas Publishing House Pvt Ltd, 1979), p. 82 .

Gutchow का अनुसार Slotted  batten, Perforated batten र Key batten छन् ।[१४७] यस शोधमा batten को प्राविधिक पक्षमा नभइ सामान्य जानकारी मात्र दिइएको छ ।

### ४.३.६.१.१ विमान झ्यालको खापामा रहेका जाली

छुस्यावहालको विमानझ्यालको खापामा रहेका जाली बुट्टाकोबारे यस शीर्षकमा चर्चा गरिएको छ । खापामा रहेको जालीदार बुट्टाहरुको नाम S.B. Deo का अनुसार उनको पुस्तकमा दिइएका छन् ।

p. xxx, pl. 4 diamond and rectangle with concave or convex sides (हिराकारमा उठेको र खोपिल्टा परेको जाली), (चि.सं. ५२)

p. xxvii, pl. 2 diamond mesh with quatrefoil carvings (चार पत्ता फूल र हिराआकारको जाली), (चि.सं. ५३)

p. xxxiii , pl. 3 cross and polygonal mesh (अष्टकोणाकारको र चार पत्ता फूलको जाली), ( चि.सं. ५४)  ।

विहारको झ्यालमा रहेका खापाको जाली दाँयाबाट क्रमशः वर्णन गरिएको छ ।

पहिलो झ्यालमा रहेको जालीको बुट्टा (चि.सं. ५२) हिराकारमा उठेको र खोपिल्टा परेको जाली हो । यसमा जाली बनाएको बाहिरी घेरामा माथि उठाइ विचमा खोपिल्टा पारिएको छ । त्यसै गहिरो भागमा *पु* लाई माथि उठाइ घेरा बनाइ सुन्दरता प्रदान गरिएको छ । दोस्रो झ्यालको खापामा (चि.सं. ५३) चार पत्ता फूल र हिराआकारको जाली बनाइएको छ । यसमा फूलको पंक्तिमा हावादारी भाग अष्टकोणाकारको बनेको छ । तेस्रो झ्यालको खापामा (चि.सं. ५४) अष्टकोणाकारको र चार पत्ता फूलको जाली रहेको छ । यसमा अष्टकोणाकार पंक्तिबद्ध रुपमा रहेको छ । अष्टकोणाकारमा *बाहा पोतायृतु* मा जस्तै दुई तह कुंदिएको छ । यसरी यस जालीमा अष्टकोणाकारको र चार पत्ता फूलको जाली बनेको छ ।

### ४.३.६.१.२  विमान झ्यालको तल्लो भागमा रहेका जाली

S.B. Deo का पुस्तकमा दिइएका बुट्टा र नामका आधारमा चर्चा गरिएको छ ।

---

147 गुत्स्चो, **पूर्ववत्** , (पादटिप्पणी संख्या ४), पृ. १९४ ।

p. xxxiv, pl. 6 biconvex mesh (कपाल बाँटेको जस्तै गरि जाली बनाइएका बुट्टा) (चि.सं. ४८)

p. xxxi , pl. 1 diamond mesh with vajra motif (विश्ववज्र आकारको बुट्टा) (चि.सं. ४९)

p. xxxiv, pl. 2 trifoil mesh with pendent meshor scale (झल्लर जस्तो बुट्टा) (चि.सं. ५०)

p. xxviii, pl. 5 diamond mesh formed by interlocking strips (सादा लिष्टिको *ईचिकं* बुट्टालाई जडानमा विशेष देखाइएको छ । ) (चि.सं. ५१)

विमानझ्यालको तल्लो भागमा दाँया र बाँया कुनामा *ईचिकं* आकारको (चि.सं. ५१) बुट्टा तर जडानमा विशेष किसिमको देखिन्छ । यो जाली सादा नै छ। जसको गारोको कुनामा मूर्ति र छेउमा सिंह रहेको छ। पहिलो र तेस्रो झ्यालको तल्लो भागमा दुई प्रकारका जालीहरु छन् , जुन *ल:प्वः*को बुट्टा रहेको भाग डुंगा जस्तो आकारमा रहेको छ। यसले चि.सं. ४८ र ५० लाई एउटै फलकमा छुट्ट्याइ दिएको छ। दुवै छेउको झ्यालमा सिंहको छेउमा रहेको जाली कपाल बाँटेको जस्तो गरि डोरीहरु अल्झाइएको आकारको बुट्टा (चि.सं. ४८) रहेको छ। त्यसै गरि मूर्तितर्फको भागमा झल्लर जस्तो बुट्टा (चि.सं. ५०) छ ,जसमा जालीमा बिचबाट झुम्का जस्तो वस्तु झरेको देखाइएको छ । बिचको झ्यालको तल्लो भागको जालीमा विश्ववज्र आकारको बुट्टा (चि.सं. ५१) बनाइएको छ । यस जालीको बिचमा बसेको एउटा मूर्ति छ , जसमा तिनवटा अनुहार र चौविस वटा हातहरु रहेका छन् ।

सर्वसाधारणको घर, दरवारहरु, पाटी, पौवा, मठ-मन्दिरहरु र द्यःछेँहरुमा कलात्मक झ्यालहरु पाइन्छन् । हरेक किसिमका वास्तुमा काठका झ्यालहरुको प्रयोग नियमित रुपमा गरिन्छ । साधारणतया एक, दुई तल्लासम्म तिकिझ्याः बनाइन्छ । तिकिझ्याः सँझ्याः र गाःझ्याःको दाँयाबाँया बनाइन्छ । सुरक्षाको दृष्टिकोण्ले तिकिझ्यालको बढी प्रयोग गरिन्छ । सँझ्याः भवनको माथिल्लो तल्लामा बनाइन्छ। मध्यकालीन समयमा विजोर संख्यामा झ्यालहरु राख्ने परम्परा रहेको छ। झ्यालहरुको नाम संख्या, निर्माण गरिएको वस्तु र बुट्टाको आधारमा राखिएको पाइन्छ। तत्कालिन समयमा निश्चित स्थानमा निश्चित प्रकार र आकारका झ्यालहरु राख्दथ्ये । पासुकाझ्यालमा चौकोसको भाग धेरै रहेको हुन्छ। यस प्रकारका झ्यालमा तीन र पाँचवटा स-साना खुल्ला प्वालहरु रहेको हुन्छ । यस प्रकारका झ्यालहरु प्राय विहारहरुमा

पाइन्छन् । मन्दिरमा सजावटको लागि प्रयोग गरिने गःभ्याः कहिल्यै पनि खोल्न मिल्दैन । यसमा सानो प्वाल बनाइएको हुन्छ । यस्ता भ्यालहरुमा भित्रबाट गारो लगाइएका हुन्छन् । यस प्रकारका फर्जी/नक्कली भ्यालहरु (blind window) मन्दिर तथा विहारहरुको ढोका दाँयाबाँया राखिन्छन् । भ्यालमा प्रयोग गरिने जालीबुट्टाहरु बेलबुट्टे (Diaper pattern), गोलाकार, वर्गाकार, हिराकार जस्ता धेरै प्रकारका बनाइएको पाइन्छ । काष्ठकलाको लागि प्रायः गरि धुँसिं र चँसिं जातका काठको प्रयोग गरिन्छ । छुस्यावहालमा आँखीभ्याल, गःभ्याल, पासुका भ्याल, त्रिमुखी भ्याल, फर्जी वा नक्कली (याकु/याक्व भ्याल) विमान भ्याल रहेका छन् ।

# अध्याय : चार

# छुस्यावहालका झ्यालहरु

## ४.१ झ्यालको परिचय

काठमाडौं उपत्यकाका वास्तुकलाको प्रमुख अंगको रुपमा झ्यालहरुको उल्लेख गर्न सकिन्छ । झ्याल शव्दलाई स्थानिय नेपालभाषामा 'झ्याः' भन्ने गरिन्छ । खस भाषाको 'झ्याल' शब्दको 'ल' लोप भएर नेपालभाषामा 'झ्याल' भएको भन्ने तर्क गलत हो ।[१४८] झ्याल शब्द पहिले तराई र पहाडमा प्रयोगमा थिएन । झ्यालवाचक शब्दको रुपमा दैलोको प्रयोग गरिन्थ्यो ।[१४९] नेपालभाषा (नेवारी)मा polysyllable बाट monosyllable परिवर्तन हुने गर्दछ । जस्तै 'हल' (पात) को 'हः' हुन्छ । 'झ्याल' शव्दको 'ल' मा यसरी 'ल' लोप भएर त्यसको सट्टामा विसर्ग रहेको हो । पछाडिको 'ल' शव्द लोप भएर विसर्ग लागेका थुप्रै उदाहरणहरु छन् । यसरी लोप भएको अक्षर सप्तम विभक्तिको प्रयोग हँदा पुनः देखा पर्दछ । जस्तै :- झ्यालमा भन्नु पर्दा 'झ्यालय्' भनिन्छ ।

चन्द्र बहादुर जोशीका अनुसार काठमाडौं उपत्यकाका कलात्मक झ्यालहरुमा निम्नानुसार झ्यालहरुको उल्लेख गरेका छन् - १. कमलझ्याः २. काःझ्याः ३. कुंझ्याः ४. गःझ्याः ५. गाःझ्याः ६. गोझ्याः ७. छपाःझ्याः ८. तिकिझ्याः ९. देशय्मदुझ्याः १०. धनुपोताहर्द विमानझ्याः
११. पंचझ्याः १२. पासुखाझ्याः १३. बाकुझ्याः १४. विधिझ्याः १५. विमानझ्याः १६. म्हय्खाझ्याः १७. याकुझ्याः १८. सूर्यमुखीझ्याः १९. सँझ्याः २०. स्वखाझ्याः ।[१५०]

Gutschow का अनुसार झ्याललाई आकार र प्रकारमा विभाजन गरि अध्ययन गरेका छन् ।[१५१] S.B. Deo ले काठमाडौं उपत्यकाका झ्यालहरुलाई तीन किसिमले विभाजन गरेका छन् ।

---

[१४८] इन्द्र माली, "झ्याल शब्द छगू अध्ययन", **सितु**, वर्ष ७, अंक ३८, (ने.सं.१०९०, शरद), पृ. १५ ।

[१४९] **उही,** पृ. १३ ।

[१५०] चन्द्र बहादुर जोशी, **काठमाडौं उपत्यकाका कलात्मक झ्यालहरु**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०४६), पृ. ९ । (परिशिष्ट "क"- अ । )

क) घर, मठ, मन्दिर, विहार तथा दरवारको अग्रभागमा राखिने झ्यालहरु,

ख) दुई खम्बा र स्तम्भहरुलाई जोड्ने गरि राखिएका झ्यालहरु र

ग) विममा जोडिएका बालकोनीका झ्यालहरु पर्दछन् ।[१५२]

यसरी नै झ्यालको आकार वर्गाकार, चोसाकार, घोडाको टाप आकार, गोलाकार, अण्डाकार, धनुषाकार, चतुष्कोणीय, अर्धचन्द्राकार, बहुभुजाकार जस्ता विविध स्वरुपहरु देख्न सकिन्छ । बुट्टाको आधारमा काठमाडौंमा रहेका झ्यालहरुको नाम यस प्रकार छन् : *देशयमदुझ्याः, नवग्रहझ्याः, मयुरझ्याः, नकिंझ्याः, देगःझ्याः, रथझ्याः, सूर्यझ्याः, चन्द्रझ्याः, विमानझ्याः, सँझ्याः, गाःझ्याः, गःझ्याः, तिकिझ्याः* आदि । सत्यमोहन जोशीका अनुसार *तिकिझ्याः, पुष्पझ्याः, त्रिखाझ्याः, पञ्चझ्याः, गःझ्याः, विधिझ्याः, गाःझ्याः, स्वखाझ्याः, कोसि झ्याः, बपिझ्याः, बाकूझ्याः, पाचुखाझ्याः, तस्वीरझ्याः, सँझ्याः*हरु छन् । वहाल र वहिलमा त्रिखाझ्याः त्रिरत्न (बुद्ध, धर्म र संघ) र पञ्चझ्याः पञ्चबुद्धको प्रतीकमा राखिन्छ ।[१५३] गौतमवज्र वज्राचार्यको हनूमानढोका राजदरबार पुस्तकमा पनि केहि झ्यालहरुको उल्लेख गरेका छन् । आँखीझ्याल, *गःझ्याल, गाःझ्याल, पाचुकाझ्याल, बाकुझ्याल, याकुझ्याल, विधिझ्याल, सँझ्याल, स्वखाझ्याल* आदि ।

Wolf Gang Korn ले झ्याललाई चार प्रकारमा विभाजन गरेका छन् ।[१५४]

१. *छपाः झ्याः,*

२. *गः झ्याः,*

३. *तिकि झ्याः* क) *सँझ्याः* ख) *गाः झ्याः* र

---

[१५१] Neils Gutschow, (et.al.), **Newar Towns and Buildings An illustrated Dictionary Newari-English,** (Germany : VGH Wissenschaftsverlag , sankat Augustin, 1987), p. 191 . (परिशिष्ट "क"- आ । )

[१५२] Shantaram Balchandra Deo, **Glimpse of Nepal Woodwork,** (Calcutta : The journal of the Indian Society of Oriental Art, 1968-69), pp.29-30.

[१५३] सत्यमोहन जोशी, "सँझ्याः छगू अध्ययन", **सँझ्या :** , वर्ष १, अंक १, (ने.सं. ११००), पृ. २ ।

[१५४] Wolf Gang Korn, **The Traditional Architecture of Kathmandu Valley**, (Kathmandu : Ratna Pustak Bhandar, 1976), p. 108. (जसको रेखाचित्र नं २ मा हेर्नुहोस् ।)

४. साधारण झ्याः (बुट्टा नभएका) । कर्नले गरेको विभाजनका आधारमा झ्याललाई अध्ययन गर्न सजिलो पर्दछ । यिनै चार प्रकारले नै अरु झ्यालको स्वरुप तयार हुन्छ ।

प्राचीन समयमा निश्चित स्थानमा निश्चित प्रकार र आकारका झ्यालहरु राख्दथ्ये । छपाःझ्याःमा चौकोसको भाग धेरै रहेको हुन्छ ,जसमा एकदेखि पाँचवटासम्म स-साना खुल्ला प्वालहरु रहेको हुन्छ । यस प्रकारका झ्यालहरु प्रायः विहारहरुमा पाइन्छन् । मन्दिरमा सजावटको लागि प्रयोग गरिने गःझ्याः खोल्न मिल्दैन । यस्ता झ्यालहरुमा सानो प्वाल मात्र बनाइएका हुन्छन् । यसै गरि खोल्न नमिल्ने किसिमका झ्यालहरु पनि हुन्छन् । यस प्रकारका झ्यालहरु बाहिरबाट हेर्दा झ्याल र भित्रबाट गारो लगाइएका हुन्छन् जसलाई फर्जी/नक्कली झ्यालहरु (blind window) पनि भन्ने गरिन्छ । यस्ता गःझ्याल र फर्जी/नक्कली झ्यालहरु मन्दिर तथा विहारहरुको ढोका दाँयाबाँया राखिन्छन् । मन्दिर तथा भवनहरुमा सुन्दर झ्यालहरुको दाँयाबाँया राखिने झ्यालहरुलाई याक्वझ्याः (काखीमुनि रहेको) पनि भन्ने गरिन्छ । तिकिझ्याः भनेको जालीदार (lattic) बुट्टा भएको झ्याल हो, जसलाई क) सँझ्याः ख) गाः झ्याः गरी दुई भागमा बाँडेका छन् । यस प्रकारको झ्यालहरु सर्वसाधारणको घर, दरवारहरु, मन्दिरहरु र बौद्ध तथा हिन्दुहरुको  स्मारकहरुमा पाइन्छन् । साधारण तिकिझ्याः सँझ्याः र गाःझ्याः दाँयाबाँया बनाइन्छ । सँझ्याः भवनको माथिल्लो तल्लामा बनाइन्छ । गाःझ्याः छानाको तल्लो भागमा राखिन्छ । पछिल्लो समयमा सामान्यतया १.५० मी. अग्लो र ८०-९० से.मी. चौडाइ भएका झ्यालहरुलाई साधारण झ्याल भनिन्छ । यस प्रकारका झ्यालहरु हावा र प्रकाशको लागि बनाइन्छ । यो झ्याल सर्वसाधारणहरुको निवासमा बनाइन्छन् । ३ र ४ नं को मिश्रणको झ्यालमा भने जालीदार भागले पुरै झ्याल छोपिएको हुन्छ ।

मध्यकालिन झ्यालहरु १ X १ फीट आकारका साना झ्यालहरु देखि १० फीट सम्मका लामा झ्यालहरु पाइन्छन् । काठमाडौं उपत्यकाका झ्यालहरु मध्यकालिन समयमा विजोर संख्यामा राख्ने परम्परा रहेको छ । उदाहरणको लागि एक, तीन, पाँच, सात, नौ र एघारवटा झ्यालहरुको पंक्ति देख्न पाइन्छ । तर वृहत संख्याको नमुना भक्तपुरको पच्पन्न झ्याले दरवार रहेको छ । हाल सात, नौ र एघारवटा झ्यालहरुको पंक्ति भक्तपुरमा मात्र हेर्न पाइन्छ । सातवटा झ्यालका पंक्ति पुराना घरहरुमा र नवनिर्मित भवनहरुमा पनि देख्न सक्छौं । झ्यालहरुलाई संख्याको आधारमा स्थानीय बोलिमा नामाकरण गरिएको छ । जस्तै- *छपाझ्याः, स्वपाझ्याः,*

*न्यापाभ्याः, न्हयूपाभ्याः, गुपाभ्याः, भिंछपा भ्याः, न्यून्यापा(पचपन्न)भ्याः, त्रिखाभ्याः, पासुखाभ्याः* आदि । यसरी संख्याको आधारमा झ्याललाई *छपा, छखा, छका* भनेर एउटा झ्याललाई नै बुझाउँदछ । यसरी *का/खा/पा* भन्ने स्थान विशेष अनुसार बोलिमा फरक पर्ने गर्दछ । *का/खा/पा* भनेर संख्यात्मक गणनामा प्रयोग गरिने "वटा" जस्तै शब्दहरु हुन् । यसरी नामाकरण गरिएका झ्यालका अर्थहरु यस प्रकार छन् ।

१. *छपा/ काभ्याः* - एउटा झ्याल
२. *स्वपा/त्रिखा/*त्रिमुखी - तीनवटा झ्यालको समूह
३. *न्यापा/पासुका/पञ्चभ्याः* - पाँचवटा झ्यालको समूह
४. *न्हयूपाभ्याः* - सातवटा झ्यालहरुको समूह
५. *गुपाभ्याः* - नौवटा झ्यालहरुको समूह
६. *भिंछपाभ्याः* - एघारवटा झ्यालहरुको समूह
७. *न्यून्यापाभ्याः* - पच्पन्नवटा झ्यालहरुको पंक्ति ।

छपा, स्वपा/त्रिखा/त्रिमुखी, न्यापा/पासुका/पञ्चभ्याः र न्हयूपाभ्याः प्राय जसो हामीले काठमाडौं उपत्यका वरिपरि दखिने झ्यालको नमूनाहरु हुन् । सातवटा झ्यालहरुको समूह सर्वसाधारणको आवासमा कमै मात्र देख्न पाइन्छ । परम्परागत सातवटा झ्यालको समूह भक्तपुरको गोलमढी टोलमा रहेको छ । त्यसैगरी हालसालै मात्र बनेको नयाँ भवनमा पनि परम्परागत शैलीमा सातवटा झ्यालको समूह बनाइएको छ ,जुन दत्तात्रय मन्दिरबाट *न्यातपौ* मन्दिर आउने बाटोमा रहेको छ । भक्तपुरको खौमा टोलमा जगतसुन्दर मल्लको शालिक रहेको छ । सो शालिकको अगाडिको घरमा पनि धेरै संख्यामा झ्याल रहेको छ ,जसमा एउटा घरमा नौवटा झ्यालको समूह रहेको छ । त्यसै घरसँगै टाँसिएको अर्कोमा एघारवटा झ्यालको समूह रहेको छ । यसै गरि काठमाडौंको यट्खाबाट नरदेवी जाने बाटोका बाँयातर्फ एक पुरानो घरमा सातवटा झ्यालहरुका पंक्ति रहेका छन् । यसैगरी काठमाडौंको बाङ्गेमुढामा (स्थानमण्डपबाट तीन घर पर) नवनिर्मित घरमा सातवटा झ्यालहरुको समूह देख्न सकिन्छ । पच्पन्नवटा झ्यालको पंक्ति भक्तपुर दरवार क्षेत्रमा मात्र देख्न सक्छौं । मध्यकालीन समयमा निर्माण गरिने भवनहरुमा माथिल्लो तलाहरुमा यथाअनुकुल झ्यालहरु राखिन्छन् । यी झ्यालहरु कतै तीन, कतै

पाँच र कतै सातको हिसाबले राखिएका हुन्छन् । भक्तपुरको दरवारमा पचपन्नवटा झ्यालहरु छन् ।

गौतमवज्र वज्राचार्यका अनुसार "तीन झ्याल भए शून्यता, अनि मित्रता, अप्रणिहितता, नामक तीन समाधिको प्रतिरुप, पाँच झ्याल भए दीव्यचक्षु, प्रज्ञाचक्षु, धर्मचक्षु, ज्ञानचक्षु र समाधिचक्षुको प्रतिरुप तथा सात झ्याल भए स्मृति, धर्मविचय, वीर्य, प्रीति, प्रश्रब्धि र उपेक्षा यी सात बोध्याङ्गको प्रतिरुप" मानिन्छन् ।[१५५] वास्तुकलामा बनाइने झ्यालहरुको संख्याका आधारमा विभिन्न धर्म अनुसार तिनले फरक प्रतीक जनाउने गर्दछ । "यस प्रकार घरहरुमा सजिने झ्यालहरुमा पनि बौद्ध धर्मको प्रतीकात्मक तत्वहरु समावेश भएका हुन्छन् । वास्तवमा शैव मतावलम्वीहरुको घरहरुमा पनि यस प्रकारका प्रतीकात्मक तत्वहरुले स्थान पाएको हुन्छ वा हुन्दैन यो कुरा यथार्थ रुपमा जानिएको छैन । तर हेर्ने झ्यालहरुलाई पनि यस प्रकार दीव्यचक्षु, प्रज्ञाचक्षु, आदिको भावनाले हेर्नु अवश्यमेव रोचक हुनेछ ।"[१५६] गौतमवज्र वज्राचार्यका अनुसार तीन, पाँच, सात संख्याको प्रतीकात्मक तत्वहरु रहेका छन् । लोककथन अनुसार भक्तपुरको पच्पन्नझ्याले दरवारका झ्यालहरुले राजा भूपतिन्द्र मल्लको ५५औं जन्मदिनको प्रतीक मान्ने गरिन्छ ।

झ्यालमा बनाइने बुट्टाहरुको आधारमा पनि झ्यालको नाम रहने गरेको छ । बुट्टाको आधारमा विभिन्न प्रकारका नाम भएको झ्यालहरुको अर्थ निम्नानुसार रहको छ ।

१. *देशय्मदुझ्याः* - अन्त कतै त्यसको जोडा नभएको विशिष्ट झ्याल भन्ने बुझिन्छ ।

२. *नवग्रहझ्याः* - नवग्रह अंकित झ्याल

३. *म्हयूखाझ्याः* - मयूर भएको झ्याल, दोल्खामा नेपालभाषामा मयुर झ्याललाई बाँपिझ्यालः भन्ने गरिन्छ ।

४. *नकिंझ्याः* - पाटनको महापालमा रहेको कुमारीको मुखाकृति कोरिएको आँखीझ्याल

५. *देगःझ्याः* - मन्दिर भएको झ्याल वा मन्दिरमा रहेको झ्याल भन्ने बुझिन्छ ।

---

[१५५] गौतमवज्र वज्राचार्य, **हनूमान्ढोका राजदरबार**, (कीर्तिपुर : नेपाल र एशियालि अध्ययन संस्थान, त्रि.वि., वि.सं. २०३३), पृ. २५७ ।

[१५६] **उही**, पृ. २५७ ।

७. *रथझ्याः* - रथ भएको झ्याल वा रथमा भएको झ्याल भन्ने बुझिन्छ ।

८. *सूर्यझ्याः* - सूर्य वा घोडा अंकित झ्याल

९. *चन्द्रझ्याः* - चन्द्रमा वा राजहंस अंकित भएको झ्याल

१०. *विमानझ्याः* - विमान जस्तो उड्न लागेको झ्याल

११. *सँझ्याः* -गारोमा टाँसिएको बाहिर हेर्न मिल्ने किसिमको झ्याल, जुन विशेष गरि तान बुन्नको लागि प्रयोग गरिन्छ ।

१२. *गाःझ्याः* - गाः भनेको खाल्डो, माथिल्तिर चौडा र तल्लो भागमा साँघुरिएको झ्याल हो ।

१३. *गःझ्याः*- परेवाको खोरलाई *गः* भन्ने गरिन्छ । परेवाको खोरमा जस्तो सानो प्वाल भएको झ्याल हुनाले नै *गः* झ्याल भनिएको हो ।

१४. *तिकिझ्याः* - *तिकि* भनेको थोप्ला हो । यसरी थोप्लै थोप्ला मिलेर बनेको भएर *तिकि*झ्याल भनिएको हो ।

१५. *पुष्पझ्याः* - फूल बुट्टा भएको झ्याल

१६. *विधिझ्याः* - छानोबाट भिरालो भइ जोडिएको, आँखीझ्याल जस्तो सादा जालीदार भागले झ्याल पुरै भाग घेरिएको, बरण्डा जस्तो गाह्रोबाट बाहिर तर्फ निस्किएको झ्याल हो । जुन प्रायः जसो मन्दिरको माथिल्लो तल्ला र तल्ले शैलीको मन्दिरमा बनाइने गरिन्छ ।

१७. *बपिझ्याः* - बपि भनेको करंग भन्ने बुझिन्छ । करंग जस्तो बुट्टा भएको झ्याल भनेको हुन सक्दछ ।

१८. *बाकुझ्याः* - सिंगो झ्यालको विचबाट थाम राखेर टुक्राइएको बाकुझ्याल भनिन्छ । *बाकु* भनेको आधा भन्ने बुझिन्छ ।

१९. *तस्वीरझ्याः* - कुनै पनि प्रकारको झ्यालको तल्लो भागमा रहने *कोता*(फल्याक) वा जालीदार भाग रहने स्थानमा तस्वीर बनाइएकोले तस्वीर झ्याल भनिएको हो ।

२०. *याकु/याक्वझ्याः* - कुनै विशेष किसिमको झ्याल वा ढोकाको दाँया बाँया रहने झ्याल हो । याकु/याक्व भनेको काखी मुनिको भाग हो, जसरी मानव शरिरमा हातको मुनि काखी रहन्छ त्यस्तै झ्याल वा ढोकाको पखेटाको तल्लो भागमा रहने गर्दछ । यस प्रकारको झ्याल भएकोले नै याकु झ्याल भनिएको हो ।

अर्थ नखुलेका तर नाम चलेका झ्यालहरुमा *वापिझ्या:, तौझ्या:, बंसाझ्या:, कोसिझ्या:, बपिझ्याहरु* छन् ।

यसै गरि झ्याल निर्माण गरिएको वस्तुको आधारमा पनि नाम राखिएको पाइन्छ । जस्तै - *श्रीखण्ड झ्या:, लुँझ्या:, दन्तझ्या:, अप्पा:झ्या:, न:झ्या:* आदि । भक्तपुरको तलेजुमा रहेको एउटा झ्यालको नाम श्रीखण्ड झ्याल रहेको छ ।  उक्त झ्याल श्रीखण्डको काठबाट बनाइएको हुनाले नै सोही अनुसारको नाम रहन गएको हो ।

## ४.२ वास्तुकलाको प्रमुख अंग झ्यालहरु

एक तला, दुई तलासम्मका झ्यालहरु प्रायः आँखीझ्याल नै हुन्छन् । काठमाडौं उपत्यकाको वास्तुकलामा आँखीझ्यालको विशेष स्थान रहेको छ । तत्कालिन समयमा भित्रबाट सबै कुरा राम्ररी देखिने तर बाहिरबाट केही नदेखिने आँखीझ्यालले सुरक्षा र गोप्यता प्रदान गरेको छ । स्वच्छ हावाका लागि चौबीसै घण्टा खुला राख्नमा पनि आँखीझ्याल नेपाली वास्तुकलामा विशेष लोकप्रिय बनेको छ । मल्लकालीन घरहरुमा यस आँखीझ्यालको विशेषता रहेको छ । "आँखीझ्यालहरुमा पनि कलाकारको उत्कृष्टता तब निखारिएको हुन्छ ,जब ती झ्यालहरुका अनेक तहदार चौकोस उपचौकोसहरु अनेक मनोरञ्जक भावहरुले परिपूर्ण कालिगढीले सजिएका  हुन्छन् । यस्ता झ्यालहरुमा लता प्रतानादि र मङ्गल सूचक अष्टमङ्गलादि बुट्टाहरुको अतिरिक्त अनेक सम्प्रदायका इष्टदेव-देवीहरु र पुतलीहरु तथा गरुड, कमल, सिंह, घोडा, मयूर, परेवा आदि जीवजन्तु र चराचुरुङ्गीहरुको मूर्तिहरु पनि भरमार यथाप्रसंङ्ग राम्ररी जडिएका हुन्छन् । यी साधारण आँखीझ्यालहरुको अतिरिक्त मुख्य कोठाको मोहडामा तीन या पाँच तथा एकै ढिक्का खुल्ला झ्यालहरु पनि राख्ने चलन छ ।"[१५७] यस्ता कलात्मक काष्ठ झ्यालहरु हेर्नको लागि विदेशीहरु काठमाडौं आउने गर्दछन् ।

झ्यालहरु घरको मूलरुपमा विशिष्ट ढङ्गले सजिएका हुन्छन्, जसमा तोरणादि समेत लागेका हुन्छन् । यस्ता किसिमका झ्यालहरु घरको गारोबाट बाहिर निस्केका हुन्छन् ,जसको निर्माणको लागि उच्च कालिगढीको ज्ञान हुन अत्यावश्यक छ । प्रायः यस्ता खुल्ला झ्यालहरु

[१५७] वज्राचार्य, **पूर्ववत्,** (पादटिप्पणी संख्या ८), पृ. २५७ ।

तीन तला माथि नै देखिएका छन् । उहिलेका घरहरुमा एक दुई तल्ला सम्मका प्राय सबै झ्यालहरु बन्द आँखीझ्याल हुने कुरा सुरक्षाको दृष्टिमा नै निर्भर रहेको छ । तीन तल्लामाथिको झ्याल प्राय खुल्ला हुनुको मतलब त्यहाँ सजिलैसंग चोर, शत्रु आदि पुग्न गाह्रो पर्दछ । यस प्रकारका खुल्ला झ्यालमाथि झिङ्गटीको या धातुको छाना विछ्याइएको हुन्छ ।

परम्परागत शैलीका नेपाली झ्यालहरुमा कुनै पनि किसिमको धातु, किल्ला वा गुँदको प्रयोग नगरिकन काठको किल्लाबाट नै जडान गर्ने गरिन्छ । झ्यालका खापाहरु पनि बिना कब्जा (चौकोसमा अड्याउन प्रयोग गरिने वस्तु) नै राखिन्छ । प्रत्येक झ्यालहरुमा चौकोस भित्री र बाहिरी गरि दुई प्रकारका हुन्छन् । भित्री सादा चौकोसलाई *दुचु* र बाहिरी बुट्टेदार चौकोसलाई *भः* भनिन्छ । सुन्दर बुट्टा भएका काठका विभिन्न आकारका धेरै इकाई (टुक्रा) हरुलाई जोडेर झ्यालको निर्माण गरिन्छ ।

झ्यालमा प्रयोग गरिने जालीहरु पनि धेरै प्रकारका छन् । प्रायः जालीबुट्टाहरु बेलबुट्टे (Diaper pattern)का गोलाकार, वर्गाकार, हिराकार जस्ता आकारमा रहेका छन् । एस.वि. देवले जालीको आकार अनुसार छ भागमा बाँडेका छन् ।

१ Screens with square meshes (17-18 century) (वर्गाकारको)

२ Screens with diamond-shaped meshes (18-last century) (हिराकारको वा रत्नहरुको कटाइ आकारको)

३ Screens with quatrefoil meshes (17-18 century) (विभिन्न किसिमका फूल वा पातका आकार)

४ Screens with circular meshes (mid 18 century) (गोलाकार)

५ Screens with polygonal meshes (बहुकोण भएका आकार)

६ Screens with micselianeous meshes (अन्य विभिन्न ज्यामितीय आकारको) । जालीको आकार बाहेक पनि जालीमो धेरै प्रकारका बुट्टाहरु बनाइन्छन् ,जुन काठमाडौं उपत्यकाभित्र मात्र रहेका हुन् । छुस्यावहालमा रहेको जाली बुट्टाकाबारेमा यहाँ चर्चा गरिनेछ ।

वास्तु अनुसार विभिन्न तलामा विभिन्न प्रकार र लक्षणको झ्याल राख्ने गरिन्छ । *बैंगल*मा (माथिल्लो तला) कुनै पनि किसिमको झ्याल राखिंदैन । बरु चुल्होको धुँवा जानको लागि भिरालो

झिंगटीमा *झौवाः* (मानिस, पानी छिर्न नमिल्ने तर प्रकाश आउने) राखिन्छ ।[१५८] काष्ठकलाको लागि प्राय गरि *धुँसिं* र *चँसिं* को प्रयोग गरिन्छ । *धुँ*को अर्थ बाघ र धुँसिं भनेको बाघ जस्तै बलियो काठ भन्ने बुझाउँछ । यी काठहरु घामपानीबाट चाँडै नबिग्रिने खालका हुन्छन् । झ्यालढोकाको निर्माणको लागि प्रयोगमा ल्याइने काठका जातहरु र कुन बुट्टा र कुन स्थानमा केको प्रयोग गर्ने भन्ने निर्धारण गरिएको छ ।[१५९] झ्यालमा हावादारी बुट्टाको छत्रावली भएको तोरण पनि पाइन्छ । कुनै झ्यालहरुमा ठूला खापा लगाइन्छ भने कुनैमा दुईवटा खापा हुन्छन् । झ्यालको भित्री स्वरुपमा पनि हल्का रुपमा बुट्टाहरु कुंदिएका हुन्छन् । कुनै झ्यालहरुमा भित्रतिर बस्नको लागि फलैंचा बनाइएका हुन्छन् । कुनै झ्यालहरुमा तल्लो भागमा सामान राख्नको लागि तला बनाइन्छ भने कुनैमा माथिल्तिर दराज जस्तै बनाइन्छ । तर कुनै-कुनै प्रकारका झ्यालहरुमा चाँहि यी केहि नराखिकन दलिनसँग गाभिएको हुन्छ । "हावा, हुरी, पानी र चोर आदिबाट बच्नको लागि पनि झ्यालमा चुकुल लगाउने गरिन्छ । तर यो चुकुल समेत काठबाट नै बनेको हुन्छ । झ्यालका खापाहरु पनि कुनैमा दलिनतिर उघार्ने वा कुनै दाँया बाँया घचेट्ने प्रकारका हुन्छन् । झ्यालमा सुरक्षाको दृष्टिकोणले वा हात बिसाउन सजिलो पार्न (धेरै उज्यालोको चाहनाले) एक वा दुई संख्यामा काठको लौरोलाई प्रयोगमा ल्याइन्छ ।"[१६०] यस प्रकारको काठको लौरोलाई डण्डाली भन्नेगरिन्छ । कुनै पनि धातुको प्रयोग विना बनाइएका यस प्रकारका झ्यालहरुले काठमाडौंको परम्परागता शैलीलाई उजागर गरेको पाइन्छ ।

काशीनाथ तमोटका अनुसार हाम्रा पूर्वज कलाकारहरुले झ्याल तथा ढोकालाई मानिसको अनुहारसँग तुलना गरिएको छ । सोहि अनुसार नै झ्याल तथा ढोकाको भागहरुको नामाकरण पनि गरिएको छ । "झ्यालको कुलांलाई अनुहारको सामुन्नेको भाग *कोपु* (lintel) मानेका छन् ,जसमा बादल (कपालको प्रतीक)को बुट्टा बनाइन्छ । *कोलां*लाई *मिखाफुसि* ( परेला)को बुट्टा बनाइन्छ । झ्यालमा *कोलां*को तल चौकोसको बिचमा *सिन्ह* (निधारमा रहने टिका वा पवित्र चिन्ह)सँग तुलना गरेर *द्यःकुं* बनाइन्छ ,जुन देवता राख्ने उद्वेश्यले निर्माण

---

[१५८] सत्यमोहन जोशी, "सँझ्याः छगू अध्ययन", **सँझ्याः**, वर्ष १, अंक १ (ने.सं. ११००), पृ.२ ।

[१५९] जोशी, **पूर्ववत्,** (पादटिप्पणी संख्या ३), पृ. ८० । (परिशिष्ट "ज" हेर्नुहोस् ।)

[१६०] जोशी, **पूर्ववत्,** (पादटिप्पणी संख्या ६), पृ.३ ।

गरिन्छ । *द्यःकुं*को तल्लो भागमा खापा जोडिने स्थान रहेको हुन्छ ,जसलाई *न्हाय्*(नाक) भनिन्छ । यस भागमा खड्गको आकृति कुंदिएको हुन्छ । तल्लो भागमा रहेको तेर्सो भाग वा आधारलाई खलु भनिन्छ ,जसलाई आशन पनि भनिन्छ । यस भागमा पनि बुट्टा कुंदिएको हुन्छ । यसलाई अनुहारको तल्लो भाग चिउँदो मानिएको छ । यसमा पनि देवता बनाइएको हुन्छ । चौकोसको दाँयाबाँया *मिनाचो*लाई *न्हायूपँ* (कान) मानेर यसमा कानको जस्ता बुट्टाहरु *(लःफ्वः)* बनाइएको हुन्छ ।"[१६१] यिनीहरु तल्लो र माथिल्लो स्तम्भसँग जोडिएका हुन्छन् । माथि उल्लेखित बुँदाहरुलाई हेर्दा झ्याल तथा ढोकाका संरचनाहरु अनुहारसँग मिल्दा जुल्दा छन् । हामीले परम्परागत नेपाली वास्तुकलाका ढोकाका खापाहरुमा ठूल्ठूला आँखाहरु रंगले बनाएको देख्न सक्छौं । सामान्यतया मानिसहरुले यस्ता आँखाको अर्थ बाहिरबाट घरमा प्रवेश गर्ने खराव तत्वको निषेधको लागि बनाइएको तर्क दिन्छन् । काशीनाथ तमोटका तर्कअनुसार यसरी ढोकामा मानव आँखा बनाइनुको अर्थ अनुहार सँगको तुलना गरी बनाइनुको कारण हो भनि प्रष्ट हुन्छ ।

## ४.३ छुस्यावहालस्थित झ्यालहरु

काठमाडौं उपत्यकाका स्मारकहरुमा विभिन्न प्रकारका झ्यालहरु रहेका छन् । विदेशी पर्यटकहरुको सामुन्ने यहाँको काष्ठकलाको कलाकारितालाई झल्काएको पाइन्छ । विशेषतः विहारमा धेरै बुट्टेदार झ्यालहरुको प्रयोग गरिन्दैन । बाहिरबाट प्राय विहारहरुको झ्यालहरु सादा नै हुन्छ । जसमा स-साना *पासुका* झ्यालहरु हुन्छन् । काठमाडौंको विहारहरुमध्ये प्राचीन स्वरुपमा संरक्षित यस छुस्यावहालमा विमान झ्याल, आँखीझ्याल, पासुखाझ्याल, गःझ्याल र फजी झ्याल (False window) र त्रिमुख झ्याल रहेका छन् । यी झ्यालहरुको विवरण यस प्रकार छन् ।

---

[१६१] Kashinath Tamot , Nepalese Doors and Windows, 2011 , p. 2
Available: http://nepalmandal.org/node/311
[Reprinted from: *Nepal Digest* (Bimonthly, Shakya Research Institute, Kathmandu), 1:1 (March-April 1971), pp. 116-119.]

## ४.३.१ आँखीभ्याल

काठमाडौं उपत्यकामा रहेका स्मारकहरुमा भएका भ्यालहरु संख्यात्मक रुपमा आँखीभ्याल बढी मात्रामा पाइन्छ । आँखीभ्याललाई स्थानिय भाषामा *तिकिभ्याः* भनिन्छ । “आँखा जस्तो भएको भ्याल” को बहुव्रीहि समास गर्दा आँखीभ्याल बनेको हो । आँखीभ्यालको प्रयोजन बाहिरको हावा सजिलै आवत जावत हुन सक्ने किसिमको हुन्छ । त्यसैगरि यस प्रकारको भ्यालबाट बाहिरी कृयाकलाप भित्रबाट सजिलै देख्न सकिने तर बाहिरबाट भित्रको कृयाकलाप भने देखिन्दैन । यस प्रकारको भ्यालको विशेषता गोपनियता हो । विशेष गरी आँखीभ्यालहरु *छेल्ली* (भुईं तल्ला) र *मातन* (पहिल्लो तल्ला)मा राख्ने चलन छ ,जसबाट ढोका खोल्नु अघि नै बाहिर को छ भनि हेर्न सकिन्छ । प्राचीन वास्तु अनुसारका निवासहरुमा सामान्य मानिसको कद अनुसार कोठाको निर्माण हुन्छ । यदि अन्य प्रकारका भ्यालहरु राखेमा अहिलेको जस्तो अग्लो नहुने हुँदा सजिलै चोर पस्ने सम्भावना हुन्थ्यो । तसर्थ आँखीभ्याल सुरक्षाको दृष्टिकोणले पनि महत्वपूर्ण छ ।

आँखीभ्यालमा पनि विभिन्न कलात्मक बुट्टाहरु पाइन्छ । छुस्यावहालमा रहेका आँखीभ्यालहरु सादा नै छन् । आयताकार आकृतिमा बनेको यहाँका आँखीभ्यालहरुका चौकोसहरु अलंकृत छन् । भ्यालको तल्लो र माथिल्लो चौकोसहरुमा साधारण बुट्टाहरु अलंकृत छन् । भ्यालको दाँयाबाँया दोहोरो स्तम्भ जसमा कलशाकृति छन् । भ्यालको माथिल्लो भागमा ढोकामा जस्तै तहतह गरि श्रृङ्गारिएको छ । तर यहाँका आँखीभ्यालहरुको मध्य भागमा वर्गाकार र ईंटाकार बुट्टामा साना साना प्वालहरु पाइन्छन् ।

आँखीभ्यालमा विभिन्न प्रकारका जालीदार बुट्टाहरु प्रयोग गरिन्छन् । त्यसै गरि भ्यालको बाहिरी फ्रेमको आकार पनि भिन्नता पाइन्छ । आँखीभ्यालको जालीमा बनाइने विभिन्न प्रकारका बुट्टाहरु पनि हुन् । मयूरभ्याल, सूर्यभ्याल, चन्द्रभ्याल बढि मात्रामा प्रचलित डिजाइनहरु हुन् । सूर्यभ्याल र चन्द्रभ्याल *छपाः*भ्यालमा पनि प्रयोग गरिन्छ । यी बाहेक पनि आँखीभ्यालमाथि विभिन्न देवताहरुको मुखाकृति, मकुण्डो वा मूर्ति राख्ने प्रचलन पनि छ । यसै गरि आँखीभ्यालको जालीदार भागमाथि विभिन्न बुट्टाहरु पनि राखिन्छ । उदाहरणको लागि काठमाडौंको कुमारीघर स्थित स्वस्तिक अंकित आँखीभ्याल, सूर्यभ्यालहरु र नवग्रह सहितको आँखीभ्याल (Glimpse on

Nepal Woodwork, xxvi, plate 1) हुन् । त्यसैगरि पाटनको सुन्दरी चोकमा रहेको नौ घोडाले तानिएको सूर्यको रथ भएको, त्यही चोकमा रहेको बाल्कोनी अंकित आँखीझ्याल, गरुड भएको आँखीझ्याल (Glimpse on Nepal Woodwork, xxiv), भक्तपुर पुजारी मठमा रहेको मयूरझ्यालहरु र सूर्य र कमल अंकित आँखीझ्याल आदि हुन् ।

आँखीझ्याल खोल्न हुने र खोल्न नमिल्ने किसिमका छन् । सुरक्षाको दृष्टिकोणले आँखीझ्यालको निर्माण गरिएका हुन् । काठमाडौंको हनुमानढोकास्थित श्वेतभैरव मन्दिरमा दाँयाबाँया खोल्न मिल्ने सूर्यझ्यालहरु रहेका छन् । त्यस झ्यालमा छत्रावलीयुक्त हावादारी तोरण पनि रहेको छ । तोरणले झ्यालहरु निकै आकर्षक देखिन्छ । आँखीझ्यालमा *चोकुल, मु ताग:, मुभ:,* क्वखलु, आशन र *त्वालथाँ हाछैं* (झ्यालको दाँयाबाँया रहेका स्तम्भमा माहुरीको चाकाजस्तै पछि थपिएको भाग हो, जसको आकार फिंजिएको हुन्छ) आदि अंगहरु रहेका हुन्छन् । झ्यालमा *त्वालथाँ हाछैं* को प्रयोग मल्लकालको पछिल्लो समयमा भएको देखिन्छ ।

छुस्यावहालमा विहार भित्र र बाहिर आँखीझ्यालहरु रहेका छन् । यहाँ रहेका आँखी झ्यालहरुमा बुट्टाको आधारमा विभाजन गर्न सकिन्छ । यहाँ रहेको आँखीझ्यालका आकारमा पनि फरक रहेको छ । चौकोसमा रहेको बुट्टाको अधारमा सादा र कलात्मक गरि विभाजन गर्न सकिन्छ । भित्र र बाहिर गरि जम्मा उनान्तीसवटा आँखीझ्यालहरु रहेका छन् । प्राय सादा आँखीझ्यालमा माका (Square mesh) र ईका (diamond mesh) रहने गर्दछ । चन्द्र बहादुर जोशीका अनुसार आँखीझ्यालमा माका, ईका, हल:ग्वा र मलेग्वा जालीका बुट्टाहरु हुन् ।[१६२] S.B. Deoका अनुसार काठमाडौं उपत्यकामा रहेका झ्यालहरुको अध्ययनका आधारमा जम्मा पचास प्रकारका जालीको बुट्टाहरु उल्लेख गरेका छन् ।[१६३] यिनै बुट्टाहरुमा नै विभिन्न किसिमका फूल बट्टाहरु, चराहरु प्रत्येक कुनामा र जालीमा पनि विविध प्रकारको बुट्टाहरु कुंद्ने गरिन्छ ।

[१६२] जोशी, **पूर्ववत्,** (पादटिप्पणी संख्या ३), पृ. ४१ र ४३ ।

[१६३] देव, **पूर्ववत्** , (पादटिप्पणी संख्या ५) पृ. pl. xxvii - xxxiv .

यस विहारमा रहेका झ्यालहरुका बुट्टाहरुको विस्तृत चर्चा गर्नु आवश्यक देखिन्छ । यहाँ झ्यालमा रहेका बुट्टालाई माथिल्लो चौकोसदेखी तलसम्म क्रमानुसार उल्लेख गरिएको छ । साथै झ्यालको विभिन्न भागहरुको नाम क्रमानुसार राखिएको छ ।

### क) सादा आँखीझ्याल

विहारभित्रका प्रत्येक भित्तामा दुई/दुईवटा गरि जम्मा आठवटा आँखीझ्यालहरु छन् । विहार बाहिर प्रत्येक भित्तामा चार वटा गरि जम्मा सोऱ्हवटा आँखीझ्यालहरु छन् । ठूला आकारका आँखीझ्यालहरु विहार बाहिर माथिल्लो तलामा दुई किसिमका (चि.सं. २८,२९) जाली रहेको छ । विहारको भित्री भागमा माथिल्लो तलामा भने सबै एकै प्रकार (चि.सं. २८) छन् । सादा आँखीझ्यालको भित्री भाग चित्रफलक सं. ५७ मा रहेको छ । *चोकुल/चकुल* (माथिल्लो चौकोस)मा *तिछुंवा* (छुचुन्द्रोको दाँत), *फोंसिक्व* (रुख कटहरको भित्री भाग), *गंचा३* (स-साना वर्गाकारको बुट्टामा दुईवटा धर्साहरुले रेलको डिव्वा जस्तो जोडिएका बुट्टाहरु) र *वाहा पोतायृतु* ( वारामा कुंदेर बनाएका खुड्किलाहरु/सादा मसिना तीन वटा धर्साहरु) छन् । बाहिरी चौकोसमा *मिखाफुसी* (आँखीभौ) जस्तो बुट्टा छ । भित्री चौकोसमा *गंचा१* (झ्याल वा ढोकामा चौकोसको माथि रहने बौद्ध धर्ममा त्रिरत्न र पञ्चबुद्ध मानिने बुट्टालाई) र *मिखाफुसी* दुई तह बुट्टा छ । यस झ्यालमा *हथंकुं* (माथिल्लो चौकोसमा पखेटा जस्तो दाँयाबाँया फिंजिएको सोझो भाग) सादा रहेको छ । दाँया बाँया चौकोस अड्याइएका *थहँ*रु छन् । *मुथाँ* (मुख्य थाम)मा क्रमशः *चो, पलेहः* (कमलको पत्रदल), *अमोसा* (सुपारी आकारको बुट्टा), *थाँत्वाः* (खम्बाको भाग), *मेमिखा, पलेस्वाँ, कलश, चो, क्वः* रहेको छ । *मुभः* (भित्री चौकोस)मा *ग्वयूक्वचा,* पलेस्वाँ, *कलश, चो, क्वः* रहेको छ । बाहिरी चौकोसमा पनि थाँ बनाइएको छ ,जसमा माथिल्लो भाग सादा र पहिलो र दोस्रो थाँको तहमा *कलश, चो, क्वः* बनाइएको छ । आँखीझ्याल *माकाः* (चारपाटे बुट्टा) र *ईकाः* (ईंटाकार बुट्टा) दुई प्रकारको जालीको प्रयोग गरिएको छ । झ्यालको आशन सादा रहेको छ । बाहिरी स्तम्भ तल्लो आशनमा रहेको *थाँचामो* (स्तम्भको तल्लो भाग)मा तहतह परेको र अर्धगोलाकार बुट्टामाथि अडेको छ । चौकोसमा *खलु* (तल्लो भाग)मा रहेको *वारा पोतायृतु* जस्तो बुट्टालाई *तांगा पोतायृतु* भनिन्छ । यस प्रकारका आँखीझ्यालका भित्री भाग चित्रफलक सं. ५७ मा हेर्न सकिन्छ ।

### ख) कलात्मक आँखीभ्याल

विहारभित्र कलात्मक आँखीभ्याल (चि.सं. ३०) मूल गन्धकुटीको प्रवेशद्वारको दाँयाबाँया रहेका छन् । विहार बाहिर मूल प्रवेशद्वारको दाँयाबाँया रहेका छन् । यी कलात्मक आँखीभ्यालहरु ढोकाको दाँयाबाँया दुई/दुईवटा गरि जम्मा चारवटा रहेका छन् । यस प्रकारको भ्याल भवनको तल्लो तलामा मात्र बनाइएका छन् । कलात्मक आँखीभ्यालको भित्री भाग चित्रफलक सं. ७० मा रहेको छ । बाहिरबाट भित्र हेर्न नमिल्ने गरि यस भ्यालमा जालीदार भागलाई भेनिस्ताले छेकिएको छ ।

चौकोसको माथिल्लो तहमा *मिखाफुसी*मा *चिहः पले* (मसिनो कमल), चाःतु पलेहः ( घुम्रिएको कमलको पत्रदल) रहेको छ । त्यसको तल्लो भागमा तिछुंवा, फोंसिक्व *गंचा३* र *वाहा पोतायृतु* रहेका छन् । भ्यालको भित्री भागमा *ईकाः* जाली रहेको छ । चौकोसको माथिल्लो भागमा *द्यःकुं* (देवीदेवता रहने कोलांको एक भाग)मा मूर्ति रहेको छ । दुई घेरा फ्रेममा *चिहः पले, दुचु* (भित्री चौकोस)मा पु (मोति) र *गंचा१ वा* पञ्चबुद्ध रहेको छ । मसिने *हथंकुं*मा पनि *पु* बनाइएको छ ,जसमा *निर्गःचा* (नाग/गोलाकारको बुट्टाको एक नाम) बुट्टा रहेको छ ।

*याक्व* (काखी)को दाँयाबाँया *मेराप* (अर्ध गोलाकार/आर्क आकार)मा शार्दुल (Griffin) पनि रहेको (चि.सं ७०) छ । भेंडाको जस्तो सिंग, सिंहको जस्तो पखेटावाल शरिर भएको शार्दुल छ । *खलु*मा *तांगा पोतायृतु* बनाइएको छ । यस भ्यालमा *थाँ* र *आशन*हरु छैनन् । यस प्रकारका भ्यालहरु विहारभित्र दुईवटा र बाहिर दुईवटा मूल प्रवेशद्वारहरुमा राखिएका छन् ।

## ४.३.२ पासुका भ्याल

पासुका भ्याल भने बित्तिकै साना आकारका पाँचवटा भ्यालहरुको समूह बुझिन्छ । यसलाई बौद्ध धर्ममा पञ्चध्यानी बुद्धको प्रतीक मानिन्छ । विहारभित्र पासुका (चि.सं. २६,२७) भ्यालहरु तीनवटा रहेका छन् । दक्षिणपट्टि गन्धकुटीमाथि तोरण भएको एउटा पासुकाभ्याल रहेका छन् । पूर्व र पश्चिमतिरको भित्तामा दुईवटा पासुका भ्याल रहेका छन् । विहार बाहिर सडकपट्टि मूलप्रवेशद्वारमाथि पासुका भ्याल रहेको छ । पासुका भ्याल भनेको स-साना भ्यालहरुको समूह हो, जुन विशेष गरी विहारहरुमा राख्ने गरिन्छ । यस प्रकारको भ्याल तिन वा

पाँच संख्यामा बनाउने गरिन्छ । यस प्रकारका झ्यालहरुमा दुईवटा खापा पनि बनाउने चलन रहेको छ ।[१६४] विहारभित्र पूर्व र पश्चिमतर्फको लङमा दुईवटा पासुका झ्यालहरु रहेका छन् । विहारको उत्तरी लङमा कलात्मक तोरण भएको एउटा पासुका झ्याल छ ,जुन मूल गन्धकुटी माथि रहेको छ । त्यसै गरि विहार बाहिर दक्षिण लङमा मूल प्रवेशद्वारमाथि एउटा (चि.सं. १) पासुका झ्याल रहेको छ । छुस्यावहालमा विहारभित्र तीनवटा र बाहिर एउटा गरि जम्मा पाँचवटा पासुका झ्यालहरु रहेका छन् ।

## क) तोरण रहित पासुका झ्याल

विहारभित्र र बाहिर गरि रहेको तीनवटा तोरण नभएका पासुका (चि.सं २६,२७) झ्यालको बुट्टा र अंगहरुको नाम यस प्रकार छन् । पासुका झ्यालको *चोकुल*मा *तिछुंवा, फोंसिक्व, गंचा१* ( यो बुट्टाले चौकोसको चारैतिर बाट घेरिएको छ) र *वारा पोतायत्* रहेको छ । माथिल्लो चौकोसमा पखेटा जस्तो दाँयाबाँया फिंजिएको सोझो भागलाई *हथंकुं* भनिन्छ । जसको भित्री भाग सादा रहेको छ । *मु तागः*मा *मिखाफुसी* जस्तो बुट्टा रहेको छ ,जसमा दुई तह *पलेहः* र विचमा एउटा *द्यःकुं* बनाइएको छ । *मिखाफुसी* को तल्लो भागमा *गंचा१* को बुट्टा रहेको छ । त्यसको तल *मिखाफुसी* जस्तो बुट्टाहरु छन् । यस झ्यालको बीचमा चारवटा *थाँ* रहेको छ । यस *थाँ*को *मेथ*मा *मिखाफुसी* जस्तो बुट्टाको तल *चो,* दोहोरो पत्रदल भएको *पलेस्वाँ, अमोसा, थाँत्वाः, मेमिखा,* दोहोरो पत्रदल भएको *पलेस्वाँ, कलश, कलशासन* र *को* रहेको छ । *मेथ*को दाँयाबाँया रहेको ब्राकेटको तल्लो भागमा तल्ले शैलीको छानो जस्तो दुई तह रहेको छ ।

झ्यालको दाँयाबाँया छेउमा दुई तहको मसिनो र मोटो दुईवटा *थाँ*हरु छन् । मोटो *थाँ मुथाँचा* (मोटो थाम नै मूख्य थाम हो )मा *ग्वयूक्वःचा* दोहोरो पत्रदल भएको *पलेस्वाँ, कलश, कलशासन* र *को* रहेको छ । *ग्वयूक्वःचा* को माथिल्लो भागमा सानो थाँ रहेको छ । जसमा *मेथ* र चो, अमोसा मात्र छन् । मसिनो *थाँ*को माथिल्लो भाग सादा छ र तल्लो भागमा *कलश, कलशासन* र *को* रहेको छ । पासुका झ्यालको भित्री चौकोसमध्ये विचको चारपाटे र अरु चार वटा (Cusped shaped) माथिल्तिर अर्धगोलाकारहरु मिलेर बनेको बुट्टा रहेको छ । Cusped

---

१६४ Purusottam Dongol, **Elements of Nepalese Temple Architechture**, (New Delhi : Adroit Publishers, 2007), p. 76 .

shaped को दाँयाबाँया बादल जस्तो बुट्टा छ । चौकोसको वरिपरि *बाहा पोतायत्‌*ु बनाइएको छ । *याक्व* तल दाँयाबाँया *मेराप*मा शार्दूल बनाइएको छ । *याक्वमा* हाँसको आकृति बनाइएको छ । शार्दूलको सिंग भेंडाको, मुख र हात सिंहको छ । पखेटावाल सिंहको पुच्छर माथितिर फर्केको र हात माथि उठाइ रहेको छ । शार्दूलको शरिरको माथि बादल जस्तो बुट्टा रहेको छ । यस झ्यालको *आशन* सादा छ । *थाँचामो पले*को बुट्टा भएको तह र अर्धगोलाकार बुट्टामाथि अड्याइएको छ । *खलु*मा तांगा *पोतायत्‌ु र गंचा३* यस झ्यालको खापा सादा रहेको छ । विहारको मूल प्रवेशद्वारमाथि रहेको पासुका झ्यालमा *सिलाय्कुं* (चौकोसको बिचमा राखिने थाम) छ । यिनीहरुमा पनि थाममा जस्तै *चो, दथुत्वा:, कलश र को* बुट्टा छन् ।

## ख) तोरण सहितका पासुका झ्याल

गन्धकुटीमाथि रहेको पासुका झ्यालको बुट्टा र भागको विवरण यस प्रकार रहेको छ । तोरणमा छत्रावली सहितको गजुर, *छेपु* रहेको छ । माथिल्लो भागमा पखेटामाथि हात फिजाएको चार हात भएको गरुड छ ,जसको दाँयाबाँया नागकन्याहरु छन् । टाउकामाथि पाँचवटा नागको आरक्षण रहेको छ । गरुडको तल्लो भागमा तोरणको मुख्य देवता रहने स्थानमा बुट्टेदार घेरा बनाइएको छ । मूल खण्डमा रहेको देवताको तीन शिर माथि एउटा अर्को शिर थपिएको छ । यस मूर्तिको छवटा हातहरु रहेका छन् । कमलासनमाथि सिंहासनमा वज्रपर्याङ्कासनमा मुद्रामा बसेका छन् । मूल देवताको दाँयाबाँया वृत्ताकार घेराभित्र कमलासनमा दुई हात भएका मूर्तिहरु रहेका छन् । मूल देवतासँगै एउटै कमलासनमा दाँयाबाँया वज्रपर्याङ्कासन मुद्रामा दुई हात भएका साना दुई मूर्तिहरु छन् । तोरणको दाँयाबाँया तल्लो भागमा हिरामोती निकालिरहेका मकरहरुका आकृति रहेको छ । पृष्ठमा दुई परेवा जस्ता आकारका चराहरु पनि कुंदिएका छन् ।

विहारभित्र तोरण रहेको पासुका (चि.सं. २६) झ्यालको बुट्टा र अंगहरुको नाम यस प्रकार छन् - पासुका झ्यालको *चोकुल*मा *तिछुंवा, फोंसिक्व, गंचा३* बनाइएको छ । यस *गंचामा पिफ्व: स्वाँ* (चारपत्रे फूल) बनाइएको छ । यो बुट्टाले चौकोसको चारैतिर बाट घेरिएको छ । वारा पोताय्‌तु रहेको छ । *मू ताग:*मा *चिह: पले* र *चातुगु पले* को एक तह रहेको छ । त्यसको तल्लो भागमा छेपुको जस्तो अनुहार रहेका जनावरहरुको पंक्ति रहेको छ ,जसको नाक गरुडको जस्तो र कान टाउका माथि र पात आकारको जुङ्गा जस्तो बनाइएको छ । *गंचा२* (पञ्चबुद्ध मानिने

बुट्टामा सिक्रीमा घण्टी बनाइएको) छ । *चिहः पले* र *चातुगु पले* को एक तह रहेको छ । तल्लो भागमा *हथंकुं* मा *गसि*को बुट्टा रहेको छ । तोरणको तल्लो भागमा *द्यःकुं* बनाइएको छ । देवताको तल पुनः सानो तोरण रहेको छ ,जसमा गरुड, मकर र एक मुख दुई हात भएको बसेको देवता रहेको छ । तर स्पष्ट रुपमा देवताको प्रतिमा कसको हो भन्न राम्ररी देखिंदैन । विचको झ्यालमा तोरण अड्याउन बनाइएका सानो र ठूलो *पले*को तीन तह स्तम्भमा अड्याइएको छ । तीनवटा स्तम्भको समूहमा एउटै प्रकारको बुट्टाहरु रहेको छ । यस स्तम्भमा *मेथ, चो, अमोसा, ङवङवी, दथुत्वाः, कलश, चो, नागो, को* र *को*मा फूलबुट्टा रहेको छ । यसको तल्लो भाग गन्धकुटीको तोरणले छेकिएको छ । विचको झ्याल वर्गाकार र अरु चारवटा बुट्टेदार चौकोस (Cusped shaped) को रहेको छ । यो गुह्य पूजाकोठा भएकोले यस झ्यालमा जालीको खापा रहेको छ । यस पासुका झ्यालमा पनि *सिलाय्कुं* राखिएको छ । यिनीहरुमा पनि थाममा जस्तै *चो, दथुत्वाः, कलश* र *को* बुट्टा छन् । यस झ्यालमा *ईचिकं* जाली राखिएको छ ।

झ्यालको दाँयाबाँया छेउमा *मुथाँ*चा र मसिनो गरी दुईवटा *थाँ*हरु छन् । *मुथाँ*मा *ग्वय्क्वःचा* दोहोरो पत्रदल भएको *पलेस्वाँ, कलश, कलशासन* र *को* रहेको छ । *ग्वय्क्वःचा* को माथिल्लो भागमा सानो *थाँ* रहेको छ । उस *थाँ*मा *मेथ,* चो र अमोसा मात्र छन् । मसिनो *थाँ*को माथिल्लो भाग सादा र तल्लो भागमा *कलश, कलशासन* र *को* रहेको छ । दाँयाबाँयाको झ्यालहरुमाथि तल्ले शैलिको छानाको जस्तो बुट्टा रहेको छ । बुट्टेदार चौकोसको दाँयाबाँया सुगाको बुट्टा रहेको छ ,जसको चुच्चामा गोलो बस्तु देखाइएको छ । त्यसै गरि स्पष्ट पञ्जा देखिन्छ । चारपाटे आकारको चौकोसको *थाँ*को *थाँचो*हरुमा *द्यःकुँ* जस्तो भागमा बाँदरको अर्धकदको मूर्ति रहेको छ । आशनमा कुनै ठाँउ खाली नहुने गरी पुष्पवल्लरी बनाइएको छ । चौकोसको दाँयाबाँया *बाहा पोताय्तु* बनाइएको छ । *याक्व* तल दाँयाबाँया *मेराप*मा मानवाकृति बनाइएको छ । यसको तल पनि बसेको देवाकृति बनाइएको छ । तर *थाँचामो* मा *पले*को बुट्टा भएको तह, अर्धगोलाकार बुट्टामाथि अड्याइएको छ । आशनको दाँयाबाँया फूलको लहरा र मकर पनि रहेको छ ।

## ४.३.३ त्रिमुखी झ्याल

यस शोधमा काठमाडौं उपत्यकामा प्रचलित तिनवटा झ्यालको समूहलाई *त्रिमुखी* झ्यालमा वर्गिकरण गरिएको छ । त्रिमुखी झ्याल भनेको तीनवटा मुख भएको झ्याल हो ,जुन बुद्ध, धर्म र संघ गरि त्रिरत्नको प्रतीक मानि विहारमा बनाइन्छ । पासुका झ्याल जस्तै सानो झ्यालहरुको पंक्ति हो । सर्वसाधारण मानिसहरुले बसोबास गर्ने भवनमा यस प्रकारको झ्यालको प्रयोग गरिंदैन । विहार बाहिर पूर्व र पश्चिम गरि जम्मा दुईवटा त्रिमुखी झ्याल (चि.सं. २४,२५) रहेका छन् । विहारभित्र यस प्रकारको झ्यालको निर्माण गरिएको छैन ।

विहारको बाहिरी गारोमा मात्र त्रिमुखी झ्याल राखिएको छ । विहार बाहिर पूर्व र पश्चिम लङमा त्रिमुखी झ्याल रहेको छ । झ्यालको *कोलां* (बाहिरी चौकोस)मा *तिछुंवा, फोंसिक्व,* स-साना वर्गाकारमा दुईवटा धर्साहरुले जोडिएको छ । यो बुट्टा चौकोसको चारैतिर रहेको छ । *बाहा पोतायृतु*मा सादा तीन तह खुडुकिला जस्तो बुट्टाहरु बनाइएको छ । माथिल्लो चौकोसको *हथंकुं* सादा छन् । कोलांको तल्लो भागमा *मिखाफुसी* जस्तो सादा बुट्टा रहेको छ । यसमा *ध्वःकुं* बनाइएको छैन । तल्लो भागमा पञ्चबुद्धको बुट्टा रहेको छ । त्यसको तल बिचमा दुईवटा *थाँ* रहेको छ । यस *थाँ*को *मेथ*मा तह तह बुट्टाको तल *चो,* दोहोरो पत्रदल भएको *पलेस्वाँ, अमोसा, थाँत्वाः, मेमिखा,* दोहोरो पत्रदल भएको *पलेस्वाँ, कलश, कलशासन* र सादा *को* रहेको छ । *मेथ*को दाँयाबाँया रहेको ब्राकेटको तल्लो भागमा तल्ले शैलीको छानो जस्तो दुई तह रहेको छ ।

झ्यालको दाँयाबाँया छेउमा मुथाँचा र मसिनो गरि दुईवटा *थाँ*हरु छन् । *मुथाँचा* मा *ग्वयृक्वःचा* दोहोरो पत्रदल भएको *पलेस्वाँ, कलश, कलशासन* र *को* रहेको छ । *ग्वयृक्वःचा* को माथिल्लो भागमा सानो थाँ रहेको छ, जसमा *मेथ,* चो र *अमोसा* मात्र छन् । मसिनो *थाँ*को माथिल्लो भाग सादा छ र तल्लो भागमा *कलश, कलशासन* र *को* रहेको छ । झ्यालको भित्री चौकोसमध्ये बिचको चारपाटे र अरु दुईवटा (Cusped shaped) माथिल्तिर अर्धगोलाकारहरु मिलेर बनेको बुट्टा रहेको छ । Cusped shaped को दाँयाबाँया बादल जस्तो बुट्टा छ । चौकोसको वरिपरि *बाहा पोतायृतु* बनाइएको छ । *याक्व* तल दाँयाबाँया *मेराप*मा शार्दूल बनाइएको छ । यसको तल पात सहितको फूलको आकृति बनाइएको छ । यस शार्दूलको सिंग भेंडाको, मुख र हात सिंहको छ । पखेटावाल सिंहको पुच्छर माथितिर फर्केको र हात माथि उठाइ रहेको छ ।

शार्दूलको शरिरमाथि बादल जस्तो बुट्टा रहेको छ। यस झ्यालको *आशन* सादा छ। तर *थाँचामो पले*को बुट्टा भएको तह, अर्धगोलाकार बुट्टामाथि अड्याइएको छ । यस झ्यालको खापा सादा रहेको छ।

विहारको पुर्वी लङमा रहेको (चि.सं. २४) र पश्चिममा रहेको (चि.सं. ५) त्रिमुखी झ्यालमा केहि फरक छन् । पश्चिममा रहेको त्रिमुखी झ्यालमा सिलाय्कुं राखिएको छ । यिनीहरुमा पनि थाममा जस्तै *चो, दथुत्वा:, कलश* र *को* बुट्टा छन्।

## ४.३.४ फर्जी/नक्कली झ्याल

कुनै पनि झ्याल वा ढोकाको दाँयाबाँया सजावतको लागि प्रयोग गरिने झ्यालहरुलाई याकु/याक्व झ्याल भन्ने गरिन्छ । यस प्रकारका झ्यालहरुमा पनि प्रयोगको लागि वा मात्र सजावतको लागि बनाइने गरिन्छ। सजावटको लागि बनाइने झ्याल बाहिरबाट झट्ट हेर्दा झ्याल देखिन्छ। भित्री भागमा गारो लगाइएको हुन्छ। अथवा काठमा झ्यालको बुट्टा कुंदिएको भए पनि पूर्ण रुपमा झ्याल भने होइन। यस प्रकारका झ्याललाई फर्जी वा नक्कली झ्याल भन्न सकिन्छ। यस प्रकारका झ्याललाई Bernier (The Nepalese Temples) र Mary S. Slusser (The Antiquity of Nepalese Woodwork) ले Blind window भनेका छन्। S.B. Deo (Glimpse on Nepal Woodwork) र Gutshow (Newar Towns and Buildings) ले False window भनेका छन् । यस वहालको चोकमा प्रत्येक भित्तामा दुईवटा सादा ढोका छन् । प्रत्येक ढोकाको दाँयाबाँया यस्ता फर्जी झ्यालहरु (चि.सं. ३१) रहेका छन्। विहारभित्र आठ सादा ढोकामा जम्मा सोऱ्हवटा फर्जी झ्यालहरु रहेका छन्।

सादा किसिमको एउटै काठको पातामा सानो आकारको फर्जी झ्याल बनाइएको छ । यसको माथिल्तिर *गुति*को बुट्टा एक तह मात्र छ। *बाहा पोताय्तु* (सादा धर्साहरु खोपिल्टा देखिने गरि दुई तह) कुंदिएका छन् । पंचबुद्धको प्रतीकात्मक बुट्टा एउटा मात्र बनाइएको छ । बिच भागमा सादा चारपाटे आकार बनाइएको छ। Rectangular Blockमा सतहभन्दा बाहिर उठेको र भित्र गाडिएको अवस्थामा बनाइएको छ । *याक्व*मा *मेराप* (जसमा शार्दूल रहने भाग) लाई आकारमा देखाइएको छ।

## ४.३.५ गः झ्याल

गः झ्याः भनेर फर्जी झ्याल (blind window) लाई भन्ने गरिन्छ ,जुन मन्दिरका भुईं तल्लामा राख्ने परम्परा रहेको छ ।[१६५] परेवाको खोरलाई *गः* भन्ने गरिन्छ । परेवाको खोरमा जस्तो सानो प्वाल भएको झ्याल हुनाले नै यसलाई गःझ्याल भनिएको हो । गन्धकुटीको माथिल्लो तलामा तोरणयुक्त पासुका झ्याल रहेको छ । यस झ्यालको दाँयाबाँया रहेका साना झ्यालहरु रहेका छन् । यी झ्यालहरुलाई गःझ्याल भन्ने गरिन्छ । विहारको मूल खण्डमा रहेका यी झ्यालहरुमा तोरणको साथै तल्लो भागमा विद्याधर (चि.सं. ३४) पनि छन् । यसै प्रकारको झ्यालमा बिचमा प्वाल नभइकन भैरव वा कुनै अरु देवताको मकुण्डो पनि बनाइन्छ । यस प्रकारका झ्यालहरुलाई अंग्रेजी पुस्तकहरुमा niches भनिएको छ ।[१६६] Niches ले गवाक्ष भन्ने बुझाउँदछ । गवाक्ष भनेको खाली रहेको स्थान भन्ने बुझिन्छ । तसर्थ यस्ता झ्यालहरुलाई गवाक्ष भन्नु उपयुक्त हुन्दैन । यस प्रकारका झ्यालहरु मन्दिरहरुमा रहेको झ्याल वा ढोकाको दाँयाबाँया रहने गर्दछ ।

विहारभित्र माथिल्लो तलामा पासुका झ्याल र विमान झ्यालको दाँयाबाँया दुईवटा गःझ्यालहरु रहेका छन् । विहारभित्र मात्र प्रत्येक भित्तामा दुईवटा गरि जम्मा आठवटा गःझ्यालहरु छन् । विहार बाहिर पनि माथिल्लो तलामा पासुका झ्याल र त्रिमुखी झ्यालको दाँयाबाँया गरि जम्मा छवटा गः झ्यालहरु (चि.सं. ३३) छन् । गःझ्यालको भित्री स्वरुप चि.सं. ५५ मा छ । झ्यालको प्रकार अनुसार *गःझ्याः* भए पनि यसलाई *याक्व झ्याः* पनि भन्न सक्छौं । ठूलो झ्यालको *याक्वः*को दाँयाबाँया रहने झ्याललाई नै *याक्वः झ्याः* भन्ने गरिन्छ । यस बहालमा गःझ्याल पनि तोरण भएको र नभएको गरी दुई प्रकारका छन् ।

---

[१६५] डंगोल, **पूर्ववत्** , (पादटिप्पणी संख्या १७), पृ. ७८ ।

अ.Mary Shepered Slusser, **The Antiquity of Nepalese woodcarving A Reassessment**, (Washington D.C. : University of Washington Press, 2010), p. 181 .

[१६६] **उही**, पृ. ८० ।

### क) तोरण सहितका गःझ्याल

तोरण भएको गःझ्याल (चि.सं. ३४)का बुट्टाहरु निम्नानुसार छन् । झ्यालको तोरणमा गजूर सहितको छत्रावली रहेको छ ,जसमा छेपुले मुखबाट सर्प टोकि रहेको छ । तोरणको तल्लो छेउमा मकराकृति र बिचमा देवताको मूर्ति रहेकोछ । वज्रासनमा तीन मुख छ हात भएको देवता कमलाशनमा बसेका छन् । तोरणको तल्लो भागमा *चिहः पले* र *चाःतुगु पले* (घुम्रिएको कमलको पत्रदल) को दुई तह रहेको छ । यस झ्यालको दाँयाबाँया तीन-तीन वटा समूहको स्तम्भ रहेको छ । स्तम्भमा *मेथ, चो, अमोसा, मेमिखा,* पात सिहतको *कलश, कलशासन, चो* र *को* रहेको छ । *चिहः पले* र *चाःतुगु पले*को तहको तल्लो भागमा Cusped shaped को चौकोस रहेको छ । अर्धगोलाकार (arch) सतहमाथि चार तह खुड्किला जस्तो आकारमा *पलेहः*को बुट्टा रहेको छ । स्तम्भको तल्लो भागमा सानो र ठूलो तीन तह *पले* र सादा दुई तहको आशनमाथि रहेको छ । आशनको तल अर्धगोलाकार भागमा विद्याधर कुंदिएको छ । मुकुट पहिरेको, दुवै हातमा चुरा लगाएको र हात माथि उठाइ झ्याल उठाए झैं भान हुन्छ । कुमबाट पछ्यौरी अगाडी झारेको, दाँया खुट्टा माथि उचालेको र बाँया खुट्टा तलतिर पलेटीमा दर्शाइएको छ । अर्धगोलाकारमा बाहिर *पले* र *पु* (मोति)को घेराभित्र बादलको प्रतीक घुमाउरा घेराहरु छन् । पृष्ठमा कुनै पनि स्थान खाली नदेखिने गरि स-साना बादलको आकृतिहरु कुंदिएका छन् । यस प्रकारको झ्याल गन्धकुटीको माथिल्लो झ्यालको दाँयादाँया जम्मा दुईवटा रहेका छन् ।

### ख) तोरण रहित गःझ्याल

तोरण नभएको गःझ्याल (चि.नं ३३) का बुट्टाहरु उत्कृष्ट र सुन्दर छन् । सादा मिखाफुसीको तल्लो भागमा *तिछुंवा* र *फोंसिक्वः* रहेको छ । झ्यालको *कोलं*मा स-साना वर्गाकारको बुट्टामा दुईवटा धर्साहरुले रेलको डिव्वा जस्ता जोडिएको बुट्टाले चौकोसको चारैतिरबाट घेरिएको छ । सादा दुई तह खुड्किला जस्तो बुट्टाहरु रहेको छ । *बारा पोतायुतु*मा दुई तहको धर्साहरु छन् । *हथंकुं* सादा रहेको छ । बाहिरी चौकोस सादा छ ,जसको माथिल्लो भागमा त्रिरत्नको बुट्टा रहेको छ । यस झ्यालको दाँयाबाँया छेउमा दुईवटा *थाँ*हरु छन् । *थाँ*मा *ग्वयुक्वःचा* र दोहोरो पत्रदल भएको *पलेस्वाँ, कलश, कलशासन* र *को* रहेको छ । झ्यालको भित्री

चौकोसमध्ये विचको Cusped shaped (अर्धगोलाकार) बुट्टा रहेको छ । Cusped shaped को भागमा सादा धर्साहरु छन् । *थाँ*को बिचमा ब्राकेट रहेको छ ,जसको बिचमा तल्ले शैलीको मन्दिरको छाना जस्तो दुई तह बुट्टा रहेको छ । *याक्व* तल दाँयाबाँया *मेराप*मा शार्दूल बनाइएको छ ,जसको तल फूलको आकृति बनाइएको छ । यस शार्दूलको सिंग भेंडाको, मुख र हात सिंहको छ । पखेटावाल सिंहको पुच्छर माथितिर फर्केको र हात माथि उठाइ रहेको छ । शार्दूलको शरिरकोमाथि बादल जस्तो बुट्टा रहेको छ । यस झ्यालको *आशन* सादा छ । तर *थाँचामो*मा सादा अर्धगोलाकारमाथि तह बुट्टा रहेको छ । यस प्रकारको गःझ्यालको भित्री स्वरुप चित्रफलक सं. ५६ मा देखाइएको छ ।

## ४.३.६ विमान झ्याल

विमानझ्याल भनेको हेर्दा सँझ्याल जस्तो देखिएता पनि भिन्नता रहेको पाइन्छ । गारोबाट केहि बाहिर निस्केको र झट्ट हेर्दौ उड्न लागेको विमान जस्तो देखिने भएकोले यस प्रकारको झ्याललाई विमान झ्याल भनिएको हो । विहारको चोकमा राम्रो र ठूलो झ्याल बनाइन्छ ,जसले निवास गृहमा चोकबाट सजिलै हावा र प्रकाशको प्रवेश हुन्छ । साथै वायुसंचारको लागि पनि उत्तम हुने गर्दछ । विहारभित्र उत्तरी लङ्गमा विमानझ्याल (चि.सं. ३२) रहेको छ ,जुन कलाको दृष्टिकोणले महत्वपूर्ण छ । यस झ्यालमा चारवटा साना टुंडालहरु रहेका छन् । विहारमा रहेका झ्यालहरु मध्ये विमान झ्याल सुन्दर रहेको छ । यो झ्याल विहारको आकर्षणको रुपमा रहेको छ ।[१६७] यसमा रहेको बुट्टा तथा अंगहरु निम्नानुसार रहेका छन् - पात, मसिनो खुड्किला जस्तो तह, ठूलो *पलेहः;* मसिनो खुड्किला जस्तो तह, *कुंसल, धलिंख्वाः* ( दलिनको छेउमाको सतहमा रहने जनावरको अनुहार), *फोंसिक्वः; नागबेलि* (सर्पको शरिर रहेको), *अमोसा,* झल्लर जस्तो बुट्टा (trifoil mesh with pendent meshor scale), *विल्लरी*मा फूल पनि छ (गसि जस्तै पातहरुको लहरा/string flower) रहेको छ । झ्यालको चौकोसको माथिल्लो भागमा सानो र ठूलो *पले*को दुई तह रहेको छ ।

तीनवटा झ्यालको दाँयाबाँया *थाँ* रहेको छ । विचमा रहेको चारवटा *थाँ*को समूह छ , जसमा एउटा *थाँ* छोपिएको छ । यसैगरी छेउमा पाँच वटा *थाँ*को समूह रहेको छ । जसमा

[167] गुत्स्चो, **पूर्ववत्** , (पादटिप्पणी संख्या ), पृ. १९४ ।

चारवटा *थाँ* देखिन्छ र एउटा मात्र छोपिएको छ । यी सबै *थाँ*को *दथुत्वा:*मा रहेको बुट्टा बाहेक अरु भाग उस्तै छन् । *दथुत्वा:*को बुट्टा फरक भए पनि सबै समूहमा बुट्टाको क्रम मिलाएर राखिएको छ । *थाँ*मा रहेको बुट्टाहरु यस प्रकार छन् । *मेथ*मा दुई तह *पले*को बुट्टा, *चो, अमोसा, थाँत्वा:, पलेह:, नागो, केशर, दथुत्वा:, केशर, अमोसा, कलश, चो* र *को* रहेका छन् । *थाँ*को *को*मा फूल बनाइएको छ । बिचमा छेपिएको *थाँ*को *दथुत्वा:* मात्र देखिन्छ ,जसमा पुरै *हाछें*को बुट्टाहरु बनाइएका छन् ।

मिखाफुसी जस्तो दुई तहमा *चिह: पले* र *चा:तुगु पलेह:* छन् । प्रत्येक चौकोसमा *द्य:कुं* रहेको छ ,जसमा आठ हात भएको मूर्ति पद्मासनमा देखाइएको छ । विचको झ्यालको चारपाटे र दाँयाबाँया अर्धगोलाकार बुट्टाका (Cusped shaped) चौकोसहरु छन् । दाँयाबाँयाको र विचमा रहेको चौकोसमा *पु, पलेह:, सँथु* (कपाल बाटेको) बुट्टाहरुको तह छन् । Cusped shaped को दाँयाबाँया मुकुट पहिरेका परिहरु छन् । माला समाइरहेका परिका खुट्टा एउटा पलेटि जस्तो र अर्को आकाशतिर फर्किएको छ । पृष्ठमा बादलका आकृतिहरु छन् ।

*थाँ* बिसाइएको आशनमा *चिह: पले* र *चा:तुगु पलेह:*को तल्लो भागमा स-साना माथितिर उठेको वर्गाकार बुट्टाहरु रहेका छन् । यसको तल *पलेह:,* सादा धर्साहरु र *तुलसीह:*(तुलसीको पात) फ्रेमको तीन तर्फ छन् । तल्लो भागमा *ल:प्व:* (भुमरी) रहेको भागले तिनवटै झ्यालको जालीमा डुंगाको आकार बनाएको छ । झ्यालको तल्लो भागमा अलग-अलग फ्रेमभित्र भिन्दाभिन्दै जालीको बुट्टा र मूर्तिहरु छन् । विमानझ्यालको छेउमा दुई सिंहहरु छन् । यस विमानझ्यालमा रहेको खापा र तल्लो भागमा रहेको जालीदार बुट्टाहरु, मूर्तिहरु र सिं बारेमा अर्को शीर्षकमा चर्चा गरिनेछ । *चिह: पले, चा:तुगु पलेह:* र *अमोसा* रहेको तीन तह रहेको छ । *उफ्योधि*मा चार हात भएको मूर्तिहरु र *पुष्पवल्लरी* छन् ,जसमा फूलको घेराभित्र नै स-साना नौवटा बौद्ध धर्मका देवताहरु पद्मासनमा बसेका छन् । *उफ्योधि*को तल्लो भागमा बौद्ध विहारहरुमा प्रयोग गरिने *फिरफिरचा* (सजावतको लागि झल्लरको रुपमा प्रयोग गरिने) राखिएका छन् । यस विमान झ्यालमा चारवटा टुंडालहरु रहेको छ ,जसमा *मल:* (ड्रचागन) को चित्र बनाइएको छ ।

## ४.३.६.१ विमान झ्यालमा रहेका जाली

S.B. Deoले काठमाडौं उपत्यकामा रहेका परम्परागत शैलीका झ्यालहरुमा अध्ययन गरेका छन् ,जसमध्ये आँखीझ्यालमा बनाइएका विभिन्न प्रकारका बुट्टेदार जालीहरु (Meshes) संकलन गरिएका छन् । यी जालीहरुको फोटो, बुट्टाका नाम र पाइएका स्थानहरुको विवरण दिएका छन् । उनले पचास प्रकारका बुट्टेदार जालीहरुका जनाकारी दिएका छन् ।[१६८] छुस्यावहालको विमान झ्यालमा रहेका विभिन्न प्रकारका जाली बुट्टाकोबारे यस शीर्षकमा चर्चा गरिएको छ ।

झ्यालमा रहने वा अन्य प्रकारको जाली (lattic work)लाई बनाउने प्रकृयालाई Batten भनिन्छ । जाली बनाउने प्रकृयालाई तिन प्रकारमा विभाजन गरिएको छ ।

१. Perforated batten (फल्याकमा प्वालै प्वाल पारेर बनाउने),

२. Serrated batten (फल्याकमा करौंति जस्तो धार बनाउने) र

३. Key batten (लिष्टीहरुमा काटेर अड्चाइ (lock system) जाली बनाउने) ।[१६९]

Gutchow का अनुसार Slotted batten, Perforated batten र Key batten छन् ।[१७०] यस शोधमा batten को प्राविधिक पक्षमा नभइ सामान्य जानकारी मात्र दिइएको छ ।

### ४.३.६.१.१ विमान झ्यालको खापामा रहेका जाली

छुस्यावहालको विमानझ्यालको खापामा रहेका जाली बुट्टाकोबारे यस शीर्षकमा चर्चा गरिएको छ । खापामा रहेको जालीदार बुट्टाहरुको नाम S.B. Deo का अनुसार उनको पुस्तकमा दिइएका छन् ।

p. xxx, pl. 4 diamond and rectangle with concave or convex sides (हिराकारमा उठेको र खोपिल्टा परेको जाली), (चि.सं. ५२)

---

[168] Shantaram Balchandra Deo, **Glimpse of Nepal Woodwork,** (Calcutta : The journal of the Indian Society of Oriental Art, 1968-69), pp. xvii-xxxiv .

[169] A.H. Macdonald and Vergaty Stahl, **Newar Art Nepalese Art During The Malla Period,** (New Delhi : Vikas Publishing House Pvt Ltd, 1979), p. 82 .

[170] गुत्स्चो, **पूर्ववत्** , (पादटिप्पणी संख्या ४), पृ. १९४ ।

p. xxvii, pl. 2 diamond mesh with quatrefoil carvings (चार पत्ता फूल र हिराआकारको जाली), (चि.सं. ५३)

p. xxxiii , pl. 3 cross and polygonal mesh (अष्टकोणाकारको र चार पत्ता फूलको जाली), (चि.सं. ५४) ।

विहारको झ्यालमा रहेका खापाको जाली दाँयाबाट क्रमशः वर्णन गरिएको छ ।

पहिलो झ्यालमा रहेको जालीको बुट्टा (चि.सं. ५२) हिराकारमा उठेको र खोपिल्टा परेको जाली हो । यसमा जाली बनाएको बाहिरी घेरामा माथि उठाइ विचमा खोपिल्टा पारिएको छ । त्यसै गहिरो भागमा *पु* लाई माथि उठाइ घेरा बनाइ सुन्दरता प्रदान गरिएको छ । दोस्रो झ्यालको खापामा (चि.सं. ५३) चार पत्ता फूल र हिराआकारको जाली बनाइएको छ । यसमा फूलको पंक्तिमा हावादारी भाग अष्टकोणाकारको बनेको छ । तेस्रो झ्यालको खापामा (चि.सं. ५४) अष्टकोणाकारको र चार पत्ता फूलको जाली रहेको छ । यसमा अष्टकोणाकार पंक्तिबद्ध रुपमा रहेको छ । अष्टकोणाकारमा *बाहा पोतायूतु* मा जस्तै दुई तह कुंदिएको छ । यसरी यस जालीमा अष्टकोणाकारको र चार पत्ता फूलको जाली बनेको छ ।

### ४.३.६.१.२ विमान झ्यालको तल्लो भागमा रहेका जाली

S.B. Deo का पुस्तकमा दिइएका बुट्टा र नामका आधारमा चर्चा गरिएको छ ।

p. xxxiv, pl. 6 biconvex mesh (कपाल बाँटेको जस्तै गरि जाली बनाइएका बुट्टा) (चि.सं. ४८)

p. xxxi , pl. 1 diamond mesh with vajra motif (विश्ववज्र आकारको बुट्टा) (चि.सं. ४९)

p. xxxiv, pl. 2 trifoil mesh with pendent meshor scale (झल्लर जस्तो बुट्टा) (चि.सं. ५०)

p. xxviii, pl. 5 diamond mesh formed by interlocking strips (सादा लिष्टिको *ईचिकं* बुट्टालाई जडानमा विशेष देखाइएको छ । ) (चि.सं. ५१)

विमानझ्यालको तल्लो भागमा दाँया र बाँया कुनामा *ईचिकं* आकारको (चि.सं. ५१) बुट्टा तर जडानमा विशेष किसिमको देखिन्छ । यो जाली सादा नै छ । जसको गारोको कुनामा मूर्ति र छेउमा सिंह रहेको छ । पहिलो र तेस्रो झ्यालको तल्लो भागमा दुई प्रकारका जालीहरु छन् ,

जुन *ल:प्व:*को बुट्टा रहेको भाग डुंगा जस्तो आकारमा रहेको छ । यसले चि.सं. ४८ र ५० लाई एउटै फलकमा छुट्टयाइ दिएको छ । दुवै छेउको भ्र्यालमा सिंहको छेउमा रहेको जाली कपाल बाँटेको जस्तो गरि डोरीहरु अल्भ्फाइएको आकारको बुट्टा (चि.सं. ४८) रहेको छ । त्यसै गरि मूर्तितर्फको भागमा भ्फल्लर जस्तो बुट्टा (चि.सं. ५०) छ ,जसमा जालीमा बिचबाट भ्फुम्का जस्तो वस्तु भ्फरेको देखाइएको छ । बिचको भ्र्यालको तल्लो भागको जालीमा विश्ववज्र आकारको बुट्टा (चि.सं. ५१) बनाइएको छ । यस जालीको बिचमा बसेको एउटा मूर्ति छ , जसमा तिनवटा अनुहार र चौविस वटा हातहरु रहेका छन् ।

सर्वसाधारणको घर, दरवारहरु, पाटी, पौवा, मठ-मन्दिरहरु र द्यःछेँहरुमा कलात्मक भ्र्यालहरु पाइन्छन् । हरेक किसिमका वास्तुमा काठका भ्र्यालहरुको प्रयोग नियमित रुपमा गरिन्छ । साधारणतया एक, दुई तल्लासम्म तिकिभ्र्याः बनाइन्छ । तिकिभ्र्याः सँभ्र्याः र गाःभ्र्याःको दाँयाबाँया बनाइन्छ । सुरक्षाको दृष्टिकोण्ले तिकिभ्र्यालको बढी प्रयोग गरिन्छ । सँभ्र्याः भवनको माथिल्लो तल्लामा बनाइन्छ । मध्यकालीन समयमा विजोर संख्यामा भ्र्यालहरु राख्ने परम्परा रहेको छ । भ्र्यालहरुको नाम संख्या, निर्माण गरिएको वस्तु र बुट्टाको आधारमा राखिएको पाइन्छ । तत्कालिन समयमा निश्चित स्थानमा निश्चित प्रकार र आकारका भ्र्यालहरु राख्दथ्ये । पासुकाभ्र्यालमा चौकोसको भाग धेरै रहेको हुन्छ । यस प्रकारका भ्र्यालमा तीन र पाँचवटा स-साना खुल्ला प्वालहरु रहेको हुन्छ । यस प्रकारका भ्र्यालहरु प्राय विहारहरुमा पाइन्छन् । मन्दिरमा सजावटको लागि प्रयोग गरिने गःभ्र्याः कहिल्यै पनि खोल्न मिल्दैन । यसमा सानो प्वाल बनाइएको हुन्छ । यस्ता भ्र्यालहरुमा भित्रबाट गारो लगाइएका हुन्छन् । यस प्रकारका फर्जी/नक्कली भ्र्यालहरु (blind window) मन्दिर तथा विहारहरुको ढोका दाँयाबाँया राखिन्छन् । भ्र्यालमा प्रयोग गरिने जालीबुट्टाहरु बेलबुट्टे (Diaper pattern), गोलाकार, वर्गाकार, हिराकार जस्ता धेरै प्रकारका बनाइएको पाइन्छ । काष्ठकलाको लागि प्रायः गरि धुँसिं र चँसिं जातका काठको प्रयोग गरिन्छ । छुस्यावहालमा आँखीभ्र्याल, गःभ्र्याल, पासुका भ्र्याल, त्रिमुखी भ्र्याल, फर्जी वा नक्कली (याकु/याक्व भ्र्याल) विमान भ्र्याल रहेका छन् ।

# अध्याय : पाँच

# छुस्यावहालका झ्यालमा रहेका मूर्तिहरु

## ५.१ छुस्यावहालका झ्यालमा रहेका मूर्तिहरु

धार्मिक तथा पवित्र आस्थाका कारण राजा, महाराजा तथा सर्वसाधारणहरुले मूर्ति पूजा गर्ने गर्दछन् । कुनै पनि धर्मका मठ मन्दिरमा भित्र मूर्ति राख्ने गरिन्छ । मन्दिरको गर्धगृहमा मात्र नभइ विभिन्न काष्ठकलामा देवीदेवताका मूर्तिहरु कुंदिएका हुन्छन् । चन्द्र बहादुर जोशीका अनुसार बुद्ध धर्मका देवताहरु कोलां (फ्रेम), उफ्योधि (झ्यालको थाम उभिने विशेषाकारको लाम्चो आधार) र थाममा बुट्टाको रुपमा रहन्छ ।[१७१] मल्लकालको वास्तुकलामा चन्द्र र सूर्यको मूर्तिहरु झ्याल र ढोकाको lintel मा बनाइन्छ । यस प्रकारको प्रतिमाहरु बौद्ध र हिन्दु दुवै परिप्रेक्षमा बनाइन्छ ।[१७२] यसै गरी छुस्यावहालको झ्यालहरुमा रहेको मूर्तिहरुको विवरण यस प्रकार छन् ।

### ५.१.१ आँखीझ्यालका मूर्तिहरु

विहारभित्र गन्धकुटीको ढोकाको दाँयाबाँया रहेका आँखीझ्यालमा मात्र मूर्तिहरु छन् । आँखीझ्यालको चौकोसमा माथिल्लो बिच भागमा मूर्ति रहेको छ । गन्धकुटीको दाँया (चि.सं. ७१) र बाँया (चि.सं. ७२) रहेका आँखीझ्यालमा मूर्ति छन् । गन्धकुटीको दाँया रहेको आँखीझ्यालमा भैरव जस्तो आकृति पद्मासनमाथि वज्रपर्याङ्कासनमा बसेको छ । दाँया हात छातीको समतलमा पुऱ्याइ गदा कुममा अडेस लगाएर समातेको छ । लामा माला लगाएको, ठूल्ठूला आँखा, मुकुट पहिरेको, वृत्त कुण्डल र बाँया हातमा केहि बस्तु समातेको देखाइएको छ । पृष्ठमा सल हावामा फिंजिएको देखाइएको छ । बाँया मूर्तिको दाँया हात घुँडामाथि बज्र/पाश समातेको र बाँया

---

[१७१] चन्द्र बहादुर जोशी, **काठमाडौं उपत्यकाका कलात्मक झ्यालहरु**, कमलादी, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, १९८९ (वि.सं. २०४६) , पृ. ५९ ।

[१७२] Lain S. Bangdel, **Inventory of Stone Sculptures of Kathmandu Valley**, (Kathmandu : Royal Nepal Academy, 1995), p. 70 .

हातले मानवाकृति समातेको छ । लामा माला लगाएको, ठूलाठूला आँखा, मुकुट पहिरेको र वृत्त कुण्डल छ । पृष्ठको दाँयाबाँया सल हावामा फिंजिएको देखाइएको छ । दुईवटा बाखा जस्तो देखिने जनावरमाथि बसेको देखाइको छ । चौकोसमा रहेको *द्यःकुं* (देवीदेवता राख्न बनाइएको खोपिल्टा) मा मूर्ति बनाइएका छन् । मूर्तिहरुको फलकको वरिपरि *पलेहः* को घेरा बनाइएको छ ।

## ५.१.२ पासुका झ्यालका मूर्तिहरु

विहारभित्र पूर्व र पश्चिम लङमा र बाहिर मूल प्रवेशद्वारमाथि गरि तिनवटा तोरण नभएको पासुका झ्यालहरु छन् । झ्यालमाथि बिचमा एउटा/एउटा मात्र *द्यःकुं* रहेको छ । एक मुख, चार हात र आशन मुद्रामा छन् । मुकुट, पुष्प कुण्डल, वाजुबन्ध र पछ्यौरा लगाइ आशनमाथि बसेको देखाइएको छ ।

विहारभित्र मूल गन्धकुटीमाथि तोरण सहितको एउटा मात्र पासुका झ्याल छ । अन्य पासुकाझ्यालको तुलनामा यो कलात्मक रहेको छ । तोरणको मूल खण्डमा रहेको देवताको तीन शिरमाथि एउटा अर्को शिर थपिएको छ । छ हात भएका कमलासनमाथि सिंहासनमा वज्रपर्याङ्कासनमा मुद्रामा बसेका छन् । मूल देवताको दाँयाबाँया वृत्ताकार घेराभित्र कमलासनमा दुई हात भएका मूर्तिहरु रहेका छन् । मूल देवतासँगै एउटै कमलासनमा दाँयाबाँया वज्रपर्याङ्कासन मुद्रामा दुई हात भएका साना दुई मूर्तिहरु छन् । तोरणको तल्लो भागमा *द्यःकुं*मा देवता रहेको छ । सिंहासनमा वज्रपर्याङ्कासनमा मुद्रामा बसेको छ । चार हात एक शिर भएको देवताले मुकुट पहिरेको छ । पछाडीका दाँया हातले खड्ग र बाँया हातले पुस्तक समातेको छ । अगाडीका दुई हात व्याख्यान्न मुद्रामा छन् ।

यस झ्यालको *हथंकुं* पनि देवाकृतिहरु छन् । दाँया *हथंकुं*मा अष्टमंगलसँगै पद्मपीठमा तीन अनुहार, वृत्तकुण्डल, मुकुट र छ हात भएको मूर्ति रहेको छ । दाँया हातले लामो नागबेलि डाँठ सहितको फूल लिएको र त्रिदण्ड मात्र स्पष्ट छ । बाँया हातले चक्र, खड्ग र काखमाथि बिसाएको छ । बाँया रहेको मूर्तिले दाँया हातहरुले त्रिदण्ड, वज्र र काखमाथि र बाँया हातहरुले गदा, विणा र फुल लिएर काखमाथि विसाएको देखाइएको छ ।

*मेरापमा* दाँया र बाँया गरी जम्मा छ वटा देवाकृतिहरु छन् । *मेरापको* माथिल्लो भागमा कुनामा, छड्के र तल्लो भागमा मूर्तिहरु छन् । दाँया माथिल्लो भागमा एक मुख, दुई हातमा दाँया वरद र बाँया अभय मुद्रा छन् । काँधको समतलमा फूलमाथि दाँयामा वज्र र बाँयामा चक्र छन् । मुकुट, बृत्त कुण्डल, कण्ठहार, नाडीमा बाला र काँधमा पछ्यौरी जस्तो ओढेको छ । कम्मरमा पटुका जस्तो र बस्दा साडीको मुजा फर्रर परेको राम्रो देखिन्छ । बाँया रहेको मूर्ति पनि उस्तै छ । तर काँधको समतलमा फूल मात्र रहेको छ ।

छड्के *मेरापमा* कमलमाथि मकर र बाखा जस्तो जनावरमाथि मूर्ति रहेको छ । तिनवटा शिरमाथि अर्को तिनवटा शिरहरु र तीन जोडा हातहरु छन् । मुकुट लगाएका, वृत्तकुण्डल, कण्ठहार, लामो माला घुँडासम्म र कम्मरमा पनि मोतिका सुन्दर गहनाहरु लगाएका छन् । दुवै हातहरुमा क्रमशः अंकुश र छातीको समतलमा पाश, खड्ग र अस्पष्ट आयुध, वाण र धनुष लिएका छन् । बाँया रहेका मूर्तिका दाँया हातहरुमा क्रमशः अंकुश, अस्पष्ट, खड्ग र बाँया हातमा रहेका आयुधहरु अस्पष्ट छन् ।

*मेरापको* तल्लो भागमा पद्मासनमाथि एक मुख, दुई हात भएको मूर्तिहरु छन् । दुई हातमा दाँया वरद र बाँया अभय मुद्रा छन् । काँधको समतल दाँयाबाँया फक्रेका फूलहरु छन् । मुकुट, बृत्त कुण्डल, कण्ठहार, नाडीमा बाला र काँधमा पछ्यौरी जस्तो ओढेको छ । कम्मरमा पटुका जस्तो र आशनमा कपडाको मुजा फर्रर छ । बाँया रहेको मूर्ति पनि उस्तै रहेको छ ।

यसै झ्यालको विचमा रहेको चारपाटे आकारको चौकोसको *थाँचोहरुमा* *घ्वःकुँ* जस्तो भागमा बाँदरको आकृति बनाइएको छ । उर्ध्वकेश, गालो आँखा, नाक, र लामो मुखको रेखा देखाइएको छ । कान माथितिर फर्केको, माला लगाएको र छातीको स्पष्ट देखिने अर्धकदको मूर्ति रहेको छ ।

## ५.१.३ गः झ्यालका मूर्तिहरु

विहारभित्र र बाहिर गरि गःझ्याल जम्मा चौधवटा छन् । त्यसमध्ये तोरण भएको गःझ्याल जम्मा दुईवटा (चि.सं. ३४) मात्र रहेका छन् । तोरण भएको गःझ्यालमा मात्र मूर्ति रहेको छ । प्रत्येक झ्यालमा तोरण र आशनमा गरि जम्मा दुईवटा मूर्ति रहेका छन् ।

तोरणको मध्य भागमा वज्रपर्याङ्कासन मुद्रामा तीन शिर छ हात भएको मूर्ति छ । यो नारी आकृति हो । मुकुट, कुण्डल र बाजुबन्ध लगाएको छ । हातमा रहेको आयुधहरु सवै स्पष्ट छैनन् । पासुका भ्यालको दाँया रहेको मूर्ति वहानको आशन र बाँया रहेको मूर्ति कमलासन माथि बसेको छ ।

आशन तल (window jamb)मा नारी आकृति रहेको छ ,जुन दाँया र बाँया दुवै उस्तै रहेको छ । यसरी आकाशमा उडिरहेको र माला समातेको मुद्राको नारी आकृतिलाई विद्याधर भन्ने चलन छ । तर यस आकृतिले माला नसमाइ दुवै हातले भ्याल उठाइ रहेको देइएको छ । तसर्थ विद्याधर भन्दा परि भन्नु उपयुक्त देखिन्छ । मुकुट पहिरेको, कानमा कुण्डल, हातमा चुरा, लामो माला लगाएको दर्शाइएको छ । परिले चोलो, साडी र पछ्यौरीको साथै गोडामा पनि गहना लगाएको छ ।

## ५.१.४ विमान भ्यालका मूर्तिहरु

छुस्यावहालमा रहेको विमानभ्याल यहाँका अन्य भ्यालहरुको तुलनामा आकारमा ठूलो र सुन्दर पनि छ । यस भ्यालमा द्यःकुंमा रहेको मूर्तिहरु, जालीमा रहेको मूर्तिहरु, तल्लो भागमा रहेका मूर्तिहरु र यसमा कुंदिएका जनावरका आकृतिहरु पनि सुन्दर छन् । यस विमानभ्यालमा रहेका मूर्तिहरुको वर्णन यस प्रकार छन् ।

### ५.१.४.१ विमान भ्यालको माथिल्लो भागका मूर्तिहरु

विमानभ्यालमा तीनवटै चौकोसमाथि *द्यःकुं*मा देवताको मूर्तिहरु (चि.सं ४३,४४,४५) रहेको छ । यसको अलावा विमान भ्यालको दाँया बाँया रहेका चौकोसहरुमाथि परिहरुको मूर्ति कुंदिएको छ । यस भ्यालको तल्लो पाताको जालीमा रहेका मूर्तिहरु र बुद्धजीवनीको गाथा फलकबारे पनि अर्को शीर्षकमा चर्चा गरिने छ । भ्यालमा रहेको मूर्तिलाई स्थानको आधारमा क्रमशः दाँयाबाट वर्णन गरिएको छ ।

द्यःकुंमा रहेको मूर्ति आकारमा सानो एक मुख, आठ हात रहेको छ । मूर्तिहरु पद्मासनमा वज्रपर्याङ्कासन मुद्रामा बसेको देखाइएका छन् । मुकुट पहिरेको, कुण्डल र लामो माला लगाएको छ । पहिलो मूर्तिको अगाडीको दाँया हातमा पुस्तक र बाँया हातल गोडामाथि राखेको

देखाइएको छ । बाँकि अरु हातहरु लहरै आयुध समातिरहेका छन् । दोस्रो मूर्तिले छातीको समतलमा दुई हातले धर्मचक्र मुद्रा बनाएको अवस्था छ । पछाडी रहेको चार हातहरुमा आयुध/फूल समाइ रहेको छ । तेस्रो मूर्तिले दाँया हात अभय मुद्रा, बाँया हात घुँडामाथि राखेको छ । पछाडिको छवटा हातहरुमा  आयुध रहेको छ । माथिल्लो तल्लामा रहेको र मूर्ति सानो भएकोले आयुध राम्ररी हेर्न मिल्ने अवस्था छैन ।

दाँया चौकोसको दाँयाबाँया बादलमाथि लामा माला लगाएर दुई परिहरु उडिरहेका देखाइएको छ । मुकुट पहिरेका, एउटा गोडा आकाशतिर माथि फर्केको, अर्को पट्याएको र साडि लगाएको देखाइएको छ । साडिको मुजा तहतह परेको सुन्दर देखिएको छ । परिहरुले आफूले लगाएको माला समातिरहेका छन् ।

बाँया चौकोसमा रहेका परिहरुले पनि लामा माला लगाइ उडिरहेका छन् । दाँया कुनामा रहेकी परिले छातीको समतलमा दुवै हातले केहि वस्तु समाइ रहेको देखिन्छ  । तर के वस्तु हो भन्ने छुट्टयाउन सकिन्न । बाँया कुनामा रहेकी परिले दाँया हातले केहि समातेर बाँया हातमाथि उठाइरहेका छन् । मुकुट पहिरेका, एउटा गोडा आकाशतिर माथि फर्केको, अर्को पट्याएको र साडि लगाएको देखाइएको छ । साडिको मुजा तहतह परेको सुन्दर देखिएको छ । परिहरुले आफूले लगाएको माला समाइरहेका छन् ।

### ५.१.४.२ विमान झ्यालको जालीका मूर्तिहरु

विमान झ्यालको तल्लो जालीदार भागमा पाँचवटा मूर्तिहरु रहेका छन् ।

**क) मैत्रय (चि.सं. ३८)**

एक मुख दुई हात भएको स्थानक मुद्रामा लोकेश्वरको मूर्ति रहेको छ । कपाल कुम सम्म, दुई हातले व्याख्यान मुद्रा, लामो माला घुँडा सम्म, पछाडि गोडा सम्म लत्रिएको पोशाक, खालि खुट्टामा औंलाहरु स्पष्ट देखिन्छ । कम्मरमा पनि गहना लगाएका छन् । नाइटो पनि लाम्चो गहिरो बनाइएको छ । पृष्ठमा शिरको माथि दाँयाबाँया फक्रिएको फूलहरु छन् । शिरमा मुकुट, कानमा कुण्डल, हातमा बाला, पाखुरामा र गोडामा पनि गहना लगाएको छ । पृष्ठमा कुममाथि डाँठ सहितको फूलमा दाँया अक्षमाला र बाँया कलश रहेको छ । मैत्रय वोधिसत्वको

प्रतिमा एक मुख, दुई बाहु हुने गर्दछ । छातीको समतलसम्म उठाएर व्याख्यान मुद्रा र दुवै वाहु (हात)ले नालसहितको नागकेशर फूल लिएको हुन्छ ,जुन काँधको समतलमा पुगेर पूर्ण विकसित (फक्रिएको) अवस्थामा फुलेको हुन्छ । दाँया फूलमाथि त्रिदण्डी र बाँया फूलमा कलश राखिएको हुन्छ । वज्रपर्याङ्गासन वा प्रलम्वपादाशन मुद्रामा बसेको हुन्छ ।

**ख) अमोघपाश लोकेश्वर (चि.सं. ३९)**

आठ हात, चारमुख भएको स्थानक मुद्रामा लोकेश्वरको मूर्ति रहेको छ । लामो माला घुँडासम्म, पछाडि गोडासम्म लत्रिएको पोशाक, खालि खुट्टामा औंलाहरु स्पष्ट देखिन्छ । पृष्ठमा दाँयाबाँया फक्रिएको फूलहरु छन् । माथिबाट क्रमशः दुई हातमा वज्र र घण्ट, खड्ग र त्रिदण्डी, दुई हातहरु भाँचिएका र तल्लोमा पाश र अंकुश लिएको छ । शिरमा मुकुट, कानमा कुण्डल, हातमा बाला, पाखुरामा बाजुबन्धको साथै कम्मरमा कपडा लत्रिएको (sash) परिधान लगाएको छ । पृष्ठमा माथिल्तिर र तल्लो भागमा दाँयाबाँया फक्रिएको फूलहरु छन् । अमोघपाश लोकेश्वरको मूर्ति बनाउने परम्परा अनुसार चर्तुमुख र अष्टबाहु हुन्छ । त्यसै गरि क्रमशः दाँया हातमा वज्र, खड्ग, अंकुश, वाण र बाँयामा घण्ट, त्रिदण्डी, पाश, धनुष आयुधहरु लिएका हुन्छन् ।[१७३] यस प्रतिमाअनुसार यो मूर्ति अमोघपाश लोकेश्वरको हो ।

**ग) बसेको मूर्ति (चि.सं. ४०)**

तीन शिरहरु भएको देवी वज्रपर्याङ्गासन मुद्रामा पद्मासनमा बसेकी छिन् । चौबिस हातहरु मध्ये सबै आयुधहरु प्रष्ट देखिंदैन । विचको अनुहारले वृत्त कुण्डल लगाएको छ । साधारण किसिमको मुकुट लाएको छ । लामा माला लगाएको छ । मूर्ति पछाडि वृत्ताकारमा *पलेहः*को प्रभावली माथितिर विस्तारै चुलिंलै गएको छ । अगाडीको दुई/बाह्रौं हात अञ्जली मुद्रामा रहेको छ । दाँया तर्फ एघार वटा मात्र हात छन् । माथिल्लो हात भाँच्चिएको हुनुपर्छ । पछाडी रहेको दाँया माथिल्लो/दोस्रो हातले खड्ग समातेको छ । दाँया आठौं हातले अंकुश लिएको छ । सबैभन्दा तल्लो दाँया हातले घुँडामाथि अक्षमाला लिएको छ । बाँया दोस्रो हातले *ज्वलान्हायक्* (नेवारी परम्परामा प्रयोग गरिने धातुको ऐना), चौथोले पाश लिएको छ । आठौं

[१७३] Benoytosh Bhattacharya, **The Indian Buddhist Iconography**, (Calcutta : Firma K.L. Mukhopadhyay, 1968,2nd ed.), p. 418, pl. no. 71 .

हातले कतृ र दशौं हातले डाँठ सहितको कमलको कोपिला लिएको छ । बाँया एघारौं हातले पुस्तक समातेको काखमाथि रहेको छ ।

यो मूर्ति अरु मूर्तिको तुलनामा अलि बढी नै घामले बिग्रिएको छ । अनुहारहरु पनि स्पष्ट छैन । शीरमा मुकुट, कानमा कुण्डल, हातमा बाला, पाखुरामा लगाएको छ ।

### **घ) महावज्रधातु लोकेश्वर (चि.सं. ४१)**

तीन शिरहरुमाथि अर्को अनुहार रहेको छ । स्थानक मुद्रामा आठ हातहरुले क्रमशः माथिबाट वज्र र घण्ट, खड्ग र हात भाँचिएको, वाण र धनुष र दुवै हातले माला लिइ रहेको छ । शिरमा मुकुट, कानमा कुण्डल, कण्ठहार, हातमा बाला, पाखुरामा बाजुबन्ध, कम्मरमा पनि गहनाको साथै कपडा लत्रिएको (sash) परिधान लगाएको छ । यस मूर्तिको नाइटोमा खोपिल्टा बनाइएको छ । दाँयाबाँया तलबाटै लहराहरु गइ माथिल्लो र तल्लो भागमा फक्रिएका फूलहरु छन् ।

विनयतोष भट्टाचार्यका अनुसार महावज्रधातु लोकेश्वरको चर्तुमुख, आठ बाहु हुन्छ । यिनमा क्रमशः वज र घण्ट, धनुष र वाण, त्रिशुल र कलश, खड्ग र पद्म लिएको हुन्छ । यहाँ त्रिशुल र कलशको सट्टा माला लिइएको छ । त्यसै गरि खड्ग र पद्ममा पद्म लिएको हात भाँचिएको छ ।[१७४]

### **ङ) मञ्जुश्री (चि.सं. ४२)**

एक मुख, दुई हात भएको स्थानक मुद्रामा रहेको लोकेश्वरको मूर्ति छ । शिरमा मुकुट, कानमा कुण्डल, कण्ठहार, हातमा बाला, पाखुरामा बाजुबन्ध र गोडामा गहना लगाइएको छ । कम्मरमा कपडा लत्रिएको (sash) परिधान छ । कम्मरमा पनि कम्मरबन्ध लगाइएको छ । नाइटो लाम्चो गहिरो बनाइएको छ । छातीको समतलसम्म उठाएर दुई हात व्याख्यान मुद्रामा छन् । लामो माला घुँडासम्म, पछाडि गोडासम्म लत्रिएको पोशाक, खालि खुट्टामा औंलाहरु स्पष्ट देखिन्छ । दाँयाबाँया टाउको माथिफक्रिएको फूलहरु छन् । पृष्ठमा कुममाथि डाँठसहितको

---

[१७४] **उही**, पृ. ४१७, प्लेट संख्या ६७ ।

फूलमा दाँया खड्ग र बाँया पुस्तक रहेको छ ,जुन मञ्जुश्रीको प्रतिमा लक्षण हुने गर्दछ । काँधको समतलमा पुगेर पूर्ण विकसित फूल छ ।

## ५.१.४.३ काष्ठकलामा शाक्यमुनि बुद्धको जीवनी

काठमाडौं उपत्यकामा बुद्ध, बोधिसत्व, अवलोकितेश्वर र आर्यताराका प्रस्तर मूर्तिहरु प्रशस्त देख्न सकिन्छ । बुद्ध जीवनीमा आधारित क्रमबद्ध घटना नभए पनि बुद्धचर्याका दृश्य प्रस्तरकलामा देख्न सकिन्छ । चित्रकलामा भने काठमाडौं उपत्यकामा *बहिद्यः* देखाइने बेला बौद्ध विहारहरुमा *तुलापौ, विलंपौ* र *पौभाहरु* प्रदर्शनी गरिन्छ । विभिन्न जातक कथाका साथै बुद्धजीवनीमा आधारित चित्रकलाहरु प्रशस्त छन् । त्यसै गरि काष्ठकलामा पनि बुद्ध जीवनीमा आधारित दृश्य कुंदिएका उदाहरणहरु थोरै मात्रामा भए पनि उत्कृष्ट नमूना छन् ।

पाटन दरवार क्षेत्रमा शिखर शैलीको कृष्णमन्दिर रहेको छ । कलाको दृष्टिकोणबाट यो मन्दिर महत्वपूर्ण छ । राजा सिद्धिनरसिंह मल्लले ने.सं. ७५७ (इ.सं. १६३७)मा बनाउन लगाएका थिए । प्रस्तरले बनेको मन्दिरका बिमहरुमा र खम्बाका माथिल्ला भागहरुमा चित्रहरु कुंदिएका छन् । कृष्णमन्दिरको तल्लो तलामा रामायण र माथिल्लो तलामा महाभारतको कथाका दृश्य कुंदिएको छ । कृष्णमन्दिरको सौन्दर्यमा यी चित्रहरुको उल्लेखनिय योगदान रहेको छ ।

यस्तैगरि काष्ठकलामा पनि विभिन्न ग्रन्थमा आधारित दृश्यहरु कुंदिएका छन् । काठमाडौंको काष्ठमण्डप, छुस्यावहाल र पाटनको लोककिर्ती महाविहार लोककीर्ति महाविहार ( नकबहिल)मा बौद्ध धर्मसँग सम्बन्धि दृश्यहरु कुंदिएका छन् ।

काठमाडौंको काष्ठमण्डपको चारै कुनामा बरण्डा जस्तो बनाइएको छ । बरण्डा जस्तो भागको तल्लो पातामा कुंदिएको छ । मरु गणेशको मन्दिर जाने कुनामा पूर्व दिशामा एकतर्फ मात्र दृश्य कुंदिएको छ । बाँकि अरु कुनाका पाताहरु सादा छन् । पहिले सबै कुनाका पाताहरुमा पनि यस्तै दृश्यहरु थिए होला । काष्ठमण्डपको जीर्णोद्वार गर्दा सादा काठको प्रयोग गरेको हुन सक्दछ । मरु सत्तलको बुद्ध गाथाको फोटो Glimpse of Nepalese Woodwork pp. xxxvi , pl. 4 मा छापिएको छ ।

पाटनको लोककीर्ति महाविहार (नकबहिल)मा सडकपट्टिको भागमा बरण्डा रहेको छ । मूल प्रवेशद्वारमाथि वरण्डाको तल्लो पातामा रहेको छ । करिव १२ हात लामो पातामा शाक्यमुनि बुद्धको जीवनीमा आधारित दृश्य कुंदिएका छन् । यसरी काष्ठकलामा बुद्ध जीवनीको अनुक्रम मिलाई कुंदिएको नमूना उपत्यकामा पाइएको छैन । उक्त काष्ठपत्रमा बुद्धजीवनीको घटनाको दृश्यहरु छन् , जुन फलकको बाँयाबाट (अवलोकन कर्ताको दाँयाबाट) क्रमशः उल्लेख गरिएको छ ।

१. लुम्बिनीमा बुद्ध जन्म ।

२. महाभिनिष्क्रमण पछि चुडाकर्म गरिरहेको ।

३. ज्ञान प्राप्तीको लागि योग मुद्रामा ।

४. अनुत्तरवोधि प्राप्तीको लागि छ वर्ष दुष्कर चर्या (कठोर तप) गरि निर्बल भइ, स्वर्गबाट सर्वार्थसिद्ध आइ पौष्टिक पदार्थ (दाँया बाँया दुई पुरुष आकृतिहरुको हातले बुद्धको कञ्चटबाट) समावेश गरिरहेको ।

   क) शुद्धोदन र गौतमी सहवास ।

   ख) यशोधराको उपोषधव्रत ।

   ग) यशोधराको अन्तपुर शैयासन ।

५. चार दिशा घुम्न जाँदा शान्तभेष भिक्षु देखापरेको ।

६. वोधिवृक्ष मुनि वज्रासनमा बसिरहको बेला मार आक्रमणको दृश्य ।

७. धर्मचक्र प्रर्वतन गरिरहेको ।

८. भगवान बुद्ध समाधिमा बसिरहेको बेलामा वृष्टिबाट मुगलिन्द नागराजाले आरक्षण दिएको ।

९. देवराज इन्द्रले दिव्य छत्र ओढाइ स्वागत गरेको ।

१०. कपिलबस्तुमा भगवान बुद्ध र पिता शुद्धोदनको भेटवार्ता ।

११. महापरिनिर्वाणको दृश्य ।[१७५] हेमराज शाक्यको यस विवरणमा ७ र ८ नं. का बुँदाहरु तलमाथि परेका छन् । यस फलकमा रहेका विभिन्न दृश्यहरुको विच-विचमा विभिन्न मानव तथा पशुपंक्षीका आकृतिहरु रहेका छन् ।

त्यसै गरि पाटनको ईवहीमा पनि काष्ठकलामा बुद्धजीवनी रहेको छ , जुन वहिलमा रहेको वरण्डामा फिरफिरचामा माथिल्लो भागमा रहेको छ । सम्पुर्ण भागमा *ल:फ्व:* बुट्टा रहेकोमा केहि स्थानमा सानो टुक्राहरुमा मात्रै मूर्तिहरु कुंदिएका छन् । यहाँ रहेका फलकहरु यस प्रकार छन् -

१. व्रम्हा, विष्णु ,महादेव, इन्द्र र बुद्ध रहेका छन् । इन्द्रदेवले भगवान बुद्धलाई छत्र ओढाएको,

२. भगवान बुद्धको भविष्यव्यकरण मुद्रामा दाँयाबाँया सारिपुत्र र मौदेगल्याण र मयूरहरु,

३. मकरको मुखमा अर्धकदको मानवाकृति (दाँया हातमा खड्ग र बाँया हातले मकर जस्तो जीव समातेको)

४. अर्धकदको मानवाकृतिको दाँया हातले लहरा र बाँया हातले कुम्भ लिएको । (बुँदा नं. ३ र ४ का आकृतिहरु नकबहिलका आकृतिहरु सित मिल्दाजुल्दा छन् ।)

काठमाडौं, ज्याठास्थित छुस्यावहाल (गुणाकर महाविहार)को विमान भ्यालमा पनि यस प्रकारका दृश्य रहेको छ । यहाँ रहेको काष्ठकलामा शाक्यमुनि बुद्धको जीवनीमा आधारित दृश्य राम्रो अवस्थामा छ । विमान भ्यालको दाँयाबाँया रहेका कुनाका पाता (eaveboard)मा कुंदिएको छ (चि.सं. ३६ र ३७) ।

## क) दाँया तर्फको मूर्ति फलक

विमानभ्यालको चित्रफलक ३६ मा जय नमो श्री बुद्ध भगवान[१७६] भजन अनुसारको वर्णन कुंदिएको छ । "जय नमो श्री बुद्ध भगवान" भजन अनुसार भगवान बुद्ध लुम्बिनी आउँदाको दृश्य हो । यसमा त्रिदेव ब्रम्हा, विष्णु र महादेवको पनि उपस्थिती देखाइएको छ ।

---

[१७५] हेमराज शाक्य, "नेपाली कलामा बुद्ध जिवनी", **प्राचीन नेपाल,** वर्ष १०, अंक पुष (वि.सं.२०२६), पृ.४७ ।

[१७६] परिशिष्ट "ञ" ।

भगवान बुद्धको स्वागतको लागि ब्रम्हाले कुचो लगाइ, सरस्वतीले जमिनमा कपडा बिछ्याइ, कुवेरले द्रव्य बिछ्याए । वायुदेवले झण्डा लहराएर, अग्नि देवले धूप लगाइ, वरुण नागराजाले जलधारा वर्षा गराए । महादेवले डमरु, नारायण (विष्णु)ले शंख बजाए । जन्मराजले दण्ड समाइ बाटो पन्छाए । इन्द्रले छत्र ओढाइ, भिक्षुगणहरुले चमरले हम्काए । आकाशबाट फूलको वर्षा गरि आनन्दको माहौल बनाईको छ । नैऋत्य ज्ञानाकर जन सहित शेषनागमाथि पूजा लिंदै आएको वर्णन छ । राजा सुरेन्द्रको समयमा ने.सं. ९८८ (इ.सं. १५६४) सालमा लेखएको भजन हो ।

मूर्ति फलकमा कुंदिएको अनुसार दाँयामा छेउतिर रुखहरु छन् । पाँच जना देवताहरु पद्मासन माथि उभिरहेका छन् , जुन क्रमशः यी हुन् -

क) मोटो डर लाग्दो देखिने उदरमुख (पेटमा मुखाकृति भएको)ले बाजा बजाइ रहेको छ । कपाल माथितिर ठाडो परेको छ। यो मूर्ति मारको हुन सक्दछ।

ख) छत्र ओढाइ रहेको देवताको मूर्ति  दोस्रोमा छ ,जसले मुकुट पहिरहेको छ। भजन अनुसार यो इन्द्रको मुर्ति हो ।

ग) भगवान बुद्ध नागको शरिरमाथि भविष्य व्याकरण मुदामा उभिएका छन् । भजन अनुसार यो वरुण नागराजाको मूर्ति हो ।

घ) महादेवको जटामुकुट र चार हात छन् ,जसमध्ये क्रमशः दाँया फत्रिएको फूल, अक्षमाला र बाँया त्रिशुल, कमण्डलु लिइरहेको देखाइएको छ ।

ङ) ब्रम्हाको त्रिमुख र चार हात छ । क्रमशः दाँया हात भाँचिएको, अक्षमाला र बाँया कलश, पुस्तक लिएका छन् ।

च) विष्णुको एकमुख र चार हातमा देखाइएको छ । क्रमशः दाँया चक्र, शंख र बाँया गदा र पद्म लिइरहेको छ ।

पृष्ठभूमिमा जंगल र पहाडहरु पनि देखाइएको छ । आयुध अनुसार महादेव, ब्रम्हा र विष्णुको पहिचान गनै सकिन्छ ।

**ख) बाँया तर्फको मूर्ति फलक**

विमान झ्यालको बाँया रहेको मूर्ति फलक (चि.सं. ३७)को विवरण यस प्रकार छ । दाँया बाँया रुखहरु छन् । पृष्ठभूमिमा जंगल देखाइएको छ । तीन-तीन जनाको समूहमा अर्धकदको मूर्तिहरु दाँयाबाँया रहेका छन् । दाँया रहेको मूर्तिहरुले दाँया हातले वरद मुद्रा र बाँया हातमा कलश लिएका छन् । यी मूर्तिहरुको शिरमा प्रभावली देखाइएको छ । पहिलो मूर्तिको तीन शिर छन् । ब्रम्हा, विष्णु र महादेवको मूर्ति हुनु पर्दछ । बाँया रहेका मूर्तिहरुमध्ये पहिलो र तेस्रो दुवै आकृतिले हात जोडेका छन् । विचमा रहेको मूर्ति वरद मुद्रामा छ । पहिलो मूर्तिको पेटमा मुखाकृति रहेको छ , जसलाई उदरमुख भनिन्छ । फलकको मध्य भागमा भगवान बुद्ध ध्यान मुद्रामा पद्मासनमा बसेका छन् । बुद्धको दाँया चिवर लगाइ चमर लिएको र बाँया राजश्री पोशाकमा उभिएको गरि जम्मा दुई मूर्तिहरु छन् । जनावरको मुखबाट केहि वस्तु निस्किरहेको देखाइएको छ । काष्ठकलामा मुखबाट केहि वस्तु निस्किरहेको वस्तु काष्ठकलामा प्रयोग गरिने पानीको प्रतीक बुझाउँदछ । यस जनावरको घाँटीसम्मको भाग मात्र देखाइएको छ ,जुन घाँस माथि छ । यस जनावरको आकृति नकबहिलमा रहेको जनावरको आकृतिसँग मिल्दछ । यो मूर्ति फलक भगवान बुद्धले धर्मचक्र प्रवर्तन गरिरहेको दृश्य हो । बुद्धको दाँयाबाँया रहेका दुवै समूह बादलमाथि विमानमा वसेको देखाइएका छन् ।

यो दृश्य भगवान बुद्धले धर्मचक्र प्रवर्तन गर्दा त्रिदेवका साथै अन्य देवताहरु पनि उपस्थित भएको समयको हो भन्ने अनुमान लगाउन सकिन्छ ।

### ग) अगाडी रहेको मूर्ति फलक

विमानझ्यालको अगाडि (eaveboard) तल्लो पाता (चि.सं. ३२)मा लामो फलकमा मूर्तिहरु कुंदिएको छ । यसमा चार हात एक मुख भएका स-साना नौवटा मूर्तिहरु छन् । यस पातालाई Gutschowले तीन मीटर लामो लहरायुक्त चित्रकला (vine scroll pattern) भनेका छन् । छुस्यावहालमा बन्नु बाऱ्ह वर्षअघि नै सिद्धिनरसिंह मल्लले पाटन कृष्णमन्दिरमा vine scroll pattern) बनाएको भनेका छन् । कुनै पनि ठाँउ खालि नरहने गरी पत्र लहराको समूहले सतह ढाकिएको छ ।[१७७] यस पातामा लहराका बीचमा नै मूर्तिहरु रहेका छन् । त्यसै गरी विमान

[१७७] Neils Gutschow, **Architecture of the Newars A History of Building Typologies and details in Nepal, Vol. 2**, (Chicago : Serindia Publications, 2011), p. 738 .

झ्यालमा रहेको मूर्तिलाई गंगा खरेलले “पूर्वतिर फर्केको त्रिमुखी झ्यालको तल्लो भागमा बुद्धका साना साना मूर्तिहरु छन्” भनेका छन् ।[१७८] यी मूर्तिहरु निरन्तर रुपमा लामो समयदेखि घाम र पानी भइ गुज्रिसकेको छ । त्यसैले मूर्तिमा स्पष्टता छैन भने आयुध तथा हातहरु स्पष्ट देख्न गाऱ्हो छ। कुनै मूर्तिका हातहरु पनि भाँचिएका छन् ।

## ५.१.४.४ विमान झ्यालमा रहेका जनावरहरु

विमानझ्यालमा विभिन्न प्रकारका बुट्टाहरु रहेका छन् । जसमा फरक-फरक प्रकारका बुट्टाहरु, जालीहरु, मूर्तिहरु र जनावरहरु छन् । यस झ्यालमा सिंह र *मल:* बनाइका छन् , जसको विस्तृत विवरण यस प्रकार छ -

**क) सिंह :** विमानझ्यालको तल्लो भागमा दाँया र बाँया कुनामा दुईवटा सिंहका जोडा राखिएका छन् । दुई हात उठाइ, खुट्टाले मात्र टेकेर उभिएको सिंह (चि.सं. ३५) बनाइएका छन् । कुमसम्म लामा कपाल, डर लाग्दा आँखीभौ, पूच्छर माथितिर फर्केको, पखेटावाल सिंहको मुख खुल्ला, माथिल्तिरको दाँतहरु र जिब्रो देखाइएको छ । सिंहलाई पहाड बुझाउने बुट्टा भएको काठ (Block)माथि उभिएको देखाइएको छ ।

**ख) *मल:* (ड्रचागन) :** यस विमानझ्यालमा चारवटा टुंडालहरु रहेका छन् ,जुन टुंडालमा *मल:* हरु अंकित छन् । मल: भनेको पनि मिथक जनावर हो, जुन पानी पर्दा वा बिजुलि चम्कँदा आकाशमा गर्जने जीव हो भन्ने मान्यता रहेको छ । यी *मल:*हरुको अगाडिबाट चि.सं. ४६मा र छेउबाट चि.सं. ४७ मा हेर्दा देखिने भाग हुन् । *मल:*को मुखाकृति सिंहको जस्तो र शरिर सर्पाकृतिको बनाइएको छ । खुल्ला मुखमा पंक्तिवद्ध दाँतहरु, लामो कपाल, आँखीभौ आगोको लप्का जस्तो माथितिर फर्केको र शरिरमा माछाको जस्तो कत्ला देखाइएको छ । पूच्छर फर्किएर जीउमाथि घुम्रिएर विचमा

---

[१७८] गंगा खरेल, **छुस्यावहाल (गुणाकर महाविहार) : एक साँस्कृतिक अध्ययन**, स्नातकोत्तर तहको लागि प्रस्तुत शोधपत्र, अप्रकाशित, (कीर्तिपुर : नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, स्नातकोत्तर तहका लागि प्रस्तुत शोधपत्र, अप्रकाशित, वि.सं. २०५०), पृ.२४ ।

हावादारी प्वाल बनेका छ । शरिरको आकृति तरंग जस्तो बनाइएको छ । यस प्रकारको अलौकिक जीवको हात र गोडाहरु बनाइएको छ । हात गोडाको माथिल्लो भागमा पखेटा जस्तो आकृति बनाइएको छ । यस बाहेक मूर्तिहरु पनि रहेका छन् ।

## ५.२ प्रतिकात्मक रुपमा बनाइने बुट्टाहरु

नेपाली काष्ठकलामा विभिन्न बुट्टाको रुपमा प्रतिकात्मक शिल्पकारिताको प्रयोग भएको छ । यी बुट्टाहरु हाम्रो वातावरणमा रहेका, दैनिक जनजीवन तथा साँस्कृतिक कार्यको लागि प्रयोग गरिने गरिन्छ । काष्ठकलामा उत्किर्ण गरिने बुट्टाहरु एकैखाले देखिएता पनि विशेष स्थानमा बनाइने बुट्टाको निश्चित गरिएको हुन्छ । यी चिन्हहरुलाई बुझ्न नेपालमा प्रचलित प्रतिमाविज्ञान, धार्मिक पुराण, संस्कार र विभिन्न धर्ममा विश्वास राख्ने नेपालीहरुलाई बुझ्न आवश्यक देखिन्छ ।[१७९] यस प्रकारका प्रतीकात्मक बुट्टाहरु काष्ठकलाहरुमा प्रायः बनाइने गरिन्छ ।

संस्कृत भाषाको पद्मलाई कमल भनिन्छ । कमलको फूलमाथि प्रायः जसो गरि हिन्दु तथा बौद्ध धर्मका देवीदेवताहरु बसेको देखाइने गरिन्छ । बौद्ध धर्ममा लोकेश्वरहरुले र हिन्दु धर्मका देवताहरुले पनि कमल हातमा लिएको देखाइने गरिन्छ । कमलको फूल तथा पत्रदलको काष्ठकलामा बढि मात्रामा प्रयोग गरिएको पाइन्छ । विशेष गरि झ्याल, स्तम्भ र Lintel मा बढि पत्रदल बनाइएको पाइन्छ । झ्याल तथा ढोकाको चौकोसको माथिल्लो र तल्लो भागमा तह-तह कमलको पत्रदल बनाइन्छ ।

पूर्ण कलशलाई शुभको प्रतीक मानिन्छ । यो बौद्ध तथा हिन्दु दुबै धर्ममा प्रयोग गरिन्छ । पूर्णकलश सम्पन्नताको चिन्ह हो । विशेष गरि कुनै पनि पूजा, शुभ कार्य, उत्सव आदिको अवसरमा कलशको स्थापना गर्ने चलन छ ।

वज्रलाई बौद्धधर्ममा शुभचिन्हको प्रतीक मानिन्छ । वज्रलाई पुरुष तत्व मानिन्छ । वज्रको अर्थ कडापन भन्ने पनि बुझाउँदछ । वज्रयानमा हरेक कार्य गर्दा वज्रको उपयोग गर्ने गरिन्छ ।

---

[१७९] Shantaram Balchandra Deo, **Glimpse of Nepal Woodwork,** (Calcutta : The journal of the Indian Society of Oriental Art, 1968-69), p. 40 .

काठमाडौंका नेवार जातिमा प्रचलनमा रहेका चट्याङ्गको प्रकारमा वज्र (*वज्रमल:*) पनि एक हो । हाल स्वयम्भुको चैत्य सामु रहेको ठूलो वज्र हो भन्ने मान्यता छ । प्राय वज्र आकारको बुट्टाहरु तथा वज्र चिन्ह बौद्ध विहारहरुमा प्रयोग गरिएको पाइन्छ । वज्र बुद्ध धर्ममा देवीदेवताहरुको आयुधको रुपमा रहेको छ । वज्रको बुट्टा झ्यालमा सजाउनको लागि प्रयोग गरिन्छ । प्राय आँखीझ्यालको जालीदार भागमा वज्रको बुट्टा बनाइन्छ । ढोकाको चौकोसमा पनि वज्रश्रृङ्खला बनाउने चलन छ ।

अष्टमंगल भनेको आठ शुभ चिन्ह हो, जसमा छत्र, पूर्णकलश, चमरको जोडा, मत्स्यको जोडा, पद्म, ध्वज, शंख र श्रीवत्स रहन्छ । यी बुट्टाहरु झ्याल र ढोकाको माथिल्लो चौकोसको दाँयाबाँया, स्तम्भ र ब्राकेटमा रहने गर्दछ । नयाँशैलीमा घरको निर्माण गरेता पनि विवाहको घरमा मूलप्रवेशद्वारको माथि पंचबुद्ध (बौद्ध परिवारहरुमा) र दाँयाबाँया अष्टमंगलको चित्रकला बनाउनु पर्ने परम्परा नै रहेको छ । तर कम खर्चमा काम चलाउन अहिले कागजको चित्र टाँस्ने चलन बढेको छ ।

मयुर, भगवान शिवका जेठा छोरा कुमारको बहान हो । मल्लकालका चलेको कुमारीप्रथा अनुसार जीवित देवी कुमारीको बाहन पनि मयुर नै हो । त्यसैले कुमारीको प्रतीक मानेर मयूर कुंद्ने परम्परा छ । विशेष गरि झ्यालमा मयुर बनाइन्छ । त्यसमा पनि आँखीझ्यालमा मयुरको प्रचलन रहेको देखिन्छ । काठमाडौं उपत्यकामा मयुर झ्याल (म्हयुखा झ्याः) बढी लोकप्रिय छ ।

चन्द्र र सूर्यलाई देवताको रुपमा पूजिने गरिन्छ । यी दुई नवग्रह मध्येको ग्रहहरु हुन् । घोडाको रथमा सूर्य र राजहंशको रथमा चन्द्रलाई देखाउने गरिन्छ । हिन्दु तथा बौद्ध धर्म दुवैमा चन्द्र र सूर्य उत्तिकै महत्व रहेको छ । ढोकाको चौकोसको माथिल्लो पखेटा जस्तो फिंजिएको भाग (Lintel)मा बहानहरु कुंदेर प्रतीकको रुपमा दर्शाउने गरिन्छ । छपाःझ्याःको तल्लो पातामा घोडा र राजहंशहरुको सात, नौ संख्यामा पंक्तिमा राख्ने चलन छ । मयूरझ्याल जस्तै चन्द्र र सूर्य आँखीझ्यालमा पाइने बुट्टा हो, जसलाई चन्द्रझ्याल र सूर्यझ्याल भन्ने गरिन्छ ।

यसै गरि आँखीझ्यालमा नवग्रह पनि बनाइन्छ । ग्रह, राशी र नक्षत्र जस्ता ब्रम्हाण्डमा रहने पिण्डहरुलाई मानवीकरण गरी कुंद्ने चलन छ । यसप्रकारको बुट्टाहरु टुंडालको तल्लो

भागमा देख्न सकिन्छ । नवग्रह आँखीभ्यालमा विचमा सूर्य रहेर अन्य ग्रह एकचक्री रुपमा देखाइन्छ । साथै भ्यालको तल्लो पातामा (Scroll) को रुपमा पनि बनाइन्छ ।

विद्याधर, गन्धर्व, किन्नर, नाग र किमपुरुषहरुको बौद्धधर्म तथा हिन्दरधर्मका पुराण र जातक कथाहरुमा महत्वपूर्ण भूमिका रहेको छ । यी सबै देवता भन्दा पछिल्लो तह र मानिस भन्दा माथिल्लो श्रेणीको (semi-divine) मानिन्छ । विद्याधरलाई पखेटा भएको, दुई हातले माला लिएर आकाशमा उडिरहेको र बादलमाथि देखाइन्छ । गन्धव र किन्नरहरु बाद्यवादन लिएर बजाइरहेको अवस्थामा देखाइन्छ । नागलाई माथिल्लो शरिर मानव र तल्लो भाग सर्पको देखाइन्छ । शिरमाथि एक, तीन, पाँच, सात र नौवटा सर्पहरुको समूहले आरक्षण दिएको नारी तथा पुरुष आकृति बनाइन्छ । ब्राकेट, भ्याल र ढोकाको पखेटा जस्तो फिंजिएको भाग (window or door wings), भ्याल तथा ढोकाको तल्लो भागमा (window and door jambs) रहने गर्दछ । नाग आँखीभ्यालको जालीदार बुट्टा र नागोमा (wall bands) र पूर्णकलशसँगै पनि बनाइन्छ ।

पंक्षी गरुड विष्णुको बहान हुन् । गरुडले आफ्नो पञ्जामा सर्प समाति रहको हुन्छ । गरुड तोरणको शिरोभागको मध्य स्थानमा वा छेपुको तल्लो भागमा बनाइन्छ । ब्राकेट, भ्याल तथा ढोकाको स्तम्भमा र भ्यालको क्वखलुमा पनि रहने गर्दछ ।

कालमकरलाई नेवारीमा *हितिमंग* भनिन्छ । प्राय ढुंगेधाराको दाँयाबाँया पातामा रहने बुट्टा हो । यसलाई पानीको प्रतिक मानिन्छ । साधारणतया टुंडालको तल्लो भागमा दुबै कुनामा रहने गर्दछ । मकरको मुखबाट हिरामोती निक्लिरहेको देखाइन्छ ।

छेपु भनेको पुराणहरुमा उल्लेख आउने मिथक जनावर हो । अनुहार मात्र देखाइने प्राणीले मुखबाट सर्प च्यापिरहेको र नाकबाट निक्लिरहेको देखाइन्छ । दुवै हातले सर्प समाइरहेको हुन्छ । साधारणतया तोरणको शिरोभागको मध्य स्थानमा कुंद्ने चलन रहेको छ ।

तन्त्रयानमा कपाल वा खप्पर (कंकालको टाउको मात्र)को महत्व रहेको छ । खप्पर/कपालपात्रले गर्दा देवताको डरलाग्दो स्वरुप देखिन्छ । भ्याल तथा ढोकाको मुभःमा प्राय

मुण्डमालाको श्रृङ्खला बनाइन्छ । यस आकृतिलाई भैरव तथा तान्त्रिक देवीदेवताको प्रतीकको रुपमा लिइन्छ ।

## ५.३ झ्यालको प्रयोजन

काठमाडौं उपत्यकाको वास्तुकलामा प्रयोग गरिने झ्यालको प्रयोजन यस प्रकार छन् -

१) मन्दिर, विहार, घर, दरवार र पाटी जस्ता सवै किसिमका वास्तुकलाहरुको महत्वपूर्ण अंगको रुपमा झ्यालको निर्माण भएको छ । तोरण र टुंडाल जस्तो विशेष स्थानमा मात्र बनाउने गरिंदैन ।

२) झ्यालबाट स्वच्छ हावाको आवतजावत हुने गर्दछ ।

३) वास्तु निर्माणमा झ्यालको प्रयोग पर्याप्त प्रकाशको लागि गरिन्छ । प्रकाशबिना कुनै पनि कार्य गर्न सम्भव हुन्दैन । यदि झ्याल नभएको खण्डमा घरभित्र कुनै पनि कार्य गर्न सम्भव हुन्दैन ।

४) झ्यालले वास्तुकलाको बाहिरी सौन्दर्यतामा निखार ल्याउने काम गर्दछ ।

५) झ्यालमा बनाइएका बुट्टाहरुमा बुट्टाकर्मीहरुले आफ्नो शीप प्रदर्शन गर्ने गरिन्छ ।

६) झ्यालबाट घर बाहिरको दृश्य हेर्न र सडक, चोक, वजार वा डवलीमा हुने नाचगान, जात्रा हेर्न सकिन्छ । घरमा आएका व्यक्ति वा बाटामा हिंडेका मानिसहरुलाई तलसम्म नगइकन (समयको बचत) माथिबाट नै हेर्न र बोल्न पनि मिल्छ । झ्यालबाट नै अभिवादन तथा बिदाईको संकेत पनि गर्न सकिन्छ ।

७) पवित्र धार्मिक स्थलहरुमा धर्म र दर्शन अनुरुप झ्यालको संख्या निर्धारण गरिन्छ । जुन उक्त धर्मसंग महत्व रहेका विषयवस्तुहरुको संख्याको तुलना गर्ने गरिन्छ । जस्तै - बौद्ध धर्ममा तीनवटा झ्याललाई त्रिरत्न, पाँचवटा झ्याललाई पञ्चबुद्धको प्रतीक मानिन्छ । त्यसैगरि “तीन झ्याल भए शून्यता, अनि मित्रता, अप्रणिहितता, नामक तीन समाधिको प्रतिरुप, पाँच झ्याल भए दीव्यचक्षु, प्रज्ञाचक्षु, धर्मचक्षु, ज्ञानचक्षु र समाधिचक्षुको प्रतिरुप तथा सात झ्याल भए

स्मृति, धर्म, विचय, वीर्य, प्रीति, प्रश्रब्धि र उपेक्षा यी सात बोध्याङ्गको प्रतिरुप मानिन्छ।"[१८०] यसरी सातलाई सप्तमातृका वा सात बार, नौ संख्यालाई पनि नवदुर्गा वा नवग्रह पनि मान्न सकिन्छ। तर मल्लकालको वास्तुकलामा झ्यालको संख्या विजोड नै रहने गर्दछ।

८) झ्यालले तत्कालिन समाजमा प्रतिष्ठित वर्गको रुपमा चिनाउने पनि गर्दछ । संस्कृतिविद् सत्यमोहन जोशीका अनुसार पहिले समाजमा सवै वर्गका मानिसहरुको घरमा झ्याल हुँदैनथ्यो। नगरको बाहिरी भागमा बसोबास गर्ने तल्लो जातका मानिने मानिसहरुको घरमा झ्याल बनाउने गरिंदैथ्यो । उनीहरु समाजमा पिछडिएको वर्गका थिए । त्यसैले आर्थिक अवस्था कमजोर हुनाले घरमा झ्याल राख्ने हैसियत हुन्दैनथ्यो । मानिसको घरमा रहेको झ्यालमा बनाइएको कलाकारिताबाट नै त्यस परिवारको सम्पन्नता बुझाउँदथ्यो । यस प्रकार झ्याल आर्थिक सम्पन्नता प्रतीक पनि मान्न सकिन्छ ।[१८१] यस प्रकार झ्याललाई सम्पन्नताको प्रतीक पनि मान्न सकिन्छ।

मध्यकालमा बनेका काष्ठकलाका नमूनाहरु उत्कृष्ट छन् । लिच्छविकालदेखि निरन्तर रुपमा बन्दै आएको काष्ठकलाले मल्लकालमा आएर झन् विस्तार हुने अवसर पायो । त्यस समयमा बनेका काष्ठकलामा कुनै पनि किल्ला र गुँदको प्रयोग गरिंदैनथ्यो । नेपाली शिल्पकारहरुले विशेष गरी *धुँसिं* र *चँसिं जातका काठ*को प्रयोग गर्दथ्ये।

काठमाडौं उपत्यकामा परम्परागत झ्याल बनाउन बुट्टा अनुसार काठको उपयोग गरिने गरिन्छ ।[१८२] यसै गरि बनाइने झ्यालहरुमध्ये छुस्यावहालमा रहेका झ्यालका विभिन्न भागहरुको उल्लेख परिशिष्टमा दिइएको छ ।[१८३] प्राय झ्यालमा रहने प्रचलित बुट्टाहरुबारेमा परिशिष्टमा विस्तार रुपमा उल्लेख गरिएको छ।[१८४] यस्ता परम्परागत झ्यालहरुको निर्माणका लागि विभिन्न

---

[१८०] गौतमवज्र वज्राचार्य, **हनूमान्‌ढोका राजदरबार**, (कीर्तिपुर : नेपाल र एशियालि अध्ययन संस्थान, त्रि.वि., वि.सं. २०३३), पृ. २५७।

[१८१] सत्यमोहन जोशी (संस्कृतिविद्) सँगको छलफलको आधारमा, (वर्ष ९३), २०६९।११।१२ बखुँबहाल, पाटन ।

[१८२] परिशिष्ट "ज"।

[१८३] परिशिष्ट "ख"।

[१८४] परिशिष्ट "ग"।

प्रकारका ज्यावलहरुको  प्रयोग गरिने गर्दथ्यो ।[१८५] मध्यकालीन हस्तलिखित ग्रन्थहरुमा काष्ठकला सम्बन्धि प्राविधिक प्रविधि र विस्तृत निर्देशनहरु दिइएका छन् । ती प्रत्येकको छुट्टै महत्व रहेका छन् ।[१८६] झ्यालहरु बनाउन प्रयोग गरिने ज्यावलहरुको विभिन्न भाग विशेष किसिमका हुन्छन् ।[१८७] त्यस समयमा बनाइने काष्ठ शिल्पको कार्य सम्वन्धी बुट्टाकर्मीहरुको प्रचलित शब्दहरु स्थानीय भाषामा नै हुन्थ्ये ।[१८८] झ्यालहरुको निर्माण तथा जडान कार्य गर्ने विधि भिन्न प्रकारको हुन्थ्यो ।[१८९] काष्ठ शिल्पको कार्य सम्वन्धी बुट्टाकर्मीहरुको प्रचलित शव्दहरु स्थानीय भाषामा नै हुन्थ्ये । काठमाडौं, ललितपुर, भक्तपुर र कीर्तिपुरको स्थानिय भाषामा फरक छ । त्यसकारण झ्याल सम्वन्धि बुट्टा, ज्यावल, अंग र प्राविधिक शब्दहरु फरक छ । परम्परागत नेपाली काष्ठकलाका झ्यालको संरक्षणको लागि यस व्यवसायमा लागेका व्यक्तिहरुले विशेष ध्यान दिनु जरुरी छ । विदेशी पर्यटकहरु नेपाली काष्ठकलाप्रति आकर्षित भइ यहाँका काष्ठकलाका नमूनाहरुको प्रतिकृति (replicas) किनेर लाने गर्दछन् । उनीहले खरिद गरेका काष्ठकलासँग पूर्णतः सन्तुष्ट देखिन्दैनन् । कलाकारको अदक्ष, र असक्षमता स्पष्ट झल्कन्छ ।[१९०]

सरकारको मातहतमा रहेको सीप विकार निर्देशनालयले दिने काष्ठकलाको तालिम प्रभावकारी देखिंदैन । निर्देशनालयले भक्तपुरमा वर्षको दुई पटक २५/२५ जनालाई छ हप्ते काष्ठकला तालिम दिंदै आएको छ । स्थानीय व्यवसायीसँग छलफल नै नगरी गरिएको तालिमको कोर्ष अवैधानिक भएको व्यवसायीको आरोप छ । व्यवसायीहरुका अनुसार एक

---

[१८५] परिशिष्ट “घ” ।

[१८६] Trilok Chandra Majupuria and Indra Majupuria, **Peerless Nepal,** (Jullundhar : Sh. Raj Kumar Jain, 1980-81), p. 179 .

[१८७] परिशिष्ट “ङ” ।

[१८८] परिशिष्ट “च” ।

[१८९] परिशिष्ट “छ” ।

[१९०] Saphalya Amatya,  **Art and Culture of Nepal**, Delhi : Nirala Publication, 1st ed., 1991, p. 49.

प्रशिक्षकले पन्ध्र जना प्रशिक्षार्थीलाई मात्र समय दिन सक्छ ।[१९१] काष्ठकलामा दक्ष बन्न करिव पाँच वर्ष नियमित तालिम र कामसँगसँगै गर्नुपर्छ तर तीन महिने तालिम नसकिँदै प्रशिक्षार्थीहरु काममा लाग्ने हुँदा दक्ष बन्न थप तालिम लिन नभ्याउने हुन्छ ।

काठमाडौं उपत्यकाका झ्यालबारे चन्द्र बहादुर जोशीले प्राविधिक पक्षबाट अध्ययन गरेका छन् । विदेशी विद्वान S.B. Deo र Neils Gutschow ले काठमाडौं उपत्यकामा रहेका झ्याल तथा काष्ठकलाका साथै यिनीहरुमा प्रयोग हुने बुट्टाहरुको विस्तृत अध्ययन गरेका छन् । विभिन्न प्रकारका झ्यालहरुमध्ये छुस्यावहालमा आँखीझ्याल, त्रिमुखीझ्याल, पासुकाझ्याल, गःझ्याल, फर्जीझ्याल र विमानझ्याल रहेका छन् । छुस्यावहालमा रहेका झ्यालहरुमा मूर्तिहरुका साथै मसिना बुट्टाहरु प्रयोग गरिइको छ । यस झ्यालमा *द्यःकुं* बाहेक मैत्रय, अमोघपाश लोकेश्वर, बसेको मूर्ति (नाम थाहा नभएको) महावजधातु लोकेश्वर र मञ्जुश्री छ । सबैभन्दा सुन्दर विमानझ्यालका विभिन्न भागहरुमा धेरै मूर्तिहरु छन् ,जसको टुंडालमा *मलः* र तल्लो भागमा पनि सिंहहरु रहेका छन् । विमानझ्यालको तल्लो भागको दाँयाबाँया रहेका बुद्धजीवनीको फलक रहेको छ । विमान झ्यालको दाँया तर्फ भगवान बुद्ध लुम्बिनी वनमा आउँदा ब्रह्मा, विष्णु र महादेव रहेका छन् । बाँयातर्फको मूर्ति फलक भगवान बुद्धले धर्मचक्र प्रवर्तन गर्दा त्रिदेवका साथै अन्य देवताहरु पनि उपस्थित भएको दृश्य छ । त्यसैगरि विमानझ्यालको अगाडि (eaveboard) तल्लो पातामा लामो फलकमा मूर्तिहरु कुंदिएको छ । विमानझ्यालको तीनवटै चौकोसमाथि र पासुका झ्यालमाथि *द्यःकुं* (सानो देवप्रतिमा सहितको खोपा) रहेको छ । यस झ्यालको विशेष महत्व यिनै लहरायुक्त सुन्दर कलाकारिताले बढाएको छ । यस वहालको तोरण तथा टुंडालको प्रशंसा पहिलो पंक्तिमा पर्दछ । तर यस विमान झ्यालले त झ्यालको श्रेणीमा पनि छुस्यावहालको नाम उल्लेखनीय बनाइ दिएको छ । गन्धकुटीको ढोकाको दाँयाबाँया रहेका आँखीझ्याल र तोरण भएको गःझ्यालमा पनि मूर्तिहरु छन् । यस विहारका संस्थापक श्री गुणाकर वज्राचार्यले निर्माण गराएका भएता पनि त्यसबेलाका अज्ञात कलाकारहरुको महत्वपूर्ण योगदानलाई भने कदापि बिर्सन हुन्न ।

[१९१] लक्ष्मी गारु, "जनशक्तिको अभावमा काष्ठकला व्यवसायमा चर्को मार", **गोरखापत्र,** वर्ष ११२, अंक २९४ (वि.सं. २०६९) फाल्गुण १९ गते, शनिबार, पृ. १५ ।

# अध्याय : छ

# झ्यालको प्रयोग र संरक्षण

## ६.१ जनजीवनमा झ्यालको प्रयोग

वास्तुकलामा प्रयोग गरिने झ्यालको मानव जनजीवनसँग घनिष्ट सम्बन्ध रहेको छ । काठमाडौं उपत्यकाका  बासिन्दाहरुको प्राचीन तथा लोकगीतमा पनि झ्यालको प्रयोग भएको पाइन्छ । नेवार समूहमा सांस्कृतिक महत्व तथा कर्मकाण्डमा पनि झ्यालको सम्बन्ध जोडिएको छ । यस प्रकार महत्वपूर्ण रहेको झ्यालको उल्लेख अभिलेखहरुमा पनि परेको छ । झ्यालको बुट्टाको लोकप्रियताले गर्दा दैनिक जनजीवन प्रयोग हुने कागजको नोटमा पनि झ्यालको चित्र छापिएको छ । काठमाडौं उपत्यकामा विकसित भएको झ्यालको काष्ठकलाले स्वदेशी तथा विदेशी मनमा छाप पारेको छ । यसरी झ्यालको आकार साना-ठूला विभिन्न स्वरुपमा पाइन्छ । हाल आइ स-साना झ्यालका प्रतिकृतिहरु बजारमा पाइन्छन्, जुन नेपाल भ्रमण गर्न आएका पर्यटकहरुले चिनो स्वरुप आफ्नो देशमा लैजाने गर्दछन् । यसरी झ्याल परम्परा नेपालमा मात्र नभइ विदेशमा पनि फैलने क्रम जारी छ ।

### ६.१.१ झ्यालको उल्लेख भएका अभिलेख

हस्तलिखित ग्रन्थ, धार्मिक कथा, पौराणिक कथा र नाटक आदि हस्तलिखित ग्रन्थमा पनि झ्यालको उल्लेख परेका छन् । भक्तपुर दरवारको इताचुकमा रहेको शिलापत्रमा र नरसिंह देवको पालाको ताडपत्रमा पनि झ्यालको उल्लेख परेको छ । भक्तपुरको एक शिलापत्रमा *"…..झ्याल शोभा निमितिन दयका, झ्याल चालके मदु, आङ चेकन अतन दाङा, थान, झ्याल, लुखा…."* लेखिएको छ ।[१९२] (जसको अर्थ ….झ्यालको निर्माण शोभाको लागि बनाउनु, झ्याल खोल्न नपाइने, त्यहाँ तैलिय ईंटाले गारो लगाइ, खम्बा, झ्याल, ढोका….। )

---

१९२  इन्द्र माली, "झ्याल शब्द छगू अध्ययन", **सितु** ,ने.सं.१०९०, शरद, वर्ष ७, अंक ३८, पृ.१६ ।

सुरक्षाको कारण झ्याल खोल्नमा बन्धेज लगाइएको हुन सक्छ । तर झ्याल शोभाको लागि बनाउन आदेश दिएको छ । यसरी यस अभिलेखबाट समाजलाई कलाकारितापूर्ण झ्यालको निर्माण गर्न प्रेरित गरिएको बुझिन्छ ।

## ६.१.२ झ्यालमा संस्कृतिको प्रभाव

झ्यालको सम्बन्ध हामी मानिसहरुको दैनिक जीवनको साथसाथै सामाजिक जनजीवनमा पनि उत्तिकै महत्व रहेको छ । नेवार समाजमा वृद्ध र वृद्धा अवस्थामा *ज्याःजंकु* (भीमरथारोहण) गर्ने परम्परा छ । पहिलोपल्ट ७७ वर्ष, ७ महिना, ७ दिनमा भीमरथारोहण गरिन्छ । दोस्रो पल्ट ८२ वर्षमा महारथारोहण र तस्रो पल्ट ८८ वर्षमा देवरथारोहण गरि जम्मा तीन पल्ट ज्याःजंकु गर्ने चलन रहेको छ । तस्रो पल्टमा ज्याःजंकु गर्ने क्रममा रथारोहण गरि नजिकैको मन्दिर परिक्रमा गराई *लसकुस* (स्वागत) गरि झ्यालबाट माथि लैजाने गरिन्छ ।[१९३]

सडकतिरको झ्यालमा बाहिर बुट्टा भएको माटो वा पित्तलको *दलु* (तेल बत्ती बाल्ने एक प्रकारको भाँडा) राख्ने चलन छ । कुनै पनि प्रकारको जात्रा हुने क्रममा आफ्नो घर छेउबाट देवीदेवताहरुको खट लाने हुँदा भक्ति प्रकट गर्ने माध्यम हो ।

त्यसैगरि झ्यालबाट बाहिरको दृष्य हेर्नुको अलावा पास्नी, *वरेछुइगु* (चूडाकर्म), *कयतापूजा* (व्रतबन्ध), विवाह र *ज्याःजंकु* जस्तो समारोहको बेलामा पुष्पवर्षा गरि स्वागत गर्ने परम्परा रहेको छ ।

त्यसैगरी अकस्मात् कहिलेकाँहि झ्यालमा बसिरहेका मानिस वा बालकहरु दुर्घटनावश खस्ने गर्दछन् । यदि यसरी खसेमा झ्यालबाट पहिले पानी खन्याइ, अण्डा खसाल्ने गरिन्छ । यसो गर्दा अण्डा फुट्नु राम्रो संकेत मानिन्छ । यसको अर्थ मानिसको साटो फूल सगुन दिइ दुर्घटना टाल्नु हो । अण्डामा जीव हुने हुँदा सो जीव दिइ खस्ने व्यक्तिको लागि प्राण याचना गर्ने हो ।

---

[१९३] सत्यमोहन जोशी, “सँझ्याः छगू अध्ययन”, **सँझ्याः**, (काठमाडौं : पब्लिक युथ क्याम्पस, ने.सं. ११००) वर्ष १, अंक १, पृ.३ ।

यसैगरि झ्यालको सम्बन्धमा *झ्यालचा* देखाउने पनि संस्कृतिसँग नै सम्बन्धित प्रसंग हो । पाटनको च्यासल टोलमा एउटा ठूलो सतल रहेको छ । यहाँ *येंया पुन्हि* (इन्द्रजात्रा)को समयमा कुम्हालेहरुले समय् खाने दिन *झ्यालचा* देखाउने गर्दछन् । सतलको झ्यलमा पर्दा हाली, भित्रबाट बत्ति बालेर छाँया देखाउने गर्दछ । यो सिनेमाको आविष्कार हुनु अघि समाजमा मनोरञ्जन गर्ने एउटा माध्यम थियो, जुन हाल सम्म पनि प्रचलनमा रहेको छ ।[१९४]

## ६.१.३ झ्यालको उल्लेख भएका गीत

कुनै पनि समाजमा प्रचलनमा रहेका गीतहरुको माध्यमबाट तत्कालिन समयको सामाजिक अवस्था सजिलै बुझ्न सकिन्छ । यसै गरि मध्यकालदेखि झ्याल सम्बन्धि गीतहरु प्रचलनमा थियो, जुन गीतको बोलहरु यस प्रकार छन् -

- *"चोतया झ्यालनं कोसोया बेलस"* (चोत तलाको झ्यालबाट हेरेको बेलामा )
- *"क्वथाया झ्यालनं मत बिया सोया जि नं"* (कोठाको झ्यालबाट बत्ती दिइ हेरें मैले )
- *"मामनं सल ताया झ्यालनं कोसोयाव"* (आमाको स्वर सुनि झ्यालबाट तल हेर्दा )
- *"झ्याले च्वंगु तुकंमा, वहे ल्यासे जित मा"* (झ्यालमा राखिएको *"तुकंमा"* तोरीको साग/बोट त्यही तरुनी मलाई चाहिन्छ )
- *"स्वतया झ्यालसं मत विसे स्वया जिनं"* (तेस्रो तलाको झ्यालबाट बत्ती दिँदै हेरें मैले)
- *"सँझ्या कपि फ्यना"* (सँझ्यालमा बसी चर्खामा धागो काट्दा/रुवा फुकाउँदा)
- *"झ्यालय् च्वंम्ह सुभद्रा नानीया सुज्या लाज्या याना"*[१९५](सुभद्रा नानीले फुर्सदमा सिलाइ काम गर्दै झ्यालमा बसी)
- *"सँझ्यालय् कपि फ्यना : ध्यबागोलं कयेका हल*
  *छगः मुमुं निगः मुमुं कपिपोचा जाल योमां*
  *सिखः दय्का ब्यू ! मायारे जुजु क्यनरे !"*[१९६]

---

[१९४] **उही**, पृ. ५ ।

[१९५] माली, **पूर्ववत्,** (पादटिप्पणी संख्या १), पृ. १६ ।

[१९६] जोशी, **पूर्ववत्,** (पादटिप्पणी संख्या २), पृ.४ ।

(सँझ्यालमा बसि चर्खामा धागो काट्दा/रुवा फुकाउँदा पैसा/सिक्काले हिर्काइ ल्यायो,

एउटा दुइटा जम्मा गर्दै रुईको पोका भरियो आमा

सिक्री बनाइ दिनुस् , यसरी ख्यालैख्यालमा माया बस्न गयो )

- *"हयाउथ्वँ, अजिथ्वँ, कताथ्वँ मदुसाँ,*

  *सँझ्याः दुथाय् लाका ब्यू यो माँ !"*[197]

(*हयाउथ्वँ, अजिथ्वँ, कताथ्वँ* छयाङ्गका प्रकारहरु नभएको घर भए पनि सँझ्याल भएको घरमा बिहे गरिदिनुस् आमा) त्यस समयमा सँझ्याल सम्पन्नताको प्रतीक मानिन्थ्यो । त्यसैले सँझ्याल भएको घरमा विवाह गर्नको लागि आमासँग अनुरोध गरेको देखाइएको छ ।

*"धिक्कार जनम राजमतिया करम*

*लात मखुला सँझ्याः मदु छेँय् "*

(यसको अर्थ - सँझ्याल नभएको घरमा विवाह भएको कारणले पनि राजमतिको जन्मलाई धिक्कार भनिएको हो । यसबाट समाजमा प्रतिष्ठित नभएको घरमा बिहे भएको बुझिन्छ । )

झ्यालको प्रसंगमा बौद्ध दार्शनिक कवि महाप्रज्ञाले कविता लेखेका छन् । ज्ञानमाला भजन मण्डलले यो कविता गीतको रुपमा विमोचन गरिसकेको छ । जनमानसमा यो गीत लोकप्रिय रहेको छ ।[198] जुन यस प्रकार रहेको छ - *"झ्यालनं फय वया मत जक सित*

*यो मां , झ्याः तीगु गय् "।*[199]

यस गीतमा झ्याललाई प्रतीकात्मक रुपमा लिइको छ । मानव शरिरको पाँच इन्द्रीयलाई वशमा राख्ने उपायलाई जोड दिइ ज्ञानरुपी दियो बाल्ने कोसिश गरिएको छ ।

यसरी प्राचीन तथा लोक गीतमा झ्यालको भाका पाइन्छन् । यही परम्परालाई निरन्तरता दिने क्रममा कविता तथा गीतहरुको निर्माण जारी छ । जनकवि दुर्गालाल श्रेष्ठले

---

[197] **उही** ।

[198] **उही,** पृ. ७ ।

[199] परिशिष्ट "ठ" ।

सँझ्यालबाट प्रभावित भइ *"जिगु सँझ्याः"* शीर्षकको कविता लेखेका छन् ।[२००] नेवारी परम्परा झल्कने आधुनिक गीतमा पनि झ्यालको प्रसंग पाइन्छ - *"सँझ्याः व तिकिझ्यालं बाँलागु येँदेयात अझ यक्व बाँलाके नु...... ।"*

## ६.१.४ झ्यालको आकृति अंकित नोट

नेपालमा विनिमयको लागि चलेको नोटमा पनि झ्यालको बुट्टाहरु रहेका छन् । काठमाडौं उपत्यकामा रहेका झ्यालको बुट्टाको आकर्षणले गर्दा कागजको नोटमा झ्यालमा रहने बुट्टाहरुको प्रयोग गरिएको छ । नोटको वरिपरिको भागमा पनि झ्यालको फ्रेममा रहने बुट्टाहरु बनाइएका छन् । विशेष गरि नोटको बाँया भागमा बुट्टेदार झ्यालको आकृति बनाइएको छ । सबै जसो नोटमा रहेको झ्यालको पछाडि पनि झ्यालको विभिन्न आकारहरु पाइन्छन् । नोटहरुमा रहेका झ्यालका चौकोसका बुट्टाहरु कुनै परम्परागत र कुनै झ्यालमा युरोपियन शैलीको प्रभाव जस्तो देखिन्छ ।

# ६.२ काष्ठकलामा सामाजिक जीवनको प्रभाव

कुनै पनि प्रकारको कलाकारितामा तत्कालिन समयको घटना वा सामाजिक जीवनको छाप परेको हुन्छ । जस्तै- भेषभुषा, सामाजिक रहनसहन, विदेशी प्रभाव, वातावरण र साँस्कृतिक प्रभाव आदि । छुस्याबहालको समग्र काष्ठकलालाई हेर्ने हो भने त्यस समयमा बौद्ध धर्ममा परेको प्रभाव झल्कन्छ । जस्तै- पञ्चध्यानी बुद्धलाई मुकुट पहिरेको, धेरैवटा हातहरुमा उभिएको देखाइनु तन्त्रयानको प्रभाव हो । हाम्रो समाजभन्दा बाहिरका नक्षत्रहरु, पञ्चरक्षा, पूजादेवी र ग्रहमातृकाहरु आदिलाई मानव रुपमा उतारिनु पनि हो । यसरी धर्ममा आस्था राखेर विभिन्न वस्तुहरुलाई पूजा गर्ने परम्परालाई देखाएको छ ।

झ्यालहरुमा रहेको काष्ठकलालाई मात्र हेर्दा धार्मिक भावनाले ओतप्रोत भावनाले ओतप्रोत भएको देखिन्छ । प्रत्येक झ्यालहरुमा *घ्वःकुं* बनाइएको छ । साधारण मानिस भन्दा शक्तिशाली देखाउन प्रभावली र धेरै हातहरुमा थुप्रै आयुधहरु छन् । नारी र पुरुषको आकृति

---

[२००] परिशिष्ट "ङ" ।

अनुसार भेषभुषामा भिन्नता देखाइएको छ । विद्याधरलाई पनि साडीमा देखाइएको छ । पहिलेका आइमाईहरुले लगाउने शैलीमा साडीको मुजा परेको र बस्दा पनि आशनबाट तल झरेको देखाइएको छ । बुद्ध र भिक्षुलाई चिवरमा र अरु देवताहरुलाई राजश्री भेषमा आयुध र प्रभावली सहित देखाइएको छ । वज्रयानमा तन्त्रयानको प्रवेश स्वरुप धेरै शिरहरु, धेरै हातहरु र त्यसै अनुसारको आयुधहरुका साथै मुद्रामा पनि देखाइएको छ ।

विहारमा रहेका काष्ठकलामा विभिन्न देवता तथा विद्याधरहरुका मूर्तिहरु छन् । यी मध्ये एउटा टुंडालमा परिखदेओ लेखिएको छ । मुकुट पहिरेको आकृतिले दाँया हातले सुराहि जस्तो आकारको भाँडा समातेको छ । बाँया हातले दुईवटा कचौंरा र केहि बस्तु भएको थालीमाथि उठाइ रहेको देखाइएको छ । विहारमा रहेको अभिलेखमा गुणज्योतिका नाति परिखदेवको उल्लेख परेको छ । आफूलाई श्रद्धालु देखाउनको लागि बनाउन लगाएको हुनुपर्दछ ।

त्यसै गरि अर्को अभिलेख नभएको आकृति छ ,जसको दाँया हातले प्वाँख र बाँया हातले मसिको भाँडा समातेको छ । यस विहारका संस्थापक श्री गुणज्योति वज्राचार्यका नाति परिखदेवले प्रज्ञापारमिता ग्रन्थ लेख्न लगाएका थिए । सायद तिनै चार लेखकहरुमध्ये कुनै एकको मूर्ति बनाइएको हुनुपर्दछ । यसरी यस विहार हजुरबुबाको पालामा बनाइएको भए पनि निरन्तर रुपमा निर्माणका कार्यहरु भइ रहेको थियो भन्ने कुरा बुझिन्छ ।

## ६.३ झ्यालको विनाश तथा संरक्षण

काठ जैविक पदार्थको श्रेणीमा पर्दछ । मानिसको विकासको प्रारम्भदेखि नै दैनिक जीवनमा प्रयोग गरिने वस्तुहरु, कला तथा सजावतका सामाग्रीहरुको निर्माणमा काठको प्रयोग गरिन्छ । घरको दैनिक उपभोग्य आवश्यक सामाग्रीहरु, इन्धनको रुपमा, भाँडाकुँडा, यातायातको साधन, खेतीको औजार तथा उपकरणहरु, मूर्तिहरु, हातहतियार, विभिन्न किसिमका वाद्यवादन यन्त्रहरु आदि तथा वास्तुकला बनाउन चाहिने आवश्यकतामा साथै झ्याल तथा ढोकामा पनि प्रयोग गरिन्छ । यसरी काठको बहुआयामिक ढंगबाट प्रयोग हुंदै आएको छ । फरकफरक आवश्यकता अनुसार फरक जातका काठको प्रयोग गरिन्छ । नेपालको परिप्रेक्षमा हालसम्म रहको काष्ठ नमूना १२औं शताव्दीको काष्ठमण्डप हो । प्राचीन कालदेखि नै प्रयोगमा आइसकेको काठ लिच्छविकालमा आएर व्यापक रुपमा विकास भएको कुरा विभिन्न स्रोतबाट प्रमाणित हुन्छ ।

साथै इतिहासको स्रोतबाट यसै समयदेखि नै संरक्षण तथा सम्वर्द्धनको भावले प्रेरित भैसकेको बुझिन्छ ।[२०१] हेर्दा बलियो र भरपर्दो लामो समयसम्म टिकाउ देखिएता पनि काठ विभिन्न मानविय तथा प्राकृतिक कारणबाट बिग्रने गर्दछ । [२०२] यसको विनाशको सम्भावना रहन्छ , जसको लागि संरक्षण गर्नु जरुरी छ । हाम्रा पूर्वजहरुको धरोहरलाई भावी पुस्ताको लागि हस्तान्तरण गर्न त्यसको संरक्षण गर्नु आवश्यक पर्दछ ।

नेपालमा पुरातत्वको जन्म लुम्बिनी पत्ता लागेपछि मात्र भएको हो । संरक्षण र सम्वर्द्धनको प्रकृया अहिले जस्तो नभए पनि प्राचीन कालदेखि राणाकालसम्म जिर्णोद्धार प्रकृया हुंदै आएको छ । तल्कालिन समयमा/नेवार समाजमा जिर्णोद्वार शब्दको सट्टा बोसाधन (बार्षिक उत्सव) प्रयोग हुँदै आएको छ । बुसाधँ (बोसाधन शव्दको नै विकसित रुप) भनेको कुनै पनि स्मारकको स्थापनाको निश्चित दिनलाई लिएर दाताले गुठी राखेको हुन्छ । गुठीका सदस्यहरुले आफ्ना पूर्वजहरुले राखेर गएको कृतिहरु मर्मत गर्ने, सफा गर्ने, घाँस उखल्ने आदि कार्य गरिन्छ । बुसाधँको निरन्तरताको कारण संरक्षण र सम्वर्द्धनको कार्य भइ रहेको छ । यस्ता कार्यहरु सिथि नखः अघि नै गरी सक्नुपर्छ ।

काठको संरचनाबारे जानकारी भएमा विनाश हुनुको पूर्वाभास हुन्छ । काठको स्वभाव यस प्रकार छ[२०३] -

- रेशादार र कोशिकीय संरचनाको हुन्छ ।
- धेरै मात्रामा पानी हुन्छ , जुन घामले विस्तारै सुक्छ ।
- सुकेको रुख परिपक्व मानिन्छ ।

---

[२०१] राज्यश्री श्रेष्ठ, **काठमाडौं उपत्यकाको मध्यकालीन काष्ठकला (१३ औं देखि १७औं शताब्दी)**, विद्यावारिधीको लागि प्रस्तुत शोधपत्र, (कीर्तिपुर : मावविकी तथा समाजिकशास्त्र संकाय अर्न्तगत डीन कार्यालयमा प्रस्तुत, अप्रकाशित, २०६३), पृ. २१८ ।

[२०२] ओ.पी. अग्रवाल, राजेन्द्र प्रसाद तिवारी (अनु.), **पुस्तकालय सामग्री और कला-वस्तुओं का परिरक्षण,** (इंडिया : नेशनल बुक ट्रस्ट), इ.सं. १९९९, पृ. ६२ ।

[२०३] अग्रवाल, **पूर्ववत्** , (पादटिप्पणी संख्या ११), पृ. ६३ ।

- वायुमण्डलको चिसो सोस्दा आकारवृद्धि हुन्छ । तर वाष्पिकरण हुँदा खुम्चने प्रकृति हुनाले आर्द्रताको कारण सुक्ने वा भिजेर फुल्ने हुन्छ ।
- सुख्खा ठाँउमा राख्दा भित्री भागभन्दा बाहिरी भाग चाँडै सुक्खा हुन्छ । यसो भएमा बाहिरी भागमा चिरापर्ने गर्दछ ।

## ६.२.१ विनाश हुनुका कारणहरु

काठ जुनसुकै स्थानमा पनि सजिलै प्राप्त हुने वस्तु हो । काठ चाँडै किरा तथा सूक्ष्म जीवको शिकार हुने, जलवायु परिवर्तनले अत्याधिक प्रभाव हुने र ज्वलनशील (चाडै आगोले नष्ट हुने) वस्तु हो । काष्ठकलाको संरक्षण गर्नु पूर्व विनाशका कारणहरु थाहा पाउनु जरुरी हुन्छ । O.P. Agrawal, Shashi Dhawan र K.L. Gargका अनुसार काष्ठकलामा क्षति पुऱ्याउने दुई प्रमुख तत्वहरु यस प्रकार छन् -

1. Abiotic Factors    2. Biotic Factors .[२०४]

---

[२०४] **1. Abiotic Factors**

a. Phisical decay : Resulting into harping , eracking and spliting

b. Thermal degradation

c. Light : Ultra voilet light a portion of hight is responsible for photochemical action on painted wooden object .

d. A lims spheric pollutants : dust, dirt pollution gasses.

**2. Biotic Factors**

The wooden objects more than 70% of cellulose material which is a good material suited for biological agencies. The activities of the biological agencies are accelarated under not humid conditions of wooden objects . Wooden objects in the collection of museums, art galleries and the exposed monuments needs preservation and consolidation treatment to enserve longivity of these objects of art and architecture, a sizable part of our national heritage .

A. O.P. Agrawal, (et.al.), **Microbiol Deteriotion of Wood**, (Lucknow : Intach Conservation Institute, 1990), pp. 1-2 .

### क. अजैविक कारण (Abiotic Factors)

१. काठबाट बनेका कुनै पनि प्रकारका सामाग्रीहरु कुहेर बाहिरी रुपमा नष्ट हुने गर्दछ ।

२. तापक्रममा हुने थपघटका कारण पनि काठबाट बनेका सामानहरुमा असर पर्न गइ बिग्रने सम्भावना रहन्छ ।

३. प्रकाशले गर्दा काष्ठ सामाग्रीहरु बिस्तारै मक्किने वा रंगाइएका वस्तुहरुमा घाम वा प्रकाश निरन्तर रुपमा पर्नाले खराव हुन्छ ।

४. हाम्रो वरिपरि वतावरणमा रहेका मसिना आँखाले नदेखिने धुलोका कण र विभिन्न किसिमका ग्याँसहरुले पनि नकरात्मक असर पुऱ्याउने गर्दछ ।

### ख. जैविक कारण (Biotic Factors)

प्राचीन महत्वका काष्ठ सामाग्रीहरुमध्ये ७० % भन्दा बढी सामाग्रीहरु नाश हुनुमा जैविक कारणको प्रमुख भूमिका छ । जैविक क्रियाकलापको कारण काठका सामाग्रीहरुमा असर पार्दछ । संग्रहालय तथा प्रदर्शनीमा राखिएका कला तथा वास्तुकलासँग सम्वन्धित ऐतिहासिक महत्वका काष्ठ सामाग्रीहरुलाई लामो समयसम्म जोगाउन आवश्यक उपचार गर्नु जरुरी छ ।

यसरी यी दुई प्रमुख कारणबाट काष्ठकला विनास हुन्छ भन्ने मान्यता रहेको छ । नेपाली काष्ठकलाको विनाशको लागि अरु दुई महत्वपूर्ण कारणहरु पनि छन् ।

1. Bacterial deteriotion

2. Fungal deteriotion

Fungal deteriotion लाई पनि चार भागमा विभाजन गरिएको छ ।

a. Primary moulds

b. Stain fungi

c. Deteriotion due to the soft rot

d. Deteriotion due to the brown rot .[२०५]

प्राचीन स्मारक तथा ऐतिहासिक स्थलहरुमा रेखदेखको खाँचो पर्दछ । काष्ठकलाका स्मारकहरु प्राकृतिक र मानविय कारणले विनाश हुने गर्दछ ।

---

[२०५] **उही** , पृ. १ -२ ।

**क) प्राकृतिक कारण**

काष्ठकलाका सामाग्रीहरु नाश हुनुका प्राकृतिक कारणहरु यस प्रकार छन् -

- संरक्षणको अभावको कारण घामपानीबाट ठाँउ ठाँउमा चर्कने वा मक्किने सम्भावना हुन सक्दछ ।
- हावाले उडाएर ल्याएका घाँसका बिउहरु धुलो जम्मा भइ घाँस उम्रने सम्भावना हुन्छ ।
- ओसिलो ठाँउमा ढुसी लाग्ने, प्रायः गरि वनस्पति पर्दछ । पानी चुहिएर वा बर्षाकालमा लगातार पानी पर्नाले काठहरु ओसिएर मक्किन्छ ।
- प्राकृतिक प्रकोप भुकम्प
- किरा फट्याङ्ग्रा (धमिरा)

**ख) मानवीय लापर्वाही**

काष्ठकलाका सामाग्रीहरु क्षति हुनुका मानवीय कारणहरु यस प्रकार छन् ।

- धेरै समयसम्म मानिसको बसोबास नभएका स्मारकहरु जीर्ण हुन्छ ।
  आगलागी (जानाजान वा अन्जानमा)
- जानाजान वा अज्ञानतावश तोडफोड गरिन्छ । असुरक्षित वातावरण र वेवास्ताको कारण पनि अन्जानमा क्षति हुन गएको देखिन्छ ।
- चोर्ने प्रयासले (जानाजान)
- परम्परागत रुपमा देवी देवताको पूजा गर्ने विधि (पानी खन्याउने, सिन्दुर र नैवद्य चढाउने) पनि विनाशको कारण हो । मिठाई खान कमिला, साङ्ला र मुसा लाग्ने गर्दछ ।

## ६.२.२ संरक्षणका उपायहरु

विनासका कारणहरु थाहा पाएपछि त्यसबाट जोगाउन सकिन्छ । जीर्ण काष्ठकलाहरु र अन्य काठबाट बनेका सामग्रीहरु जीर्ण हुनबाट जोगाउन निम्नलिखित उपायहरु गर्न सकिन्छ । काष्ठकलाको संरक्षण र सम्वर्द्धन गर्ने आधुनिक प्रविधिमा रसायनिक उपचार हो । यस विधिमा रसायनिक पदार्थहरुको सहयोगले विनाश हुनबाट रोक्ने गर्दछ ।

**क) रसायनिक उपचार (Chemical Treatment) :** जीर्ण अवस्थामा रहेका काष्ठकलाहरु विभिन्न कारणहरुले गर्दा जीर्ण भएराखेका छन् । जीर्ण हुनको लागि किटाणुहरुले महत्वपूर्ण भूमिका पनि खेलिराखेका छन् । यस्ता किटाणुहरुलाई विभिन्न रसायनहरु प्रयोग गरि हटाउन सकिन्छ । यसले थप जीर्ण हुनबाट जोगाउन सक्छ । विभिन्न किसिमिका काठका किटाणुहरु नाश गर्न निम्नलिखित रसायन प्रयोग गर्न सकिन्छ ।

a. Creasote
b. Penta Chhorophenal
c. Tributyltin oxide
d. Copper naphthenate
e. Copper-8 qurolinslate
f. Water borne fungicides
g. Borax and boric acid
h. Copper Chromale
i. Copper Chomium arsenale
j. Ammoniacal copper arsenite
k. Copper-Chromium-fluoride and copper-chromium boron
l. Fluoride- Chomium-argenate-dinitrophenois .[२०६]

संरक्षणको प्रकृयामा काष्ठकलाको वस्तुहरुको अवस्था अवलोकन गरेर, सो वस्तुको अवस्था हेरेर त्यसमा कुन विधि अपनाउने हो भनि पहिले अध्ययन गरिन्छ ।

१. यदि कुनै काठहरु सयौं वर्षदेखि पानीले भिजेको छ भने, पुराना मन्दिर वा घरहरुमा प्रयोग गरिएका काठको झ्याल, ढोकालाई संरक्षण गर्न विभिन्न प्रकृयाहरु अपनाउनु पर्दछ । विशेष गरि काठ नरम वस्तु भएकोले कडा ब्रसको प्रयोग गर्न हुन्न ।

२. यदि पुरै भिजिएको काठका वस्तु छ भने त्यसलाई पानीबाट झिकेर तुरुन्तै घाममा सुकाउनु हुन्न । यसो गरेमा सो वस्तु घामले नष्ट (मक्किने) हुन्छ । यस्ता काठका वस्तुहरुलाई वाष्पिकरण विधि (Evaporation method)ले भिजेको काठलाई धुलोबाट सोसेर सुकाउने

[२०६] श्रेष्ठ, **पूर्ववत्** , (पादटिप्पणी संख्या १०), पृ. २१९-२० ।

व्यवस्था गरिन्छ । यो कति समयसम्म राख्ने हो भनि अनुभवी व्यक्तिले (experienced feild Archaeologist) ले निर्धारण गर्दछ । सो सामाग्रीलाई छाँयामा राखिन्छ । पहिले ग्लिसिरिनको प्रयोग गरिन्छ । वाष्पिकरण विधि अपनाउनु अघि छाँयामा राख्नको लागि केहि काठका वस्तुहरुलाई भिजाउने गरिन्छ । पानीमा रहेका तत्वहरु र ग्लिसिरिनको प्रयोगले वाष्पिकरण हुन्दैन ।

३. पुरातात्विक महत्व रहेका घर वा मन्दिरका झ्याल, ढोकाहरुको संरक्षण र संवर्द्धन गर्न पनि पुरातत्वको मुख्य काम हो । यदि मन्दिरको जिर्णोद्वार गर्नु अघि काठका वस्तुहरु Wykamolplus एक भाग र मट्टितेल दश भागको मिश्रणमा आधा घण्टा सम्म डुवाइन्छ । यो प्रकृयाले पुराना काठहरुलाई पुनः किराहरुबाट जोगाइन्छ । यदि गारोमा नै रहेका झ्याल वा ढोकाहरु छन् भने कपासको सहायताले मट्टितेलले सफा गरिन्छ ।

४. Carbon disulphide or Hydrocyanic acid को प्रयोगबाट काठमा भएका विभिन्न किसिमका किराहरुलाई पूर्णतया नाश गरिन्छ । साथै Fuming chamberभित्र विभिन्न काठहरु राखिन्छ । यसरी सारा किराहरु मारिन्छ । Fuming chamberमा निरन्तर Hydrocyanic acid छर्किन्छ । यसरी तीन/चार घण्टासम्म त्यहाँ राखिन्छ । लामो समयसम्म टिकाउको लागि किटनाशक औषधि र जडिबुटिहरु छर्कने गरिन्छ । संरक्षणको कार्य पछि पातलो वार्नेस लगाइन्छ ।[२०७]

राज्यश्री श्रेष्ठका अनुसार माथि उल्लेखित बुँदाहरु बाहेक पनि प्राचीन काष्ठ सामाग्रीहरुको संरक्षण गर्न निम्न बुँदाहरुमा पनि ध्यान दिनु जरुरी छ ।

**ख) चिसोपन नियन्त्रण (Moisture Control) :** काष्ठकलामा भएको पानीको मात्रा र वरिपरिको वातावरणमा देखिएको पानीको मात्रामा पनि नियन्त्रण गर्नु अति आवश्यक छ । त्यसको लागि तत्वको नियन्त्रण पनि अति आवश्यक देखिन्छ ।

[२०७] Sibul Kriste, **Materials Used in Conservation of Painted Wooden Objects in Estonia,** Conservation Centre Kanut, Pikk 2, Tallinn, 10123, Estonia, pp. 1-6. Available: (www.arcchip.cz)w10_sibul, (accessed on - 2013, January 11)

विशेष गरि संग्रहालयमा भएका काष्ठकलाका नमुनाहरुमा यसको ध्यान दिनु जरुरी छ ।

**ग) प्रकाश (Light) :** विशेष गरि संग्रहालयमा भएका काष्ठकलाका नमुनाहरुमा प्रकाशको नियन्त्रण गरि पनि काष्ठकला संरक्षण गर्न सकिन्छ ।

**घ) उचित प्रयोग (Proper handling) :** काष्ठकलाका नमूनाहरु ओसार-पसारको क्रममा पनि विशेष ध्यान पुऱ्याउन पर्छ ।

**ङ) तापक्रम (Temperature) :** तापक्रमको पनि नियन्त्रण अति आवश्यक देखिन्छ ।[२०८] यी चार तत्वहरु पनि काठका सामाग्रीहरु विग्रनुका प्रमुख कारणहरु हुन् । यी बुँदाहरुमा ध्यान दिएको खण्डमा काष्ठ सामाग्रीको संरक्षणमा मद्दत पुग्दछ । यस बाहेक संग्रहालयमा रहेका काठका वस्तुहरुलाई संरक्षण गर्ने तरिका यस प्रकार छन् -

काठको समाग्रीहरुलाई संग्रहालयमा संरक्षण गर्दा अनुकुल तापक्रम मिलाइ राख्नुपर्दछ । काठका सामग्रीलाई आर्द्रता सीमा ४५ देखि ६५% बिच राख्नुपर्दछ । समान तापक्रममा राख्न पंखाको प्रयोग गरिन्छ । अन्यथा कक्षको भित्ता र भुईंबाट चिसोपन आउने सम्भावना रहन्छ ।[२०९] काठका सामानहरु पोलिथिनमा बेरेर काठको दराजमा राखिनु पर्छ । अन्यथा स्टिल दराजमा जलवायुको भिन्नता सहने क्षमता हुन्दैन र बिग्रने सम्भावना हुन्छ । किराबाट जोगाउन दराजमा राख्दा गमेक्सीन जस्तो कीटनाशक छर्कनु जरुरी छ ।[२१०] साना साना काठका समाग्रीहरु र झ्यालढोकामा गरिने संरक्षण पद्धतिमा भिन्नता रहन्छ ।

---

२०८ श्रेष्ठ, **पूर्ववत्** , (पादटिप्पणी संख्या १०), पृ.२२० ।

२०९ अग्रवाल, **पूर्ववत्** , (पादटिप्पणी संख्या ११), पृ. ६३ । उही

२१० **उही,** पृ. ६५ ।

## ६.२.३ झ्याल तथा ढोकामा जिर्णोद्वार गर्दा ध्यान दिनुपर्ने कुराहरु

ढोका तथा झ्यालका काठहरु तेर्छिएको (out of alignment), चर्किएको, बाङ्गिएको र मक्किएको अवस्थाको अध्ययन गरी निम्न बमोजिम जिर्णोद्वार गर्नुपर्दछ ।

क) "Alignment बिग्रिएको कारणले झ्याल तथा ढोकाका चौकोस र खापा बाङ्गिएका छन् भने सकेसम्म पुरानै सामाग्रीहरुलाई सोझ्याइ प्रयोग गर्नुपर्दछ । पुरानो सामाग्री प्रयोग गर्न नसकिने अवस्थामा मात्र पुरानै शैली र स्वरुपमा सोही प्रकृति र गुणस्तरका सामग्री प्रयोग गरी जिर्णोद्वार गर्ने ।"[२११]

ख) "चर्किएका भागहरुमध्ये भित्री भागमा भएको काठको धूलोमा फेविकोल मिसाइ बाहिरी भागमा Ardilite (pyroltetic adhesive) मिसाइ बनाएको मिश्रणले भर्नुपर्दछ । सो विधिबाट सम्भव नभएमा मात्र चर्किएको भाग खोली सोहि प्रकृति र गुणका नयाँ काठ प्रयोग गरि जिर्णोद्वार गर्नुपदर्छ । यस प्रकार जिर्णोद्वार कार्य गर्दा प्रयोग भएका काठको संरचनाको अभिलेख, नक्साङ्कन (drawing) तयार गरी कलाकृति कुँदिएका काठहरु खोल्नु पर्दछ । प्रत्येक भागमा संख्याङ्कन (numbering) गरी होसियारी साथ गर्नुपर्छ ।"[२१२]

## ६.२.३.१ पुनः प्रयोगमा ध्यान दिनुपर्ने कुराहरु

काठको पुनः प्रयोग गर्दा विशेष ध्यान दिनुपर्ने हुन्छ । काठको पुनः प्रयोग गर्दा ध्यान दिनुपर्ने बुँदाहरु निम्नानुसार छन् ।

- बलियोपन : भारवहन क्षमताको परीक्षण गर्ने
- कडापन : खोक्रो, चर्केको निरीक्षण गर्ने
- ओसको मात्रा : काठको प्रकार अनुसार ओसको मात्रा जाँच गरिनु पर्ने
- जैविक आक्रमण : काठमा हुने जैविक आक्रमण जस्तै- ढुसी, काई आदिको जाँच गर्नु

[२११] विष्णुराज कार्की र सरस्वती सिंह, **संरक्षण पद्धति** (काशी प्रिन्टिङ्ग प्रेस : मीरा कार्की, वि.सं. २०६८), पृ. ३६ ।

[२१२] **उही,** पृ. ३६ ।

पर्ने

- किरा आक्रमण : मौसमी जलवायुमा उत्पन्न हुने स्थानीय किरा एवं धमिरा, गोब्रेकिरा आदिको प्रभावका बारेमा अध्ययन गर्नु पर्दछ ।[२१३] काठको पुनः प्रयोग गर्दा यी बुँदाहरुमा सावधानी अपनाउनु पर्दछ ।

## ६.२.३.२ नयाँ प्रयोगका लागि आवश्यक परीक्षण विधि

काष्ठकलाको संरक्षणमा आवश्यकता अनुसार नयाँ काठको प्रयोग गर्नुपर्ने हुन्छ । नयाँ काठमो प्रयोगका गर्दा परीक्षण गरिने बुँदाहरु निम्नानुसार छन् ।

१. सही ढंगबाट चिरानी भएको हुनु पर्ने ।

२. नचर्किएको हुनु पर्ने ।

३. पलाँस नभएको हुनु पर्ने ।

४. छिप्पिएको हुनु पर्ने ।

५. सलक्क परेको र कडापन हुनु पर्ने ।

६. खँदिलो दानादार हुनु पर्ने ।

७. तोकिए बमोजिम ओसको मात्रा हुनु पर्ने ।

८. लचकदार शक्ति न्यून हुनु पर्ने ।

९. कम सुक्ने क्षमता भएको हुनु पर्ने ।

१०. आँखा नभएको हुनु पर्ने ।[२१४] काठको पुनः प्रयोग गर्दा पुरानै काठको प्रयोग गर्न नमिल्ने अवस्थामा नयाँकाठको प्रयोग गर्ने गरिन्छ । नयाँ काठ प्रयोग गर्दा परीक्षण गर्नु जरुरी हुन्छ ।

हाल पाटन दरवारमा भइरहेको जीर्णोद्वार प्रकृयामा काठका झ्यालहरु मट्टितेलमा मात्र धोइएको छ । वार्नेसको लगाउँदा धुलो टाँसिने हुनाले वार्नेस लगाइएको छैन । सबै प्रकारका काष्ठ सामाग्री (Wooden objects) र झ्यालमा विनाशमा केहि फरक छ । झ्याल गाह्रोमा रहने गर्दछ । त्यसैले जमिनको ओसले असर गर्दैन । पुराना भवनहरुमा झिंगटी वा छाना

---

[२१३] **उही**, पृ. १३ ।

[२१४] **उही**, पृ. १३ - १४ ।

गारोभन्दा बाहिरसम्म बनाइने हुँदा बर्षाको पानीले झ्यालमा भिज्दैन । यदि झिंगटी वा छानाको मर्मत नभएको खण्डमा मात्र पानी चुहिएर बिग्रने सम्भावना हुन्छ । झ्याल घरको बाहिरी गारोमा रहने हुँदा निरन्तर रुपमा घामले असर गरि रहन्छ । यसरी गर्दा काठ मक्किएर चर्कने गर्दछ ।

सर्वसाधारणको घर विभिन्न कारणवश भत्कने गर्दछ । यस्ता घरहरु पुन निर्माण गर्दा पुराना झ्यालढोकाको प्रयोग गरिँदैन । धुलो नहुने र छिट्टो निर्माण हुने आधुनिक घरको निर्माण गरिन्छ । भत्किएका प्राचीन भवनहरु पुरातत्व विभागको सक्रियातामा निर्माण गरेको खण्डमा सकेसम्म पहिले कै काष्ठकलाको प्रयोग गरिन्छ । अन्यथा पुराना काष्ठकलाको प्रतिरुप निर्माण गर्ने चलन छ । स्थानीय क्ल्व तथा बासिन्दाहरुको सक्रियतामा निर्माण गरेको खण्डमा सबै सादा (काष्ठकलाको खर्च महँगो हुने) बनाउने गर्दछ ।

पुरातत्व विभागको सक्रियातामा निर्माण गरिएका काष्ठकलामा जिर्ण भएका स्थानमा नयाँ बनाइएका सामाग्री राखे पनि पुरानो नयाँ छुट्टिने गरि बनाइन्छ । संरक्षण तथा सम्वर्द्धनको नियमअनुसार नयाँ र पुरानो छुट्टिने हुनुपर्दछ । यदि पुरानो जस्तै हुबहु बनाएको खण्डमा अनुसन्धातालाई संरक्षित वा पुनःनिर्माणबारे ज्ञान हुन्दैन । यसले गर्दा गलत जानकारी (Fake information) पुग्ने गर्दछ । यसरी निर्माण गरिएका झ्यालहरुको नमूना हनुमानढोका दरवार क्षेत्र, पाटन दरवार क्षेत्र र भक्तपुर दरवार क्षेत्रमा हेर्न सक्छौं ।

मानिसहरुको दैनिक र सामाजिक जीवनमा पनि झ्यालको महत्व रहेको छ । नेवार समाजमा वृद्ध र वृद्धा अवस्थामा तेस्रो पल्ट *ज्याःजंकु* (भीमरथारोहण) गर्दा झ्यालबाट माथि लैजाने गरिन्छ । सडकतिरको झ्यालबाट बाहिर माटो वा पित्तलको *दलु* (तेल बत्ती बाल्ने एक प्रकारको भाँडा)मा बत्ती बाल्ने चलन छ । झ्यालबाट बाहिरको दृश्य हेर्नुको अलावा पास्नी, *बरेछुइगु* (चूडाकर्म), *कयतापूजा* (व्रतबन्ध), विवाह र *ज्याःजंकु* जस्तो समारोहको बेलामा *स्वाँ वा गाकेगु* (पुष्पवर्षा गरि स्वागत गर्ने) परम्परा रहेको छ । दुर्घटनावश झ्यालबाट खसेमा अण्डा खसालेर अण्डामा रहेको जीव खस्ने व्यक्तिको लागि प्राण साट्ने प्रकृया गरिन्छ । पाटनको च्यासल टोलमा येंया पुन्हि (इन्द्रजात्रा)को समयमा *झ्यालचा* (झ्यालमा देखाइने एक प्रकारको छाँया नाटक) देखाउने गरिन्छ । सिनेमाको आविष्कार हुनुअघि झ्यालको माध्यमबाट मनोरञ्जन पनि गरिन्थ्यो । *झ्यालचा* अझै पनि देखाइने गरिन्छ । त्यसै गरि झ्यालमा हुने गतिविधिबारे

गीत गाएर पनि मनोरञ्जन गरिन्छ। मध्यकालमा झ्याल सम्बन्धि गीतहरु प्रचलनमा थियो, जुन गीतको बोलहरु र यसले बुझाउने भावहरु रोचक छन्। गीतहरुको माध्यमबाट पनि तत्कालिन समयको सामाजिक अवस्था सजिलै बुझ्न सकिन्छ। झ्यालको बुट्टाको आकर्षणले गर्दा कागजको नोटमा झ्यालमा रहने बुट्टाहरुको प्रयोग गरिएको छ । काष्ठ झ्यालको विनाशको कारण पत्ता लगाई यसको संरक्षण गर्न सर्वसाधारण र सम्वन्धित निकायको ध्यानाकर्षण गर्नु आवश्यक छ । यसको लागी पुरातत्व विभाग र नगरपालिका जस्ता संस्थाहरुले समन्वय कायम गरि नीति नियम तर्जुमा गर्नु जरुरी छ । झ्याल तथा ढोकाको जिर्णोद्वार गर्दा पुराना सामाग्रीको पुनः प्रयोगमा ल्याउनु पर्दछ । ज्यादै विग्रिएको खण्डमा मात्र नयाँ प्रयोग काठको प्रयोग गर्नु पर्ने देखिन्छ । वनजंगल फडानी र वृक्षारोपणको कमीले गर्दा काठ, दाउरा प्राप्त गर्न कठिन छ । साथै काठको मूल्य पनि आकासिएको छ । यसरी काठ उपलव्ध नहुनु समस्या रहेको छ । विभिन्न कारणले गर्दा काष्ठकला प्रति ध्यान नदिनाले यसमा दक्ष जनशक्तिको अभाव रहेको छ । त्यतिबेला निर्माण गर्दा प्रयोग गरिने काठ हाल नपाइने र अत्यन्त महँगो हुने भएकोले पुनः निर्माण कार्यमा ढिलाइ हुने गर्दछ ।

# अध्याय : सात

# उपसंहार

## ७.१ सारांश

प्रस्तुत शोध "छुस्यावहाल (गुणाकर महाविहार)का कलात्मक झ्यालहरु" शीर्षकमा गरिएको हो । काठमाडौंको अठार प्रमुख विहारहरुमध्ये हेनाकर महाविहार अर्न्तगत छुस्यावहाल कचावहाः हो । संस्कृत नाम "गुणाकार महाविहार" हो भने स्थानीय बोलिमा *छुस्यावहाल* भनिन्छ । छुस्यावहाल, उपत्यकामा रहेका विहारहरुमध्ये मौलिक स्वरुपमा संरक्षित उत्कृष्ट विहार हो । यस विहारमा रहेका मल्लकालीन काष्ठकलाबारे स्वदेशी तथा विदेशी विद्वानहरुले मुक्तकण्ठले प्रशंसा गरेका छन् । यहाँ रहेका कलात्मक झ्यालहरुको अध्ययनको महसुस गरि यस शोधलाई प्रस्तुत गरिएको छ । यस शोधको अध्ययन गरि तयार पारिएको प्रतिवेदनको सारांश स्वरुप अध्याय अनुसार वर्गिकरण गरिएको छ, जुन यस प्रकार छ :

यस शोधको पहिलो अध्यायमा शोधक विषय छनौटबारे जानकारी दिइएको छ । छुस्यावहालको परिचय, शोधको समस्या कथन, अध्ययनका उद्देश्यहरु, अध्ययनका औचित्यबारे प्रकाश पारिएको छ । शोध अध्ययनको सीमा, यसबारे पहिले गरिएका अध्ययनका पूर्वसाहित्य समीक्षा तथा शोध तयार गर्न प्रयोग गरिएका विधिहरु छन् । शोधको अध्याय विभाजन गरि यसलाई अध्ययन गर्ने शीर्षकहरुमा विभाजन गरी देखाइएको छ ।

दोस्रो अध्यायमा नेपालमा बुद्धधर्म, विहारको अर्थ, प्राचीनताका साथै नेपालका प्राचीन विहारहरुको उल्लेख गरिएको छ । काठमाडौं उपत्यकामा प्रचलनमा रहेका परम्परागत विहार वास्तुशैलीको परिचय दिइएको छ । वहाल र वहिलको वास्तुको आधारमा देखिने भिन्नतालाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ । छुस्यावहालमा वर्षभरी यहाँ मनाइने पर्वपूजाहरुबारे पनि उल्लेख गरिएको छ । छुस्यावहालको निर्माणपछि पनि विभिन्न समयमा निर्माण गर्ने परम्परा पछिल्लो समयसम्म निरन्तर रुपमा चलिनै रह्यो ।

तेस्रो अध्यायमा नेपालमा काष्ठकलाको प्रयोगबारे अभिलेखहरुमा उल्लेख भए अनुसार लिच्छविकालदेखिको प्रमाण पाइएको छ । विहारको वास्तुकलामा काष्ठकलाको प्रयोग कुन

प्रयोजन के-केमा गरिन्छ भनि स्पष्ट पारिएको छ । छुस्यावहालमा पाइएका काष्ठ सामाग्रीहरुको बारेमा जानकारीको साथै तस्वीर परिशिष्टमा दिइएको छ । यी काष्ठकलाबारे उपयुक्त मानी विस्तृत विवरण पनि दिइएको छ । छुस्यावहालका काष्ठकलाहरुमा भवन निर्माणमा प्रयोग गरिएका बाहेक बुद्धमण्डल, अक्षोभ्यको मूर्ति पछाडि रहेको वोधिवृक्ष, काठका सिंह मूर्ति, धर्मगण्डी, काष्ठ चैत्य, प्रज्ञापारमिता, टुंडालहरु, तोरणहरु, ढोका, स्तम्भ, फलैंचा र खोपाको वर्णन गरिएको छ ।

चौथो अध्यायमा वास्तुकलाको प्रमुख अंगको रुपमा कलात्मक झ्यालहरुबारे व्याख्या गरिएको छ । काठमाडौं उपत्यकामा स्थानीय भाषामा प्रचलित कलात्मक झ्यालहरुको प्रचीन नामहरुको संकलन र तिनको अर्थ प्रष्ट्याइएको छ । मध्यकालीन समयमा प्रचलनमा नामाकरणलाई पनि वर्गिकरण गरिएको छ । कलात्मक झ्यालहरु सर्वसाधारणको घर, दरवारहरु, मन्दिरहरु र बौद्ध तथा हिन्दुहरुको स्मारकहरुमा पाइन्छन् । तत्कालिन समयमा निश्चित स्थानमा निश्चित प्रकार र आकारका झ्यालहरु राख्दथ्ये । अर्थ नखुलेका तर नाम चलेका झ्यालहरुमा विधि झ्याः, वापि झ्याः, तौ झ्याः, बंसा झ्याः, कोसि झ्याः, बपिझ्याःहरु छन् । काष्ठकलाको लागि प्रायः गरि धुँसिं र चँसिं को प्रयोग गरिन्छ । छुस्यावहालमा रहेका कलात्मक झ्यालहरुको प्रकार र त्यसमा रहेका बुट्टाहरुलाई विस्तृत रुपमा चरणवद्ध रुपमा वर्णन गरिएको छ । झ्यालमा प्रयोग गरिने जालीबुट्टाहरु बेलबुट्टे (Diaper pattern), गोलाकार, वर्गाकार, हिराकार जस्ता धेरै प्रकारका बनाइएको पाइन्छ । छुस्यावहालको झ्यालमा रहेका जालीलाई बुट्टाको आधारमा नाम दिइ त्यसको उल्लेख गरिएको छ ।

पाँचौं अध्यायमा छुस्यावहालका झ्यालहरुमा रहेका मूर्तिहरु विमान झ्यालमा वनाइएका मूर्तिफलकको विस्तृत अध्ययन गरिएको छ । यहाँको विमान झ्यालमा रहेको काष्ठकलामा शाक्यमुनि बुद्धको जीवनीबारे पनि विस्तृत रुपमा जानकारी दिइएको छ । त्यसै गरि काष्ठकलामा प्रतिकात्मक रुपमा बनाइने बुट्टाहरुको अर्थ र तिनको महत्वबारे पनि उल्लेख गरिएको छ । वास्तुकलामा सजावटको रुपमा रहेको झ्यालको प्रयोजन र फाइदाबारे पनि लेखिएको छ ।

छैठौं अध्यायमा झ्यालको उल्लेख परेका केहि मध्यकालका अभिलेखबारे चर्चा गरिएको छ । जनजीवन, संस्कृति, गीतमा झ्यालले प्रभाव पारेको विषयमा पनि चर्चा गरिएको छ । काष्ठकलाका बुट्टाहरुमा सामाजिक जीवनले पनि प्रभाव पारेको छ । कलात्मक झ्यालको विनाश हुनुका कारणहरु र तिनको संरक्षणका उपाय, जिर्णोद्धार, पुनः प्रयोग वा नयाँ काठको प्रयोगका लागि ध्यान दिनु पर्ने कुराहरुबारे यस अध्यायमा चर्चा गरिएको छ ।

## ७.२ निष्कर्ष

हाम्रो देशमा रहेको चित्रकला, मूर्तिकला, वास्तुकला र काष्ठकला जस्ता सम्पदाहरु भावी पुस्ताको लागि संरक्षण गर्नु आवश्यक छ । कलाकृतिक संरक्षण सबैभन्दा महत्वपूर्ण पक्ष हो । काठमाडौं उपत्यकामा यस्ता थुप्रै मन्दिर तथा विहारहरु छन् । जुन भत्किएपछि पुनः निर्माण गरिएको छैन । काडमाडौं, पाटन र भक्तपुरमा मल्लकालिन थुप्रै विहार तथा मन्दिरहरु छन् । तिनको संरक्षण र जिर्णोद्धार अति आवश्यक छ । प्राचीन काष्ठकलाका कलात्मक झ्यालहरुको संरक्षणको आवश्यकता भइरहेको छ । कलात्मक झ्यालहरुको निर्माण गर्न त्यससँग आवद्ध सीप, ज्ञान, कला र कौशलताको कमी र त्यसलाई निरन्तरता नदिनु नै प्रमुख कारण हो । निर्माण सामग्री महँगो हुनु, परिश्रमको मूल्य बढ्नु र धेरै समय लाग्ने हुँदा यसको प्रयोगमा कमी आएको हो । पुराना काष्ठकलाको संरक्षणमा ध्यान नदिनु र आधुनिकताको नाममा बिगार्नु नै कलात्मक कृतिहरु लोप तथा ह्रास हुनुका प्रमुख कारणहरु हुन् ।

काठमाडौंमा रहेका विहारमा संघका सदस्यहरु विच जग्गा जमिनको भागवण्डा गरेता पनि विहार भने संरक्षण गरिनु पर्दछ । हाल काठमाडौंमा रहेका मल्लकालिन विहारहरुको स्वरुपमा ह्रास आउनुको कारणहरु यस प्रकार छन् ।

१. संघका सदस्यहरु र मोहि तलसिंङ्ग विच जग्गा जमिनको भागवण्डाले गर्दा विहारसँग सम्बद्ध कार्यहरु तथा विहारको संरक्षण गर्नमा कठिनाइ ।
२. विहारको भवन अंशभाग गरी, मौलिक स्वरुप विगारी, नयाँ शैलीको भवन बनाउने ।
३. प्राचीन काष्ठकला झ्यालढोका, टुंडाल, झिंगटी, गजूर आदि हटाइ व्यापारिक उद्वेश्यको भवन निर्माण गर्ने गरिन्छ । विहारको चोकमा होलसेल पसलका सामानहरु राख्ने र बाइक पार्किङ्ग गर्ने गरिन्छ ।

काठमाडौंको असन, वटु, इन्द्रचोक, ठमेल जस्तो पर्यटकिय स्थानमा रहेको सम्पदाहरु र काष्ठकला रहेका झ्याल तथा ढोकाहरुमा व्यापार-व्यववसायको लागि भुई तलादेखि माथिल्लो तलासम्म सामान झुण्ड्याउने गरिन्छ । झ्यालका बुट्टा र जसले गर्दा शहरको सौन्दर्यमा ह्रास आइरहेको छ ।

छुस्यावहालमा रहेको एउटा टुंडालमा परिखदेओ लेखिएको छ । मुकुट पहिरेको आकृतिले दाँया हातले सुराहि जस्तो आकारको र बाँया हातले दुईवटा कचौंरा र केहि बस्तु भएको थाली माथि उठाइ रहेको देखाइएको छ । विहारमा रहेको अभिलेखमा गुणज्योतिका नाति परिखदेवको उल्लेख परेको छ । आफूलाई श्रद्धालु देखाउनको लागि बनाउन लगाएको हुनुपर्दछ । त्यसै गरि अर्को अभिलेख नभएको आकृति छ ,जसको दाँया हातले प्वाँख र बाँया हातले मसिको भाँडा समातेको छ । यस विहारका संस्थापक श्री गुणज्योति वज्राचार्यका नाति परिखदेवले प्रज्ञापारमिता ग्रन्थ लेख्न लगाएका थिए । सायद तिनै चार लेखकहरुमध्ये कुनै एकको मूर्ति बनाइएको हुनुपर्दछ ।

